संविधानसभा

# राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समिति

## अवधारणापत्र र प्रारम्भिक मस्यौदा सम्बन्धी प्रतिवेदन, २०६६



संविधानसभा, राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समिति
सिंहदरबार, काठमाडौं ।
ईमेल : restruct.comittee@yahoo.com
वेब साइट : www.can.gov.np

संविधानसभा

# राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समिति

## अवधारणापत्र र प्रारम्भिक मस्यौदा सम्बन्धी प्रतिवेदन, २०६६

## संविधानसभा नियमावली, २०६५ को नियम ७३ (१) (घ) तथा नियम ८२ (१) बमोजिम संविधानसभामा पेश गरिएको

संविधानसभा, राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समिति
सिंहदरबार, काठमाडौं ।
ईमेल : restruct.comittee@yahoo.com
वेब साइट : www.can.gov.np

# प्राक्कथन

नेपाली जनताले लामो समय देखि गर्दै आएका अनेकौं संघर्ष, सशस्त्र क्रान्ति, शान्तिपूर्ण आन्दोलन, जनयुद्ध र १९ दिने जनआन्दोलन, मधेश आन्दोलन लगायत विभिन्न वर्ग, जाति र समुदायले चलाएका विभिन्न न्यायपूर्ण आन्दोलनको फलस्वरूप प्राप्त ऐतिहासिक संविधानसभाले आफ्ना कामकारबाइलाई निरन्तर रुपमा अगाडि बढाउदै आएको छ ।

**संविधानसभा नियमावली, २०६५** को नियम ६६ मा **राज्यको पुनर्संरचना र राज्यशक्तिको वाँडफाँड समिति**को कार्यक्षेत्र तोकेको छ ।

- ❖ राज्यको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक स्वरूपमा हुने संरचना,
- ❖ संघीय एकाइहरुको क्षेत्र निर्धारण गर्ने सिद्धान्त र आधारहरु,
- ❖ प्रत्येक संघीय एकाइको क्षेत्र निर्धारण र तीनको नामकरण,
- ❖ विभिन्न तहका संघीय एकाइका सरकार वीच विधायिकी, कार्यकारिणी र न्यायिक अधिकारको बाँडफाँड,
- ❖ विभिन्न तहका संघीय एकाइको अधिकार क्षेत्र सम्वन्धी विषय सूची र साझा विषयसूचीको निर्धारण,
- ❖ संघीय एकाइ वीच व्यवस्थापिकीय, कार्यकारिणी र न्यायिक अधिकारको अन्तर सम्वन्ध निर्धारण,
- ❖ संघीय एकाइहरु वीच उत्पन्न हुन सक्ने विवादको समाधान सम्बन्धी संयन्त्र, र
- ❖ समितिको कार्यक्षेत्रसंग सम्वन्धित अन्य आवश्यक कुराहरु ।

समितिको काम कर्तव्य र अधिकार समेत व्यवस्था गरे अनुरुप आफ्नो कार्यक्षेत्रका विषयमा सदस्यहरु बीच छलफल गरी आफनो कार्यतालिका र कार्यविवरण, विशेषज्ञ आवश्यक पर्ने क्षेत्र, विशेषज्ञको नामावली संकलन गर्नुका साथै  विभिन्न गोष्ठी , कार्यशाला, अन्तरकिया, छलफल कार्यक्रममा सकिय सहभागी भई कार्यपत्र प्रस्तोता र टिप्पणीकर्तासँग स्पष्टीकरण, जानकारी माग्नुका साथै आफना दृष्टिकोण, धारणा र सोचाइहरु अभिव्यक्त गरी विषयवस्तुलाई निचोड र सहमतिमा ल्याउन मा० सदस्यहरु लगायत सबैले खेल्नु भएको भूमिका प्रशंसनीय रह्यो ।

व्यक्तिगत वा संस्थागत रूपमा विभिन्न माध्यमवाट समितिलाई लिखित र मौखिक सुझावहरु प्राप्त भएपछि प्रत्येक सुझावको अध्ययन विश्लेषण गरी त्यसवाट निकालिएको निचोडलाई अवधारणापत्रमा समावेश गरिएको छ । प्राप्त सुझावहरु मध्ये केही समितिसँग प्रत्यक्ष सरोकार राख्ने खालका थिए भने कतिपय ऐन कानूनमा राख्दा हुने, कतिपय चाहि कार्यान्वयन गरिदिए पुग्ने र कतिपय चाहि नीतिमा समावेश गर्दा हुने खालका सुझावहरु अध्ययन विश्लेषण गर्दा भेटिए ।

जनताको राय सुझाव लिनका लागि  समितिले ११ वटा वस्तुगत र १ वटा विषयगत गरी जम्मा १२ वटा प्रश्नावली तयार गरेको र समितिका ४३ सदस्यहरु मध्ये विभिन्न टोलीमा  जनमत संकलनका लागि जानु भएको र जनतासँग प्रत्यक्ष सर्म्पक गरी उहाँहरुका भनाइ, रोजाइ, चाहना र आकांक्षाका बारेमा लिखित र मौखिक रूपमा बुझ्नुका साथै प्रश्नावलीको उत्तर समेत ल्याउनु भयो । त्यस क्षेत्रको भौगोलिक अवस्थाको जानकारी लिई विभिन्न जाति, भाषा, संस्कृतिको पहिचानसंग परिचित हुनाका साथै उनीहरुका माग, आवश्यकता र प्राथमिकतासँग संवाद गर्दै  संघीय एकाइको क्षेत्र निर्धारण, सरकारको तह र अधिकारको बाँडफाँड सम्बन्धमा व्यावहारिक र उपयोगी राय सुझाव प्राप्त हुन सक्यो । प्रत्येक प्रश्नावलीको उत्तरहरु माननीय सदस्यहरुबाट अध्ययन एवं विश्लेषण गरी त्यसको प्रतिवेदन समितिमा प्रस्तुत भई विस्तृत रूपमा छलफल गरी अवधारणापत्र तयार गर्ने सन्दर्भमा आधारशीलाको रूपमा लिइएको छ ।

अवधारणापत्र तयार गर्दा प्राप्त सन्दर्भ सामाग्रीलाई अध्ययनका विभिन्न विधिहरुको माध्यमवाट विश्लेषण गरी निर्ष्कषमा  पुगिएको छ । अवधारणापत्र तयार गर्दा विभिन्न विषयका विशेषज्ञहरुसंग अन्तरक्रिया, विशेषज्ञको राय सुझाव, संविधानसभाको निर्वाचनका लागि प्रकाशित राजनैतिक पार्टीको घोषणापत्र वा प्रतिबद्धतापत्र, समितिमा पेश गरिएको दलीय अवधारणा, अन्तर्राष्ट्रिय अभ्यास र प्रचलन, विगतमा नेपालमा गरिएको अभ्यास र व्यवहार, स्वदेशी र विदेशी विद्वान्ले व्यक्त गर्नुभएका धारणा, माननीय सदस्यहरुले अभिव्यक्त गर्नु भएका विचारहरुलाई समेटिएको  छ ।

राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड गर्नु एउटा चुनौतीपूण कार्य हो । यस कार्य सम्पन गर्नाका लागि सैद्धान्तिक अवधारणा स्पष्ट पार्न विशेषज्ञ र प्राविधिक सहयोग र सुझाव विना सम्भव थिएन । सर्वाधिक चासो रहेको विषय भएकोले संविधानसभाले निर्धारण गरेका कार्यतालिका अनुरूपको आफ्नो अवधारणापत्र र मस्यौद पेश गर्न नसक्दा कयौंपटक संविधासभाले आफ्नो कार्यतालिका हेरफेर गर्नु परेको विषय सञ्चारका विभिन्न माध्यमबाट जनसमक्ष प्रवाहित भइरहेकै हो । समितिले आफूलाई प्राप्त भएको समय सीमाभित्र

रही प्रत्येक विषयहरु माथि छलफल गर्दै जादाँ लामो समय लाग्नु स्वभाविक नै देखिन्छ । समितिसंग राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड जस्ता २ वटा महत्वपूर्ण जिम्मेवारी थिए, जुन हाम्रा लागि नितान्त नौला विषयहरु हुन् । साथै यसका निम्ति अधिकांश जनताको चासो र आकांक्षा अनुरूप अवधारणापत्र र मस्यौदा तयार गर्न पार्टीहरुको फरक फरक दृष्टिकोण तथा मा० सदस्यहरुका विभिन्न धारणा, सोचाइ, मूल्य मान्यतालाई एक आपसमा छलफल सम्बाद गरी समझदारी कायम गरी सहमतिमा पुग्नु पर्ने अवस्था थियो । यसले गर्दा पनि हाम्रो समितिले अपेक्षाकृत केही बढी नै समय लियो।

संविधानसभाको पहिलो ऐतिहासिक बैठकले नेपाललाई संघीय गणतन्त्रात्मक राज्यका रुपमा स्थापित गरे पछि सोही आधारमा जाति/समुदाय, भाषा, संस्कृति, ऐतिहासिक निरन्तरता, क्षेत्रगत र भौगोलिक निरन्तरतालाई प्रारम्भिक आधार मानी रेखाङ्कन गरी आर्थिक अन्तरसम्बन्ध, सामर्थ्य, प्राकृतिक स्रोत साधनको अवस्था, विकासका पूर्वाधारको स्थिति र प्रशासनिक सुगमता रहने विषयका आधारमा परीक्षण र विश्लेषण गरी नेपाली जनताको चाहना र भावना अनुरुप नेपाललाई प्रारम्भिक र प्रस्तावित रुपमा १४ वटा संघीय प्रदेशमा विभाजन गरिएको छ ।

प्रस्तुत अवधारणा र मस्यौदा समितिको कार्य क्षेत्र भित्रका एवं विषयहरु समेट्ने प्रयास गरिएको हो । संविधानको कुन भागमा राख्नु पर्ने प्रावधान सहित स्पष्ट किटानी गरेका छौं ।

प्रदेश विभाजनका आधार र विधिलाई वस्तुगत रुपमा प्रयोग गरिएको प्रदेशको संख्या, सीमाना, नामाकरण र राजधानी सम्बन्धी उपसमितिको प्रतिवेदनबाट छर्लङ्ग हुन आउँछ ।

समितिले आफ्ना कामका निम्ति १३ महिना भन्दा बढीको समय व्यतीत भएको छ । यस अवधिमा पूर्ण समितिको १२७ बैठक भए । साथै उपसमिति र कार्यदलका अनेकौं बैठक यसै अवधिमा सम्पन्न भएका छन् । यसै बीच सम्बन्धित विषयमा ज्ञाता एवं विद्वान्हरुसँग पनि समितिले सघन परामर्श गरेको छ । समितिसँग अन्तर सम्बन्धित संविधानसभाका अन्य विषय समितिका मा० सदस्यहरुसँग पनि संयुक्त छलफल र बैठकहरु गरिएका छन् ।

समितिले कार्यविवरण, कार्यतालिका तयार गर्न, जनमत संकलनका लागि प्रश्नावली तयार गर्न, अवधारणापत्रका बुदाँहरु तयार गर्न, अवधारणापत्रको मस्यौदा, सम्पादन गर्न ६ वटा उप समिति र ५ वटा कार्यदल गठन भएका थिए । निर्धारित समय भित्र प्रतिवेदन समितिमा प्रस्तुत गर्नु हुने उपसमिति र कार्यदलका संयोजकहरु एवं सदस्यहरुप्रति धन्यवाद दिन चाहन्छु । समितिका सबै मा० सदस्यहरुले छलफलमा सक्रिय सहभागिता जनाउनुका साथै विषय वस्तुलाई निचोड र सहमतिमा ल्याउन खेल्नु भएको भूमिका प्रंशासनीय रह्यो र समितिको बैठक संचालनमा देखाउनु भएको सहयोग र सदभावप्रति सबै मा० सदस्यहरुमा धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

आफूलाई उपलब्ध समयमा यस कार्यमा संलग्न सबैले पर्याप्त परिश्रम गरे पनि अझै यसले पूर्णता पाउन सकेको छैन भन्ने कुरामा म स्पष्ट छु । तसर्थ मुलुकको वर्तमान र भविष्यसँग धेरै प्रकारले र गहिरो ढंगले जोडिएको राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समितिसँग सम्बन्धित विषयको यो अवधारणापत्र र प्रारम्भिक मस्यौदा माथि संविधानसभाको पूर्ण बैठकले विस्तारमा छलफल गर्ने छ । यस क्रममा मा० सदस्यहरुबाट प्राप्त सुझाव र परामर्शले यस प्रारम्भिक मस्यौदाको राम्रो परिमार्जन हुने विश्वास राखेको छु ।

अवधारणा स्पष्ट गर्नका लागि विशेषज्ञहरुले दिनुभएका सुझाव, राय र समितिका गतिविधिहरु, छलफल जनतासंग पुर्‍याइदिने पत्रकार साथीहरु, लिखित तथा मौखिक सुझाव दिनु हुने सुझावकर्ताहरु, अवधारणापत्र लेख्नका लागि सहयोग गर्ने समितिका सचिव लगायत सम्पूर्ण कर्मचारी मित्रहरु नक्साङ्कन र सीमाङ्कनका निम्ति मिहिनेत पूर्वक काम गर्ने विज्ञहरु र सचिवालय परिवारलाई धन्यवाद दिन चाहन्छु ।

अन्तमा राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समितिको तर्फबाट यो अवधारणापत्र र प्रारम्भिक मस्यौदा सम्माननीय अध्यक्षज्यू मार्फत् संविधासभा समक्ष प्रस्तुत गर्दछु ।

मितिः २०६६।१०।०७

.............................

**लोकेन्द्र विष्ट मगर**

**सभापति**

राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समिति

संविधानसभा

# राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समिति

संसदभवन, सिंहदरबार
काठमाडौं
फोन नं.: ४२००१९४
४२०००९४

प.सं.:
च.नं.:

मिति: २०६६।१०।०७

सम्माननीय अध्यक्षज्यू,
संविधान सभा ।

**विषयः <u>समितिको अवधारणापत्र सहितको प्रारम्भिक मस्यौदा सम्बन्धी प्रतिवेदन पेश गरिएको ।</u>**

संविधासभा, राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समितिको मिति २०६६।१०।०६ गते बसेको बैठकले संविधानसभा नियमावली, २०६५ को नियम ७३ (१) (घ) तथा नियम ८२ (१) अनुसार समितिले पेश गर्नुपर्ने अवधारणापत्र सहितको प्रारम्भिक मस्यौदा सम्बन्धी प्रतिवेदन संविधानसभामा प्रस्तुत गर्ने प्रयोजनको लागि सम्माननीय अध्यक्षज्यू समक्ष पेश गर्ने निर्णय अनुरूप यो प्रतिवेदन पेश गरेका छौं ।

**अवधारणापत्र सहितको प्रारम्भिक मस्यौदा सम्बन्धी प्रतिवेदन पेश गर्ने समितिका सदस्यहरुः–**

| सिं.नं. | सभासद्ज्यूको नाम थर | हस्ताक्षर |
|---|---|---|
| १. | मा. श्री लोकेन्द्र विष्ट मगर (सभापति) | |
| २. | मा.श्री अनिलकुमार झा | |
| ३. | मा.श्री अमरबहादुर गुरुङ्ग तमु | |
| ४. | मा.श्री आरजु राणा देउवा | |
| ५. | मा.श्री इन्द्रजीत थारु | |
| ६. | मा.श्री उमाकान्त चौधरी | |
| ७. | मा.श्री ओनसरी घर्ति मगर | |
| ८. | मा.श्री गोपाल किरांती | |
| ९. | मा.श्री गोपाल मान श्रेष्ठ | |
| १०. | मा.श्री चन्दा देवी | चन्दा |
| ११. | मा.श्री चन्द्रदेव जोशी | |
| १२. | मा.श्री छिमी लामा | |
| १३. | मा.श्री जयप्रकाश प्रसाद गुप्ता | |
| १४. | मा.श्री दामाकुमारी शर्मा | |

| | | |
|---|---|---|
| १५. | मा.श्री ध्रुव आङदम्बे | |
| १६. | मा.श्री नरहरि आचार्य | |
| १७. | मा.श्री नविन्द्रराज जोशी | |
| १८. | मा.श्री नारायणमान विजुक्छे | |
| १९. | मा.श्री निलम के.सी. (खड्का) | |
| २०. | मा.श्री पूर्णप्रसाद राजवंशी | |
| २१. | मा.श्री प्रतिभा राणा | |
| २२. | मा.श्री प्रेमवहादुर तामाङ | |
| २३. | मा.श्री बुद्धरत्न मानन्धर | |
| २४. | मा.श्री भरत प्रसाद शाह | |
| २५. | मा.श्री महेन्द्रप्रसाद यादव | |
| २६. | मा.श्री महेश चौधरी | |
| २७. | मा.श्री मो.अफताब आलम | |
| २८. | मा.श्री मंगलसिद्धि मानन्धर | |
| २९. | मा.श्री रामकुमार शर्मा | |
| ३०. | मा.श्री रामचन्द्र झा | |
| ३१. | मा.श्री रामजनम चौधरी | |
| ३२. | मा.श्री लक्की शेर्पा | |
| ३३. | मा.श्री विश्वभक्त दुलाल | |
| ३४. | मा.श्री शरदसिंह भण्डारी | |
| ३५. | मा.श्री शान्तिदेवी चमार | |
| ३६. | मा.श्री शंकर पोखरेल | |
| ३७. | मा.श्री सन्तवहादुर नेपाली | |
| ३८. | मा.श्री सन्तोषी वि.क. | |
| ३९. | मा.श्री सर्वदेवप्रसाद ओझा | |
| ४०. | मा.श्री सावित्रा गुरुङ्ग दुरा | |
| ४१. | मा.श्री सिताकुमारी पौडेल | |
| ४२. | मा.श्री सूर्यमान गुरुङ | |
| ४३. | मा.श्री हितमान शाक्य | |

# विषयसूची


पृष्ठ

प्रारम्भिक मस्यौदा खण्ड I - XCVIII

अवधारणा खण्ड १ - १५३

फरक मत खण्ड १५५ - १९९


## अवधारणा खण्ड

## परिच्छेद - एक


१. सामान्य परिचय ............ १

१.१. संविधानको निर्माण प्रक्रिया र नेपालको संवैधानिक विकासक्रम ............ १

१.२. प्रतिनिधिसभाको घोषणा ............ २

१.३. नेपालको अन्तरिम संविधान, २०६३ को व्यवस्था ............ २

१.४. संविधानसभाको निर्वाचनः ............ २

१.५. संविधानसभाको कार्यकाल ............ २

१.६. संविधानसभाको पहिलो बैठकको घोषणा ............ २

१.७. संविधान सभा नियमावली, २०६५ र संविधान सभाको कार्यतालिका ............ ३

१.८. संविधानसभाका समितिहरु ............ ३

१.९. राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समिति ............ ३

१.१०. राज्य पुनर्संरचना आयोग ............ ३

१.११. समितिको गठन ............ ३

१.१२. सभापतिको निर्वाचन ............ ३

१.१३. समितिको कार्यक्षेत्र ............ ३

१.१४. समितिको काम, कर्तव्य र अधिकार ............ ४

१.१५. अवधारणापत्रको उद्देश्य ............ ४

१.१६. अवधारणापत्रका आधारहरु ............ ५

१.१७. समितिको बैठक र निर्णय प्रक्रिया ............ ६

१.१८. अध्ययन विधि, सीमा र अन्य समिति सँग समन्वय ............ ७

१.१९. समितिमा प्राप्त सुझावहरु ............ ८

१.२०. प्रश्नावली अध्ययन एवं विश्लेषण ............ ८


## परिच्छेद - २


२. राज्यको पुनर्संरचना, राज्यशक्तिको बाँडफाँड र संघीयता ............ ९

२.१. राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड : अर्थ र सीमा ............ ९

२.२. नेपाल राज्य निर्माणको ऐतिहासिक पृष्ठभूमि ............ १०

२.३. संघीय धारणा र संघीयताको निर्माण ............ ११

## परिच्छेद - ३

३. राज्यको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक स्वरूपमा हुने संरचना ........ १६
३.१ अन्तर्राष्ट्रिय अभ्यास ........ १६
३.२. राजनैतिक दलहरुको अवधारणा ........ १६
३.३. तीन तहको मूल संरचना ........ १६
३.४. विशेष संरचना सम्बन्धी व्यवस्था ........ १७
३.५. अन्य व्यवस्था ........ १७

## परिच्छेद - ४

४. संघीय एकाइहरुको क्षेत्र निर्धारण गर्ने सिद्धान्त तथा आधारहरु ........ १९
४.१. क्षेत्र निर्धारणका सिद्धान्त र आधारहरु ........ १९
४.२. आजसम्मका प्रयोग र दृष्टान्तहरु ........ २१
४.३. क्षेत्र निर्धारण सम्वन्धमा राजनीतिक दलको धारणा ........ २२
४.४. क्षेत्र निर्धारणका सन्दर्भमा नेपाली विद्वान्हरुको धारणा ........ २२
४.५. बहुलताः नेपाली समाजको विशिष्ट अवस्था ........ २२
४.६. क्षेत्र निर्धारणका चुनौतीहरु ........ २५
४.७. संघीय एकाइ निर्माणको ढाँचा र अधिकार ........ २६
४.८. स्थानीय तहको निर्माण र क्षेत्र निर्धारण ........ २६
४.९. प्रदेशको संख्या र सीमाना ........ २६
४.१० मिल्न सक्ने र छुट्टिन सक्ने अधिकार ........ २७
४.११. राजधानी ........ २७
४.१२. प्रदेशको राजधानी ........ २७

## परिच्छेद - ५

५. संघीय एकाइको नामकरणका आधार ........ २८
५.१. नाम छनौटका आधारहरु ........ २८
५.२. अन्तर्राष्ट्रिय प्रचलन र अभ्यास ........ २८
५.३. राजनीतिक दलबाट प्रस्तावित नामहरु ........ २९
५.४. विद्वानहरु/लेखकहरुद्वारा प्रस्तावित नाम ........ २९
५.५. नामकरणका सम्बन्धमा सरोकारवालाको चासो ........ २९
५.६. नामकरणका सम्बन्धमा नेपालको विगतको अनुभव ........ ३०
५.७. नामकरण गर्दा ध्यान दिनुपर्ने आधारहरु ........ ३०
५.८. नाम परिवर्तन गर्न सकिने संवैधानिक प्रावधान ........ ३०

## परिच्छेद - ६

६. संघीय एकाइका सरकार वीच अधिकारको बाँडफाँड ........ ३१
६.१. विभिन्न तहका संघीय एकाइका सरकार वीच विधायिकी, कार्यकारिणी र न्यायिक अधिकारको बाँडफाँड ... ३१

६.२. विभिन्न तहका संघीय एकाइको अधिकार क्षेत्र सम्बन्धी विषय सूची र साझा विषय सूचीको निर्धारण ..... ३२
६.३. प्रदेश (संघीय एकाइ) को अधिकारको सूची ........ ३५
६.४. स्थानीय तहको सूची ........ ३७
६.५. साझा सूची ........ ३९
६.६. अवशिष्ट अधिकार सम्बन्धी व्यवस्था ........ ३९
६.७. नेपालको सर्न्दभमा प्रस्तावित अधिकारको सूची ........ ४०
६.८. विशेष संरचना अन्तर्गत निर्माण हुने स्वायत्त क्षेत्रहरुको अधिकार सूची ........ ४३

## परिच्छेद - ७

७. संघीय एकाइहरु वीच व्यवस्थापिकीय, कार्यकारिणी र न्यायिक अधिकारको अन्तर सम्वन्ध ........ ४५
७.१. संघ, प्रदेश, विशेष संरचना र स्थानीय तह वीच आपसी सम्बन्धका आधारहरु ........ ४७
७.२. संघ र प्रदेश वीचको सम्बन्ध ........ ४७
७.३. प्रदेश प्रदेश वीचको व्यवस्थापिकीय, कार्यकारिणी र न्यायिक अधिकार वीचको अन्तरसम्बन्ध ........ ४८
७.४. प्रदेश र विशेष संरचना वीचको सम्बन्ध ........ ४९
७.५ प्रदेश र स्थानीय तह वीचको सम्बन्ध ........ ४९
७.६ संघ र विशेष संरचना तथा स्थानीय तह वीचको सम्बन्ध ........ ४९

## परिच्छेद - ८

८. संघीय एकाइहरु वीच उत्पन्न हुन सक्ने विवादको समाधान सम्बन्धी संयन्त्र ........ ५०
८.१. तहगत संरचनाहरु वीच विवादहरुको वर्गीकरण ........ ५०
८.२. विवाद हुनसक्ने संभावित विषयहरु ........ ५०
८.३. विवाद समाधान संयन्त्र सम्बन्धी अन्तर्राष्ट्रिय अभ्यास ........ ५१
८.४. विवाद समाधानका माध्यमहरु ........ ५१
८.५. नेपालको सन्दर्भमा विवाद समाधान सम्बन्धी संयन्त्र ........ ५२

## परिच्छेद - ९

९. विशेष ........ ५५
९.१. आत्मनिर्णयको अधिकार ........ ५५
९.२. राजनैतिक अग्राधिकार ........ ५७
९.३. विशेष अधिकार ........ ५७

## अनसूची खण्ड


अनुसूची - १ ........ ६१
अनुसूची - २ ........ ६२
अनुसूची - ३ ........ ६७
अनुसूची - ४ ........ १००
अनुसूची - ५ ........ १०१
अनुसूची - ६ ........ १०८
अनुसूची - ७ ........ १०९
अनुसूची - ८ ........ ११०
अनुसूची - ९ ........ ११३
अनुसूची - १० ........ १२५
अनुसूची - ११ ........ १२८
अनुसूची - १२ ........ १३२
अनुसूची - १३ ........ १३५
अनुसूची - १४ ........ १३८
अनुसूची - १५ ........ १५२

# राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समितिको कार्यक्षेत्रसँग सम्बन्धित प्रारम्भिक मस्यौदा

| धारा | विषय वस्तु | संविधानमा राख्ने प्रस्तावित व्यवस्था | संविधानमा रहने स्थानको अनुमान | प्रस्तावित व्यवस्था गर्नु पर्नाको कारण वा व्याख्यात्मक टिप्पणी |
|---|---|---|---|---|
| १. | प्रस्तावना | ……देशमा विद्यमान वर्गीय, जातीय, भाषिक, क्षेत्रीय, लैङ्गिक तथा समुदायगत समस्याहरुलाई समाधान गर्न नेपालको एकात्मक तथा केन्द्रीकृत स्वरुपलाई अन्त्य गर्दै नेपाललाई पूर्ण लोकतान्त्रिक समावेशी सहितको समानुपातिक संघीय गणतन्त्रात्मक शासन प्रणाली स्थापना गर्न अग्रगामी पुनर्संरचना गर्नु पर्ने भएकोले,<br>नेपालको सार्वभौमसत्ता, स्वाधिनता, स्वतन्त्रता, एकता र अखण्डतालाई अक्षुण राख्दै राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, भाषिक तथा भौतिक विकास गर्न संविधानद्वारा प्रदत्त आत्मनिर्णयको अधिकार सहितको पहिचान र सामर्थ्यमा आधारित स्वायत्त, स्वशासित तथा अधिकार सम्पन्न प्रदेश, स्थानीय तह तथा विशेष संरचना पनि निर्माण गरी केन्द्रमा निहित शासन शक्तिलाई संघ, प्रदेश, स्थानीय तह र विशेष संरचनासम्म बाँडफाँड गरी शान्तिपूर्ण, स्वाधिन, धर्म निरपेक्ष, समतामूलक र संवृद्ध नेपालको निर्माण गर्नु पर्ने भएकोले, सबै जाति, क्षेत्र, लिङ्ग एवं समुदायको राज्यशक्तिको परिचालन गर्ने अंगहरुमा समानुपातिक प्रतिनिधित्व एवं अधिकार पाउने व्यवस्था गर्न वाञ्छनीय भएकोले, | प्रस्तावनामा रहने | राज्य संचालन र राज्यको स्रोतको वांडफांड तथा उपयोगमा सबै वर्ग, समुदाय, जाति, क्षेत्र, लिंग, अति अल्पसंख्यक तथा पिछडिएका वर्गको समावेशी सहितको समानुपातिक सहभागिता गराई नेपाललाई विभिन्न संघीय एकाईमा विभाजन गरी राज्यको अग्रगामी पुनर्संरचनाको सन्दर्भमा नेपाललाई पूर्ण लोकतान्त्रिक, संघीय, गणतन्त्रात्मक शासन प्रणालीमा रूपान्तरण गर्न अग्रगामी पुनर्संरचना गर्नु पर्ने भएकोले संविधान सभाद्वारा निर्माण हुने संविधानको प्रस्तावनामा राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड सम्बन्धमा उल्लेख गर्नु आवश्यक भएकोले । |
| २. | परिभाषा | विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस संविधानमा,-<br>(क) "संघ" भन्नाले संघीय संरचनाको सबभन्दा माथिल्लो तहको रुपमा रहने संघीय तह सम्झनु पर्छ । यस शब्दले संघीय नेपालको विभिन्न प्रदेशहरु, स्थानीय तह र विशेष संरचनाको समष्टिगत स्वरुपलाई समेत जनाउँछ ।<br>(ख) "प्रदेश" भन्नाले संघीय एकाईमा विभाजन गरिएको नेपालको संघीय एकाईको क्षेत्र र स्वरूप सम्झनु पर्छ ।<br>(ग) "स्थानीय तह" भन्नाले प्रदेश अन्तर्गत स्थापना हुने गाउँपालिका तथा नगरपालिकालाई सम्झनु पर्छ । | परिभाषा भन्ने भागमा रहने । | नेपालको विद्यमान राजनैतिक संरचना परिवर्तन भई राज्यको शासन शक्ति, संघ, प्रदेश, स्थानीय तह र विशेष संरचनामा समेत जाने भएकोले नेपालको सन्दर्भमा संघात्मक शासन प्रणालीमा प्रयुक्त संघ, प्रदेश, स्थानीय तह, विशेष संरचना अन्तर्गत स्थापना हुने स्वायत्त क्षेत्र, विशेष क्षेत्र, संरक्षित क्षेत्र, राज्यशक्ति, अधिकारको सूची जस्ता शब्दावलीहरु संविधानको विभिन्न धारा, उपधाराहरुमा बारम्बार प्रयोगमा आउने हुदाँ स्पष्टरुपमा वुझ्न र त्यसको अर्थमा एकरुपता ल्याउनको लागि परिभाषा गरिएको छ । |

| | | | | |
|---|---|---|---|---|
| | | (घ) "विशेष संरचना" भन्नाले प्रदेश भित्र स्थापना गरिने स्वायत्त क्षेत्र, विशेष क्षेत्र र संरक्षित क्षेत्र सम्झनु पर्छ ।<br>(ङ) "स्वायत्त क्षेत्र" भन्नाले प्रदेश भित्र स्थापना गरिने एक जाति/समुदाय वा भाषाको बाहुल्य भएको वा सघन उपस्थितिको अवस्था रहेको क्षेत्रलाई सम्झनु पर्छ ।<br>(च) "संरक्षित क्षेत्र" भन्नाले प्रदेश भित्र स्थापना गरिने अति अल्पसंख्यक, लोपोन्मुख र अति सीमान्तकृत रूपमा रहेका जाति, समुदाय र सांस्कृतिक क्षेत्रको संरक्षण र संवर्द्धन गर्न स्थापना गरिने क्षेत्रलाई सम्झनु पर्छ ।<br>(छ) "विशेष क्षेत्र" भन्नाले स्वायत्त क्षेत्र र संरक्षित क्षेत्रले नसमेटेको, सम्बन्धित प्रदेश भित्र पिछडिएको, आर्थिक र सामाजिक अवस्थाबाट पछाडि पारिएको क्षेत्र वा विषयगत क्षेत्रको विकास गर्न स्थापना गरिने भौगोलिक एकाइलाई सम्झनु पर्छ ।<br>(ज) "राज्यशक्ति" भन्नाले राज्यको कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका सम्वन्धी अधिकार सम्झनु पर्छ ।<br>(झ) "सूची" भन्नाले संघ, प्रदेश, स्थानीय तह तथा विशेष संरचना अन्तर्गत स्थापना हुने स्वायत्त क्षेत्रलाई यो संविधान वमोजिम प्रदान गरिएको अधिकार प्रयोग गर्न पाउने विषयको सूची सम्झनु पर्छ र सो शव्दले संविधानमा उल्लेखित साझा सूची समेतलाई जनाउँछ । | | |
| ३. | राज्यको पुनसंरचना र राज्यशक्तिको स्वरुपः | (१) नेपालको राज्यशक्तिको प्रयोग संघ, प्रदेश, स्थानीय तह र विशेष संरचनाले यस संविधानमा उल्लेख गरिए वमोजिम गर्नेछन् । | राज्यशक्तिको प्रयोग र स्वरुप सम्बन्धी भागमा रहने | संघीय संरचनामा राज्यशक्तिको प्रयोग संघ, प्रदेश, स्थानीय तह र विशेष संरचनाहरुले संविधानद्वारा सूचिकृत अधिकार बमोजिमको सीमा भित्र रही प्रचलित कानून बमोजिम प्रयोग गर्नु पर्ने हुदाँ यो व्यवस्था गरिएको छ । |
| | | (२) संघ, प्रदेश, स्थानीय तह र विशेष संरचनाले नेपालको एकता, अखण्डता, सार्वभौमसत्ता तथा मुलुकको दीर्घकालिन हित, सर्वाङ्गीण विकास, मानव | | संघ, प्रदेश, स्थानीय तह र विशेष संरचनाहरुले राज्यशक्तिको प्रयोग गर्दा संघीय व्यवस्था तथा लोकतान्त्रिक शासन व्यवस्थाका आधारभूत मूल्य |

| | | | | |
|---|---|---|---|---|
| | | अधिकार तथा मौलिक हक, कानूनी राज्य, शक्तिको पृथकीकरण र नियन्त्रण तथा सन्तुलन, जातीय समानतामा आधारित समता मूलक तथा बहुलतामा आधारित समाज, बहुदलीय प्रतिस्पर्धात्मक लोकतान्त्रिक प्रणाली, समानुपातिक र समावेशी प्रतिनिधित्वको अधिकार र पहिचानको संरक्षण गर्ने छन् । | | मान्यताका अलावा देशको एकता, सार्वभौमसत्ता, दीर्घकालिन हित तथा नेपाली जनताको पहिचान, स्वशासन र स्वायत्ततालाई आत्मसाथ गर्नु पर्ने हुन्छ । यसको प्रयोगबाट जनता वीचको भावनात्मक एवं मजबुत एकता भएको नेपाली जनताको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक स्वाधिन शान्तिपूर्ण र संबृद्ध राष्ट्रको निर्माण हुने विश्वास गर्न सकिन्छ । त्यसका लागि लोकतान्त्रिक मूल्य तथा मान्यताहरुलाई संघ, प्रदेश, स्थानीय तह र विशेष संरचनाहरुले शासन संचालनमा पालना र प्रत्याभूति गर्नु पर्ने र ती क्षेत्रहरुमा बसोबास गर्ने सबै नेपाली जनताहरुको पहिचान, स्वशासन, स्वायत्तता तथा सहअस्तित्वको प्रत्याभूति गर्नु पर्ने हुदाँ यो व्यवस्था गरिएको छ । |
| | | (३) प्रदेश, स्थानीय तह र विशेष संरचना अन्तर्गतका स्वायत्त क्षेत्रमा बसोबास गर्ने आदिवासी, आदिवासी जनजातिको पहिचान, स्वशासन र स्वायत्तताको प्रत्याभुति हुनेछ । | | प्रदेश, स्थानीय तह र विशेष संरचना अन्तर्गतका स्वायत्त क्षेत्रमा बसोबास गर्ने आदिवासी, आदिवासी जनजातिको पहिचान, स्वशासन र स्वायत्तताको प्रत्याभूति गर्न यो व्यवस्था गरिएको छ । |
| ४. | संघीय नेपालको तहगत संरचना | (१) संघीय नेपालको मुल संरचना संघ, प्रदेश तथा स्थानीय गरी तीन तहको हुनेछ । | संघीय नेपालको तहगत संरचना सम्बन्धी भाग वा धारामा रहने । | सबै प्रकारका विभेदका विरुद्ध उठेका वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, लैङ्गिक र मधेश आन्दोलनका आवाजलाई सम्बोधन गर्न र राज्यशक्तिको परिचालन गर्ने अंगहरुमा जनसंख्या र भौगोलिक विशिष्टतालाई ख्याल गर्दै समानुपातिक प्रतिनिधित्व र अधिकार पाउने व्यवस्था गर्न, केन्द्रीकृत र एकात्मक स्वरुपको संरचनालाई संघीय राज्यमा रुपान्तरण गरी यस्तो संघीय संरचनामा विभिन्न तह, क्षेत्र र विभेदमा परेका जनताको समस्या संबोधन गर्न सक्ने किसिमको संघीय संरचना र तहको व्यवस्था गर्न तथा जनताको सहि प्रतिनिधित्व र पहुँचलाई सुनिश्चित गर्न पछिल्ला दिनहरुमा संघीय शासन व्यवस्थामा स्थानीय तहलाई पनि संघीय संरचनाको तहको रुपमा राख्ने अभ्यास र प्रचलन शुरु भएको सन्दर्भमा नेपालको संघीय, लोकतान्त्रिक गणतन्त्रात्मक स्वरुपमा हुने संरचना संघ, प्रदेश र स्थानीय तह गरी मूलत ३ तह हुने व्यवस्था गरिएको छ |

| | | | | |
|---|---|---|---|---|
| | | | | । |
| | | (२) उपधारा (१) बमोजिमका संघ तथा प्रदेशमा व्यवस्थापिका, न्यायपालिका र कार्यपालिका रहने छ । | | संघ तथा प्रदेशले संविधानद्वारा सूचीकृत अधिकार क्षेत्र भित्रको विषयमा विधायिकी, कार्यकारिणी र न्यायिक अधिकारको प्रयोग गर्दछन् । त्यसका लागि संघ तथा प्रदेशमा सरकारका अङ्गहरुको रुपमा व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका रहनु पर्ने हुदाँ यो व्यवस्था गरिएको छ । |
| | | (३) उपधारा (१) बमोजिमको स्थानीय तहमा संविधानको अनुसूची ६ मा उल्लेखित अधिकार प्रयोग गर्ने गरी प्रादेशिक कानून अन्तर्गत विधायिकी, कार्यकारिणी र न्यायिक अधिकार रहेको एक निर्वाचित परिषद रहने छ । | | स्थानीय तह अन्तर्गत रहने गाउँपालिका र नगरपालिका संचालन गर्न जनताद्वारा निर्वाचित परिषद रहने तथा त्यस्तो परिषदले प्रादेशिक कानून अन्तर्गत संविधानद्वारा सूचीकृत अधिकार भित्र रही विधायिकी, कार्यकारिणी र न्यायिक अधिकार प्रयोग गर्न यो व्यवस्था गरिएको छ । |
| | | (४) उपधारा (१) वमोजिमको मूल संरचनाको अतिरिक्त विशेष संरचनाको रुपमा संविधानको धारा ८ मा व्यवस्था भए बमोजिम प्रदेश अन्तर्गत स्वायत्त क्षेत्र, विशेष क्षेत्र र संरक्षित क्षेत्र रहन सक्नेछन् । | | तीन तहको मूल संरचनाले कतिपय क्षेत्र, जाति, भाषा र समुदायका आकांक्षाहरुलाई समेट्न नसक्ने भएकोले प्रदेश अन्तर्गत त्यस्ता क्षेत्रहरुको पहिचान गरी विशेष संरचना अन्तर्गत स्वायत्त क्षेत्र स्थापना गर्दा त्यस्ता क्षेत्रका जनताले पनि संघीय शासन प्रणाली अनुसारको स्वशासन र स्वायत्तताको उपभोग गरी आफ्नो पहिचान सहित राज्य संचालनमा सहभागी हुन पाउन भन्ने उद्देश्यले प्रदेश भित्र स्वायत्त क्षेत्र र प्रदेश भित्र अति अल्पसंख्यक, लोपोन्मुख र अति सीमान्तकृत रूपमा रहेका जाति, समुदायको संरक्षण र संवर्द्धन गर्न संरक्षित क्षेत्र तथा स्वायत्त क्षेत्र र संरक्षित क्षेत्रले नसमेटेको, सम्बन्धित प्रदेश भित्र पिछडिएको, आर्थिक र सामाजिक अवस्थाबाट पछाडि पारिएको क्षेत्र, सांस्कृतिक क्षेत्र वा विषयगत क्षेत्रको विकास गर्न स्थापना गरिने भौगोलिक एकाइलाई विशेष क्षेत्रको रुपमा स्थापना गर्न यो व्यवस्था गरिएको छ । |
| | | (५) उपधारा (४) बमोजिम स्थापना हुने स्वायत्त क्षेत्रमा संविधानको अनुसूची ७ मा उल्लेखित अधिकार प्रयोग गर्ने गरी प्रादेशिक कानून अन्तर्गत विधायिकी, कार्यकारिणी र न्यायिक अधिकार रहेको एक निर्वाचित परिषद रहने छ । | | विशेष संरचना अन्तर्गतको स्वायत्त क्षेत्रमा जनताद्वारा निर्वाचित निकाय रहने व्यवस्था लोकतान्त्रिक हुने र त्यस्तो निर्वाचित संस्थाको रुपमा परिषद रहने तथा त्यस्तो परिषदले प्रादेशिक कानून अन्तर्गत संविधानद्वारा सुचीकृत अधिकार भित्र रही विधायिकी, कार्यकारिणी र |

| | | | | |
|---|---|---|---|---|
| | | | | न्यायिक अधिकार प्रयोग गर्न यो व्यवस्था गरिएको छ। |
| ५. | प्रदेशको निर्माण | (१) नेपालको एकात्मक राज्यको स्वरुपलाई पुनर्संरचना गरी संघीय लोकतान्त्रिक गणतन्त्र नेपाललाई चौध स्वायत्त प्रदेशमा विभाजन गरिएको छ। | | प्रदेश निर्माणको आधारहरुमा पहिचान र सामर्थ्यलाई लिएको छ । प्राथमिक आधारको रुपमा पहिचानलाई लिइएको छ । पहिचानको आधार अन्तर्गत जातीय/समुदाय, भाषिक, साँस्कृतिक, भौगोलिक/क्षेत्रगत निरन्तरता एवं ऐतिहासिक निरन्तरता रहेका छन् । सामर्थ्यको आधार अन्तर्गत आर्थिक अन्तरसम्वन्ध र सामर्थ्यता, पूर्वाधार विकासको अवस्था र सम्भावना, प्राकृतिक साधन र स्रोतको उपलव्धता र प्रशासनिक सुगमतालाई लिइएको छ। नेपाल बहुजातीय, बहुभाषिक, बहुसाँस्कृतिक, बहुधार्मिक र भौगोलिक विविधतायुक्त मुलुक भएको र उद्गमको हिसावले आर्य, मंगोल, आष्ट्रिक र द्रविड गरी चार नश्ल समुहका जातीय समुहहरू रहेको पाईन्छ भने भाषागत हिसावले भारोपेली, भोट वर्मेली, आष्ट्रिक र द्रविड गरी चारभाषा परिवारका विभिन्न भाषाको पहिचान गरिएको छ । धार्मिक हिसावले हिन्दु, बौद्ध, इस्लाम, किरात, जैन, शिख लगायत विभिन्न धर्म, भूबनौटका हिसावले हिमाल, पहाड, उपत्यका, र तराई-मधेशमा विभक्त भएको छ । प्रदेशको रचना गर्दा निश्चित सिद्दान्त र आधारहरुमा पहिचान र सामर्थ्यलाई लिनुपर्ने हुन्छ । यी आधारमा निर्माण भएका प्रदेशहरुले स्वायत्तता र स्वशासनको प्रयोग गर्न सक्ने गरी नेपालको एकात्मक स्वरुपलाई पुनर्संरचना गरी संघीय लोकतान्त्रिक गणतन्त्र नेपाललाई चौध स्वायत्त प्रदेशमा विभाजन गरिएको हुदाँ यो व्यवस्था गरिएको छ। |
| | | (२) उपधारा (१) वमोजिम निर्माण गरिएका प्रदेशको नाम र क्षेत्र अनुसूची १ मा उल्लेख भए बमोजिम हुनेछ। | | पहिचान र सामर्थ्यताको आधारमा निर्माण गरिएका प्रदेशको नाम, त्यसको भौगोलिक क्षेत्र र सिमा निश्चित गरिनु पर्ने हुदाँ यो व्यवस्था गरिएको छ। |
| | | (३) उपधारा (२) वमोजिम विभाजित प्रदेशको नाम हेरफेर गर्नु परेमा सम्बन्धित प्रदेशको प्रादेशिक व्यवस्थापिकाको दुई तिहाई बहुमतको निर्णय भई प्रादेशिक सरकारको सिफारिसमा संघीय | | प्रदेशहरुको नाम हेरफेर गर्ने विषय प्रादेशिक व्यवस्थापिकाको विषय भएको र संघीय व्यवस्थापिकाले संविधान संशोधन गर्नुपर्ने भएको हुदाँ संविधानमा नामाकरण गरिएको प्रदेशको नाम हेरफेर गर्ने व्यवस्था |

| | | | | |
|---|---|---|---|---|
| | | व्यवस्थापिकाको दुई तिहाई वहुमतले अनुमोदन गर्नु पर्नेछ । | | रहनु उपयुक्त हुन्छ । प्रदेशको नाम हेरफेर गर्ने प्रक्रिया संविधानमा रहनु पर्ने हुँदा त्यस्तो प्रक्रियाको लागि प्रादेशिक व्यवस्थापिकाले दुई तिहाई बहुमतको निर्णय भई प्रादेशिक सरकारको सिफारिसमा संघीय व्यवस्थपिकाको दुई तिहाई बहुमतले अनुमोदन गर्नु पर्ने हुदाँ यो व्यवस्था गरिएको छ । |
| | | (४) उपधारा (३) वमोजिम प्रदेशको नाम हेरफेर गर्ने विषयमा संघीय व्यवस्थापिकाको दुई तिहाई वहुमत कायम हुन नसकेमा सम्बन्धित प्रदेशको व्यवस्थापिकाले आवश्यक ठानेमा जनमत संग्रह गर्न सक्ने छ । | | प्रदेशको नाम हेरफेर गर्ने विषयमा प्रादेशिक व्यवस्थापिकाको दुई तिहाई बहुमतबाट निर्णय भएपछि संघीय व्यवस्थापिकाको दुई तिहाई वहुमतले उक्त विषय अनुमोदन गर्नु पर्ने हुन्छ । तथापी कुनै कारणबस दुई तिहाई बहुमत कायम हुन नसकेमा सम्बन्धित प्रदेशको व्यवस्थापिकाले नाम परिवर्तन गर्न आवश्यक ठानेमा सम्बन्धित प्रदेश भित्र रहेका जनताको मतद्वारा निर्णय गर्न जनमत संग्रह गर्न सक्ने यो व्यवस्था गरिएको छ । |
| | | (५) यस संविधान वमोजिमका प्रदेशहरु एक आपसमा गाभिन तथा थप नयाँ प्रदेशको रुपमा निर्माण गर्न परेमा वा प्रादेशिक सिमानालाई एक आपसमा मिलाई हेरफेर गर्न परेमा सम्वन्धित प्रादेशिक व्यवस्थापिकाको दुई तिहाई वहुमतको निर्णय भई प्रादेशिक सरकारको सिफारिसलाई संघीय व्यवस्थापिकाको दुई तिहाई वहुमतले अनुमोदन गर्नु पर्नेछ । | | संविधान वमोजिम निर्मित प्रदेशहरु एकापसमा गाभिन पर्ने वा एउटै प्रदेशबाट थप नयाँ प्रदेश बन्ने अवस्था आउन सक्ने भएकोले यस्तो स्थितिमा प्रदेशहरु गाभिने तथा छुट्टिने अधिकार प्रदान गर्नु पर्ने र प्रादेशिक क्षेत्रको निर्धारण वैज्ञानिक हुन नसकेकोमा त्यस्तो क्षेत्रको सिमाना हेरफेर गर्न पर्ने हुन्छ । यसरी प्रदेशहरु एक आपसमा गाभिने, छुट्टिने र सिमा हेरफेर गर्ने प्रक्रियाको लागि सम्वन्धित प्रादेशिक व्यवस्थापिकाको दुई तिहाई वहुमतको निर्णय भई प्रादेशिक सरकारको सिफारिसलाई संघीय व्यवस्थापिकाको दुई तिहाई वहुमतले अनुमोदन गर्न उपयुक्त हुने हुदाँ यो व्यवस्था गरिएको छ । |
| | | (६) उपधारा (५) बमोजिमको प्रकिया अबलम्बन गर्दा संघीय व्यवस्थापिकामा दुई तिहाई बहुमत नपुगी अनुमोदन गर्न नसकेमा सम्बन्धित प्रदेशहरुमा जनमत संग्रह गर्न सकिने छ । | | प्रादेशिक व्यवस्थापिकाको दुई तिहाई बहुमतबाट निर्णय भएपछि संघीय व्यवस्थापिकाको दुई तिहाई वहुमतले उक्त विषय अनुमोदन गर्नु पर्ने हुन्छ । तथापी कुनै कारणबस दुई तिहाई बहुमत कायम हुन नसकेमा सम्बन्धित प्रदेशहरुमा जनताको मतद्वारा निर्णय गर्न जनमत संग्रह गर्न सक्ने यो व्यवस्था गरिएको छ । |
| | | (७) उपधारा (४) र उपधारा (६) बमोजिम भएको जनमत | | जनमत संग्रहको निर्णय जनताको निर्णय हुने हुदाँ सो |

| | | | | |
|---|---|---|---|---|
| | | संग्रहको निर्णय अनुसार संघीय व्यवस्थापिकाले संविधान संशोधन गर्ने छ । | | निर्णयको आधारमा संविधानमा संशोधन गर्नु पर्ने अनिवार्यता हुने हुँदा यो व्यवस्था गरिएको छ । |
| | | (८) उपधारा (३), उपधारा (४) र उपधारा (५) बमोजिम संघीय व्यवस्थापिकाको दुई तिहाई बहुमतले अनुमोदन गर्ने र उपधारा (४) र उपधारा (६) बमोजिम जनमत संग्रह गर्ने लगायत अन्य व्यवस्था संघीय व्यवस्थापिकाले कानूनद्वारा निर्धारण गरे बमोजिम हुने छ । | | प्रदेशको नाम हेरफेर गर्ने प्रक्रिया, प्रदेशहरु एक आपसमा गाभिने, नयाँ प्रदेशको निर्माण गर्ने र प्रादेशिक सिमानालाई एक आपसमा मिलाई हेरफेर गर्ने तथा सो विषयमा जनमत संग्रह गर्ने लगायतका विषयहरुको निर्धारण कानूनद्वारा गर्नु पर्ने र त्यस्तो कानून संघीय व्यवस्थापिकाले बनाउनु पर्ने हुदाँ यो व्यवस्था गरिएको छ । |
| | | (९) प्रदेशको राजधानी अनुसूची १ मा उल्लेख भए बमोजिम हुने छ । प्रादेशिक राजधानी हेरफेर गर्नु परेमा प्रादेशिक व्यवस्थापिकाले निर्धारण गरेको स्थानमा रहने छ । प्रादेशिक राजधानीको स्थान हेरफेर गर्ने कार्यविधि र प्रक्रिया प्रादेशिक व्यवस्थापिकाले निर्धारण गरे बमोजिम हुनेछ । | संक्रमणकालिन व्यवस्था अन्तर्गत रहने | प्रादेशिक राजधानी रहने स्थान निर्धारणको विषय सम्बन्धित प्रदेशको क्षेत्र भित्र पर्दछ । तथापी प्रादेशिक व्यवस्थापिकाको गठन नभए सम्म प्रादेशिक राजधानी निर्धारण गर्नु पर्ने हुँदा यो व्यवस्था गरिएको छ । यसरी निर्धारण गरिएको राजधानी रहने स्थान सम्बन्धित प्रदेशको आर्थिक, सामाजिक, भौगोलिक, प्रशासनिक एव भौतिक पूर्वाधार तथा विकास र विस्तारका संभावनालाई ध्यानमा राखि हेरफेर गर्न सकिने र प्रादेशिक राजधानीको स्थान हेरफेर गर्ने कार्यविधि र प्रक्रिया बारेमा प्रादेशिक व्यवस्थापिकाले निर्धारण गर्नु पर्ने भएकाले यो व्यवस्था गरिएको छ । |
| ६. | संघको राजधानी | (१) संघको राजधानी संघीय सरकारले तोकेको स्थानमा रहनेछ । | संघीय व्यवस्था सम्बन्धी भागमा रहने | संघीय नेपालको राजधानी संघीय सरकारले तोकेको स्थानमा रहन उपयुक्त हुने हुदाँ यो व्यवस्था गरिएको छ । |
| | | (२) उपधारा (१) बमोजिम तोकिएको स्थानलाई संघीय व्यवस्थापिकाको दुई तिहाई बहुमतले हेरफेर गर्न सक्नेछ । | | संघीय सरकारले तोकेको संघीय राजधानी रहेको स्थान हेरफेर गर्न आवश्यक पर्न सक्ने हुदाँ संघीय व्यवस्थापिकाको दुई तिहाई बहुमतबाट हेरफेर गर्न यो व्यवस्था गरिएको छ । |
| ७. | स्थानीय तहको निर्माण र क्षेत्र निर्धारण | (१) यस संविधान वमोजिम निर्माण भएका प्रदेश अन्तर्गत स्थानीय तहको रुपमा गाउँपालिका र नगरपालिका रहनेछन् । | संघीय नेपालको तहगत संरचना सम्बन्धी भाग वा धारामा रहने । | संघीय संरचना अन्तर्गत स्थापना भएका प्रदेश मातहत स्थानीय तहको रुपमा गाउँपालिका र नगरपालिका रहने हुदाँ यो व्यवस्था गरिएको छ । |
| | | (२) उपधारा (१) बमोजिम रहने स्थानीय तहको संख्या र क्षेत्र निर्धारण गर्नको लागि प्रादेशिक सरकारलाई संघीय सरकारले निश्चित मापदण्ड तोक्न सक्ने छ । | | स्थानीय तहको संख्या र क्षेत्र निर्धारणको विषय प्रदेश सरकारको विषय भए पनि सबै प्रदेशहरुमा रहने स्थानीय तहको संरचना र अन्य व्यवस्थामा एकरुपता र |

| | | | | |
|---|---|---|---|---|
| | | यसरी मापदण्ड तोक्दा संघीय सरकारले सापेक्षिक रुपमा समान जनसंख्या, भौगोलिक तथा प्रशासनिक अनुकूलता, जनसंख्याको घनत्व, यातायातको सुविधा, प्राकृतिक स्रोत र साधनको अवस्थिति र सम्बन्धित क्षेत्रका बासिन्दाको सांस्कृतिक तथा सामुदायिक पक्षलाई ध्यान दिनु पर्ने छ। | | समानता कायम गर्नु आवश्यक र व्यवहारिक हुने हुदाँ प्रादेशिक सरकारलाई यस विषयमा संघीय सरकारले निश्चित मापदण्ड तोक्न सक्ने र त्यसका लागि विभिन्न आधारहरुलाई ध्यान दिनु पर्ने हुदाँ यो व्यवस्था गरिएको छ। |
| | | (३) उपधारा (२) बमोजिम संघीय सरकारले तोकेको मापदण्डको आधारमा सम्बन्धित प्रादेशिक सरकारले स्थानीय तहको नाम, संख्या र क्षेत्र निर्धारण गर्न उच्च स्तरीय आयोग गठन गर्ने छ। सो आयोगले स्थानीय स्वायत्त शासन संचालन गर्न अनुकूल हुने गरी स्थानीय तहको गठनमा सकभर एकरुपता कायम गर्ने छ। | | स्थानीय तह प्रदेश अन्तर्गत रहने र तिनीहरुको नाम, संख्या र क्षेत्र निर्धारण प्रदेशले नै गर्नु उपयुक्त हुन्छ। स्थानीय तहको संख्या र क्षेत्र निर्धारण तथा नामाकरण गर्न सो सम्बन्धमा अध्ययन एवं विश्लेषण आवश्यक पर्ने र क्षेत्र निर्धारण र सिमाङ्कनको कार्य मूलतः प्राविधिक विषय भएकोले प्रादेशिक सरकारले त्यस सम्बन्धमा अध्ययन अनुसन्धान गरेका विशेषज्ञहरुको आयोग गठन गरी सो आयोगले संघीय सरकारले तोकेका मापदण्ड तथा विद्यमान स्थानीय तहको संख्या कम गर्ने कुरामा प्राथमिकता दिई हालको गाउँ विकास समितिको संख्यालाई घटाउने र नगरपालिकाको संख्या बढाउन अध्ययन गरी स्थानीय स्वायत्त शासन संचालन गर्न अनुकूल हुने गरी स्थानीय तहको गठनमा सकभर एकरुपता कायम गर्न ध्यान दिइने छ। यसबाट स्थानीय तहको संरचनामा एकरुपता आउने सक्ने भएकाले यो व्यवस्था गरिएको छ। |
| | | (४) उपधारा (१) बमोजिम गठन हुने स्थानीय तहको संख्या, सिमा र क्षेत्र यो संविधान बमोजिम प्रादेशिक सरकार गठन भएको मितिले एक वर्ष भित्र निर्धारण गरी सक्नु पर्नेछ। | | स्थानीय तहको संख्या र क्षेत्र निर्धारण गर्ने कार्य संविधान बमोजिम प्रादेशिक सरकार गठन भएको निश्चित समय भित्र गर्ने व्यवस्था रहनु पर्ने हुदाँ यो व्यवस्था गरिएको छ। |
| | | (५) उपधारा (१) बमोजिम स्थानीय निकायको गठन नभए सम्मका लागि विद्यमान स्थानीय तह कायम रहने छन् । | संक्रमणकालिन व्यवस्था सम्बन्धी भाग वा धारामा रहने | स्थानीय तहहरु प्रदेश सरकारको निर्माण भए पछि मात्र बन्ने भएकोले प्रादेशिक सरकार गठन हुन केही समय लाग्ने र त्यसरी निर्माण र गठन नभए सम्म हाल व्यवस्थित स्थानीय तहहरु नै कायम रहन उपयुक्त हुने हुदाँ यो व्यवस्था गरिएको छ। |
| | | (६) स्थानीय तहको गठन र संरचना सम्बन्धी अन्य | | संविधानमा उल्लेख भए बाहेक स्थानीय तहको गठन र |

| | | | | |
|---|---|---|---|---|
| | | व्यवस्था प्रादेशिक कानूनद्वारा निर्धारण गरे बमोजिम हुने छ । | | संरचना सम्बन्धी अन्य व्यवस्था प्रादेशिक कानूनले व्यवस्थित गर्ने हुदाँ यो व्यवस्था गरिएको छ । |
| ८. | विशेष संरचना सम्वन्धी व्यवस्था | (१) संविधानको धारा ४ वमोजिमको मूल संरचनाको अतिरिक्त कुनै प्रदेश भित्र एक जाति/सुमदाय वा भाषिक समुदायको वाहुल्य भएको वा सघन उपस्थिति रहेको क्षेत्रलाई स्वायत्त क्षेत्र कायम गर्न सकिनेछ । | विशेष संरचना सम्बन्धी भाग वा धारामा रहने | तीन तहको मूल संरचना हुने भएको तर त्यसले विशेषगरी कतिपय आदिवासी जनजाति, उत्पीडित समुदाय र भाषिक समुदायका विषयहरुलाई समेट्न नसक्ने भएकोले प्रदेश अन्तर्गत त्यस्ता क्षेत्रहरुको पहिचान गरी विशेष संरचना अन्तर्गत निर्माण हुने स्वायत्त क्षेत्रका जनताले पनि संघीय शासन प्रणाली अनुसारको स्वशासन र स्वायत्तताको उपभोग गरी आफ्नो पहिचान सहित राज्य संचालनमा सहभागि हुन पाउन भन्ने उद्देश्यले स्वायत्त क्षेत्र कायम गर्न सकिने हुदाँ यो व्यवस्था गरिएको छ । |
| | | (२) उपधारा (१) को अतिरिक्त अति अल्पसंख्यकरुपमा रहेका जाति/समुदाय, सांस्कृतिक क्षेत्र, लोपोन्मुख र सिमान्तकृत जातिहरुको संरक्षण र सम्वर्द्धन गर्न कुनै क्षेत्रलाई संरक्षित क्षेत्र कायम गर्न सकिनेछ । | | प्रदेश अन्तर्गत अति अल्पसंख्यकरुपमा रहेका जाति/ समुदाय, सांस्कृतिक क्षेत्र, लोपोन्मुख र सिमान्तकृत जातिहरुको संरक्षण र सम्वर्द्धन गर्न कुनै क्षेत्रलाई संरक्षित क्षेत्र कायम गर्न सकिने हुदाँ यो व्यवस्था गरिएको छ । |
| | | (३) उपधारा (१) र (२) वमोजिमको क्षेत्रले नसमेटेका सम्वन्धित प्रदेश भित्र पिछडिएका तथा आर्थिक र सामाजिक अवस्थाबाट पछाडि पारिएको क्षेत्र वा विषयगत क्षेत्रको विकास गर्न कुनै खास भौगोलिक क्षेत्रलाई विशेष क्षेत्र कायम गर्न सकिनेछ । | | प्रदेश अन्तर्गत स्वायत्त क्षेत्र र संरक्षित क्षेत्रले नसमेटेका सम्वन्धित प्रदेश भित्र पिछडिएका तथा आर्थिक र सामाजिक अवस्थाबाट पछाडि पारिएको क्षेत्र वा विषयगत क्षेत्रको विकास गर्न कुनै खास भौगोलिक क्षेत्रलाई विशेष क्षेत्र कायम गर्न सकिने हुदाँ यो व्यवस्था गरिएको छ । |
| | | (४) उपधारा (१) बमोजिम प्रदेश अन्तर्गत निर्माण हुने स्वायत्त क्षेत्रहरु अनुसूची २ मा उल्लेख भए बमोजिम हुनेछन् । अनुसूचीमा उल्लेखित स्वायत्त क्षेत्रहरुको अतिरिक्त थप नयाँ निर्माणको लागि सिफारिस गर्न प्रादेशिक सरकारले एक अधिकार सम्पन्न आयोग गठन गर्नेछ । स्वायत्त क्षेत्रको निर्माण पहिलोपटक प्रादेशिक सरकार गठन भएको एक वर्ष भित्र गरिसक्नु पर्नेछ । | | प्रदेश अन्तर्गत निर्माण हुने स्वायत्त क्षेत्रहरुको सूची संविधानमा सूचीकृत गर्न तथा त्यस्ता क्षेत्रहरु प्रदेश अन्तर्गत पहिचान गरी आवश्यकता अनुसार थप स्थापना गरी व्यवस्था गर्न प्रादेशिक सरकारले आयोग गठन गरी सो कार्य गर्न यो व्यवस्था गरिएको छ । साथै स्वायत्त क्षेत्रको निर्माण प्रादेशिक सरकार गठन भएको निश्चित समय भित्र गरि सक्नु पर्ने हुदाँ यो व्यवस्था गरिएको छ । |
| | | (५) उपधारा (४) बमोजिमका स्वायत्त क्षेत्रहरुको नाम | | संविधानमा सूचीकृत स्वायत्त क्षेत्रहरुको नाम हेरफेर, |

| | | | | |
|---|---|---|---|---|
| | | हेरफेर, थपघट र परिवर्तन गर्नु परेमा सम्बन्धित प्रादेशिक व्यवस्थापिकाको सिफारिसलाई संघीय व्यवस्थापिकाको दुई तिहाई बहुमतबाट अनुमोदन गर्नु पर्नेछ । | | थपघट र परिवर्तन गर्नु पर्ने आवश्यकता रहन्छ । त्यस्तो कार्य सम्बन्धित प्रदेशको व्यवस्थापिकाले गर्न उपयुक्त हुने हुदाँ यो व्यवस्था गरिएको छ । |
| | | (६) उपधारा (२) र (३) बमोजिम संरक्षित क्षेत्र र विशेष क्षेत्र निर्माण गर्नु परेमा सम्बन्धित प्रादेशिक व्यवस्थापिकाको बहुमतको निर्णयबाट गर्न सकिनेछ । | | प्रदेश अन्तर्गत रहने संरक्षित क्षेत्र र विशेष क्षेत्र निर्माणको विषय सम्बन्धित प्रदेशको अधिकार क्षेत्र भित्रको विषय भएको हुदाँ प्रदेशको व्यवस्थापिकाको बहुमतको निर्णयबाट स्थापना गर्न यो व्यवस्था गरिएको छ । |
| | | (७) स्वायत्त क्षेत्र, विशेष क्षेत्र र संरक्षित क्षेत्र सम्बन्धी अन्य व्यवस्था प्रादेशिक कानूनद्वारा निर्धारण भए बमोजिम हुनेछ । | | प्रदेश अन्तर्गतका स्वायत्त क्षेत्र, विशेष क्षेत्र र संरक्षित क्षेत्र सम्बन्धी अन्य व्यवस्था प्रादेशिक कानूनद्वारा निर्धारण गर्न उपयुक्त हुने हुदाँ यो व्यवस्था गरिएको छ । |
| ९. | संघ, प्रदेश, स्थानीय तह र विशेष संरचनाको अधिकारको बाँडफाँड | (१) यस संविधानको अनुसूची ३ मा उल्लेखित विषयमा संघको अधिकार निहित रहने छ । संघीय व्यवस्थापिकाले यस संविधानको अनुसूची ३ मा उल्लेखित विषयमा कानून बनाउन सक्नेछ । | अधिकारको बाँडफाँड सम्बन्धी भागमा रहने | अनुसूची ३ मा उल्लेखित विषय कुनै खास प्रदेशको क्षेत्राधिकारको विषय नभई राष्ट्र भरको विषय भित्र पर्ने हुदाँ र यस्ता विषय संघ आफैले कानून बनाइ व्यवस्थित गर्दा प्रभावकारी हुने भएको तथा यस्ता विषयहरु संघीय प्रणाली अपनाएका अन्य मुलुकहरुले पनि संघको अधिकार अन्तर्गत राख्ने अभ्यास र प्रचलन रहेकोले संघको अधिकार अन्तर्गत सूचीकृत गरिएको छ । अनुसूची ३ मा उल्लेखित विषयमा संघीय व्यवस्थापिकाले विधायिकी अधिकार प्रयोग गरी कानून निर्माण गर्न यो व्यवस्था गरिएको छ । |
| | | (२) यस संविधानको अनुसूची ४ मा उल्लेखित विषयमा प्रदेशको अधिकार निहित रहने छ । प्रादेशिक व्यवस्थापिकाले यस संविधानको अनुसूची ४ मा उल्लेखित विषयमा आफ्नो प्रदेश भित्र लागु हुने गरी कानून बनाउन सक्नेछ । | | अनुसूची ४ मा उल्लेखित अधिकार राष्ट्रव्यापीरुपमा सरोकार राख्ने नभई प्रदेशले नै प्रशासन तथा व्यवस्थापन गर्न सक्ने र गर्न पर्ने प्रकृतिको भएको हुनाले उल्लेखित विषय प्रदेशको अधिकार अन्तर्गत समावेश गरिएको र त्यस्तो विषयमा प्रदेशको स्वायत्तता तथा स्वशासनका लागि प्रदेशले कानूनको निर्माण गर्न सक्ने गरी प्रादेशिक व्यवस्थापिकालाई कानून बनाउने अधिकार रहने व्यवस्था गरिएको छ । |
| | | (३) यस संविधानमा जुनसुकै कुरा लेखिएको भएतापनि अनुसूची ५ मा उल्लेखित साझा सूचीका विषयमा | | अनुसूची ५ मा उल्लेखित विषयको प्रकृति संघ तथा प्रदेश दुवै तहको सरोकारको विषय भित्र पर्ने भएकोले |

| | | | | |
|---|---|---|---|---|
| | | संघीय व्यवस्थापिकाले निर्धारण गरेको विधायनको आधारभूत सिद्धान्त, मान्यता र ढाचाँको आधारमा प्रादेशिक व्यवस्थापिकाले आवश्यक कानून निर्माण गर्न सक्नेछ । | | सो अधिकारको प्रयोग र पालनाको लागि संघ र प्रदेश दुवै तहको सहयोग आवश्यक हुन्छ । तसर्थ त्यस्ता विषय साझा सूचीमा समावेश गर्ने अभ्यास रहेको छ । साझा सुचीको प्रयोगको लागि संघ तथा प्रदेश दुवै तहले कानून निर्माण गर्न सक्छन् । यसरी कानून निर्माण गर्दा संघ र प्रदेशको कानून बाँझिन सक्ने भएकोले संघीय व्यवस्थापिकाले साझा सूचीको विषयमा निश्चित मार्गदर्शन वा विधायनको आधारभूत सिद्धान्त, मान्यता र ढाचाँको निर्माण गर्ने र सो आधारमा प्रादेशिक व्यवस्थापिकाले आवश्यक कानून निर्माण गर्न सक्ने गरी यो व्यवस्था गरिएको छ । |
| | | (४) उपधारा (१) र (२) मा उल्लेखित विधायिकी अधिकारका साथै यस संविधान वमोजिम संघ तथा प्रदेशलाई कार्यकारिणी र न्यायिक अधिकार हुनेछ । | | संघ तथा प्रदेशलाई संविधानले सूचीकृत गरेको अधिकारको विषयमा विधायिकी, कार्यकारिणी र न्यायिक अधिकार आवश्यक हुने र यसबाट स्वशासन र स्वायत्तताको प्रत्याभूति दिन यो व्यवस्था गरिएको छ । |
| | | (५) स्थानीय तहको अधिकार संविधानको अनुसूची ६ मा उल्लेख भए बमोजिम हुने छ । अनुसूची ६ मा उल्लेखित विषयमा स्थानीय तहले आवश्यक कानून बनाउन सक्नेछ । यसरी बनाएको कानून प्रादेशिक कानूनसँग बाँझिएमा बाँझिएको हदसम्म स्वत: निष्क्रिय हुनेछ । | | स्थानीय तह संघीय संरचनाको तल्लो तहको रुपमा रहने र यसमा जनताको सबै भन्दा पहिले पहुँच हुने हुदाँ जनताको सरोकारका विषयहरु र स्थानीय तहले संचालन गर्दा प्रभावकारी, उपयोगी र व्यवहारिक हुने सक्ने विषयहरु स्थानीय तहलाई अधिकारको रुपमा संविधानमा सूचीकृत गर्न उपयुक्त हुने र सूचीकृत विषयमा स्थानीय तहलाई कानून निर्माण गर्ने अधिकार प्रदान गरी स्थानीय स्वायत्त शासन संचालन गर्न र स्वशासनको अधिकार प्रयोग गर्न यो व्यवस्था गरिएको छ । साथै स्थानीय तहले प्रादेशिक कानूनसँग नबाँझिने गरी कानून निर्माण गर्नु पर्ने र बाँझिएमा स्थानीय तहको कानून निष्क्रिय हुने व्यवस्था गरिएको छ । |
| | | (६) उपधारा (५) को विधायिकी अधिकार सहित स्थानीय तहमा व्यवस्था भएको निर्वाचित परिषदलाई कार्यकारिणी र न्यायिक अधिकार हुनेछ। | | स्थानीय तहलाई विधायिकी अधिकारका अलावा कार्यकारिणी र न्यायिक अधिकार समेत रहने व्यवस्था गर्न सो तहमा व्यवस्था हुने निर्वाचित परिषदलाई सो अधिकार हुने व्यवस्था गरिएको छ । |
| | | (७) विशेष संरचना अन्तर्गतको स्वायत्त क्षेत्रको अधिकार संविधानको अनुसूची ७ मा उल्लेख भए बमोजिम | | विशेष संरचना अन्तर्गत रहने स्वायत्त क्षेत्रहरुको स्वशासन र स्वायत्तताका लागि संविधानद्वारा अधिकार |

| | | | | |
|---|---|---|---|---|
| | | हुनेछ । अनुसूची ७ मा उल्लेखित विषयमा स्वायत्त क्षेत्रले आफ्नो क्षेत्र भित्र लागु हुने गरी कानून बनाउन सक्नेछ । यसरी बनाएको कानून प्रादेशिक कानूनसँग बाँझिएमा बाँझिएको हदसम्म स्वतः निष्क्रिय हुनेछ । | | सूचीकृत गर्न आवश्यक पर्ने र सो सूचीको आधारमा स्वायत्त क्षेत्रले आफ्नो क्षेत्र भित्र लागु हुने गरी कानून बनाई नियमित गर्न यो व्यवस्था गरिएको छ । स्वायत्त क्षेत्रले बनाउने कानून प्रादेशिक कानूनसँग बाँझिन सक्ने हुदाँ बाँझिएको अवस्थामा स्वायत्त क्षेत्रको कानून स्वतः निष्क्रिय हुने हुदाँ यो व्यवस्था गरिएको छ । |
| | | (८) उपधारा (७) को विधायिकी अधिकार सहित स्वायत्त क्षेत्रमा व्यवस्था भएको निर्वाचित परिषदलाई कार्यकारिणी र न्यायिक अधिकार रहनेछ । | | स्वायत्त क्षेत्रको स्वशासन र स्वायत्तताका लागि सो क्षेत्रमा व्यवस्था भएको निर्वाचित परिषदलाई विधायिकी अधिकारका अलावा कार्यकारिणी र न्यायिक अधिकार रहन आवश्यक हुने भएकोले यो व्यवस्था गरिएको छ । |
| | | (९) यस संविधान बमोजिम स्थापना गरिने विशेष संरचना अन्तर्गतका विशेष क्षेत्र र संरक्षित क्षेत्रको अधिकार प्रादेशिक कानूनद्वारा निर्धारण भए बमोजिम हुनेछ । | | विशेष संरचना अन्तर्गत स्थापना हुने विशेष क्षेत्र र संरक्षित क्षेत्रको स्थापना प्रदेशले गर्ने हुदाँ त्यस्ता क्षेत्रको अधिकारको विषय पनि प्रदेशले नै व्यवस्थित गर्नु पर्ने हुदाँ यो व्यवस्था गरिएको छ । |
| | | (१०) उपधारा (५) र (७) मा उल्लेखित कुराले प्रादेशिक सरकारलाई आफ्नो सूचीमा परेको विषयमा कानूनद्वारा स्थानीय तह र विशेष संरचनालाई थप अधिकार प्रदान गर्न बाधा पुऱ्याएको मानिने छैन । | | स्थानीय तह र विशेष संरचनालाई प्रदेशले आफ्नो अधिकार क्षेत्र भित्र पर्ने विषयमा कानूनद्वारा थप अधिकार प्रदान गर्न सक्ने हुदाँ यो व्यवस्था गरिएको छ । |
| | | (११) संघ, प्रदेश, स्थानीय तह तथा विशेष संरचना अन्तर्गतको स्वायत्त क्षेत्रको अधिकारको सुचीमा वा साझा सुचीमा उल्लेख नभएको कुनै विषयमा तथा यो संविधान तथा संविधान अन्तरगतका कानूनमा नतोकिएको विषयमा कानून वनाउने अधिकार संघीय व्यवस्थापिकामा निहित हुनेछ । | | संविधानमा कुनै पनि तहको अधिकारको सूचीमा नपरेको विषयमा कुन तहले कानून निर्माण गरि नियमित गर्ने भन्ने विषय स्पष्ट नराखिएमा समस्या पर्न सक्ने र यस्तो विषय संघले नियमित गर्न सक्ने व्यवस्था गर्दा एकरुपता र प्रभावकारी हुने भएकोले कुनै पनि तहको सूचीमा नपरेका विषय र साझा सूचीमा नपरेका विषयमा कानून बनाउने अधिकार संघीय व्यवस्थापिकालाई हुने गरी यो व्यवस्था गरिएको छ । |
| १०. | संघीय एकाइहरु वीच अन्तर सम्वन्ध | (१) संघ, प्रदेश, स्थानीय तह तथा विशेष संरचना वीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुनेछ । | संघीय एकाइहरु वीच अन्तर सम्बन्ध सम्बन्धी भागमा रहने | संघीय संरचनामा रहने सरकारका तहहरु वीच अधिकारको प्रयोग वा साझा चासो वा सरोकारका विषयमा विवाद हुन नदिई आपसमा सहयोग समन्वय विस्तार गर्नु पर्ने हुदाँ सहयोगात्मक, सहकारि, सहअस्तित्व, आपसी सहमति र समन्वयको सिद्धान्तका आधारमा सम्बन्ध रहनु पर्ने भएकोले यो व्यवस्था |

| | | | | |
|---|---|---|---|---|
| | | | | गरिएको छ । |
| | | (२) प्रदेश प्रदेश वीचको आपसी सम्बन्ध व्यवस्थित गर्न संघले प्रदेशहरु वीच आवश्यक व्यवस्थापन गर्न सक्नेछ । | | प्रदेशहरु वीच आपसी सम्बन्धलाई व्यवस्थित गर्न संघले बहुप्रदेशिय चासोका विषयमा सहयोग र व्यवस्थापन गर्नु पर्ने हुदाँ यो व्यवस्था गरिएको छ । |
| | | (३) दुई वा दुई भन्दा बढी प्रदेशले अनुसूची ४ मा उल्लेखित विषयमा कानून निर्माण गर्न संघीय व्यवस्थापिका समक्ष अनुरोध गरेमा संघीय व्यवस्थापिकाले आवश्यक कानून बनाउन सक्नेछ । | | प्रदेशको सूचीमा परेका विषयमा दुई भन्दा बढी प्रदेश वीच कानूनी व्यवस्था फरक फरक हुन सक्दछ । दुई वा सो भन्दा वढी प्रदेश वीच साझा सरोकारका विषयमा कानूनी समस्या हुन नदिन संघीय व्यवस्थापिकालाई कानून बनाउन अनुरोध गर्न सक्ने र संघीय व्यवस्थापिकाले त्यस्तो विषयमा कानून बनाई त्यस्तो प्रदेशको सम्बन्धलाई व्यवस्थित गर्न सक्ने भएकोले यो व्यवस्था गरिएको छ । |
| | | (४) संघले राष्ट्रिय महत्वका विषयमा र प्रदेशहरु वीच समन्वय गर्नु पर्ने विषयमा सवै प्रदेशहरुका लागि संविधान र कानून बमोजिम आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित प्रदेशको कर्तव्य हुनेछ ।<br>तर प्रदेशको अधिकारमा हस्तक्षेप हुने गरी संघले कुनै निर्देशन वा कार्यकारिणी आदेश जारी गर्ने छैन । | | राष्ट्रिय महत्वको विषय सबै प्रदेशहरुसंग अन्तर सम्बन्धित हुने र प्रदेशहरु वीच साझा सरोकारका विषयहरुमा पनि संघले व्यवस्थापन गर्न उपयुक्त र व्यावहारिक हुने हुदाँ त्यस्तोमा संघले सबै प्रदेशका लागि आवश्यक निर्देशन दिई एकरुपता कायम गर्नु पर्ने हुदाँ प्रदेशको अधिकारमा हस्तक्षप नहुने गरी संघले प्रदेशलाई कार्यकारी आदेश र निर्देशन दिन सक्ने व्यवस्था गरिएको छ । |
| | | (५) कुनै पनि प्रदेशले राष्ट्रिय सार्वभौमसत्ता, अखण्डता र देशको शान्ति व्यवस्थामा असर पर्ने किसिमको कार्य गरेमा संघीय सरकारको सिफारिसमा राष्ट्र प्रमुखले त्यस्तो प्रदेशलाई आवश्यकतानुसार सचेत गराउन, प्रादेशिक सरकार र व्यवस्थापिका निलम्वन गर्न वा विघटन गर्न सक्नेछ । | | प्रदेशले देशको सार्वभौमसत्ता, अखण्डता र शान्ति व्यवस्थामा असर पुग्ने कार्य गरेकोमा संघीय सरकारले त्यसलाई तत्काल नियन्त्रण गर्नु पर्ने र व्यवस्थापन गर्नु पर्ने हुन्छ । त्यस्तो नियन्त्रणको प्रक्रिया अन्तर्गत सचेत गराउने, प्रादेशिक सरकार वा व्यवस्थापिका निलम्बन र विघटन गर्न सक्ने सम्मका व्यवस्थाहरु रहनु पर्ने हुदाँ यो व्यवस्था गरिएको छ । |
| | | (६) उपधारा (५) वमोजिम कुनै प्रदेशको सरकार वा व्यवस्थापिका निलम्बन वा विघटन गरेकोमा पैतीस दिन भित्र संघीय व्यवस्थापिकाको दुई तिहाई बहुमतबाट अनुमोदन गराउनु पर्नेछ ।<br>तर संघीय व्यवस्थापिकाबाट अनुमोदन नभएमा त्यस्तो आदेश स्वतः निष्कृय भएको मानिनेछ । | | संघीय सरकारले कुनै पनि प्रदेशलाई देशको सार्वभौसत्ता, अखण्डता र शान्ति व्यवस्थामा असर पुऱ्याउने कार्य गरेको भनि स्वेच्छाचारी रुपमा विघटन एवं निलम्बन गर्न नसकोस् र त्यसलाई संघीय व्यवस्थापिकाबाट अनुमोदन गराउनु पर्ने व्यवस्थाले संघीय सरकारलाई जवाफदेही र उत्तरदायी बनाउन |

| | | | | |
|---|---|---|---|---|
| | | | | मद्दत पुग्ने भएकोले यो व्यवस्था गरिएको छ । |
| | | (७) उपधारा (६) वमोजिम संघीय व्यवस्थापिकाबाट अनुमोदन भएमा त्यस्तो प्रदेशमा ६ महिना भित्र प्रादेशिक व्यवस्थापिकाको निर्वाचन हुनेछ । | | संघीय सरकारले प्रादेशिक व्यवस्थापनको विघटन गरी संघीय व्यवस्थापिकाबाट अनुमोदन भएमा त्यस्तो प्रदेशमा सरकार र व्यवस्थापिकाको गठनका लागि निर्वाचन गराउनु पर्ने भएको र त्यो कार्य निर्धारित समय भित्र गर्नु पर्ने भएकोले यो व्यवस्था गरिएको छ । |
| | | (८) उपधारा (७) वमोजिम निर्वाचन नभए सम्मका लागि त्यस्तो प्रदेशमा संघीय शासन कायम रहनेछ । | | यसरी निर्वाचन नभए सम्म प्रदेशको शासन व्यवस्था संचालन गरी शान्ति व्यवस्था कायम गर्नु पर्ने हुदाँ संघीय शासन कायम रहने व्यवस्था गरिएको छ । |
| | | (९) कुनै एक प्रदेशले अर्को प्रदेशको कानूनी व्यवस्था वा न्यायिक एवं प्रशासकीय निर्णय वा आदेशको कार्यान्वयनमा सहयोग गर्नुपर्नेछ । | | प्रदेशहरु वीच आपसी सहयोग र सम्बन्धलाई मैत्रीपूर्ण बनाउन र एक अर्काको कानूनी व्यवस्था र न्यायिक एवं प्रशासकीय निर्णय कार्यान्वयनमा आपसी सहयोग हुन यो व्यवस्था गरिएको छ । |
| | | (१०) एक प्रदेशले अर्को प्रदेशसंग साझा चासो र हितको विषयमा एक अर्कालाई सूचना आदान प्रदान गर्न, परामर्श गर्न, आफ्नो कार्य र विधायनका बारेमा एक आपसमा समन्वय गर्न र आपसी सहयोग विस्तार गर्न सक्नेछन् । | | संघीय व्यवस्थामा एक प्रदेशले अधिकारको सूचीमा परेका विषयमा कानून निर्माण गर्न सक्ने भएकोले एक प्रदेश र अर्को प्रदेश वीच एउटै विषयमा पनि अलग अलग कानून निर्माण हुन सक्छ । त्यस बाहेक एक प्रदेश र अर्को प्रदेश वीच कतिपय विषय साझा चासो र सरोकारका हुन्छन् । तसर्थ कानूनी व्यवस्था बारे जानकारी दिन एवं साझा चासो र हितका विषयमा एक आपसमा सूचना आदान प्रदान गर्न आवश्यक हुने हुदाँ यो व्यवस्था गरिएको छ । |
| | | (११) कुनै एक प्रदेशले अर्को प्रदेशको वासिन्दालाई आफ्नो प्रदेशको कानून बमोजिम समान सुरक्षा र सुविधा उपलव्ध गराउनु पर्नेछ । | | जुनसुकै प्रदेशमा रहने बासिन्दा भए पनि त्यस्तो व्यक्ति नेपालको नागरिक हुने र त्यस्तो नागरिकले समान अधिकार र सुविधा प्राप्त गर्न सक्ने व्यवस्था हुनु पर्ने भएकोले यो व्यवस्था गरिएको छ । |
संवत् २०६४ साल चैत्र महिनाको २८ गते नेपालको इतिहासमा पहिलो पटक संविधानसभाको निर्वाचन सम्पन्न भएको र निर्वाचनको परिणाम अनुसार संविधान सभामा पहिलो हुने निर्वाचित हुने प्रणाली अनुसार ९ वटा राजनैतिक दल र समानुपातिक पद्धतिबाट थप १६ गरी जम्मा २५ राजनैतिक दलहरुको प्रतिनिधित्व रहनुका साथै केही स्वतन्त्र प्रतिनिधित्व समेत रहेको छ ।

### १.५. संविधानसभाको कार्यकाल

संविधान सभाले प्रस्ताव पारित गरी अगावै विघटन गरेकोमा वाहेक संविधान सभाको कार्यकाल संविधान सभाको पहिलो वैठक वसेको मितिले २ वर्षको हुनेछ भन्ने व्यवस्था नेपालको अन्तरिम संविधान, २०६३ को धारा ६४ मा रहेको र संविधान सभाको पहिलो वैठक मिति २०६५।२।१५ गते वसेको हुनाले सो मितिबाट २ वर्ष भित्र संविधानको निर्माण गरी सक्नु पर्ने संवैधानिक दायित्व रहेको छ ।

### १.६. संविधानसभाको पहिलो बैठकको घोषणा

संविधानसभाको मिति २०६५ साल जेष्ठ १५ गते बसेको पहिलो बैठकले नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५९ (२) बमोजिम गणतन्त्र कार्यान्वयनको प्रस्ताव पारित गर्नुका साथै नेपाल एक संघीय लोकतान्त्रिक गणतन्त्रमा विधिवत परिणत भएको घोषणा गऱ्यो ।

## १.७. संविधान सभा नियमावली, २०६५ र संविधान सभाको कार्यतालिका

संविधान सभाले नेपालको अन्तरिम संविधानको धारा ७८ वमोजिम आफनो काम कारवाहीलाई व्यवस्थित र सञ्चालन गर्न मिति २०६५।७।२९ मा संविधान सभा नियमावली, २०६५ र मिति २०६५।८।१ मा संविधान सभाको कार्यतालिका पारित गरी उक्त कार्यतालिकामा परिवर्तन गर्दै सो कार्यतालिका अनुरुप आफ्नो कार्य सम्पादन गर्दै आएको छ ।

## १.८. संविधानसभाका समितिहरु

संविधान निर्माणको लागि दश वटा विभिन्न विषयगत समितिहरु, एक संवैधानिक समिति र तीन वटा प्रक्रियागत समितिको गठन भएको छ ।

## १.९. राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समिति

संविधान सभा नियमावली, २०६५ को नियम ५९ वमोजिम संविधान सभाको अध्यक्षले सभाको सहमति लिई वढीमा ४३ जना सदस्यहरु मनोनित गर्ने र त्यसरी सदस्य मनोनयन गर्दा संविधान सभामा रहेको दलीय संरचना, महिला, आदिवासी, जनजाती, मधेशी, दलित, पिछिडएको क्षेत्र, मुश्लिम लगायत अल्पसंख्यक सवै पक्षको सभामा रहेको उपस्थितिको आधारमा समानुपातिक समावेशीकरण गरिने प्रावधान रहे अनुरुप त्यस्ता विषयगत समितिहरु मध्ये राज्यको पुनर्संरचना र राज्य शक्तिको वाँडफाँड समितिको गठन गर्दा माथि उल्लेख गरिएको प्रावधान अनुरुप गठन भएको छ । संविधान सभा नियमावलीको नियम ६६ अनुसार यस समितिलाई राज्यको संघीय संरचना, संघीय एकाइको क्षेत्र निर्धारण र नामकरण तथा राज्य शक्तिको वाँडफाँड गर्ने लगायतका विषयमा अवधारणापत्र सहितको प्रारम्भिक मस्यौदा तयार गरी सो सम्वन्धी प्रतिवेदन संविधान सभामा पेश गर्नु पर्ने जिम्मेवारी रहेको छ ।

## १.१०. राज्य पुनर्संरचना आयोग

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३८ को उपधारा (२) मा राज्यको पुनर्संरचना गर्नको लागि सुझाब दिन नेपाल सरकारले एक उच्चस्तरीय आयोगको गठन गरिने प्रावधान रहेको छ । तर संविधानसभाको निर्वाचनको एक वर्ष पछि मात्र नेपाल सरकारले मिति २०६६।१।४ मा डा. गणेशमान गुरुङको अध्यक्षतामा राज्यको पुनसंरचना आयोग गठन गरेको तर उक्त आयोगको कार्यक्षेत्र, कार्यविधि, आयोगका सदस्यको प्रतिनिधित्व र पूर्णताका बारेमा कुनै उल्लेख भएको पाइदैन ।

## १.११. समितिको गठन

संविधानसभा नियमावली, २०६५ को नियम ६६ वमोजिम मिति २०६५।८।३० मा ४३ सदस्यीय राज्यको पुनर्संरचना र राज्य शक्तिको बाँडफाँड समितिको गठन गरिएको छ । समितिमा रहनु भएका मा० सदस्यहरुको विवरण अनुसूची - १ मा उल्लेखको गरिएको छ ।

## १.१२. सभापतिको निर्वाचन

समितिले संविधानसभा नियमावली, २०६५ को नियम ७० (४) मा व्यवस्था भए वमोजिम माननीय सदस्य श्री लोकेन्द्र विष्ट मगरलाई समितिको सभापतिको पदमा मिति २०६५।९।२९ मा निर्विरोध निर्वाचित गऱ्यो । सभापतिको निर्वाचन नहुदाँ सम्म जेष्ठ सदस्यको हैसियतले समितिको सभापतित्व माननीय सदस्य श्री नारायणमान विजुक्छेंले गर्नु भएको थियो ।

## १.१३. समितिको कार्यक्षेत्र

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३८ (१) मा वर्गीय, जातिय, भाषिक, लैगिक, सांस्कृतिक, धार्मिक र क्षेत्रीय भेदभावको अन्त्य गर्न राज्यको केन्द्रीकृत र एकात्मक ढाँचाको अन्त्य गरी राज्यको समावेशी, लोकतान्त्रिक संघीय शासन प्रणाली सहितको अग्रगामी पुनर्संरचना गरीनेछ भन्ने उल्लेख हुनाका साथै धारा १३८ (१क) मा राज्यको पुनसंरचना गर्दा मधेशी जनता लगायत आदिवासी जनजाति र पिछिडएका तथा अन्य क्षेत्रका जनताको स्वायत्त प्रदेशको चाहनालाई स्वीकार गरी नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हुनेछ, प्रदेशहरु स्वायत्त र अधिकार सम्पन्न हुनेछन । नेपालको सार्वभौमिकता एकता र अखण्डतालाई अक्षुण राख्दै स्वायत्त प्रदेशहरुको सीमाना, संख्या, नाम र संरचना र अधिकारको बाँडफाँड संविधानसभाबाट निर्धारण गरिने छ भन्ने उल्लेख भएको सन्दर्भमा संविधानसभाले उक्त संवैधानिक कर्तव्य पूरा गर्नु पर्ने भएको छ । यसको लागि संविधान सभा नियमावली, २०६५ को नियम ६४ वमोजिम गठन भएको राज्यको पुनसंरचना तथा राज्य शक्तिको बांडफाड समितिको कार्यक्षेत्र सो नियमावलीको नियम ६६ ले देहाय वमोजिम तोकेको छः-

- राज्यको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक स्वरूपमा हुने संरचना,
- संघीय एकाइहरुको क्षेत्र निर्धारण गर्ने सिद्धान्त र आधारहरु,
- प्रत्येक संघीय एकाइको क्षेत्र निर्धारण र तीनको नामकरण,
- विभिन्न तहका संघीय एकाइका सरकार वीच विधायिकी, कार्यकारिणी र न्यायिक अधिकारको बाँडफाँड,
- विभिन्न तहका संघीय एकाइको अधिकार क्षेत्र सम्वन्धी विषय सूची र साझा विषयसूचीको निर्धारण,
- संघीय एकाइ वीच व्यवस्थापिकीय, कार्यकारिणी र न्यायिक अधिकारको अन्तर सम्वन्ध निर्धारण,
- संघीय एकाइहरु वीच उत्पन्न हुन सक्ने विवादको समाधान सम्वन्धी संयन्त्र, र
- समितिको कार्यक्षेत्रसंग सम्वन्धित अन्य आवश्यक कुराहरु ।

## १.१४. समितिको काम, कर्तव्य र अधिकार

विषयगत समितिको काम, कर्तव्य र अधिकारको वारेमा संविधान सभा नियमावली, २०६५ को नियम ७३ को अध्ययन गर्दा यस समितिको काम, कर्तव्य र अधिकार निम्न वमोजिम रहेको छः-

क) आफनो कार्य क्षेत्र भित्र पर्ने विषयमा गर्नु पर्ने कामको विवरण (कार्यसूची) तयार पार्ने र सो कार्य सम्पन्न गर्न कार्यतालीका निर्माण गर्ने,

ख) आफनो कार्य सूची भित्र पर्ने विषयमा भएका सन्दर्भ सामाग्रीहरु संकलन गरी छलफल तथा अध्ययन गर्ने,

ग) आफनो कार्य क्षेत्र भित्र पर्ने विषयमा विशेषज्ञको राय लिने, सार्वजनिक वहस गराउने, स्वदेश र विदेशमा वस्ने नेपाली नागरिकहरुबाट विभिन्न माध्यमबाट सुझाव संकलन गर्ने, गोष्ठी सेमिनार गर्ने र आवश्यकतानुसार अध्यक्षको स्वीकृति लिई स्थलगत भ्रमण गर्ने,

घ) आफ्नो कार्य क्षेत्र भित्र पर्ने विषयमा खण्ड (ग) बमोजिम संकलित राय सुझावको आधारमा अवधारणापत्र सहितको प्रारम्भिक मस्यौदा तयार पार्ने र सो सम्वन्धी प्रतिवेदन संविधान सभामा पेश गर्ने,

ङ) आफनो कार्य क्षेत्र भित्र पर्ने विषयवस्तुमा अध्ययन, अनुसन्धान तथा अन्य काम गर्न आवश्यकतानुसार उपसमितिहरु गठन गरी तिनीहरुको काम, कर्तव्य र अधिकार समेत तोक्ने ।

संविधानसभा नियमावलीको उल्लेखित प्रावधान वमोजिम यस समितिले कार्यसूचीको विवरण तयार पारी सो कार्यसूची सम्पन्न गर्न कार्यतालिका बनाई समितिको वैठकबाट सर्वसम्मतरूपमा स्वीकृत भएको छ । उक्त कार्यतालिका अनुसूची - २ मा उल्लेख गरिएको छ ।

## १.१५. अवधारणापत्रको उद्देश्य

संविधान राज्यको मूल कानुन हो जसले शासन सञ्चालनको लागि मार्गदर्शन प्रदान गर्ने गर्दछ । राज्यका अंगहरु वीच शक्तिको बाँडफाँड तथा नियन्त्रण र सन्तुलनको व्यवस्थाका अलावा नागरिकका मूलभूत अधिकारको व्यवस्था गर्ने राजनीतिक र कानूनी दस्तावेज नै संविधान हो । संविधान मूल कानून मात्र नभै अन्य कानूनको स्रोत समेत भएकोले यसको निर्माण प्रक्रिया अन्य साधारण कानून निर्माण गर्ने प्रक्रिया भन्दा फरक हुने गर्दछ ।

संविधान निर्माणको प्रक्रियाहरुको अध्ययन गर्दा सवैभन्दा प्रजातान्त्रिक र उत्तम प्रक्रिया संविधानसभा मार्फत संविधानको निर्माण गर्ने कार्यलाई मानिन्छ । यस पद्धतिबाट निर्मित संविधानमा राज्यका सम्पूर्ण जाति, जनजाति, धर्म, सम्प्रदाय, वर्ग, क्षेत्र, लिंग र समुदायको भावना मुखरित हुने र जनताको त्यस्तो भावना जनताबाट चुनिएका सभासदहरुबाट प्रतिविम्वित हुने गर्दछ । यसरी निर्माण हुने संविधानलाई लोकतान्त्रिक संविधान मानिन्छ । यसै सन्दर्भमा नेपालमा संविधानसभाको निर्वाचनद्वारा गठन भएको संविधानसभाले नै सविधान निर्माण गरी लागु गर्ने भएकोले सम्बन्धित विषय क्षेत्रको मुल आधारको रूपमा प्रस्तुत अवधारणा तयार पारिएको छ ।

कुनै विषयमा केही काम गर्नु अघि के गर्ने, किन गर्ने, कहिले गर्ने र कसरी गर्ने भन्ने वारेमा प्रारम्भिक रुपरेखा तयार पार्नु नै उक्त विषयको अवधारणा हो । प्रस्तुत अवधारणापत्र संविधान लेखनको सिलसिलामा तयार गर्नुपर्ने भएकोले त्यस्तो अवधारणापत्रमा संविधानको सैद्धान्तिक आधार र वैचारिक धरातल, संविधान निर्माणको वस्तुगत आधार प्रदान गर्नुका साथै संविधानमा उल्लेखित विषयवस्तुको रुपरेखा कसरी तयार गरियो भन्ने कुरा स्पष्ट पारिएको हुन्छ ।

प्रस्तुत अवधारणापत्रलाई संविधान लेखनको आधार तथा मार्गदर्शनको रूपमा लिनु पर्ने कुरा संविधान सभा नियमावली, २०६५ को नियम ६५ को प्रावधानले स्पष्ट पारेको पाइन्छ । संविधानसभा नियमावली, २०६५ ले आफ्नो कार्य क्षेत्र भित्रका विषयमा अवधारणापत्र सहितको प्रारम्भिक मस्यौदा तयार पारी संविधानसभामा पेश गर्नु पर्ने सम्वन्धित विषयगत समितिको कर्तव्य हुने भन्ने उल्लेख गरेको हुनाले प्रस्तुत अवधारणापत्र संविधानको मस्यौदाको लागि आधारशिलाको रूपमा रहने देखिन्छ ।

**१.१६. अवधारणापत्रका आधारहरु**

संविधानसभाका विभिन्न समितिहरु मध्ये राज्यको पुर्नसंरचना र राज्य शक्तिको वाँडफाँड एक महत्वपूर्ण समितिको रूपमा रहेकोले राज्यको पुनर्सरचना एवं राज्य शक्तिको बाँडफाँड सम्वन्धमा यस समितिले अवधारणा पत्र तयार गर्दा लिएका मूल आधार र सहायक आधार निम्न छन्:-

**<u>मूल आधार</u>**:

- संविधान सभाको पहिलो वैठकको घोषणा, २०६५
- संविधान सभा नियमावली, २०६५
- नेपालको अन्तरिम संविधान, २०६३ को व्यवस्था,
- प्रतिनिधि सभाका घोषणाहरु, २०६३
- नेपाल सरकारले विभिन्न मितिमा विभिन्न राजनैतिक दल एवं संघसंस्था र समूह संग गरेका संम्झौताहरु,
- नेपाल सरकार पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरु,
- विभिन्न विषयका विशेषज्ञहरुले समितिमा व्यक्त गरेका विचार तथा सुझावहरु,
- जनमत संकलनको क्रममा जनताबाट प्राप्त राय सुझाव तथा धारणाहरु,
- समितिमा विभिन्न राजनैतिक दल तथा सदस्यको हैसियतबाट प्रतिनिधित्व गर्नु भएका सभासदहरुले राज्यको पुनसंरचनाको आवश्यकता, त्यसको स्वरुप, आधार एवं प्रकिया तथा राज्य शक्तिको बाँडफाँड वारेमा अभिव्यक्त धारणा,
- विभिन्न माध्यमबाट समितिमा प्राप्त राय सुझावहरु, सरोकार वालाहरुले उठाएका सवालहरु,
- राजनैतिक दलले संविधान सभाको निर्वाचनको समयमा जारी गरेका घोषणापत्र र संविधान सभाको संवैधानिक समितिमा पेश गरेका दलीय अवधारणाहरु,
- केन्द्रीय तथ्यांक विभागद्वारा प्रकाशित जनगणना पुस्तक, २००१

**<u>सहायक आधारहरु</u>:**

- नेपालको संवैधानिक विकासक्रम,
- संघीय प्रणाली अपनाएका मुलुकहरुको अध्ययन,
- राज्यको पुनर्संरचना एवं संघीय प्रणालीको सम्वन्धमा स्वदेशी तथा विदेशी विद्वान्हरुले व्यक्त गरेका विचार तथा लेखहरु,
- सरकारी तथा गैर सरकारी संघ संस्थाहरुबाट प्राप्त सुझावहरु,
- सेमिनार, गोष्ठी तथा अन्तरक्रियाबाट प्राप्त निष्कर्ष,
- वैदेशिक अध्ययन भ्रमण टोलीका प्रतिवेदनहरु,
- विषयसंग सम्वन्धित पुस्तक, लेख एवं अध्ययन प्रतिवेदनहरु ।

उल्लेखित आधारमा तयार पारिएको प्रस्तुत अवधारणा पत्रले संविधान निर्माणमा महत्वपूर्ण दस्तावेजको स्थान लिने तथा संविधानको व्याख्यामा सहयोग पुग्न सक्ने अपेक्षा राखिएको छ ।

### १.१७. समितिको बैठक र निर्णय प्रक्रिया

राज्यको पुनर्संरचना तथा राज्यशक्तिको बाँडफाँड समितिको गठन भएपछि समितिले आफनो कार्य क्षेत्र अनुसार कार्यसम्पादन गर्नु पर्ने विवरण र कार्यसूची तयार गर्नुका साथै सो कार्यसूची कार्यान्वयन गर्ने कार्यतालिका निर्माण, विशेषज्ञको क्षेत्र पहिचान, विशेषज्ञबाट लिईने सेवा, विशेषज्ञको नाम संकलन लगायतका विषयमा छलफल गरी संविधान सभाका सभापतिहरुको बैठकबाट अनुमोदन भई सो कार्यतालिका अनुरुप समितिले आफनो कार्य सम्पादन गर्दै आएको छ । समितिको बैठकमा सभासदहरुबाट व्यक्त धारणालाई सारांशको रूपमा लिपिवद्ध गरिएको छ । समितिले कार्य सम्पन्न गर्न १२७ पटक बैठक बसेको थियो । बैठकको कार्यसूची र निर्णय अनुसूची - ३ मा उल्लेख गरिएको छ । समितिको सचिवालयमा कार्यरत कर्मचारीहरुको नामावली अनुसूची - ४ मा दिइएको छ ।

संविधान सभा नियमावली, २०६५ को नियम ७३ (२) मा समितिको प्रतिवेदनमा समितिका सम्पूर्ण सदस्यहरुले हस्ताक्षर गर्नु पर्ने, संयुक्त हस्ताक्षर हुन नसकेमा कम्तिमा समितिका वहुमत सदस्यहरुले हस्ताक्षर गरेको हुनुपर्ने र कुनै सदस्यले आफनो फरक मत सहितको हस्ताक्षर गर्न चाहेमा सो फरक मत सहितको हस्ताक्षर गर्न समितिको सभापतिले आवश्यक व्यवस्था मिलाउने प्रावधान रहेको छ ।

#### १.१७.१. उप-समिति/कार्यदल गठनः

समितिले आफनो कार्य क्षेत्र भित्र पर्ने विषयवस्तुमा अध्ययन, अनुसन्धान तथा अन्य कार्य गर्न आवश्यकतानुसार उपसमिति गठन गर्न सक्ने व्यवस्था भए अनुसार समितिले विभिन्न मितिमा विभिन्न कार्यहरु सम्पादन गर्न उप समिति तथा कार्यदल गठन गरेको छ । उप समिति तथा कार्यदलको कार्यक्षेत्र, कार्यविधि, त्यसमा रहनु भएका मा० सदस्यहरुको नामावली र उपसमितिका प्रतिवेदनहरु अनुसूची - ५ मा समावेश गरिएको छ ।

#### १.१७.२. विशेषज्ञसँग जानकारी लिई छलफलः

समितिले आफनो कार्य सूची भित्र पर्ने विषयमा विशेषज्ञको राय सुझाव लिन सक्ने व्यवस्था भए अनुसार विभिन्न मितिमा विशेषज्ञहरुलाई समितिको बैठकमा आमन्त्रण गरी छलफल, परामर्श एवं अन्तरक्रिया गरिएको थियो । समितिमा आमन्त्रित विशेषज्ञहरुको नामावली तथा निजहरुसँग छलफल गरिएको विषय अनुसूची - ६ मा उल्लेख गरिएको छ ।

त्यसैगरी कानून, न्याय तथा संविधानसभा मन्त्रालयले मिति २०६५।९।१८ मा समितिका सदस्यहरुको लागि आयोजना गरेको एक दिने छलफल कार्यक्रम र राष्ट्रिय शान्ति अभियानले मिति २०६५।१०।२० र २१ गते आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा समितिका मा० सदस्यहरुले भाग लिनु भएको थियो । यसैगरी संविधानसभा, क्षमता अभिबृद्धि तथा स्रोत व्यवस्थापन समितिले अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, बानेश्वरमा मिति २०६५।१०।२३ गते अवधारणापत्र तथा मस्यौदा तयार गर्ने सिलसिलामा समितिले अपनाउनु पर्ने विधिको बारेमा कार्यक्रम आयोजना गरेको थियो । त्यसैगरी जापान अन्तर्राष्ट्रिय सहयोग संस्था (JICA) ले मिति २०६५।११।१२ मा आयोजना गरेको अन्तरक्रियात्मक गोष्ठीमा समितिका माननीय सदस्यहरु सहभागी हुनु भएको थियो । उक्त कार्यक्रमहरुको विवरण

अनुसूची - ७ मा उल्लेख गरिएको छ ।

## १.१८. अध्ययन विधि, सीमा र अन्य समिति सँग समन्वय

### १.१८.१. अध्ययन विधिः

प्रस्तुत अवधारणा पत्र तयार पार्ने प्रयोजनको लागि समितिले आफनो कार्य क्षेत्रमा उल्लेखित विषयको वारेमा देहायको अध्ययन विधि अपनाएको थियो ।

- प्राप्त सामाग्रीहरुको सामूहिक तथा व्यक्तिगत अध्ययन,
- सामूहिक छलफल,
- विशेषज्ञहरु संग परामर्श तथा अन्तर्क्रिया,
- जनताको सुझाव संकलन गर्न स्थलगत अध्ययन,
- सुझावको लागि सार्वजनिक आव्हान,
- कार्यशाला, सेमिनार एवं गोष्ठीमा सहभागिता
- विभिन्न उपसमिति तथा कार्यदलको गठन,
- स्वदेश र विदेशमा वस्ने नेपाली नागरीकहरुबाट विभिन्न माध्यमबाट संकलित राय सुझाव तथा विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्था, नागरिक समाज, बुद्धिजीवीहरुको सुझावहरुको अध्ययन, विश्लेषण ।

### १.१८.२. अध्ययनको सीमाः

अवधारणापत्र तयार पार्ने सिलसिलामा संविधान सभा नियमावली, २०६५ को नियम १४९ वमोजिम संविधान सभाले मिति २०६५।८।१ मा पारित गरेको कार्यतालिका, समितिको मिति २०६५।९।१३ गतेको वैठकबाट पारित कार्य विवरण र कार्यतालिका र संविधान सभा अन्तरगत गठित विषयगत समितिका सभापतिहरुको वैठकबाट पारित कार्यतालिकामा उल्लेखित विधि र समय सीमालाई अवलम्वन गरिएको छ । सुझाव संकलनको क्रममा अत्यावश्यक प्रविधिको अभावमा जनताका मौखिक सुझावहरुलाई रेकर्ड गर्न नसकिनुका साथै जनमत संकलनको लागि स्थानीय तहमा वितरित प्रश्नावलीहरुको पर्याप्त वितरण गर्न नसकिएको तथा वितरित प्रश्नावलीको संख्यामा सुझावहरु समेत प्राप्त हुन सकेन ।

अवधारणापत्र सहितको मस्यौदा मिति २०६६।१।१० गते सम्ममा संविधानसभामा पेश गर्नु पर्ने प्रावधान रहेकोमा विभिन्न मितिमा हेरफेर भएको कार्यतालिका अनुसार मिति २०६६।५।२१ हुदै २०६६।१०।०८ गते सम्ममा संविधानसभामा पेश गर्नु पर्ने समय सीमा तोकिएको छ ।

समितिको कार्यक्षेत्रको विषयमा आमन्त्रण गरिएका विशेषज्ञसँग समय सिमाका कारणले विस्तृत रूपमा छलफल गर्न नसकिएको, नागरिकसँग सुझाव आवहान गर्न संचार माध्यमको पहुँच आमजनतासँग पुग्न नसकेको, प्राविधिक र भौतिक सुविधा पर्याप्त रूपमा उपलब्ध नहुनु स्रोत र सन्दर्भ सामाग्रीको उपलब्धता समेत समयमा हुन नसकेकोले प्रतिवेदन लेखन कार्यमा केही समस्या उत्पन्न भएको अनुभूति गरिएको छ ।

अवधारणापत्र तयार पार्नको लागि पर्याप्त समय र गृहकार्यको अभाव हुनुका साथै संघात्मक शासन प्रणाली अपनाएका मुलुकहरुको स्थलगत अध्ययन अवलोकन गरी अनुभव हासिल गर्न नपाइएतापनि त्यस्ता मुलुकहरुको तुलनात्मक अध्ययन गर्ने कार्यमा पुस्तकालय विधि अवलम्वन गर्दै संविधानसभा नियमावली, २०६५ को नियम ६६ ले निर्धारण गरेको राज्यको पुनसंरचना र राज्यशक्तिको बाँडफाँड समितिको कार्यक्षेत्र भित्र सीमित रही प्रस्तुत अवधारणापत्र तयार पारिएको छ ।

### १.१८.३. अन्य समितिसंग समन्वयः

प्रस्तुत अवधारणापत्र र यस अवधारणापत्रको आधारमा तयार गर्नु पर्ने विषयमा संविधान सभाको अन्य विषयगत समितिहरुसँग समन्वय गरेर आफ्नो काम कारवाही अगाडी बढाउनु पर्छ भन्ने विषयलाई समितिको कार्य विवरण र कार्य तालिकामा उल्लेख भए अनुरुप समितिले आफ्ना गतिविधिहरु अगाडि बढाएको छ । सोही क्रममा यस समितिले संविधानसभाको राज्यको शासकिय स्वरुप निर्धारण समिति र प्राकृतिक स्रोत, आर्थिक अधिकार तथा राजश्व बाँडफाँड समितिहरुसँग सँगै वैठक गरी एक अर्काको विषयमा जानकारी लिई अन्तर सम्बन्धित विषयमा समन्वय गर्ने प्रयास गरिएको छ ।

व्यवस्थापिकीय अंगको स्वरुप निर्धारण समिति, न्याय प्रणाली सम्बन्धी समिति, महिला, दलित, अल्पसंख्यक, जाति वा समुदायको हक अधिकारको सम्बन्धमा मौलिक हक सम्बन्धी समिति र अल्पसंख्यक र सिमान्तकृत समितिको प्रतिवेदन समेत अध्ययन गरिएको छ ।

### १.१९. समितिमा प्राप्त सुझावहरु

समितिमा व्यक्तिगत र संस्थागत रूपमा लिखित र मौखिक रूपमा विभिन्न माध्यमहरुबाट प्राप्त सुझावहरु समितिले विश्लेषण गरी अवधारणापत्रमा समावेश गरिएको छ । सुझाव दिने संघ संस्थाहरुको नाम र सुझावको सारसंक्षेप अनुसूची - ८ मा दिइएको छ ।

### १.२०. प्रश्नावली अध्ययन एवं विश्लेषण

समितिले जनताको सुझावको लागि तयार गरेको प्रश्नावली मार्फत प्राप्त सुझाव अध्ययन गरी त्यसबाट प्राप्त जवाफको आधारहरु विश्लेषण गरी प्राप्त नतिजालाई समितिले छलफल गरी अवधारणापत्र तयार गर्ने प्रमुख आधारको रूपमा लिएको छ । प्रश्नावली, प्रश्नावलीको अध्ययन एवं विश्लेषण तालिका र जनमत संकलन टोलीबाट यस समितिलाई प्राप्त भएका सुझावहरु अनुसूची - ९ अन्तर्गत क्रमशः क, ख र ग मा दिइएको छ ।

# परिच्छेद – दुई

## २. राज्यको पुनर्संरचना, राज्यशक्तिको बाँडफाँड र संघीयता

### २.१. राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड : अर्थ र सीमा

#### २.१.१. राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँडको अर्थ र परिभाषा

देश वा मुलुकको संरचना प्रायः अपरिवर्तनशील हुन्छ । तर राज्यको संरचना शासक वा राज्यको आवश्यकता वा जनचाहना अनुसार बदल्न सकिने वा बदलिने गरेको छ । शासकीय संयन्त्र र संरचनाको तहगत तलमाथिको ढाँचा र तेर्सो रूपमा रहने समानान्तर प्रकृतिका राज्य संयन्त्र अन्तर्गतका संस्थाहरुको संरचना र भूमिका माथि नयाँ विचार गर्नु पुनर्संरचनाकै विषय मानिन्छ । नेपालको राज्यसत्ताको वर्तमान चरित्र एकात्मक र शासन सत्ताको स्वरुप केन्द्रीकृत रहेको छ । नेपाली समाजको विशेषता र विशिष्टताका आधारमा जनआन्दोलनका क्रममा व्यक्त भावना र पछि परेका/पारिएका समुदायको आकांक्षा समेतको हिसावले नेपालको राज्यको चरित्र संघात्मकतामा आधारित हुने र शासन प्रणाली विभिन्न तहका सरकार वीचमा अधिकार र कर्तव्य स्पष्ट वांडफांड गरिएको स्वशासनका ढांचामा आधारित हुनेछ । यस अन्तर्गत नेपाल भौगोलिक, जातीय, भाषिक, सांस्कृतिक र प्रादेशिक स्वायत्ततामा आधारित अखण्ड, अविभाज्य र सार्वभौमसत्ता सम्पन्न राष्ट्रका रुपमा नयाँ संरचनाहरुको निर्माण पुनःसंरचनाकै अर्थमा लिइन्छ । राज्यको पुनर्संरचना भनेको कुनै नवीन राज्यको सृजना गर्ने नभई भई रहेको राज्य संरचनालाई आन्तरिक रूपमा परिवर्तन वा फेरवदल गर्ने प्रक्रिया हो । तसर्थ वर्तमान सन्दर्भमा नेपालको हाल विद्यमान अन्तर्राष्ट्रिय सीमा भित्रका विभिन्न संरचनाका आन्तरिक सीमाहरु पुनः (विकास क्षेत्र, जिल्ला, गाउँ वा नगरहरु) निर्माण र रेखाङ्कन गरी नयाँ संरचनाहरुको निर्माण पुनर्संरचनाकै अर्थमा लिइन्छ ।

नेपालको विद्यमान राज्य संरचनामा रहेका वर्गीय, जातीय, भाषिक, क्षेत्रीय, लैङ्गिक, सामाजिक, सांस्कृतिक, राजनीतिक लगायत विभिन्न विभेद र असमानताहरुलाई समाप्त गर्दै भविष्यका संभावना र संभावित जनआकाङ्क्षा अनुसार नयाँ बनाउने काम पनि पुनर्संरचना नै हो । मानव समाजको लामो र जटिल विकास क्रमको यात्रा विभिन्न प्रकारका द्वन्द्व र संघर्षबाट गुज्रदै तदनुरुप राज्य संचालन प्रणालीमा पनि विकास, परिवर्तन र रुपान्तरण हुँदै आएकाले पुरानो राजनीतिक सामाजिक सन्तुलन परिवर्तित अवस्थामा स्थिर र पर्याप्त रहन सक्तैन । तसर्थ यस क्रममा विभिन्न तहका सरकार र त्यस अन्तर्गतका संस्थाहरुको आन्तरिक संरचना तथा शासन प्रणालीमा गरिने फेरवदल पनि राज्यपुनःसंरचनाकै विषय मानिन्छ । यस बाहेक राज्यसंरचना र शासकीय तह अन्तर्गतका सबै संस्था र निकायहरुको राजनीतिक, आर्थिक तथा प्रशासनिक अधिकारको वितरण वा राज्यशक्तिको नयाँ ढंगले बाँडफाँड गर्ने कार्य पनि राज्यपुनर्संरचना नै हो ।

एकात्मक र केन्द्रीकृत राज्यलाई संघात्मक बनाउने वा संघात्मक राज्यलाई केन्द्रीकृत बनाउने कार्य पनि पुनर्संरचना नै हो । नेपालको विभिन्न परिस्थितिमा केन्द्रीकृत र एकात्मक राज्यका कारण विद्यमान सबै प्रकारका असमान र विभेदकारी शासकीय व्यवहारमा परिवर्तन, सुधार वा फेरवदल गर्ने प्रक्रियालाई पनि हामीले राज्यपुनःसंरचना भित्र राख्न खोजेका छौं । निष्कर्षमा केन्द्रीकृत प्रणालीले समाधान गर्न नसकेका समस्याहरुको संबोधन गरी भौतिक पूर्वाधारहरुको निर्माण तथा पुनर्निर्माण, आन्तरिक र बाह्य साधन स्रोतहरुको नयाँ किसिमले परिचालन गर्ने कार्य पनि राज्यपुनर्संरचना भित्रकै विषय हो । साथै राज्यका संस्थाहरुलाई जनमैत्री र प्रभावकारी बनाउने तथा आम नागरिक र विशेष गरी आजसम्म राज्यका व्यवहार र संरचनाले पछाडि पारिएका वा परेका वर्ग, जाति-समुदाय वा साँस्कृतिक समूह वा क्षेत्रको राज्यका सबै प्रक्रियामा अधिकतम पहुँच बढाउने र सहभागी बनाउने तथा यस निम्ति उपयुक्त र सहज वातावरण सृजना गर्ने काम नै नेपालका सन्दर्भमा राज्यपुनर्संरचना मान्न सकिन्छ ।

संघीयताको मूलभूत पक्ष भनेको संघ (केन्द्र) र प्रदेश वा संघीय एकाइहरु बीच अधिकारको विभाजन नै हो । संघीय संरचनामा राज्यशक्तिको बाँडफाँड गर्दा मूलत दोहोरो पद्धति (Dualist model) र एकीकृत पद्धति (Integrated model) गरी दुई प्रकारका पद्धति अपनाउने गरेको पाइन्छ । तर कतिपय राष्ट्रमा यी दुवै पद्धतिलाई पनि अवलम्वन गरेको देखिन्छ । दोहोरो पद्धतिले केन्द्र र प्रदेश सरकारका लागि विभिन्न अधिकारहरु प्रदान गर्दछ । जस अन्तरगत केन्द्र एवं प्रदेश दुवैको लागि केही अधिकारहरु साझा वा समान अधिकारको रूपमा रहेको हुन्छ । क्यानडा, ब्राजिल र संयुक्त राज्य अमेरिकामा यो पद्धति कायम रहेको देखिन्छ ।

सामान्यतया एकिकृत पद्धतिमा केही विषयहरु पूर्णरूपमा केन्द्रीय तहका सरकारलाई प्रदान गरिएको हुन्छ तर कतिपय विषयहरुमा केन्द्र र प्रदेश दुवैको समान अधिकार रहेको हुन्छ । केन्द्रीय सरकारले बनाएको कानूनलाई संघीय एकाइले त्यसको विपरित नहुने गरी कानून निर्माण गरी व्यवस्थित गर्न सक्दछ । जर्मनी, अष्ट्रिया, स्पेन र दक्षिण अफ्रिकाले एकीकृत वा अन्तर सम्बन्धित पद्धति अपनाएका छन् भने भारत र स्वीटजरल्याण्डमा दुवै पद्धतिका विशेषता रहेको पाइन्छ ।

संघ (केन्द्र) र प्रदेश वीच राज्यशक्तिको बाँडफाँड अभिव्यक्त (Enurmerated) र अवशिष्ट ( Residuary) अधिकारको सिद्धान्त बमोजिम गर्ने गरिन्छ । शक्तिको बाँडफाँडको क्रममा सामान्यतया सार्वभौम सत्ताको प्रयोग केन्द्रीय, प्रादेशिक सरकार मार्फत् केन्द्रीय र प्रादेशिक सरकारहरुबाट प्रयोग गरिन्छ । यसरी केन्द्रीय र प्रादेशिक सरकार वीच शक्तिलाई स्पष्टरूपमा विभक्त गरी बाँडफाँड गरिने सिद्धान्तलाई अभिव्यक्त बाँडफाँड भनिन्छ । संविधानमा कुनै एक तहको सरकारको अधिकार किटान गरी उल्लेख नभएका अधिकारहरु अर्को तहको सरकारमा निहित राख्ने पद्धतिलाई अवशिष्ट अधिकारको सिद्धान्त भनिन्छ । यो सिद्धान्त अनुसार केन्द्रले संघीय एकाइलाई निश्चित अधिकार दिई बाँकी अधिकार आफूमा राख्ने वा केन्द्रको अधिकार किटान गरी बाँकी अधिकार प्रदेश वा संघीय एकाइमा राखिन्छ । अमेरिका र स्वीटजरल्याण्डले केन्द्रको अधिकार किटान गरी अवशिष्ट अधिकार प्रदेश वा राज्यमा निहित हुने व्यवस्था गरेको देखिन्छ भने भारतले केन्द्र र प्रदेश वा राज्य दुवैको अधिकार निर्धारण गरी अवशिष्ट अधिकार संघ वा केन्द्रमा रहने व्यवस्था गरेको देखिन्छ ।

नेपालले संघीय प्रणाली अपनाएपछि संघीय एकाइहरु वीच राज्यशक्तिका तीन अंगमा निहित अधिकारको कसरी बाँडफाँड गर्ने भन्ने नै मूल प्रश्नको रूपमा रहन आउँदछ । संघीयतामा सारभूत शक्ति केन्द्र र प्रदेशका वीचमा विभाजन हुने हुदाँ व्यवस्थापिकीय, कार्यकारिणी र न्यायिक अधिकारको विभाजन ज्यादै महत्वपूर्ण हुन्छ । त्यसका लागि विभिन्न तहका वीच सूची प्रणालीको आधारमा शक्तिको विभाजन गरिन्छ ।

### २.१.२. राज्यपुनर्संरचनाको सीमा

राज्यपुनःसंरचनामा राज्य संरचना र संचालनका यावत् पक्षहरु समेटिए पनि संविधानसभा नियमावली (२०६५)ले राज्यपुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समितिलाई तोकेको कार्यक्षेत्रलाई हेर्दा यसको सीमा प्रादेशिक तहगत (संघीय-प्रादेशिक-स्थानीय आदि) र, विशेष, संरचना सम्बन्धी व्यवस्थाको आधारमा राज्यका संरचना वा ढाँचाहरुको निर्माण गर्नुलाई नै मानिएको छ । त्यसैले प्रदेश र त्यस अन्तर्गतका स्थानीय संरचनाहरुको ढाँचा र पद्धतिको निर्माण तथा तिनीहरुका बीच राज्यशक्तिको बाँडफाँड नै राज्यको पुनर्संरचनाको मूल विषय क्षेत्र बनाइएको छ ।

नेपालको विद्यमान अन्तर्राष्ट्रिय सीमा भित्र रहेका विविध सीमा (हाल विकास क्षेत्र, जिल्ला र गाउँ वा नगरहरुको सीमा)हरुको फेरवदल वा पुनःनिर्माण वा पुनःसंरचना गर्नेकाम यसको मुख्य जिम्मेवारी भित्र पर्छ । यसो गर्दा प्रादेशिक तथा त्यस अन्तर्गतका तहमा उपलब्ध साधनस्रोत एवं शक्तिको उचित एवं न्यायपूर्ण बाँडफाँड र नागरिक सामर्थ्यको अधिकतम परिचालनका निम्ति उपयुक्त संरचना र राज्य पद्धतिको निर्माण गर्न सहज हुने छ ।

## २.२. नेपाल राज्य निर्माणको ऐतिहासिक पृष्ठभूमि

### २.२.१. पृथ्वीनारायण शाह पूर्वको राज्यविस्तार र विघटनको ऐतिहासिक श्रृङ्खला

वर्तमान नेपालको निर्माण गोर्खाका राजा पृथ्वीनारायण शाहको राज्य विस्तारबाट प्रारम्भ भएको एकीकृत संरचनाको परिणाम हो । तर प्राचीन नेपालमा पनि यस मुलुकको पटक पटक विस्तार र एकीकरण हुँदै र विघटन हुँदै गरेका ऐतिहासिक सूचनाहरु उपलब्ध छन् । प्राक् ऐतिहासिक समयका रूपमा चर्चा गरिएको नेपालको किराँतकालीन राज्यसंरचनाको केन्द्र पनि काठमाडौं उपत्यका नै रहेको अनुमान गरिएको छ । फुट्कर प्रमाणहरुका आधारमा किराँतकालीन राज्य वर्तमान नेपालको सीमा भन्दा अझ विस्तारित ढाँचामा रहेको उल्लेख समेत कतिपय इतिहासकारहरुले गरेका छन् ।

लिच्छवीकाललाई थुप्रै ऐतिहासिक सामग्री र सूचनाहरुले सम्पन्न काल मानिएको छ । अभिलेख, मूर्ति, वंशावली र अन्य लिखतहरुका आधारमा पनि यसको ऐतिहासिकता प्रमाणित गरिएको छ । लिच्छवीकालको राजधानी पनि वर्तमान काठमाडौं उपत्यका नै रहेको तथा यो अहिलेको भारतीय क्षेत्रहरुसम्म विस्तारित रहेको राज्य मानिएको छ । साथै किराँतकालीन र लिच्छवीकालीन शासन लोकतान्त्रिक गणराज्यका रूपमा रहेको प्रमाण पनि इतिहासकारहरुले प्रस्तुत गरेका छन् ।

वर्तमान कर्णाली क्षेत्रबाट प्रारम्भ भएको खस राज्य पूर्वमा गोर्खाहुँदै काठमाडौंसम्म आइपुगेको र उत्तरमा वर्तमान चीनको स्वायत्त क्षेत्र तिब्बतका कतिपय भूभागसम्म फैलिएको तथा पश्चिममा भारतको कुमाउ-गडवालसम्म पुगेका प्रसङ्गहरु इतिहासमा समेटिएका छन् । त्यसै गरी सेन राजाहरुको राज्य अहिलेको तनहुँ, मकवानपुरहुँदै पूर्वको विजयपुरसम्म पुगेको मात्र होइन वर्तमान भारतको उत्तर प्रदेशमा पर्ने रामनगरसम्म फैलिएको ऐतिहासिक विवरणहरु पनि उपलब्ध छन् । यस्तै मूलतः काठमाडौं उपत्यकामा केन्द्रीत भएपनि मल्ल राजाहरुले आफ्नो राज्यलाई अहिलेको काभ्रे, सिन्धुपाल्चोक, नुवाकोट, रसुवा, धादिङ र मकवानपुरका कतिपय क्षेत्रमा समेत फैलाएको इतिहास पाइन्छ ।

यसबाट पृथ्वीनारायण शाह भन्दा पूर्व पनि कविलाई गणराज्य पछाडि वा विविध राजवंशहरुले विस्तारित र एकीकृत नेपाल निर्माण गरेकै देखिन्छ । नेपाल शब्दको प्रयोगका बारेपनि महाभारत तथा कौटिल्यको अर्थशास्त्र समेतमा उल्लेख भएका कारण यसको प्राचीनता र नेपाल नामको प्रयोग सुदुर इतिहासदेखि हुँदै आएको विज्ञहरुले उल्लेख गरेका छन् । जे भए पनि राज्यहरु विजय गर्ने र त्यसलाई व्यक्तिगत सम्पत्तिका रूपमा भाइ र छोराहरुका बीच अंश-वण्डा गर्ने चलन राज्यलाई समेत निजी सम्पत्तिका रूपमा ठान्ने सामन्ति मनोवृत्तिकै परिणाम थियो । पछिल्लो पटक नेपालकै इतिहासमा खस, सेन र मल्ल राजाहरुले यही भागवण्डाको परिपाटीलाई निरन्तरता दिए । जसको परिणाम उनीहरुले एकीकृत बनाएको राज्यले निरन्तरता पाउन सकेन । पृथ्वीनारायण शाहले गरेको राज्य विस्तार र निर्माण पछि पनि उनका भाइहरुका बीचमा भागवण्डाको विषय उठेको र यसले उनीहरुका बीच ठूलो मतान्तर भएका प्रसङ्गहरु इतिहासमा छन् । तर पृथ्वीनारायण शाहले वारम्वार राज्यहरु एकीकृत हुने र विघटनमा पर्ने यस परम्परालाई रोके । परिणामतः एकीकृत नेपालको वर्तमान ढाँचा कायम रहेको ऐतिहासिक यथार्थ हो ।

### २.२.२. पृथ्वीनारायण शाहको राज्य निर्माण अभियान

राष्ट्र बनिसकेका वा बन्दै गरेका भौगोलिक क्षेत्र (कविला वा ठकुराई)हरुको सम्मिलन, समायोजन वा राज्यहरु माथिको विजय-विस्तारले नै मूलतः नेपालको एकीकृत र विस्तारित स्वरुप बनेको हो । त्यसैले नेपाल राज्यको चरित्र  पूर्णतः राष्ट्रहरु मिलेर राज्य बनेको अवस्था नभइ केही राष्ट्र र धेरै रजौटाहरुको सम्मिलनबाट राज्यलाई नै राष्ट्रको रुप दिइएको विशेषताका रूपमा मान्न सकिन्छ । आधुनिक नेपालको निर्माण पृथ्वीनारायण शाहको राज्य निर्माणको अभियानदेखि सुगौली सन्धिहुँदै जंगबहादुरका समयमा भएको नयाँ मुलुक फिर्तासम्म आइपुग्दा स्थीर भएको देखिन्छ ।

केन्द्रीकृत राज्यका रूपमा नेपाल राज्यको निर्माण जंगबहादुरले प्रारम्भ गरेको राज्यसंरचना र १०४ वर्षको राणा शासनकै समयमा बढी सुदृढ बन्न पुगेको हो । सात सालको जनक्रान्ति पछि लोकतान्त्रिक मूल्यका आधारमा राज्य निर्माणको प्रक्रिया प्रारम्भ भए पनि केन्द्रीकृत राज्यले नै निरन्तरता प्राप्त गऱ्यो । राज्यलाई लोकतान्त्रिक ढाँचामा अगाडि बढाउने काम नेपाल अधिराज्यको संविधान, २०१५ अन्तर्गत निर्वाचित पहिलो संसद् (२०१६) ले केही मात्रामा थालनी गरे पनि २०१७ साल पुस १ गते प्रारम्भ भएको शाहवंशीय राजाको निरंकुश र प्रत्यक्ष शासनले पंचायतको आवरणमा केन्द्रीकृत र एकात्मक राज्यलाई नै थप बलियो बनाउने काम गऱ्यो । २०४६ सालको जनआन्दोलन पछि अपेक्षाकृत खुला लोकतान्त्रिक वातावरणमा प्रारम्भ भएको  शासकीय यात्राले एकात्मक र केन्द्रीकृत संरचना भित्रै विकेन्द्रीकरण र स्थानीय स्वायत्त शासनको व्यवस्था गरे पनि यो त्यति प्रभावकारी र कार्यमूलक बन्न सकेन । फलस्वरुप संघीयता मुलुकको राजनीतिक आवश्यकता बन्न पुग्यो ।

## २.३. संघीय धारणा र संघीयताको निर्माण

### २.३.१. संघीयताको अन्तर्राष्ट्रिय सन्दर्भ

आधुनिक विश्वमा राज्यको स्वरुप र ढाँचा समान किसिमको देखिदैन । त्यसैगरी संघीय ढाँचा पनि भिन्न भिन्न देखिन्छन् । संघीयता निर्माणको उद्देश्य र कस्तो भौगोलिक अवस्थितिमा सम्बन्धित मुलुक रहेको छ, त्यसले पनि धेरै फरक पार्ने गर्दछ । विभिन्न स्वतन्त्र र संप्रभु राज्यहरुले आपसी सहमति र संझौताद्वारा साझा अभिरुचिका विषयहरु संघबाट संचालन गर्ने अभिप्रायले अमेरिका संघीय राज्य बनेको हो । खासगरी वाणिज्य व्यापारलाई प्रबर्द्धन गर्न र राष्ट्रिय सुरक्षाको जगेर्ना गर्ने उद्देश्यका साथ स्वतन्त्र राज्यहरुको संयुक्त संरचनाका रूपमा संयुक्त राज्य अमेरिका बनेको हो । यस्तै स्थिति स्वीट्जरल्याण्डको पनि देखिन्छ । आ-आफ्ना क्यान्टनहरुको स्वायत्तता र सांस्कृतिक विविधतालाई संरक्षण र संवर्द्धन गर्ने उद्देश्यका साथ शुरुमा परिसंघीय संरचना र पछि संघीयताको अभ्यासमा स्वीट्जरल्याण्ड अग्रसर भएको हो । जर्मनी पनि ल्याण्डरहरुको स्वतन्त्र निर्णय र पारस्परिक संझौताद्वारा संघीय राज्य बनेको हो । दोस्रो विश्वयुद्धकै क्रममा विभाजित भएको जर्मनीको पूर्वीभाग कम्युनिष्ट शासन पछि

एकात्मक र केन्द्रीकृत राज्यमा परिवर्तन भए पनि सोभियत संघको विघटन पछि दुबै जर्मनीको एकीकरण हुँदा पूर्वी जर्मनी तर्फ रहेको भाग पनि पुनः संघात्मक रूपमा बदलिएको छ । जर्मनीको संघीय संरचनाको ढाँचा जुन रूपमा रहेको छ, यसले राज्यशक्तिमा साझेदारीको ढाँचालाई प्रमुखता दिएको स्पष्टै बुझिन्छ ।

भारतीय संघीयता आत्मनिर्णयको अधिकारयुक्त पूर्व सोभियत संघ र अमेरिकाको जस्तो स्वतन्त्र राज्यहरुको आपसी संझौता र सहमतिमा बनेको होइन । अंग्रेजहरुले प्रायः एकीकृत गरिसकेको राज्यलाई सामाजिक, साँस्कृतिक, भाषिक र भौगोलिक आदि विभिन्न आधारमा केन्द्रीकृत र एकात्मक भारतको पुनःसंरचनाद्वारा संघीय राज्य बनाइएको हो । प्रारम्भमा १४ वटा प्रदेशद्वारा बनेको संघीय भारतमा हाल २८ वटा प्रदेश छन् । भारतको केन्द्रीय संसद्लाई स्थानीय जनचाहना र राजनीतिक आवश्यकता अनुरुप नयाँ प्रदेश बनाउन सक्ने अधिकार भारतको संविधानले दिएको छ । त्यसैले अमेरिका, स्वीट्जरल्याण्ड र जर्मनीको तुलनामा भारतको संघीयता 'अर्धसंघात्मक' भनिएको छ ।

विशेषगरी आन्तरिक विद्रोह र असन्तोषलाई संवोधन गर्ने उद्देश्यले बीसौं शताब्दीमा थुप्रै एकात्मक राज्यहरु संघात्मक राज्यमा बदलिएका छन् । सन् १९९३ मा बेल्जियम एकात्मक राज्यबाट संघीय राज्यमा परिणत भएको छ । इथोपिया एकात्मकबाट संघात्मकमा रुपान्तरित भएको छ । स्पेन स्वायत्त क्षेत्रहरुलाई अधिकार प्रदान गरी संघीय बन्न पुगेको छ । लामो सशस्त्र द्वन्द्वको व्यवस्थापन गर्ने क्रममा इथोपियाले मात्रै होइन सुडान, कंगो र इराकले पनि संघीय ढाँचाको संविधान निर्माण गरेका छन् । हचुवा किसिमबाट र गलत आधारमा एकात्मक राज्यलाई संघीयतामा परिवर्तन गर्दा थुप्रै कठिनाइ र चुनौती बेहोर्नु परेका दृष्टान्तहरु पनि छन् । यस क्रममा पाकिस्तान, नाइजेरिया, अर्जेन्टिना र ब्राजिल आदि देशहरु पर्छन् । धार्मिक आधारमा छुट्टिएको पाकिस्तान कायम रहन सकेन । भौगोलिक र भाषिक आधारमा पुनः छुट्टियो । जातीय-समुदायका आधारमा संघीय बनेको ३ प्रान्तको नाइजेरिया अहिले ३६ प्रान्तमा पुगेको छ ।

संघीयताको प्रमुख आधार मुलुक भित्रको विविधता नै हो । तैपनि राजनीतिक आवश्यकताले संघीयताको व्यवस्थापन हुने गरेको छ । अन्यथा भौगोलिक रुपले साना-ठूला वा धनी-गरीव सबै देश संघीय संरचनामा देखिन्छन् । संसारका करीव २८ देशमा मात्र संघीय शासन छ । तर जनसंख्या र भौगोलिक दृष्टिले विश्वको ४० प्रतिशत भाग संघीय शासनले ओगटेको पाइन्छ ।

### २.३.२. नेपालमा संघीय धारणाको उठान

सबै लोकतान्त्रिक देश संघीय छैनन् तर पनि लोकतन्त्र र संघीयता बीच विशेष प्रकारको सम्बन्ध देखिन्छ । ईसा पूर्व छैठौं शताब्दी तिर वर्तमान नेपालको कपिलवस्तु क्षेत्रमा शाक्य र नवलपरासी क्षेत्रमा कोलीयहरुका गणतन्त्रमा संघीय शासन व्यवस्थाको अभ्यास भै सकेको पाइन्छ । ईसा पूर्वा चौथो शताब्दी तिर लिच्छवी, वज्जी, विदेह, मल्ल आदि मिलेर महासंघ बनाएको उदाहरणहरु इतिहासमा पाइन्छन् । आधुनिक नेपालका सन्दर्भमा जहानिया राणा शासनको पतन (२००७) र लोकतान्त्रिक शासनतर्फको प्रारम्भिक यात्रासँगै नेपाल तराई कांग्रेस (२००८) ले सबैभन्दा पहिले स्वायत्त तराइ प्रदेशको माग गर्दै संघीय मान्यतातर्फ मुलुकलाई लैजानुपर्ने धारणाको थालनी गरेको हो ।

नेपाल कम्युनिष्ट पार्टीको प्रथम संमेलन (२००८) मा पुष्पलालद्वारा प्रस्तुत तथा सम्मेलनद्वारा पारित प्रस्तावले स्थानीय र इलाकीय (क्षेत्रीय) सरकारको प्रावधानलाई अघिसार्दै यस्ता सरकारलाई वालिग जनताले चुन्ने र स्थानीय समस्या सम्बन्धी धेरै अधिकार दिने विषयलाई उल्लेख गरेको छ । यसै गरी नेपाली कांग्रेसले जनकपुर महाधिवेशन (२००९) मा प्रस्तुत प्रस्तावमा सात साल पूर्वको राज्यसंरचनालाई बदल्ने तथा अंचल, जिल्ला, गाउँ र नगर सहितको नयाँ संरचना प्रस्तावित गरेको छ । माथिको दुबै प्रस्तावले संघीयतालाई भन्दा विकेन्द्रीकरणमा जोड दिएको देखिन्छ ।

नेपाल सद्भावना पार्टी (२०४७) ले २०४८ को महानिर्वाचन पछि गठित प्रतिनिधिसभामा आफ्नो निर्वाचन घोषणापत्रको प्रतिबद्धता अनुरुप नेपाललाई पाँच प्रदेश (पूर्वी मधेश, पश्चिमी मधेश, पूर्वी पहाड, मध्यपहाड, तथा पश्चिम पहाड)को संघीय संरचनामा लैजानु पर्ने मागलाई उठायो । यसै क्रममा विभिन्न जनजातिय संस्था र संगठनहरुका तर्फबाट विशेषगरी २०४७ साल पछि जातीय स्वायत्त प्रदेश सहितको संघीय राज्यको संस्थागत आवाज उठ्न थालेको हो ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी)को वैधानिक मञ्च संयुक्त जनमोर्चा नेपालले प्रस्तुत गरेको चालीस बुँदे माग (२०५२) मा जनजातिहरुको बाहुल्य भएका क्षेत्रहरुमा स्वायत्त शासन, पिछिडएका इलाकाहरुलाई क्षेत्रीय स्वायत्तता, एवं पहाड र तराईको क्षेत्रीय भेदभावको अन्त्यको विषयलाई अघि सारिएको छ । यसरी राज्यको पुनःसंरचनाको विषयलाई अगाडि सारेको देखिन्छ ।

यसैबीच संविधान (२०४७) को संशोधनद्वारा प्रादेशिक संरचनाको संवैधानिक व्यवस्थाका लागि विभिन्न क्षेत्रबाट अवधारणाको प्रस्तुति र आवाज उठ्ने काम तीव्र मात्रामा भएको देखिन्छ । यस पछि मुलुकको आर्थिक सामाजिक रुपान्तरणका लागि थप प्रतिनिधित्वपूर्ण र सहभागितामूलक राज्यसंरचनाको निर्माण गर्दै राजनीतिक, आर्थिक एवं साँस्कृतिक अधिकार सहितको क्षेत्रीय संरचनाको पक्षमा नेपाली कांग्रेसले आफ्नो प्रस्ताव (२०६०) अघि सारेको देखिन्छ । यस प्रस्तावले सोभ्कै संघीयताको विषय नउठाए पनि राज्यको पुनर्संरचना एवं क्षेत्रीय सरकार र त्यस अन्तर्गत स्वायत्तशाली संस्थाका रूपमा स्थानीय तहको नयाँ ढंगले व्यवस्था गर्ने विषय अघि सारेको छ ।

तेस्रो संसदीय निर्वाचन (२०५६) पछि नेकपा (माओवादी)द्वारा सशस्त्र संघर्षकै क्रममा स्वायत्त राज्य र समानान्तर सरकारको प्रारम्भिक अभ्यास (२०६०) गरेको पाइन्छ । यस अभ्यासले राज्यपुनर्संरचना सहित संघीय मान्यताको अवधारणालाई वैचारिक राजनीतिक रुपले अघि बढाउन मद्दत पुऱ्याएको देखिन्छ ।

निरङ्कुश राजतन्त्रको अन्त्य गर्दै पूर्णलोकतन्त्रका पक्षमा राज्यको पुनर्संरचना र शान्तिपूर्ण जनआन्दोलन अघि बढाउने प्रतिबद्धता सहित त्यसबखत संसदीय अभ्यास भित्र रहेका सात दल र संविधानसभाको राजनीतिक मागका साथ सशस्त्र विद्रोहमा रहेको नेकपा (माओवादी) बीच सम्पन्न १२ बुँदे समभ्कदारीले राजनीतिक निकासको महत्वपूर्ण बाटो संविधानसभा मार्फत् राज्य पुनर्संरचना हो भन्ने निष्कर्षमा पुगेको देखिन्छ । यसमा प्रत्यक्ष रुपले संघीयताको विषय समावेश भएको नदेखिए पनि संविधानसभा मार्फत राज्यको पुनःसंरचना गर्ने अठोटले संघीयतासम्म पुग्ने मार्गलाई अपेक्षाकृत फराकिलो पारेको हो ।

समानताका पक्षमा एवं केन्द्रीकृत सामन्ती राज्यसत्ताबाट भएको सामाजिक, आर्थिक, राजनीतिक, भाषिक, सांस्कृतिक विभेद, अन्याय र शोषण विरुद्ध उठेको मधेश-आन्दोलनको राजनीतिक निकास दिने क्रममा नेपालको अन्तरिम संविधान, २०६३ मा तेस्रो संशोधन गरी संघीय लोकतन्त्रको संवैधानिक प्रावधान थपिएको हो । यसले नेपाललाई संघीय राज्य बनाउने कार्यमा निर्णायक भूमिका निर्वाह गरेको देखिन्छ ।

यसै बीच संविधानसभाको निर्वाचन (२०६४) का क्रममा मुलुकमा प्रायः सबै पार्टीहरुले आफूलाई संघीय लोकतान्त्रिक गणतन्त्रप्रति पूर्ण प्रतिबद्धता प्रकट गर्दै आ-आफ्ना घोषणापत्र जारी गरेका छन् । यसबाट संविधानसभाले बनाउने संविधानमा संघीय संरचना महत्वपूर्ण पक्षका रूपमा रहन्छ भन्ने पार्टीका तर्फबाट आमनागरिकलाई भरोसा गर्नका निम्ति आश्वासन समेत हो भनेर बुभ्नुपर्छ ।

संविधानसभाको निर्वाचन पश्चात् बसेको सभाको पहिलो बैठकले विधिवत संघीय लोकतान्त्रिक गणतन्त्रको घोषणा र यसको समुचित क्रियान्वयनका लागि प्रतिबद्धता प्रकट गरेको पाइन्छ ।

### २.३.३. संघीयताको आधारभूत सिद्धान्त

संघीयताको आधारभूत सिद्धान्त भनेको राज्यको शक्ति र अधिकार एउटै केन्द्रमा नरहने मान्यता हो । त्यसैले यसलाई विकेन्द्रीकरण भन्दा अकेन्द्रीकरणका रुपमा बुभ्न बढी उपयुक्त देखिन्छ । विकेन्द्रीकरण केन्द्रले प्रदान गरेका अधिकारहरुलाई अभ्यास गर्ने प्रक्रिया हो भने संघीयता एउटै केन्द्रमा शक्ति नरहने वा राज्य शक्तिको बाँडफाँड एवं व्यवस्थापनको अवस्था हो । केन्द्रमा रहने अधिकार केन्द्र, प्रदेश र त्यस अन्तर्गतका अन्य तहमा समेत वितरित हुने परिस्थितिले संघीयतालाई राज्यशक्तिको बाँडफाँड एवं वितरण पनि भन्ने गरिन्छ ।

संघीयताले राज्यसत्ता र शक्तिको वितरण तथा अधिकारको बाँडफाँड गर्दछ । साथै प्रादेशिक प्राथमिकता र विशेषताको संरक्षण गर्ने काममा पनि संघीय संरचनाले बढी जोड दिन्छ । यस बाहेक आर्थिक सामाजिक समावेशीकरणद्वारा विभेद र असमानताको समाप्तिलाई संघीय संरचनाले पर्याप्त मद्दत पुऱ्याउँछ । यथार्थमा विभिन्न तहका सरकारहरुका बीचको सहकार्य वा राज्यशक्तिमा हिस्सेदारीको संमिश्रण गर्नु नै संघीयताको मूल चरित्र हो । तसर्थ संघीयता केवल स्वायत्त शासन मात्र होइन, यो साभ्का शासन पनि हो । किन भने संघीय (केन्द्रीय) संरचना पनि सबै प्रदेशहरुको प्रायः समानुपातिक वा समान प्रतिनिधित्वमा नै निर्माण हुने गर्दछ । त्यसैले संघीयतालाई स्वायत्तता र स्वतन्त्रता सहितको एकता पनि भन्ने गरिन्छ ।

### २.३.४. लोकतन्त्रमा संघीयता

सबै लोकतान्त्रिक देशहरुमा संघीय शासन प्रणाली रहेको पाइदैन । तर संघीय शासन लोकतान्त्रिक देशहरुमा नै सफल भएको छ । त्यसैले लोकतान्त्रिक मूल्य र मान्यताप्रतिको साभ्का

प्रतिबद्धता संघीय प्रणाली अन्तर्गतका सबै एकाइहरुको समान विशेषता र प्राथमिकताको विषय बन्नु पर्ने हुन्छ ।

वैयक्तिक स्वतन्त्रता र सामूहिक पहिचानको सुरक्षालाई संघीयताले समन्वय गर्ने सामर्थ्य राख्दछ । तसर्थ समानुपातिक एवं समावेशी प्रतिनिधित्व र न्यायपूर्ण सहभागिता संघीयताको कार्यमूलक व्यवस्थापनका निम्ति आवश्यक छ । स्वतन्त्रता, समानता, सम्पन्नता र मानवअधिकारको ग्यारेण्टी सहित असमानता र असन्तुलन हटाउने पद्धतिका रूपमा पनि संघीयताको अभ्यास हुँदै आएको छ । बहुलता र विविधताको संयोजन लोकतन्त्रको आधारभूत विशेषता हो भन्ने संघीयताको पनि मूलचुरो हो ।

### २.३.५. संघीयकरणका प्रचलित ढाँचा र हाम्रो अवस्था

विश्वमा दुई प्रकारका संघीय राज्यहरुको प्रचलन देखिएको छ :

- स्वतन्त्र राज्यहरु मिलेर एउटै संघीय राज्य बन्ने प्रक्रिया
- केन्द्रीकृत र एकात्मक राज्यको प्रादेशिक ढाँचामा रुपान्तरण वा राज्यको पुनर्संरचनाद्वारा प्रदेशहरुको निर्माण

संघीयताका सम्वन्धमा विश्वका अभ्यासहरुलाई अध्ययन गर्दा २८ राष्ट्रहरुले संघीय प्रणाली अवलम्वन गरेको पाइन्छ । ती देशहरुको अभ्यासलाई हेर्दा मूलभुतरुपमा संघीयताको स्वरुप देहाय अनुसारको पाइन्छ ।

**(१) दोहोरो संघीयता (Duel or two tier federalism):**

दोहोरो संघीयतामा प्रत्येक संघीय एकाइ एक अर्काको अधिनमा नरही पूर्णरुपमा स्वतन्त्र हुन्छन । यस प्रणालीमा तल्ला तहका सरकारको संस्थागत स्वायत्ततामा जोड दिइएको हुन्छ र राज्यशक्तिको विभाजन स्पष्टरुपमा गरिएको हुन्छ । दोहोरो संघीय प्रणालीमा केन्द्र सरकार र राज्यको आ-आफनै संविधान हुने गर्दछ र प्रत्येक तहमा व्यवस्थापिका र कार्यपालिका रहेको हुन्छ । तर केन्द्रीय व्यवस्थापिकामा कमजोर प्रकारको प्रतिनिधित्व हुने गर्दछ । दोहोरो संघीयतामा राज्य र केन्द्र स्वायत्त हुने हुनाले कतिपय कामहरुमा दोहोरोपन पनि आउन सक्तछ । यसलाई प्रतिस्पर्धी संघीयता (Competitive Federalism) पनि भनिन्छ ।

सघीय अवधारणाको प्रारम्भमा अमेरिका, क्यानडा र अष्ट्रलियामा प्रतिस्पर्धी संघीयता (Competitive federalism) को अवधारणा प्रमुखरुपमा रहेको थियो । जसमा केन्द्र र प्रदेश वीच प्रतिस्पर्धाको भावना रहने गर्दथ्यो । तर समयको अन्तरालमा प्रतिस्पर्धी संघीयताको धारणामा परिवर्तन भई सहयोगी संघीयतामा परिणत हुन थाल्यो ।

**(२) सहयोगी संघीयता (Co-operative or inter–locking federalism):**

केन्द्र र प्रान्त तथा प्रान्त प्रान्त एक अर्कामा अन्तर निर्भर भई सहयोगीको रुपमा काम गर्ने प्रकृतिको संघीय ढाचालाई सहयोगात्मक (Cooperative or inter–locking) संघीयता भनिन्छ । यस अन्तरगत केन्द्र र प्रदेशको वीचमा प्रत्यक्ष सम्वन्ध रहन्छ । सामान्यतया केन्द्रको अधिनमा संघीय एकाइहरु रहने गर्दछन ।

सहयोगी संघीयतामा राज्य वा प्रदेशहरुको केन्द्रमा वलियो प्रतिनिधित्व हुनु पर्दछ । त्यसो नभएमा राज्य वा प्रदेशहरु प्रशासनिक एकाइका रुपमा विकसित हुन पुग्दछ । सहकारी संघीयता प्रणाली अन्तर्गत संघीय व्यवस्थापिकामा जनसंख्याको आधारमा प्रतिनिधित्व भएको हुन्छ र कुनै पनि नीति पास गर्न व्यवस्थापिकाको दुवै सदनबाट अनुमोदन हुनु पर्दछ र त्यसलाई प्रदेशहरुले पनि अनुमोदन गरेको हुनुपर्दछ । संघीय एकाइ तथा प्रदेशहरु वीच आर्थिक असमानता नहोस भन्ने अभिप्रायले केन्द्रले केही रकम राज्य वा प्रदेशलाई दिने पनि गर्दछ । जर्मनी, इथियोपिया, दक्षिण अफ्रिका, क्यानडा जस्ता देशहरु सहकार्यात्मक संघात्मक संरचना अन्तरगत पर्न आउदछन ।

सहयोगी संघीयताको धारणा खासगरी युद्ध, विज्ञान तथा प्रविधिको क्षेत्रमा भएको विकास र लोक कल्याणकारी राज्यको धारणाको उदय जस्ता कारणले विकसित भएको देखिन्छ । भारत, जर्मनी लगायत कतिपय मुलुकहरुको संघीय स्वरुपलाई सहयोगात्मक संघीयताको रुपमा लिने गरेको पाइन्छ ।

**(३) समान अधिकार विभाजन भएका संघीय संरचना (Symmetric Federalism):**

यस अन्तरगत सबै राज्य वा प्रान्तलाई अधिकारको बाँडफाँड समानरुपले गरिएको हुन्छ । अथवा विभिन्न संघीय एकाइहरुलाई एकै प्रकारको अधिकार प्रदान गरिएको हुन्छ । अष्ट्रेलिया र अमेरिकाले यसै पद्धतिलाई अपनाएको पाइन्छ ।

**(४) भिन्न भिन्न अधिकारको वाँडफाँड गरिएका संघीय संरचना (Asymmetric Federalism):**

यस अन्तरगत अधिकारको वाँडफाँड प्रदेशले समानरूपले प्राप्त गर्ने नभै घटीबढी प्रयोग गर्ने अवधारणा पर्न आउछन् । संघीय एकाइहरु बीच समान अधिकार प्रदान नगरी असमान वा भिन्न भिन्न अधिकार दिइने संघीयता Asymmetric Federalism हो । संघीय एकाइहरु राजनीतिक, जनसांख्यिक, भाषिक, स्रोतको उपलब्धता र भौगोलिक अवस्थाका कारणले असमान र विविधतायुक्त हुने हुदा समान अधिकारको विभाजन सदैव व्यावहारिक हुदैन । त्यसकारण अधिकारको बाँडफाँड असमानताको सिद्धान्त अवलम्वन गरी कुनै संघीय एकाइलाई विशेष अधिकार प्रदान गर्ने गरिन्छ ।

विश्वमा प्रचलित संघीय ढाँचाहरुको अध्ययन विश्लेषण गर्दा नेपालको वर्तमान परिप्रक्ष्यमा राजनैतिक पार्टी, विद्वान्, जनभावना समेतको आधारमा नेपालमा सहयोगी संघीयताको ढाँचा व्यवहारमा कार्यान्वयन गर्दा सबैको मनोभावना प्रतिविम्वत हुन सक्छ ।

नेपाल एकात्मक तथा केन्द्रीकृत राज्यको पुनर्संरचनाद्वारा प्रादेशिक ढाँचामा रूपान्तरण हुने प्रक्रियामा छ । यस्तो प्रक्रियामा सामान्यतया दुई प्रकारका विशेषताहरु देखा पर्छन् :

- एकल साँस्कृतिक पहिचान सहितको स्वायत्त प्रदेश
- बहु भाषिक तथा बहु जातीय समुदायहरुको बहु साँस्कृतिक प्रदेश

नेपालको बसोवासको विद्यमान ढाँचा र सामाजिक-साँस्कृतिक संरचनालाई हेर्दा भाषिक एकरुपता र सघनताका दृष्टिले प्रायः एकल साँस्कृतिक पहिचान सहितको क्षेत्र कर्णाली र पल्लो (सुदुर) पश्चिम पहाड एवं पूर्वी तराई (मैथिली, र भोजपुरी भाषी क्षेत्र) मात्रै देखिन्छन् । काठमाडौं उपत्यका नेवार बहुल क्षेत्र भए पनि साँस्कृतिक मिश्रणको मात्रा बढ्दै गएको छ । अन्यत्र सबै तिर केही विशेषताहरु सहित भाषिक-साँस्कृतिक मिश्रण बाक्लो रूपमा देखिन्छ ।

### २.३.६. एकात्मक राज्यलाई संघात्मक बनाउनु पर्ने कारण

संसारमा एकात्मक राज्यलाई संघात्मक बनाउनु पर्ने मूल कारण जनताको राजनीतिक आकाङ्क्षा नै हो । तर राजनीतिक आकाङ्क्षा निर्माणका पछाडि केही थप कारण रहेका हुन्छन् । नेपालका सन्दर्भमा राज्यलाई संघात्मक बनाउनु पर्ने थप कारण यस प्रकार छन् :

- नेपालको विविधताः भाषिक, जातीयता, सामुदायिक, धार्मिक, सांस्कृतिक, भौगोलिक, क्षेत्रीय र लैङ्गिक उत्पीडन
- सही अर्थमा शक्ति विकेन्द्रीकरण गर्न नचाहने विगतको शासकीय मानसिकता
- राज्यसँग सबै क्षेत्रका जनताको अपनत्व र स्वामित्व तथा सामिप्य स्थापित गर्न
- प्रतिनिधित्व र सहभागिताका वृद्धिका निम्ति कमजोर राज्य संरचनालाई बदल्नु पर्ने आवश्यकता
- समानताका पक्षमा एवं केन्द्रीकृत सामन्ती राज्यसत्ताबाट भएको सामाजिक, आर्थिक, राजनीतिक, भाषिक, सांस्कृतिक विभेद, अन्याय र शोषणका विरुद्ध उठेको मधेश आन्दोलन (२०६३) को मूल एजेण्डा
- समाजको लोकतन्त्रीकरण गर्दै समतामूलक तथा समावेशी लोकतन्त्रको खोजी
- एकात्मक राज्यले सम्बोधन गर्न नसकेका विषयलाई सम्बोधन गर्ने चाहना
- जातीय, भाषिक र सांस्कृतिक पहिचानको माग
- समान अधिकारको माग र आर्थिक अवसरमा समान पहुँचको माग
- सबै प्रकारका विभेदका विरुद्ध उठेका वर्गीय, जातीय, महिला र लैङ्गिक आन्दोलनका आवाजलाई सम्बोधन गर्न
- राज्यबाट प्रदान गरिने सेवा सुविधामा समान वितरण र विकास निमार्णको प्रतिफलमा समान हिस्सेदारी स्थापित गर्न

# परिच्छेद – तीन

## ३. राज्यको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक स्वरूपमा हुने संरचना

जनतामा निहित सार्वभौमसत्ता, मानव अधिकार तथा मौलिक हक, कानूनी राज्य, स्वतन्त्र र सक्षम न्याय पालिका, प्रेस स्वतन्त्रतता, बहुदलीय प्रतिस्पर्धात्मक शासन प्रणाली, सरकारका अङ्गहरु वीच अधिकारको पृथकीकरण तथा नियन्त्रण र सन्तुलन, स्वायत्त शासन, आवधिक निर्वाचन, उत्तरदायी र सीमित सरकारको अवधारणा, सुशासन र पारदर्शिता, जातीय छुवाछुत, लैङ्गिक विभेद रहित तथा बहुलतामा आधारित समाज, राज्यबाट प्रदान गर्ने सेवा सुविधामा समान अवसर र अधिकार, समावेशी र समानुपातिक प्रतिनिधित्वको निर्वाचन प्रणाली लोकतान्त्रिक शासन प्रणालीका आधारभूत सिद्धान्त र मूलभूत मान्यताहरु हुन् । नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक स्वरूपमा यिनै आधारभूत सिद्धान्त र मान्यतालाई राज्यका सबै तह र अङ्गहरुमा अवलम्बन गरिने छ । यसबाट नेपाली जनता वीचको मजबुत एकता भएको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक स्वाधीन शान्तिपूर्ण र संवृद्ध राष्ट्रको निर्माण हुने विश्वास गरिएको छ । प्रदेश, स्थानीय तह र विशेष संरचना अन्तर्गतका स्वायत्त क्षेत्रमा बसोबास गर्ने आदिवासी, आदिवासी जनजातिको पहिचान, स्वशासन र स्वायत्तताको प्रत्याभूति हुनेछ ।

### ३.१ अन्तर्राष्ट्रिय अभ्यास

संघीयता अपनाएका देशहरुले सरकारका तहहरु सरोकारवालाको चासो र सम्बन्धित देशको आवश्यकता समेतलाई आधार मानी आ-आफ्ना किसिमले विभाजन गरेको पाइन्छ । दक्षिण अफ्रिकाको संविधानमा राष्ट्रिय, प्रान्तीय र स्थानीय (National, Provinceal and Local) गरी तीन तहको सरकार रहने व्यवस्था गरिएको छ । तीन तहकै सरकारको अधिकार संविधानमा व्यवस्था गरिएको छ ।

भारतको संविधानमा संघ (Union) र राज्य (State) का अलावा स्थानीय तहका रुपमा पंचायत/नगरपालिकाको संवैधानिक व्यवस्था र अधिकारको सूची समेत उल्लेख गरिएको छ ।

स्वीटजरल्याण्डको संविधानमा संघ (Federation), क्यान्टोनस् (Cantons) र नगरपालिका (कम्युन) (Municipalites) रहने व्यवस्था गरिएको पाइन्छ । नगरपालिकाहरुको स्वायत्तता क्यान्टोनस्को कानून अन्तर्गत प्रत्याभूत गरिने उल्लेख छ ।

अस्ट्रेलियामा केन्द्र (Executive Government) र राज्यहरु (States) गरी २ तह रहने व्यवस्था संविधानमा गरिएको छ । त्यसैगरी जर्मनीमा संघ (Federation) र ल्याण्डर रहने संवैधानिक व्यवस्था छ ।

बेल्जियममा संघीय सरकार (Federal Government, क्षेत्रीय र सामुदायिक सरकार (Regional and Community Government), प्रान्तिय र सामुदायिक संस्था (Provincial and Communial Institution) र शहरी निकाय (Urban Entities/Federations of Communes) गरी ४ तहको संरचना संविधानमा व्यवस्था गरिएको छ ।

जर्मनीको संविधानमा संघीय, ल्याण्डर (प्रदेश) काउण्टी र कम्युनस गरी ४ तहको सरकारको व्यवस्था छ ।

ब्राजिलको संविधानमा केन्द्र, राज्य र नगरपालिका गरी ३ तहको संरचनाको व्यवस्था छ ।

### ३.२. राजनैतिक दलहरुको अवधारणा

राज्यको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक स्वरूपमा हुने संरचनाको तह सम्बन्धमा संविधानसभा र सम्बन्धित समितिमा पेश गरेको राजनीतिक दलहरुको अवधारणापत्र र संविधानसभा निर्वाचन घोषणा पत्रमा उल्लेख गरिएका तह अनुसूची - १० मा दिइएको छ ।

### ३.३. तीन तहको मूल संरचना

समितिलाई प्राप्त सुझाव, प्रश्नावली अध्ययन एवं विश्लेषण, पार्टीको दलीय धारणा र घोषणापत्र/प्रतिवद्धता पत्र, विशेषज्ञको राय सुझाव, अन्तर्राष्ट्रिय अभ्यास र प्रचलन, विभिन्न विद्वानका दृष्टिकोण, नेपालमा विगतमा गरिएका अभ्यास, समितिमा यसका सदस्यहरुले व्यक्त गर्नु भएको धारणालाई समेत ध्यानमा राखी राज्यको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक स्वरूपमा हुने संरचना ३ तह प्रस्तावित गरिएको छ ।

नेपाल राज्यको राजनीतिक संरचना मूलतः तीन तहमा रहने छ । आवश्यकता र औचित्यलाई ध्यानमा राखि विशेष व्यवस्था पनि गर्न सकिने संवैधानिक प्रावधान राखिने छ । तहहरु निम्नानुसार रहने छन् ।

### ३.३.१. संघीय तह

नेपालको संघीय संरचनाको सबै भन्दा माथिल्लो तहको रुपमा संघीय तह रहने छ । संघले नेपालका विभिन्न प्रदेशहरु, स्थानीय तह र विशेष संरचनाको समष्टिगत स्वरुपलाई निर्धारण गर्दछ । संघको संचालन, अधिकारको प्रयोग, पालना गर्ने गराउने कार्यका लागि संघीय व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका लगायत संघीय संवैधानिक आयोगहरु समेत रहनु पर्ने हुन्छ ।

### ३.३.२. प्रादेशिक तह

संघीय एकाइमा विभाजन गरिएको क्षेत्र र स्वरुपको रुपमा प्रदेश हुने र प्रदेशको शासन संचालन र प्रादेशिक क्षेत्रको अधिकारको प्रयोग गर्न प्रादेशिक कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका रहने व्यवस्था गर्नु पर्ने हुन्छ ।

### ३.३.३. स्थानीय तह

संघीय संरचनाको तल्लो तहको रुपमा स्थानीय तह रहने र सो अन्तर्गत गाउँपालिका र नगरपालिकाको व्यवस्था गरिने छ । स्थानीय तह प्रदेश अन्तर्गत रहन्छन् । स्थानीय तहको संचालनका लागि निर्वाचित परिषद रहने र सो परिषदले स्थानीय तहको अधिकार क्षेत्र भित्रका विषयमा विधायिकी, कार्यकारिणी र न्यायिक अधिकारको प्रयोग गर्ने प्रावधान रहन उपयुक्त हुने देखिन्छ ।

## ३.४. विशेष संरचना सम्बन्धी व्यवस्था

- आवश्यकता परेका ठाउँमा जातीय/भाषिक/समुदायगत सघन उपस्थितिको क्षेत्र वा विशेष प्रकृतिको भौगोलिक क्षेत्रलाई बहुल वा एकल साँस्कृतिक विशेषता सहितको स्वायत्त क्षेत्र/संरक्षित क्षेत्र/विशेष क्षेत्र निर्माण गर्न प्रदेशको सिफारिसमा संघीय सरकारको प्रस्ताव बमोजिम संघीय व्यवस्थापिकाको निर्णयद्वारा गर्न सकिने संवैधानिक प्रावधान रहने ।
- माथि उल्लेख गरिएका क्षेत्रहरुको परिभाषा वा विशेषताहरु निम्नानुसार कायम गरी संविधान र प्रादेशिक कानूनमा राखिने छ ।

**स्वायत्त क्षेत्र** - कुनै प्रदेश भित्र एक जाति वा भाषिक/समुदायको बाहुल्य भएको वा सघन उपस्थितिको अवस्था रहेको क्षेत्रलाई स्वायत्त क्षेत्र घोषणा गर्न सकिन्छ । त्यस्तो स्वायत्त क्षेत्रमा एक निर्वाचित परिषद रहने र सो परिषदले संविधानमा सूचीकृत अधिकार भित्र रही विधायिकी, कार्यकारिणी र न्यायिक अधिकारको प्रयोग गर्न सक्ने व्यवस्था रहनु उपयुक्त हुने देखिन्छ । यसरी घोषणा हुने स्वायत्त क्षेत्रको नामावली संविधानको अनुसूची २ मा उल्लेख भए बमोजिम हुनेछ । अनुसूचीमा उल्लेखित स्वायत्त क्षेत्रको अलावा कुनै प्रदेश भित्र नयाँ स्वायत्त क्षेत्र स्थापना गर्नु पर्ने भएमा वा स्थापना भएका स्वायत्त क्षेत्रहरुको नाम परिवर्तन गर्नु परेमा सम्बन्धित प्रादेशिक व्यवस्थापिकाको सिफारिसमा संघीय व्यवस्थापिकाको दुई तिहाई बहुमतले अनुमोदन गराउनु पर्ने व्यवस्था रहनु उपयुक्त हुन्छ ।

**संरक्षित क्षेत्र** – प्रदेश भित्र अति अल्पसंख्यक रूपमा रहेका जाति, समुदाय, सांस्कृतिक क्षेत्र, लोपोन्मुख र सीमान्तकृत जातिहरुको संरक्षण र संवर्द्धन गर्न स्थापना गरिने क्षेत्रलाई संरक्षित क्षेत्र मान्ने र त्यस्तो क्षेत्रको सीमाङ्कन नामकरण र अधिकार क्षेत्र प्रादेशिक सरकारले कानूनद्वारा निर्धारण गर्ने व्यवस्था प्रस्तावित गरिएको छ ।

**विशेष क्षेत्र** – स्वायत्त क्षेत्र र संरक्षित क्षेत्रले नसमेटेको, सम्बन्धित प्रदेश भित्र पिछिडएको, आर्थिक र सामाजिक अवस्थाबाट पछाडि पारिएको क्षेत्रको विकास गर्न स्थापना गरिने भौगोलिक क्षेत्रलाई विशेष क्षेत्र मान्ने त्यस्तो क्षेत्रको सीमाङ्कन, नामकरण र अधिकार क्षेत्र प्रादेशिक सरकारले कानूनद्वारा निर्धारण गर्ने व्यवस्था प्रस्तावित गरिएको छ ।

## ३.५. अन्य व्यवस्था

- तीनै तहलाई संविधानको प्रावधान अनुसार सरकारका रूपमा व्यवस्था गर्ने ।

- स्थानीय तहको अधिकारको सूची संविधानमा राख्ने तर संख्या र संरचना भौगोलिक अनुकूलता र अवस्था हेरी सम्बन्धित प्रादेशिक कानूनले व्यवस्था गर्ने ।
- गाउँपालिका र नगरपालिकाको आकार र अधिकारमा वृद्धि गर्दै जिल्लाले हाल गर्दै आएका काम गाउँपालिका र नगरपालिकाले गर्ने ।
- गाउँ र नगरले हाल गर्दै आएका काम तिनका एकाइ (नयाँ नाम प्रस्तावित गर्न सकिने) वा वडाले गर्ने ।

# परिच्छेद - चार

## ४. संघीय एकाइहरुको क्षेत्र निर्धारण गर्ने सिद्धान्त तथा आधारहरु

### ४.१. क्षेत्र निर्धारणका सिद्धान्त र आधारहरु

#### ४.१.१. सिद्धान्तहरु

संघीय व्यवस्थामा जनतामा निहित सार्वभौमसत्ताको प्रयोग एकभन्दा बढी निकायवाट हुन्छ र त्यो प्रत्यायोजित अधिकारको रूपमा नभै संविधानमा भएको व्यवस्था अनुरुप हुने गर्दछ । संघीयतालाई सार्वभौमसत्ताको विभाजित स्वरुपका रूपमा लिने गरिन्छ ।

संघीय राज्यमा सार्वभौमसत्ता जनतामा निहित रहे पनि त्यसको प्रयोग संविधानमा गरिएको व्यवस्था अनुरुप व्यक्ति, संस्था र समुहवाट हुन्छ । संघीय व्यवस्थामा नागरिकले आफूमा निहित सार्वभौमसत्ताको प्रयोग अनेकौ स्वरूपमा प्रत्यक्ष वा परोक्ष रूपमा गर्न पाउछन् ।

संघीय राज्य विभिन्न प्रादेशिक एकाइमा विभक्त हुन्छ । प्रत्येक प्रादेशिक एकाइहरुको आफ्नै विशिष्ट पहिचान, स्वायत्तता र स्वशासन हुन्छ । संघीय राज्यमा त्यस्ता प्रदेशको समान वा समानुपातिक साझेदारी कायम गरिएको हुन्छ । यसरी नै प्रदेश र स्थानीय निकायका वीचमा पनि संविधानतः समान वा समानुपातिक साझेदारी कायम हुन्छ ।

अनेकतामा एकता नेपालको संघ राज्यको विशेषता रहने छ । आन्तरिक रूपमा भिन्न भिन्न पहिचानले युक्त समुदायहरु विविधतामा राष्ट्रिय एकता कायम हुने गरी बाह्य रूपमा एउटै साझा पहिचान हामी नेपालीका रूपमा चिन्हित हुनेछौं । भौगोलिक रूपमा एक रहेको नेपाललाई मनोवैज्ञानिक रूपमा समेत एक बनाउनु र सवल र समृद्ध राष्ट्रका रूपमा नेपालको निर्माण गर्नु संघीय व्यवस्थाको उद्देश्य हुनेछ ।

नेपालको सन्दर्भमा हामीहरु एकात्मक राज्यको पुनर्संरचना गरी प्रदेश वा संघीय एकाइको निर्माण गर्न लागि रहेका छौ । यस सन्दर्भमा संघीय प्रणाली अबलम्बन गर्ने देशहरुको बारेमा उल्लेख गर्न सान्दर्भिक हुन्छ । विश्वमा संघीय शासन प्रणाली अपनाएका देशहरु र ती देशहरुको संघीय एकाइको संख्या यस प्रकार रहेको छ ।

**संघीय शासन प्रणाली अपनाएका देशहरु**

| सि.नं. | देशहरु | संघीय एकाइहरुको सख्या | संघीयतामा प्रवेश गरेको मिति |
|---|---|---|---|
| १. | अर्जेटिना | २३ प्रान्त र १ स्वायत्त शहर | |
| २. | अस्ट्रेलिया | ६ राज्य, २ मुख्य र अन्य केही भू-क्षेत्र | |
| ३. | अस्ट्रिया | १० राज्य | १९५५ |
| ४. | पपुवा न्यूगिनी | १८ प्रान्त र १ स्वायत्त क्षेत्र | |
| ५. | बेल्जियम | ३ क्षेत्र र ३ भाषिक समुदाय | १९९३ |
| ६. | बोस्निया - हर्जगाभिना | २ मुख्य एकाइ र १० क्यान्टन | |
| ७. | ब्राजिल | २६ राज्य र १ संघीय जिल्ला | १८९१ |
| ८. | क्यानडा | १० प्रान्त र ३ भू-क्षेत्र | १८६७ |
| ९. | कोमोरस | ३ राज्य | |
| १०. | इथियोपिया | ९ प्रदेश र ३ चार्टर्ड शहर | १९९५ |
| ११. | जर्मनी | १६ ल्याण्डर | १९४५ |
| १२. | भारत | २८ राज्य र ७ केन्द्रीय प्रदेश | १९४७ |
| १३. | बेलाउ | १६ राज्य | |
| १४. | मलेसिया | ९ सुल्टनेट, २ राज्य र २ संघीय क्षेत्र | १९४८ |

| | | | |
|---|---|---|---|
| १५. | मेक्सिको | ३१ राज्य | १९५७ |
| १६. | माइक्रोनेसिया | ४ राज्य | |
| १७. | नाइजेरिया | शुरुमा ३ हाल आएर ३६ जातीय राज्य | १९६३ |
| १८. | पाकिस्तान | ४ प्रान्त | १९४७ |
| १९. | रुस | २१ प्रान्त र ७ क्षेत्र | १९९३ |
| २०. | दक्षिण अफ्रिका | ९ प्रान्त | १९९० |
| २१. | स्पेन | १७ प्रान्त र २ केन्द्र शासित राज्य | १९७७ |
| २२. | सेन्ट किट्स र नेभिस | १४ राज्य | |
| २३. | सुडान | २६ प्रान्त | १९९१ |
| २४. | स्वीटजरल्याण्ड | २६ क्यान्टन | १२९१ |
| २५. | संयुक्त अरव ईमिरेटस | ७ ईमिरेटस | १८४८ |
| २६. | संयुक्त राज्य अमेरिका | ५० राज्य | १७८७/१९८९ |
| २७. | भेनेजुयला | २३ राज्य | १७८७ |
| २८. | इराक | १८ राज्य | |

संघीय राज्यव्यवस्था भएका मुलुकहरु मध्ये निम्न देशहरुले संघीय शासन व्यवस्था दिगो बनाउन नसकि एकात्मक शासन प्रणाली अवलम्बन गरेको देखिन्छ :

| **क.सं.** | **देशको नाम** | **संघ बनेको मिति (सनमा)** | **एकात्मक भएको मिति (सनमा)** |
|---|---|---|---|
| १. | चेकोस्लोभाकिया | १९६९ | १९९३ |
| २. | सोसलिस्ट रिपब्लिक अफ युगोस्लोभिया | १९४५ | १९९२ |
| ३. | क्यामरुन | १९६१ | १९७२ |
| ४. | युगान्डा | १९६३ | १९६६ |

यसैगरी पछिल्लो समयमा एकात्मक शासन प्रणालीबाट संघीय प्रणाली अपनाउने देशहरुमा अस्ट्रिया (१९५५), स्पेन (१९७७), सुडान (१९७७), नाइजेरिया (१९६३), बेल्जियम (१९९३), इथियोपिया (१९९५) रहेका छन् । संघात्मक संरचनाका वावजुद पनि सुडानमा आन्तरिक संघर्ष जारी रहेको छ भने नाइजेरियामा ४५ वर्षको संघीय इतिहासमा राज्यको संख्या ३ बाट ३६ जातीय राज्य हुन पुगेको छ । राज्यको संख्या जनजातिको माग अनुसार बढ्दै गएको छ । संभवतः यसैले गर्दा नाइजेरियालाई असफल संघीय देशको रूपमा लिने गरिन्छ । यस प्रकार संघीय राज्य व्यवस्था भएका मुलुकले एकात्मक राज्यका र एकात्मक राज्य व्यवस्था भएका मुलुकहरुले संघीय राज्यका विशेषतालाई आत्मसात गर्दै अघि बढिरहेको अवस्था छ । नेपालको सन्दर्भमा संघीय राज्य निर्माण गर्दा हामीले उपरोक्त सबै पक्षलाई ध्यान दिनु स्वभाविक नै हुनेछ ।

### ४.१.२. आधारहरु

नेपालको सन्दर्भमा हालसम्म कायम रहेको एकात्मक राज्यको पुनर्संरचना गरी संघीय शासन प्रणालीमा रूपान्तरण गर्न लागि रहेका छौं । नेपाललाई एकात्मक राज्यवाट संघीय राज्यमा रूपान्तरण गर्ने सन्दर्भमा संघीय एकाइ निर्माणको आधार पहिचान गर्ने वा निर्धारण गर्ने भन्ने कुरा निकै महत्वपूर्ण विषय हो । यस सन्दर्भमा चलिरहेको छलफल र बहसमा निकै धेरै विविधता पाइन्छ । तर पनि त्यसका विशेषताहरुलाई आधार वनाउदा संघीय एकाइको निर्माणको आधारका रूपमा पहिचान र सामर्थ्यलाई ध्यान दिनु पर्ने हुन्छ । त्यस मध्ये पनि पहिचानलाई प्राथमिक आधारका रूपमा लिनु उपयुक्त हुन्छ ।

### ४.१.२.१. पहिचानका आधार

संघीय एकाइ निर्माणको महत्वपूर्ण आधार पहिचानलाई बनाइ रहदा कुन कुन पहिचानलाई आधारका रूपमा लिने भन्ने कुरा आफैमा कठिन विषय हो । नेपाली समाजमा पनि एउटै व्यक्तिका अनेक पहिचानहरु छन् । वर्गीय, सामाजिक, राजनीतिक, सांस्कृतिक, भाषिक, सामुदायिक, पेशागत, लैंगिक, क्षेत्रगत जस्ता अनेक पहिचानहरु नेपाली समाजमा प्रचलनमा रहेका छन् । त्यसमध्ये संघीय एकाइ निर्माणका सन्दर्भमा प्रमुख प्रतिनिधि मूलक पहिचान र अवस्थाका रूपमा निम्न कुरालाई लिन सकिन्छः ।

- जातीय ⁄ समुदायगत
- भाषिक
- साँस्कृतिक
- भौगोलिक ⁄ क्षेत्रगत निरन्तरता
- ऐतिहासिक निरन्तरता

### ४.१.२.२. सामर्थ्यका आधार

संघीय एकाइहरु निर्माण गरी रहदा त्यस्ता एकाइहरुको स्वायत्तता र स्वशासन, आर्थिक-भौतिक एवं अन्य स्रोत साधनका दृष्टिले सवल र सक्षम रहन सकुन् भन्ने कुरालाई ध्यान दिनुपर्ने हुन्छ । पहिचानमा आधारित प्रत्येक समुदायहरु समान रूपमा स्वायत्तता र स्वशासनको प्रयोग गर्न सक्ने अवस्थामा छैनन् । यस्तो स्थितिमा संघीय एकाइ निर्माण गर्दा पहिचानका अतिरिक्त अन्य आधारहरुलाई त्यतिकै महत्वका साथ लिनु आवश्यक हुनेछ । संघीय एकाइहरुलाई सवल र सक्षम वनाउने हो भने पहिचानका साथै निम्न आधारहरुमा ध्यान दिनु जरुरी हुनेछः

- आर्थिक अन्तरसम्वन्ध र सामर्थ्य
- पूर्वाधार विकासको अवस्था र सम्भावना
- प्राकृतिक साधन र स्रोतको उपलव्धता
- प्रशासनिक सुगमता

## ४.२. आजसम्मका प्रयोग र दृष्टान्तहरु

संघीय राज्य निर्माणको प्रकिया र संघीय शासनको चरित्रका दृष्टिले संघीय मुलुकहरुलाई तीन भागमा विभक्त गर्न सकिन्छ ।

पहिलो, सार्वभौम एकाइहरू स्वेच्छिक रुपले मिलेर बनेका (Coming together) या जोडिएर (Aggregation) बनेका संघीय मुलुकहरु । रुस, संयुक्त राज्य अमेरिका, स्वीट्जरल्याण्ड, र अष्ट्रेलिया आदि संघीय मुलुकहरु यस कोटीमा पर्दछन् । यस प्रकृतिका संघीय राज्यको एकाइहरु पहिले नै निश्चित जस्तै हुन्छन् । यस्ता संघीय राज्यको निर्माणका सन्दर्भमा संघीय एकाइमा रूपान्तरित भएका पूर्व स्वतन्त्र देशहरुले आत्मनिर्णयको अधिकार प्रायः सैद्धान्तिक रूपले स्थापित गरेका हुन्छन् । यस्ता संघीय राज्यमा संघीय एकाइ बन्न चाहने स्वतन्त्र राज्यहरुका वीचको सम्झौता अनुरूप संघीय सरकारलाई अधिकार प्राप्त हुने हुदाँ प्रदेशहरुलाई उच्चतहको स्वशासन वा स्वायत्तताको अधिकार कायम राखिएको हुन्छ ।

दोस्रो, विनिर्माण (De-aggregation) बाट बनेका संघीय मुलुकहरु अर्थात एकात्मक राज्यको ढाँचालाई बदली संघीय ढाँचामा परिवर्तित भएका मुलुकहरू । जर्मनी, इथियोपिया, नाइजेरिया, बेल्जियम, स्पेन आदि मुलुकहरु यस कोटीमा पर्दछन् । यसरी वनेका संघीय राज्यमा संघीय एकाइहरुको निर्धारण, सीमांकन र नामांकन सहमति र संभौताका आधारमा गरिन्छ । यसरी वनेका संघराज्यलाई आपसमा जोडिएर वनेका (Holding together) संघीय राज्य भन्ने गरिन्छ । यसरी वनेको संघीय मुलुकहरुमा स्वायत्तता र स्वशासनको मुद्दा प्रमुख बनेको पाइन्छ ।

तेस्रो, मिश्रित प्रकृतिका संघीय मुलुकहरु । माथिका दुबै विशेषतावाट बनेका संघीय राज्यहरू जसले एकात्मक राज्यका कतिपय विशेषतालाई ग्रहण गरेका हुन्छन् यस कोटीमा पर्दछन् । उदाहरणको लागि क्यानाडा र भारत । मिश्रित प्रकृतिको संघ राज्यमा केन्द्रको भूमिका महत्वपूर्ण रहेको हुन्छ र अवशिष्ट

अधिकार समेत केन्द्रमा नै निहित रहन्छ । यस कोटीका संघीय राज्यहरू अर्ध संघीय या संघीय तत्व र निक्षेपणका बिशेषताहरूको मिश्रणवाट बनेका हुन्छन् ।

नेपालमा संघीय राज्यको स्वरुप कस्तो हुने हो भन्ने बारेमा निक्र्यौल गर्नु पर्दा यो दोस्रो किसिमको हुने कुरा स्वतः सिद्ध छ । किनकी हामी नेपालमा एकात्मक राज्यको विनिर्माण वा पुनसंरचनावाट संघीय राज्यको निर्माण गर्न गइरहेका छौ ।

### ४.३. क्षेत्र निर्धारण सम्वन्धमा राजनीतिक दलको धारणा

राजनीतिक दलका धारणाहरु अनुसूची - १० मा उल्लेख गरिएको छ ।

### ४.४. क्षेत्र निर्धारणका सन्दर्भमा नेपाली विद्वान्हरुको धारणा

यस सन्दर्भमा विभिन्न विद्वानहरुका प्रतिनिधि मूलक विचारहरुलाई अनुसूची - ११ मा उल्लेख गरिएको छ ।

### ४.५. बहुलताः नेपाली समाजको विशिष्ट अवस्था

नेपाल बहुजातिय/बहुराष्ट्रिय, बहुभाषिक, बहुसाँस्कृतिक, बहुधार्मिक र भौगोलिक विविधतायुक्त मुलुक हो । यहाँ उद्गमको हिसावले आर्य, मंगोल, आष्ट्रिक र द्रविड गरी चार नश्ल समुहका जातीय समुहहरू देशका विभिन्न भागमा बसोबास गर्दछन् । भाषागत हिसावले यहाँ भारोपेली, भोट वर्मेली, आष्ट्रिक र द्रविड गरी चारभाषा परिवारका ९२ वटा भाषा र बोलीहरूको पहिचान गरिएको छ । धार्मिक हिसावले यहाँ हिन्दु, बौद्ध, इस्लाम, किरात, जैन, शिख लगायत दश वटा धर्म प्रचलनमा छन् । भूबनौटका हिसावले नेपाल हिमाल, पहाड, उपत्यका, चुरे, भित्रि मधेश र तराई-मधेशमा विभक्त छ । नदी प्रणालीका हिसावले पनि प्रमुख तीन नदीका अतिरिक्त अनेकन स्वतन्त्र जलाधार क्षेत्रमा विभक्त छ । यी सबैको प्रभाव यहाँका जात, समुदाय, जनजातिहरूको जीवनशैली, रहनसहन, भेषभुषा, उत्पादन पद्धति, साँस्कृतिक सम्पदा लगायत विविध पक्षहरूमा समेत परेको छ । यहाँका विभिन्न जात, जनजातिहरूमा लामो समयदेखि परस्पर सम्वन्ध र अन्तरघुलनको प्रक्रियाले एक अर्काको बोली, रीति-रिवाज, धर्म र सँस्कृतिमा उल्लेख्य प्रभाव पारेको छ । त्यसका वावजुद पनि जातीय, भाषिक, साँस्कृतिक, धार्मिक हिसावले विधिधताको विशिष्ट अवस्था छ । हजारौं वर्षको संघर्ष र सम्मिलनद्वारा निर्माण भएको यस प्रकारको विशिष्ट पहिचान नेपाल र नेपाली जनताका सम्पत्ति हुन् । राज्यको पुनसंरचना र संघीय व्यवस्थाको निर्माणगर्दा हामीले उपरोक्त विशेषतालाई गहिरो गरी अध्ययन गर्नु पर्ने हुन्छ ।

#### ४.५.१. जनसांख्यिक अवस्था

सन् २००१ को राष्ट्रिय जनगणना अनुसार यहाको कुल जनसंख्या २ करोड ३१ लाख र वृद्धिदर २.५ प्रतिशत रहेको छ । उक्त जनसंख्या झण्डै ४२ लाख परिवार, १०१ जात/जाति, चार प्रकारका नश्ल, ९२ थरी भाषा/भाषी र दश प्रकारका धर्मावलम्बीहरुमा विभक्त रहेको छ । नेपालको जनसाँख्यिक स्थितिलाई विश्लेषण गर्दा हिमाली क्षेत्र र उच्च पहाडी क्षेत्रको जनघनत्व कम, तराई मधेस र शहरी क्षेत्रमा जनघनत्व ज्यादा रहेको अवस्था छ । जनघनत्व कम भएका ठाउँमा निश्चित जातिको वर्चश्वको अवस्था छ भने जनघनत्व ज्यादा भएका ठाउँमा मिश्रित अवस्था छ ।

यसरी नै नेपालमा केही जातजाति र समुदायहरु छरिएर बसेको र केही जातजाति र समुदायहरु निश्चित भौगोलिक क्षेत्रमा केन्द्रित भएर वसेको अवस्था छ । शहरीकरण र आधुनिकीकरणसंगै निश्चित भूभागमा केन्द्रित रहेको समुदाय समेत क्रमशः मूलथलो भन्दा वाहिर विस्तारित हुदै गएको देखिन्छ ।

आम रूपमा जहाँ जनजातिहरुको वसोवास वाक्लो छ, त्यहा दलितहरुको संख्या पातलो छ । जहा मधेसी समुदायको वाक्लो उपस्थिति छ, त्यहा पहाडी जातिको वसाइसराइ पनि कम छ । सामन्ती उत्पादन सम्वन्धको विकास भएका ठाउमा जनजातिहरु समेत वर्गीय रुपले विभक्त भएको पाइन्छ । दलित समुदायको ठूलो हिस्सा सामाजिक रूपले मात्र होइन वर्गीय रुपले समेत उत्पीडनको शिकार भएको देखिन्छ ।

उपरोक्त तथ्यका आधारमा नेपालमा विद्यमान जातीय भेदभाव र उत्पीडनको प्रश्न सतहमा सामाजिक विभेदको प्रश्नका रूपमा देखिए पनि त्यो वर्गीय, क्षेत्रीय र सामुदायिक उत्पीडनको प्रश्न हो । यसरी विभक्त सवै जाति, समुदाय, वर्ग र क्षेत्रमा लैंगिक विभेदको समस्या रहेको र त्यसवाट मूलतः महिलाहरु नै पीडित भइरहेको अवस्था छ ।

### ४.५.२. जात/जातिगत अवस्था

कतिपय कमिकमजोरीहरु रहेतापनि हामीसँग उपलब्ध नेपालको पछिल्लो जनगणना अनुसार नेपालमा पहिचान गरिएका जातजातिको संख्या १०१ रहेको छ । जातीय पहिचानको मुद्दा अघि आउनेक्रम संगै नेपालमा जातजातिको संख्या बढ्दै गएको छ । नेपालमा दसलाख भन्दा माथिको जनसंख्या भएका जातजातीय समुहहरुको संख्या ६ रहेको छ र त्यसले कुल जनसंख्याको ५३.५ प्रतिशत भाग ओगटेको छ। एक प्रतिशत भन्दा माथिको जनसंख्या भएका जातजातिहरुको संख्या १८ रहेको छ। एकलाख भन्दा माथिको जनसंख्या भएका ३१ जातजातिले कुल जनसंख्याको झण्डै ९० प्रतिशत भाग ओगटेका छन् । बाँकी ६९ जातजातिले ८.८ प्रतिशत मात्र हिस्सा ओगटेको छ । जातजातिगत जनसंख्याको स्थिति अनुसूची - १२ मा उल्लेख गरिएको छ।

### ४.५.३. भाषिक अवस्था

नेपाल भाषिक दृष्टिले निकै विविधता युक्त रहेको छ । यहा भारोपेली, भोटवर्मेली, द्रविड र आग्नेय(आष्ट्रिक) परिवारका चार दर्जन भन्दा बढी मातृभाषाहरु रहेका छन् । जातिगत सम्मिलनको अवस्था र भौगोलिक विशिष्टताका कारणले समेत अनेकौ भाषिकाहरु प्रचलनमा रहेका छन् । सन् २००१ को जनगणनामा नेपालमा ९२ वटा भाषा र भाषिकाहरू मातृभाषाका रूपमा पहिचान गरिएका छन् । सरकारी कामकाजको भाषाका रूपमा प्रचलनमा रहदै आएको नेपाली भाषालाई मातृभाषाको रूपमा प्रयोग गर्नेहरूको संख्या समेत पूर्ण बहुमतमा देखिंदैन ।

यद्यपि नेपालमा भाषिक समुदायको वितरणको अवस्था जातीय वितरणको भन्दा निकै फरक छ । ४९ जिल्लामा नेपाली भाषालाई मातृभाषाको रूपमा प्रयोग गर्नेहरुको बहुमत छ भने ६ जिल्लामा नेपाली भाषालाई मातृभाषा मान्नेहरुको बाहुल्य रहेको छ । पूर्वी तराई मधेसका ६ जिल्लामा मैथिली भाषालाई मातृभाषाको रूपमा प्रयोग गर्नेहरुको बाहुल्य छ। त्यसमध्ये ५ जिल्लामा बहुमत रहेको अवस्था छ । भोजपुरीको ३ जिल्लामा बहुमत रहेको छ । यसरी नै अवधि, तामाङ र लिम्वुको २-२ जिल्लामा र थारु, नेवारी, गुरुङ, वज्जिका, भोटे र शेर्पाको १-१ जिल्लामा वाहुल्य छ । नेपाली बाहेकका भाषाहरुको २० जिल्लामा बाहुल्य छ र १३ जिल्लामा पूर्ण बाहुल्य अर्थात् बहुमत रहेको छ ।

मातृभाषाका रूपमा प्रचलनमा रहेका अन्य भाषाहरूमा मैथिली, भोजपुरी, थारू ( डगुरा/राना), तामाङ, नेवारी, मगर, अवधि, बान्तवा, गुरूङ, वज्जिका, उर्दु, राजवंशी, शेर्पा, लिम्वू र हिन्दी भाषा उल्लेख्य रहेका छन् । जसलाई मातृभाषाको रूपमा प्रयोग गर्नेहरूको संख्या १ लाख भन्दा माथि रहेको छ । भाषिक विकासका दृष्टिले यस मध्येका कतिपय भाषाहरू निकै समृद्ध समेत मानिन्छन् । नेपाली भाषा र नेपालमा प्रचलित अन्य सबै मातृभाषालाई राष्ट्र भाषाका रूपमा मान्ने संवैधानिक व्यवस्था रहेको छ । राष्ट्रिय भाषाको रूपमा स्वीकार गरिएका भाषाहरूको कानूनी र व्यवहारिक हैसियत समेत अहिलेसम्म स्पष्ट हुन सकेको छैन । एक प्रकारले भन्ने हो भने गैर नेपाली भाषीहरूले आफ्नो भाषामाथि अन्याय भएको र नेपाली भाषालाई जवर्जस्ती आफूमाथि लादिएको अनुभुति गर्नु परिरहेको छ । भाषागत स्थिति अनुसूची - १३ मा दिइएको छ ।

### ४.५.४. धार्मिक अवस्था

हिन्दु धर्मावलम्बीहरुको बहुसंख्या रहेको भए पनि नेपाल बहुधार्मिक र बहुसांस्कृतिक मुलुक हो । । सन् २००१ को जनगणनाका आधारमा नेपालमा हिन्दु धर्ममा आस्था राख्नेहरू ८०.६ प्रतिशत, बुद्ध धर्ममा आस्था राख्नेहरू १०.७ प्रतिशत, इस्लाम र किरात धर्ममा आस्था राख्ने हरूको संख्या क्रमशः ४.२ र ३.६ प्रतिशत रहेको छ । हिन्दु धर्मभित्र राखिएका कतिपय समूह र ती समूहका कतिपय व्यक्तिहरूले आफ्नो समुदाय प्राचीनकाल देखिनै गैर हिन्दु धर्ममा आस्था राख्दै आएको र राज्यले जवर्जस्ती रूपमा आफ्नो जाति र समुदायलाई हिन्दुकरण गरिएको बताउने गरेका छन् । विभिन्न जनजातिहरूमा हिन्दु धर्मसंस्कृतिको भन्दा आफ्नै किसिमको प्राकृत धर्मको प्रभाव रहेको छ । त्यसरी नै हिन्दु, बौद्ध र अन्य प्राकृत धर्मका उपासकहरूमा एक अर्को धर्मप्रति सकारात्मक सद्भाव राख्ने र सबै प्रकारका धार्मिक क्रियाकलापमा संलग्न हुने प्रवृत्ति समेत रहेको छ । प्राकृत धर्मका उपासक र बहुधर्मको प्रभावमा परेकाहरूको सही पहिचान पनि समस्याकै विषय रहेको हुनु पर्दछ । आफूलाई कुनै पनि धर्ममा नराख्ने वा निरपेक्ष रहनेहरूको संख्या पनि दिन प्रतिदिन बढ्दै गएको छ ।

### ४.५.५. सांस्कृतिक पहिचान

नेपाल बहुसांस्कृतिक पहिचान बोकेको मुलुक हो । यहाँ विभिन्न जातजातिका आफ्नै खाले सांस्कृतिक पहिचान र परम्परा रहेका छन् । त्यस अतिरिक्त विभिन्न भौगोलिक क्षेत्रमा बसोबास गर्ने विभिन्न जातीय समूहको आपसी सम्मिलनवाट साझा सांस्कृतिक परम्परा र पहिचानको विकास भएको छ । यसरी नेपालमा जातीय आधार मात्र होइन भौगोलिक क्षेत्रमा आधारित सांस्कृतिक परम्परा र पहिचानहरु पनि विकास भएका छन् । संघीय संरचना अनेकताका वीच एकताको आधार निर्माण गर्न लागिरहेको वेलामा हामीले उपरोक्त विशेषतालाई गहिरो गरी आत्मसात गर्न सक्नु पर्दछ ।

एउटै समुदायको मानिसहरु भिन्न भिन्न भौगोलिक क्षेत्रमा अन्य समुदायका मानिसहरुसंग घुलमिल भएर बस्ने अन्तर्जातिय परिवारहरुको निर्माण हुने क्रममा आ-आफ्ना साँस्कृतिक मुल्य र मान्यतामा व्यापक मिश्रण र तदनुरूप परिवर्तन गरेको पाइन्छ । कर्णालीको खस संस्कृति, काठमाण्डौको नेवार संस्कृति, मध्य तराईको मिथिला संस्कृति, सुदुर पश्चिमको संस्कृतिको प्रभाव अन्य समुदायका मानिसहरुमा समेत गहिरो गरी विस्तार हुँदै गएको पाइन्छ । यसरी नेपालको अनेक भू-क्षेत्रमा विभिन्न जातिहरूको आपसी सम्मिलनका आधारमा भिन्न सांस्कृतिक विशेषता बोकेका अनेकौं सांस्कृतिक समूह र क्षेत्रहरू रहेका छन् । राज्यको पुनर्संरचना गर्दा र संघीय शासनको स्वरुप र संरचना तय गर्दा हामीले नेपाली समाजमा गहिरो प्रभाव छोड्न सफल यस प्रकारका सांस्कृतिक विशेषताहरुलाई आत्मसात गर्न सक्नु पर्दछ ।

### ४.५.६. भौगोलिक अवस्था

नेपाल भू-अवस्थितिका हिसावले हिमाल, पहाड र तराई/मधेशमा विभक्त छ । हिमाल, पहाड र तराई/मधेशका रूपमा रहेको भौगोलिक अवस्थिति पूर्व र पश्चिममा फैलिएको छ । हिमाली प्रदेश पनि सिमावर्ती हिमाल (Trans Himalyan Range), भोटवेशी (Trans Himalyan Valley) र मुख्य हिमालय (Main Himalya), पहाडी प्रदेश पनि मध्य भूमि, महाभारत, भित्रि मधेस र चुरे पर्वत तथा तराई प्रदेश पनि भावर र तराई मैदानको रूपमा विभाजित छ । तराई चुरेपर्वत श्रृंखलाले चितवन र दाङमा खण्डित गरेको छ । यसरी बनेको भू-बनोटमा हिमाली क्षेत्रले देशको एक तिहाई भू-भाग(३५प्रतिशत) ओगटेको छ । यसमा २ प्रतिशत भू-भाग मात्र खेती योग्य रहेको छ । पहाडी क्षेत्र नेपालको सबैभन्दा फैलिएको क्षेत्र हो । यसले मुलुकको ४२ प्रतिशत भू-भाग ओगटेको छ । यस क्षेत्रको दश भागमा एक भाग जमीन खेती योग्य रहेको छ । तराई क्षेत्रले मुलुकको २३ प्रतिशत भू-भाग ओगटेको छ र यहाँको कुल जमीनको ४२ प्रतिशत भाग खेतीयोग्य रहेको छ । १९३ किलो मिटरको उत्तर दक्षिणको भू-क्षेत्रमा अत्यन्त होचो भू-क्षेत्र केचना देखि लिएर विश्वको सबैभन्दा अग्लो सगरमाथासम्म अवस्थित रहेको छ । यस प्रकारको सानो भू-अवस्थितिमा यहाँ एकै समयमा तीन प्रकारको जलवायु पाइन्छ ।

पृथक् पृथक् मानव सभ्यताको संगमविन्दुका रूपमा रहेका कारणले गर्दा नेपालको भू-अवस्थितिले अनेकौं प्रकारका सामाजिक र साँस्कृतिक विशेषतालाई आफूभित्र समेट्न सकेको देखिन्छ । अहिले यातायात, सूचना र संचारको विकासले एक क्षेत्रसंग अर्को क्षेत्रलाई जोड्ने आधारहरू तयार भए पनि जनसंख्याको निकै ठूलो हिस्सा अझै पनि परम्परागत भौगोलिक क्षेत्रसंग आवद्ध नै रहेको देखिन्छ । नेपालको यस प्रकारको विशिष्ट भू-अवस्थितिले यहाँको आर्थिक-सामाजिक विकासका अनेकौं पक्षहरूमा गहिरो प्रभाव पार्दै आएको छ र पछिसम्म पनि गहिरो प्रभाव पारिरहने छ ।

### ४.५.७. जलाधार क्षेत्र र जलवायु

नेपालको भूवनोटको कारणले यहाँका नदीहरु प्राय उत्तरवाट दक्षिणतिर बग्ने गर्दछन् । उत्तर-दक्षिण भएर बग्ने ठूला साना नदीहरुले आफ्नै प्रकारको अलग भौगोलिक क्षेत्रको निर्माण गरेका छन् । नेपालका तीन प्रमुख नदीहरुले नेपाललाई तीन भागमा विभक्त गरेका छन् । पूर्वमा कोशी, मध्यमा गण्डकी र पश्चिममा कर्णाली नदीहरुका फैलिएका जलाधार क्षेत्र रहेका छन् । यिनै नदीहरुका फैलिएका जलाधार क्षेत्रका आधारमा पनि नेपाललाई पूर्व, पश्चिम र मध्यमा विभक्तगर्ने चलन निकै पुरानो हो । यस वाहेक पूर्वमा मेची, मध्यमा वाग्मती र पश्चिमा राप्ती र महाकालीका पनि आफ्नो स्वतन्त्र जलाधार क्षेत्ररहेका छन् ।

यसैगरी महाभारत र चुरे रेन्जवाट निस्कने नदीहरुले पनि आफ्नै जलाधार क्षेत्र कायम गरेका छन् ।

सानो भूक्षेत्रमा रहेको जटिल र विविधतापूर्ण भूअवस्थिति र तीव्रप्रवाह भएका नदीहरुले नेपाली बसोबास प्रणालीको निर्माणमा गहिरो प्रभाव छोडेका छन् । नेपालको इतिहास, सभ्यता र संस्कृतिको विकाससंग नेपालका प्रमुख नदीहरु र नदी प्रणालीको गहिरो प्रभाव रहेको छ ।

हावापानीको दृष्टिले पनि नेपालका तिनै क्षेत्रमा विविधता पाउन सकिन्छ । हिमाली क्षेत्र चिसो, पहाडी क्षेत्र न्यानो र तराई-मधेश क्षेत्र गर्मी प्रदेशका रूपमा रहेको छ । भौगोलिक अवस्थिति र हावापानीको विषमताले सामाजिक रितिरिवाज, भेष-भुषा र रहन सहनमा गहिरो प्रभाव पारेको छ ।

## ४.६. क्षेत्र निर्धारणका चुनौतीहरु

संघीय एकाइका रूपमा विभिन्न व्यक्ति,संस्था वा राजनीतिक दलहरुका तर्फवाट प्रस्तावित गरिएका प्रस्तावहरुको अध्ययनगर्दा क्षेत्र निर्धारणका सन्दर्भमा गंभीर प्रकृतिका असहमतिहरु रहेको पाइन्छ । संघीय एकाइको क्षेत्र निर्धारणमा विद्यमान रहेका चुनौतीहरुलाई निम्न रूपमा उल्लेख गर्न सकिन्छः

### ४.६.१. कुनै एउटा प्रदेशलाई अर्को प्रदेशले घेर्ने अवस्थाः

कुनै एउटा प्रदेशलाई कुनै अर्को प्रदेशले चारैतिरवाट घेरेको अवस्था स्वायत्तता र स्वशासनका दृष्टिले प्रतिकूल अवस्था हो । एकात्मक राज्यवाट संघीय राज्यको विनिर्माण गरिरहेको अवस्थामा त्यस प्रकारको स्थिति आउन दिनु हुदैन । कुनै पनि प्रदेशको सीमाना एकभन्दा बढी प्रदेशसंग जोडिएको अवस्था रहनु उपयुक्त हुनेछ ।

### ४.६.२. एउटै भौगोलिक क्षेत्रलाई एकभन्दा बढी प्रदेशले दावी गरेको अवस्था

संघीय एकाइको क्षेत्र निर्धारणका सन्दर्भमा यस प्रकारको स्थिति निकै नै चुनौतीपूर्ण अवस्था हो । यस प्रकारको दावीलाई समाधान गरेर मात्रै संघीय एकाइको निर्माण प्रक्रियालाई अन्तिम रूप दिनुपर्ने हुन्छ । यस सम्वन्धी विवाद वा दावीको निरूपणका लागि विशेषज्ञ कमिटीको राय र सरोकारवालाको चासो समेतलाई आधार बनाउनु उपयुक्त हुनेछ ।

### ४.६.३. क्षेत्रफल र जनसंख्या बीचको सन्तुलन

संघीय एकाइको निर्माणका सन्दर्भमा क्षेत्रफल र जनसंख्याको सन्तुलन मिलाउने कुरा असम्भव जस्तै कुरा हो । तर प्रायः मिश्रित बसोबास रहेको एकात्मक देशलाई राजनीतिक निर्णयका आधारमा संघात्मकतामा बदल्न खोजिएका कारणले पनि यसलाई ध्यान दिनु उपयुक्त नै हुनेछ ।

### ४.६.४. ऐतिहासिक निरन्तरता, बहुलता वा बहुसाँस्कृतिक स्वरूप

नेपाली समाजको वहुजातीय, वहुभाषिक, बहुधार्मिक र वहुसांस्कृतिक अवस्थामा प्रतिकुल असर नपर्ने गरी विशेष गरी पछाडी पारिएका उत्पीडित जाती/समुदायको समस्यालाई सम्वोधन गरिनु पर्दछ । नेपालको सन्दर्भमा सवै प्रदेशहरु समान विशेषतामा आधारित नहुने कुराप्रति स्पष्ट हुन आवश्यक छ ।

### ४.६.५. सरोकारवालाहरुको चासो

नेपालको सन्दर्भमा संघीय राज्यको पैरवी गर्दै आएका सरोकारवालाहरुको धारणाहरुलाई सम्बोधन नगरी अघि बढ्ने कुरा उपयुक्त हुदैन । सरोकारवालाहरुको परस्पर विरोधी विचारहरुको वैज्ञानिक ढंगले सामाधान खोज्ने कुरा पनि त्यतिकै जरुरी कुरा हो । यसका लागि सरोकारवाला पक्षहरुलाई संवादको प्रक्रियामा ल्याएर अन्तिम सहमति कायम गर्ने विधि र प्रकिया समेत अवलम्वन गर्नु पर्ने हुन्छ । संभवतः यसै कामका लागि राज्य पुनर्संरचना आयोगको आवश्यकता ठानिएको थियो । तर आजसम्म यसले खासै राजनीतिक प्राथकिता पाएन ।

### ४.६.६. आर्थिक सामर्थ्य र प्रशासनिक सहजता

आर्थिक सामर्थ्य र प्रशासनिक सहजता कायम गरी संघीय एकाइको क्षेत्र निर्धारणगर्ने कुरा निकै नै कठिन कार्य हो । तर पनि संघीय व्यवस्थाको सफलताका लागि यस कुरामा विशेष ध्यान दिइनु पर्दछ ।

### ४.६.७. भिन्न भिन्न भौगोलिक एकाइमा आधारित एउटै प्रदेश

नेपालको सन्दर्भमा भिन्न भिन्न भौगोलिक एकाइमा आधारित एउटा प्रदेशको अवधारणामा जानु उपयुक्त हुदैन ।

### ४.७. संघीय एकाइ निर्माणको ढाँचा र अधिकार

संघीय व्यवस्थाका लागि संघीय एकाइको निर्माण सर्वाधिक महत्वको र चुनौतीपूर्ण कार्य हो । यस सन्दर्भमा एउटै ढाँचाको बनाउने कि भिन्न भिन्न ढाँचाको बनाउने भन्ने कुरा पनि त्यतिकै महत्वको विषय हो । संघीय एकाइ निर्माणको आधारका रूपमा पहिचान र सामर्थ्यलाई आधार बनाउने कुरा माथिनै उल्लेख भइसकेको परिप्रेक्षमा प्रदेशहरु फरक फरक वा एक अर्कोसंग मिल्दो जुल्दो हुने कुरा स्वतः सिद्ध छ । तर पनि यस सम्वन्धमा आयोगको सुझाव र विशेषज्ञहरुको रायलाई समेत सहयोग लिन सकिनेछ । तर अन्तिम निर्णयको अधिकार भने संविधानसभाको हुनेछ ।

### ४.८. स्थानीय तहको निर्माण र क्षेत्र निर्धारण

स्थानीय तहको स्वरुप र संरचना कस्तो हुने ? अहिले नै प्रस्तावित गर्ने वा त्यो अधिकार प्रदेशलाई दिने भन्ने विषय यस सन्दर्भमा लिनुपर्ने निर्णयको केन्द्रीय विषय हो । नेपालको सन्दर्भमा स्थानीय निकायहरुको लामो अभ्यास समेतले संघीय संरचनाको निर्माणमा महत्वपूर्ण योगदान पुगेको परिप्रेक्षमा स्थानीय निकायको आवाजलाई संबोधन गरेर अघि बढ्नु पर्ने हुन्छ ।

स्थानीय तह प्रादेशिक संरचना अन्तर्गत रहने निकाय हो । जनताको सबभन्दा छिटो पहुँच पुग्ने निकाय स्थानीय तह नै हो । स्थानीय तहको सम्बन्धमा संविधानमा उल्लेख गरिदाँ संवैधानिक मान्यता प्राप्त गरेको मानिने भएकोले पछिल्ला दिनहरुमा संघीय संविधानमा स्थानीय तहको व्यवस्था र अधिकारको सूची दिने प्रचलन रहेको छ ।

नेपालको सन्दर्भमा स्थानीय तहको संख्या र क्षेत्र निर्धारण गर्नको लागि प्रादेशिक सरकारलाई संघीय सरकारले निश्चित मापदण्ड तोक्न सक्ने र यसरी मापदण्ड तोक्दा संघीय सरकारले सापेक्षिक रुपमा समान जनसंख्या, भौगोलिक तथा प्रशासनिक अनुकूलता, जनसंख्याको घनत्व, यातायातको सुविधा, प्राकृतिक स्रोत र साधनको अवस्थिति र सम्बन्धित क्षेत्रका बासिन्दाको सांस्कृतिक तथा सामुदायिक पक्षलाई ध्यान दिनु पर्ने हुन्छ । यसरी संघीय सरकारले तोकेको मापदण्डको आधारमा सम्बन्धित प्रादेशिक सरकारले स्थानीय तहको नाम, संख्या र क्षेत्र निर्धारण गर्न प्रदेश स्तरीय आयोग गठन गर्नु उपयुक्त हुने देखिन्छ । सो आयोगले  स्थानीय स्वायत्त शासन संचालन गर्न अनुकूल हुने गरी स्थानीय तहको सिमाङ्कन र नामाकरण गर्दा वर्तमान गाविस तथा नगरपालिकाको बनौटलाई पुनरावलोकन गरी अहिलेको गा.वि.स.हरुको संख्यालाई घटाउने र स्थानीय तहको गठनमा सकभर एकरुपता कायम गर्ने व्यवस्था उपयोगी र प्रभावकारी हुन्छ । स्थानीय तहको संख्या, सिमा र क्षेत्र निर्धारण संविधान बमोजिम प्रादेशिक सरकार गठन भएको मितिले एक वर्ष भित्र गरी सक्नु पर्ने व्यवस्था रहनु उपयुक्त हुन्छ । स्थानीय निकायको गठन नभए सम्मका लागि विद्यमान स्थानीय तहलाई नै कायम राख्नु पर्ने हुन्छ । स्थानीय तहको गठन, र संरचना सम्बन्धी अन्य व्यवस्था प्रादेशिक कानूनद्वारा निर्धारण गर्नु उपयुक्त हुन्छ । तर स्थानीय तहको संरचनागत व्यवस्था र अधिकारको सूची संविधानमा नै उल्लेख गरिनु पर्दछ । स्थानीय तह अन्तर्गत स्थानीय सरकारको रूपमा गाउँपालिका तथा नगरपालिका कायम गर्नु उपयुक्त हुन्छ ।

### ४.९. प्रदेशको संख्या र सीमाना

संघीय राज्य निर्माणका स्वायत्त र स्वशाशित प्रदेशको निर्माण जरुरी विषय हो । पहिचान र सामर्थ्यमा आधारित संघीय एकाइको निर्माणका लागि निम्न कुरामा विशेष ध्यान दिनुपर्ने हुन्छः

- भौगोलिक निरन्तरता र जातिगत सघनताका क्षेत्रहरुलाई मिलेसम्म एकै ठाउमा राख्ने ।
- भाषिक सघनताका क्षेत्रहरुलाई एकै ठाउमा राख्ने ।
- सांस्कृतिक सघनताका क्षेत्रलाई एकै ठाउँमा राख्ने ।
- क्षेत्रीय उत्पीडनलाई ख्याल गरी क्षेत्र निर्धारण बनाउने ।
- ऐतिहासिक तथा सामुदायिक विशेषतामा जोड दिने ।

यस अतिरिक्त आर्थिक सामर्थ्य र सम्भावना, प्राकृतिक स्रोत र साधानको उपलव्धता, प्रशासननिक सुगमतालाई आधारका रूपमा लिनुपर्ने हुन्छ । यस रूपमा अघि वढ्दा नेपाल राज्यलाई प्रमुख जातीय समूह र प्रमुख भाषिक समुह र कुनै न कुनै साँस्कृतिक समूहको कुनै न कुनै प्रदेशमा बाहुल्यता कायम हुने गरी प्रदेशको निर्माण हुने देखिन्छ । यसरी निर्माण गरिएका प्रदेशहरुमा कुनै एक भाषा क्षेत्रीय भाषाका रूपमा सरकारी कामकाजको भाषाका रूपमा प्रयोग हुनसक्ने अवस्था समेत प्रकट हुनेछ । यसरी बन्ने प्रदेश बहुजातीय, वहुभाषिक र बहुसाँस्कृतिक हुने कुरा स्वतः सिद्ध छ । समितिका सदस्यहरु र राजनीतिक

दलहरुबाट प्रस्तावित संघीय एकाइ (प्रदेश) को संख्या र सीमाना सम्बन्धमा समितिमा प्राप्त नक्शा तथा विवरणहरु अनुसूची - १४ दिइएको छ । प्रदेशको नाम, संख्या र सिमाना अनुसूची – १५ मा उल्लेख गरिएको छ ।

### ४.१० मिल्न सक्ने र छुट्टिन सक्ने अधिकार

संविधानले निर्धारण गरेको प्रक्रिया पूरा गरी प्रदेशहरु आपसमा मिल्न सक्ने र आपसमा अलग हुने सक्ने अधिकारको संवैधानिक व्यवस्था गरिनु पर्दछ । प्रदेशको आकारका सन्दर्भमा अहिले चलिरहेको वहस र भविष्यमा चल्न सक्ने वहसलाई समेत ध्यानमा राखेर त्यस प्रकारको व्यवस्था कायम गर्नु जरुरी भएको छ ।

यस संविधान वमोजिमका प्रदेशहरु एक आपसमा गाभिन तथा थप नयाँ प्रदेशको रुपमा निर्माण गर्न परेमा वा प्रादेशिक सिमानालाई एक आपसमा मिलाई हेरफेर गर्न परेमा सम्वन्धित प्रादेशिक व्यवस्थापिकाको दुई तिहाई वहुमतको निर्णय भई प्रादेशिक सरकारको सिफारिसलाई संघीय व्यवस्थापिकाको दुई तिहाई वहुमतले अनुमोदन गर्ने व्यवस्था रहन उपयुक्त देखिन्छ । संघीय व्यवस्थापिकामा दुई तिहाई बहुमत नपुगी अनुमोदन गर्न नसकेमा सम्बन्धित प्रदेशहरुमा जनमत संग्रह गर्न सकिने प्रावधान उपयुक्त हुने देखिन्छ । त्यसरी भएको जनमत संग्रहको निर्णय अनुसार संघीय व्यवस्थापिकाले संविधान संशोधन गर्नु पर्ने हुन्छ । जनमत संग्रहको निर्णय अनुसार ३ महिना भित्रमा संविधान संशोधन गर्नु पर्दछ ।

### ४.११. राजधानी

संघीय राजधानी संघीय सरकारले निर्णय गरेको स्थानमा रहने छ । संघीय राजधानी हेरफेर गर्नु पर्ने भएमा संघीय व्यवस्थापिकाको दुई तिहाई बहुमतद्वारा हेरफेर गर्न सकिने व्यवस्था गर्नु उपयुक्त हुन्छ ।

### ४.१२. प्रदेशको राजधानी

प्रदेशको राजधानी सम्बन्धित प्रदेशले निर्धारण गर्नु उपयुक्त हुने देखिन्छ । त्यसका लागि प्रदेश भित्रको प्रशासनिक सुगमता, भौतिक पूर्वाधारको स्थिति, प्रदेश भित्रका जनताको सहज पहुँच, प्रदेशका राजनीतिक र प्रशासनिक निकायहरु व्यवस्थित गर्न सकिने क्षमता, आर्थिक, सामाजिक, भौगोलिक, प्रशासनिक एवं भौतिक पूर्वाधार तथा विकास र विस्तारको सम्भावनालाई आधार बनाउनु पर्ने हुन्छ ।

प्रादेशिक राजधानी रहने स्थान निर्धारणको विषय सम्बन्धित प्रदेशको क्षेत्र भित्र पर्ने विषय भए पनि प्रादेशिक व्यवस्थापिकाको गठन नभए सम्म प्रादेशिक राजधानी निर्धारण गर्नु पर्ने हुँदा संक्रमणकालिन व्यवस्थाका लागि प्रस्तावित प्रदेशको प्रस्तावित राजधानी अनुसूची – १५ मा उल्लेख गरिएको छ । यसरी निर्धारण गरिएको राजधानी रहने स्थान सम्बन्धित प्रदेशको आर्थिक, सामाजिक, भौगोलिक, प्रशासनिक एव भौतिक पूर्वाधार तथा विकास र विस्तारका संभावनालाई ध्यानमा राखि हेरफेर तथा परिवर्तन गर्न सक्ने र प्रादेशिक राजधानीको स्थान हेरफेर गर्ने कार्यविधि र प्रक्रिया बारेमा प्रादेशिक व्यवस्थापिकाले निर्धारण गर्नु उपयुक्त हुन्छ ।

# परिच्छेद - पाँच

## ५. संघीय एकाइको नामकरणका आधार

### ५.१. नाम छनौटका आधारहरु

नेपाल एकात्मक एवं केन्द्रीकृत शासन प्रणालीबाट संघीयतामा रुपान्तरण हुँदा त्यस्तो संघीय एकाइको नाम के राख्ने, नामकरणको आधार के लाई मान्ने भन्ने मूल प्रश्नको रूपमा रहेको छ । तसर्थ नाम छनौटको लागि देहायका कुराहरुलाई आधार लिन सकिने देखिन्छ ।

५.१.१. जातीय, सामुदायिक, भाषिक, ऐतिहासिक पृष्ठभूमि र सांस्कृतिक पहिचान

जाति/समुदाय र संस्कृतिले जुन क्षेत्रको पहिचान दिदै आएको छ र शदियौं देखि निरन्तर बसोबास गर्दै आई हालसम्म पनि सघन रूपमा बाहूल्य कायम राख्दै आएको प्रदेशहरुको नामकरण गर्दा पहिचानको मागलाई सम्बोधन गर्नु पर्ने हुन्छ । भाषाको बहुमत हुने स्थानमा भाषिक आधारमा संघीय एकाइको नामकरण गर्न सकिन्छ । त्यसैगरी जातिय र भाषिक बाहुल्य नभएको बहु सांस्कृतिक, बहु भाषिक ऐतिहासिक एवं सांस्कृतिक महत्वका स्थानको आधारमा नामकरण गर्न सकिने अवस्था रहन्छ ।

५.१.२. भौगोलिक र प्राकृतिक विशेषता

नेपाल बहुभाषिक, बहुसांस्कृतिक, बहुजातीय देश भएकोले कुनै एक भाषा, वा संस्कृतिको बहुमत रहेको पाइदैन । तसर्थ संघीय एकाइको नामकरणको लागि कुनै एक भाषा वा एउटा मात्र आधार हुन सक्ने अवस्था देखिदैन । जहाँ त्यस्तो स्थिती देखिन्छ त्यस्ता संघीय एकाइहरुको नामाकरण भौगोलिक वा प्राकृतिक विशेषताको आधारमा गर्न सकिने देखिन्छ ।

५.१.३. सवैलाई मनपर्ने वा कसैलाई चित्त नदुख्ने छनौट

एउटा संघीय एकाइमा बसोबास गर्ने जनसमुदायलाई स्वीकार्य वा साझा नाम नामकरण गर्न पहिलो प्राथमिकता दिनु पर्ने हुन्छ । एउटै नाम सबैलाई स्वीकार नहुने अवस्थामा कसैलाई चित्त नदुख्ने नामको विकल्प खोज्न सकिने अवस्था हुन्छ । साथै उत्पीडित जातिको भाषालाई समेत आधार लिन सकिन्छ ।

जनताको सुझाव संकलन गर्ने क्रममा समितिले तयार गरेको प्रश्नावलीमा उल्लेखित निम्न लिखित आधारहरुलाई समेत संघीय एकाइको नामकरणका आधारको रूपमा प्रस्तावित गरिएकोले प्राप्त सुझावका आधारमा नामकरणको आधार निर्धारण गर्न सकिन्छ ।

- जाति
- धार्मिक स्थल
- सांस्कृतिक पहिचान
- राष्ट्रिय विभूति
- भाषा
- भूगोल
- हिमाली चुचुरा
- नदी नाला
- ऐतिहासिक स्थल
- क्षेत्रीय पहिचान

त्यसैगरी परम्परागत रूपमा अबलम्बन गरिएका नाम, क्षेत्र र राष्ट्रलाई एकात्मक भावना जगाउने नाम, क्षेत्रका जनताको पहिचान र स्वामित्वलाई जनाउने नाम तथा विशिष्ट स्थानलाई समेत नामकरणको आधार बनाउन सकिन्छ ।

### ५.२.अन्तर्राष्ट्रिय प्रचलन र अभ्यास

संघीय एकाइहरुको नामकरणको लागि विभिन्न मुलुकहरुले कुनै निश्चित आधार अपनाएका पाइदैन । संघीय एकाइहरुको नामकरणको लागि प्राकृतिक सम्पदा, भाषा, धर्म, आदिलाई आधार लिने गरेको पाइन्छ ।

**स्वीटजरल्याण्ड** चारवटा भाषा, दुईवटा धर्म र एउटा पर्वतीय क्षेत्रको आधारमा २० वटा पूर्ण क्यान्टोन र ६ वटा अर्धक्यान्टोनहरुमा विभाजित भएको छ । ती मध्ये धैरै जसो एक भाषिक तथा प्रोटेस्टेन्ट तथा क्याथोलिक धर्मावलम्वी जनताहरुको बहुमतको आधारमा विभक्त भएका छन ।

**वेल्जियम** सांस्कृतिक आधारमा विभिन्न संघमा विभाजित भएको पाइन्छ । यद्यपि व्रसेल्स वाहेक अन्य राज्यहरुको विभाजनमा भाषिक पृथकतालाई पनि आधार लिएको पाइन्छ । वेल्जियममा तीन वटा क्षेत्र

(Regions) रहेका छन् । जसमा Walloon, Flemish र Brussels पर्दछन् । Brussels Region मा चारवटा भाषिक राज्य रहेका छन् । जसमा French Speaking, Dutch Speaking, Bilingual Region of Brussels र German Speaking Region पर्दछन् ।

**इथियोपिया**ले पूर्णरूपमा जातिगत आधारमा नामकरण गरेको देखिन्छ ।

**नाईजेरिया**ले जातिगत, धार्मिक र भाषिक आधारमा ३६ वटा संघीय एकाइको नामकरण गरेको पाइन्छ ।

**दक्षिण अफ्रिका**मा ९ वटा प्रान्तको नाम Eastern Cape, Free state, Gauteng, Kwajalu-Natal, Mpumalanga, Northern Cape, Northen Province, North west र Weastern cape रहेको छ ।

**भारत**मा राज्यहरुको नाम आन्ध्र प्रदेश, असाम, विहार, छत्तिसगढ, गोवा, गुजरात, हरियाणा, केरला, मध्य प्रदेश, तमिलनादु, कर्नाटक, उडिसा, पन्जाब, राजस्थान, झारखण्ड, उत्तर प्रदेश, पश्चिम बंगाल, जम्बु कश्मिर, नागाल्याण्ड, हिमाचल प्रदेश, मणिपुर, मिजोरम, मेघालय, त्रिपुरा, सिक्किम, अरुणाञ्चल प्रदेश, दिल्ली, उत्तराञ्चल, पाण्डेचरी नामकरण गरिएको छ ।

**जर्मनी**मा संघीय एकाइहरुलाई ल्याण्डर भनिन्छ । जसमा Baden, Wurttemberg, Bavaria, Berlin, Brandenbug, Bremen, Hamburg, Hesse, Lower Saxony, Mecklenburg-Western, Pomerania, North Rhine-Westphalia, Rhineland-Palatinate, Saarland, Saxony, Saxon-Anahalt, Schleswig-Holstein and Thuringa रहेको छन् ।

### ५.३. राजनीतिक दलबाट प्रस्तावित नामहरु

संघीय एकाइको नामकरणका सम्वन्धमा राजनैतिक दलको घोषणापत्र र दलहरुले संविधानसभाको, संवैधानिक समितिमा पेश गरेको अवधारणापत्र अध्ययन गर्दा सवै राजनैतिक दलहरुले यस विषयमा आफनो स्पष्ट धारणा उजागर गरेको देखिदैन । केही दलहरुको घोषणा पत्र र प्रतिवद्धता पत्र तथा संवैधानिक समितिमा पेश गरेको दलिय अवधारणाको आधारमा प्रस्ताव गरेको संघीय एकाइहरुको नाम अनुसूची - १० उल्लेख गरिएको छ ।

### ५.४. विद्वानहरु/लेखकहरुद्वारा प्रस्तावित नाम

अनुसूची - ११ मा उल्लेख गरिएको छ ।

### ५.५. नामकरणका सम्बन्धमा सरोकारवालाको चासो

संघीय एकाइ वा प्रदेशको नामकरणका सम्वन्धमा विभिन्न प्रस्तावहरु पेश भएको पाइन्छ । ती मध्ये कतिपयले प्रदेशको नामकरण जातीय, भाषिक र सांस्कृतिक हिसावले खास समुदायलाई लक्षित गरेर राख्नु पर्ने मान्यता अघि सारेका छन भने कतिपयले प्रदेशको निर्माणमा उपरोक्त पक्षको प्रभाव रहने भएतापनि नामकरणमा सामुहिकता हुनु पर्ने धारणा राखेको पाइन्छ । जातीय, भाषिक र सांस्कृतिक हिसावले नामकरण गर्ने प्रस्तावित नामहरुमा पूर्वको पहाडि भेकमा वसोवास गर्ने राई र लिम्वु जातिलाई लक्षित गरेर लिम्वुवान, खम्वुवान, किरात, याक्थुम, तामाङको वाहुल्य भएको प्रदेशमा ताम्सालिङ, सेसान्त, नेवारको बाहुल्य भएको प्रदेशलाई नेवाः प्रदेश, नेपाल मण्डल, तराईका सन्दर्भमा मधेस, भोजपुरी, मिथिला, कोचिला अवधि, थारु, थरुवान र थरुहट, गुरुङ जातिको बाहुल्यता भएको ठाउलाई तमुवान, तमुगण्डक, मगरहरुको बाहुल्यता रहेको प्रदेशलाई मगर गण्डक र मगरात प्रदेश नामकरण गरिएको पाइन्छ । तर केहि ले भने मगर र गुरुङ्गको वाहुल्यताको क्षेत्रलाई एकै ठाउमा राखेर तमु मगरात उल्लेख गरेको पाइन्छ । भेरी, सेती, महाकाली र कर्णाली क्षेत्रमा खसहरुको बाहुल्य रहेको हुँदा सो क्षेत्रका लागि कतिपयले खसान र जडान जस्ता शव्दहरुको समेत प्रयोग गरेको पाइन्छ भने कर्णाली क्षेत्रलाई स्वायत्त कर्णाली प्रदेश नामाकरण गरेको पाइन्छ ।

त्यसैगरी नागरिक समाजको तर्फबाट प्राप्त सुझावमा संघीय एकाइको नामकरणको लागि प्राकृतिक सम्पदा, भाषा, धर्म र जातिलाई आधार लिनु पर्ने उल्लेख भएको पाइन्छ ।

संघीय एकाइको नामकरणको सम्वन्धमा विभिन्न राजनैतिक दल तथा व्यक्तिहरुले जे जस्तो प्रस्ताव गरेको भएतापनि यसबाट कुनै पनि वर्ग, जात, धर्म, संस्कृति वा कुनै खास जाति विशेषको भावनात्मक सम्बन्धमा असर पार्नु हुन्न भन्ने कुरामा सवैको एकमत रहेको पाइन्छ । प्रदेशको नामकरण गर्दा त्यस क्षेत्रमा वसोवास गर्ने जाति, जनजाति, समुदाय, भाषा, संस्कृतिको सम्मान गर्दै उनीहरुको आकांक्षा अनुरुप मान्य हुने गरी नामकरण गर्न उपयुक्त हुने देखिन्छ ।

## ५.६. नामकरणका सम्बन्धमा नेपालको विगतको अनुभव

नेपालको वर्तमान स्वरुप अनुसारको १४ अञ्चलको नामकरणको आधार प्राकृतिक एवं ऐतिहासिक स्थलमा आधारित भएको पाइन्छ । १४ अञ्चलहरु मध्ये १० वटा नदीको नाम, २ वटा हिमालको नाम र २ वटा ऐतिहासिक तथा धार्मिक स्थलको नामबाट नामकरण भएको पाइन्छ । त्यसैगरी देशलाई ५ विकास क्षेत्रमा विभाजन गरी तिनीहरुको नामकरण भने देशको अवस्थितिको आधार लिई पूर्वाञ्चल, मध्यमाञ्चल, पश्चिमाञ्चल, मध्य पश्चिमाञ्चल र सुदुर पश्चिमाञ्चल राखिएको छ । हाल जिल्ला, न.पा., गा.वि.स. का नामहरु पनि कुनै एउटा आधारमा नामकरण नभएको, ती नामहरुले जनमानसमा एउटा भावनात्मक सम्बन्ध समेत गाँसी सकेको अवस्था छ ।

## ५.७. नामकरण गर्दा ध्यान दिनुपर्ने आधारहरु

नेपालको भौगोलिक र जनसंख्याको वितरणलाई हेर्दा केही क्षेत्रमा कुनै जातिको बसोबास सघन र बाहुल्यको अवस्थामा रहेको छ भने कतिपय क्षेत्रमा रहेको पाइदैन । यसैगरी कतिपय क्षेत्रमा जातीय बसोबासको स्थितिमा कुनै पनि जातिको बाहुल्यता नभई मिश्रित एवं विविधता रहेको छ । तसर्थ जातीय वा समुदायको बसोबासको सघनता र बाहुल्यता रहेको क्षेत्रमा संघीय एकाइको नामकरण गर्दा पहिचानको मागलाई ध्यान दिनु पर्ने देखिन्छ । कुनै एउटा भाषाको बाहुल्य रहेको क्षेत्रमा भाषिक आधारमा तथा कुनै पनि जाति र भाषाको बाहुल्यता नभएको क्षेत्रमा धेरै विकल्पहरु रहने देखिन्छ र कसैलाई मन नदुख्ने नाम राख्ने सम्भावना धेरै रहन्छ । संरचनागत विभेदमा पारिएका दलित, जनजाति, अल्पसंख्यक, मुस्लिम लगायत साझा जीवन पद्धतिको रूपमा विकसित भएको पहिचानयुक्त समुदायलाई पनि ध्यान दिनु पर्ने देखिन्छ ।

## ५.८. नाम परिवर्तन गर्न सकिने संवैधानिक प्रावधान

प्रदेशको नाम हेरफेर गर्ने विषय प्रदेशको विषय हुने भएता पनि प्रदेशको नाम र सिमाना संविधानमा नै उल्लेख हुने भएकोले संविधानमा संशोधन गरी नामाकरण गरिएको प्रदेशको नाम हेरफेर गर्न सकिन्छ । यसरी प्रदेशको नाम हेरफेर गर्नु परेमा सम्बन्धित प्रदेशको प्रादेशिक व्यवस्थापिकाको दुई तिहाई वहुमतको निर्णय भई प्रादेशिक सरकारको सिफारिसमा संघीय व्यवस्थापिकाको दुई तिहाई वहुमतले अनुमोदन गर्नु पर्ने व्यवस्था रहन उपयुक्त हुने देखिन्छ ।

प्रदेशको नाम हेरफेर गर्ने विषयमा संघीय व्यवस्थापिकाको दुई तिहाई वहुमत कायम हुन नसकेमा सम्बन्धित प्रदेशको व्यवस्थापिकाले आवश्यक ठानेमा जनमत संग्रह गर्न सक्ने प्रावधान रहनु उपयुक्त हुन्छ । यसबाट जनताको विचार र मतको कदर हुने देखिन्छ । यसरी भएको जनमत संग्रहको निर्णय अनुसार संघीय व्यवस्थापिकाले संविधान संशोधन गर्नु पर्ने हुन्छ ।

संघीय व्यवस्थापिकाको दुई तिहाई बहुमतले अनुमोदन गर्ने र जनमत संग्रह गर्ने लगायत अन्य व्यवस्था कानूनद्वारा निर्धारण गर्न उपयुक्त हुने हुदाँ यसका लागि संघीय व्यवस्थापिकाले कानूनद्वारा निर्धारण गरे बमोजिम हुने व्यवस्था रहनु पर्ने आवश्यकता हुन्छ ।

# परिच्छेद - छ

## ६. संघीय एकाइका सरकार वीच अधिकारको बाँडफाँड

### ६.१. विभिन्न तहका संघीय एकाइका सरकार वीच विधायिकी, कार्यकारिणी र न्यायिक अधिकारको बाँडफाँड

संविधानमा रहने तहगत सरकारका (संघ, प्रदेश र स्थानीय तह) वीच अधिकारको बाँडफाँड स्पष्ट रुपमा गरिन्छ । यसरी अधिकारको बाँडफाँड गर्नुको मुख्य उद्देश्य विभिन्न तहका सरकारले आ-आफ्नो भूमिका र जिम्मेवारी सहज किसिमले वहन गर्न सकुन् भन्ने हो । त्यस्ता अधिकारहरुमा मूलतः विधायिकी, कार्यकारिणी र न्यायिक अधिकारहरु पर्दछन् । संघीय संरचनामा अधिकारको सूची मार्फत् राज्य शक्तिको बाँडफाँड गर्ने अभ्यास रहेको पाइन्छ ।

#### ६.१.१. विधायिकी अधिकारको बाँडफाँडः

संघीय संरचनामा सरकारका तहहरुलाई कानून बनाउने विधायिकी अधिकार संविधानमा नै राखिनु अनिवार्य मानिन्छ । यसले तहगत सरकारको स्वायत्ततालाई प्रत्याभूत गर्दछ । के कस्तो विषयमा कून तहले कानून बनाउन पाउने भन्ने कूराको बाँडफाँडको लागि अधिकारको सूची संविधानमा राख्ने र सो सूचीमा रहेका विषयमा तत्तत् तहलाई विधायिकी अधिकार रहन्छ । विधायिकी अधिकार अन्तर्गत नयाँ कानून निर्माण गर्ने, भै रहेको कानून संशोधन गर्ने, खारेज गर्ने लगायतका विषयहरु पर्दछन् । संघीय (केन्द्रीय) सूचीमा पर्ने विषयहरुमा संघीय व्यवस्थापिकालाई, प्रादेशिक सूचीमा पर्ने विषयहरुमा प्रदेशको व्यवस्थापिकालाई, साझा सूचीमा परेको विषयमा दुवै तहको व्यवस्थापिकालाई कानून बनाउने अधिकार रहन्छ । स्थानीय तह र विशेष संरचना अन्तर्गत निर्माण हुने क्षेत्रहरुलाई पनि संविधानले निश्चित गरेको सीमा तथा प्रादेशिक तहको कानूनका अधीनमा रही नियम वा विनियम बनाउने अधिकार रहन्छ । विधायिकी अधिकारको प्रयोग तथा कार्यविधि सम्बन्धी विषय संविधानसभाको व्यवस्थापिकीय अंगको स्वरूप निर्धारण समितिको कार्यक्षेत्र भित्र पर्दछ ।

#### ६.१.२. कार्यकारिणी अधिकारको बाँडफाँड

संघीय संरचनामा कार्यकारिणी अधिकारको बाँडफाँड महत्वपूर्ण विषय मानिन्छ र यसको उद्देश्य जवाफदेही सरकारको निर्माण गर्नु हो । कार्यकारिणी अधिकारको सम्बन्ध अधिकारको सूचीमा नै वढी मात्रामा सम्बन्धित हुन्छ । जुन विषय सम्बन्धित एकाइको अधिकार क्षेत्रभित्र पर्दछ त्यो सँग सम्बन्धित विषयमा सम्बन्धित एकाइलाई कार्यकारिणी अधिकार रहन्छ । संघीय सूचीमा पर्ने विषयमा संघलाई, प्रदेशको सूचीमा पर्ने विषयमा प्रदेशलाई, विशेष संरचना अन्तर्गतका क्षेत्रहरु र स्थानीय तहलाई संविधानमा सूचीकृत गरिएका विषयमा प्रादेशिक कानूनले व्यवस्थित गरे अनुसार कार्यकारिणी अधिकार रहन्छ । यस अन्तर्गत सामान्यतया शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र संचालन गर्ने, कानून व्यवस्था कायम गर्ने, प्रशासनिक संरचना निर्माण गर्ने, त्यसका लागि आर्थिक, मानवीय स्रोतको व्यवस्थापन गर्ने, सुशासन कायम गर्ने, कानूनको कार्यान्वयन गर्ने जस्ता विषयहरु पर्दछन् । विभिन्न तहमा कार्यकारिणी अधिकारको बाँडफाँडको विषय संविधानसभाको शासकीय स्वरुप निर्धारण समितिको कार्य क्षेत्र भित्र समेत पर्ने देखिन्छ ।

#### ६.१.३. न्यायिक अधिकारको बाँडफाँड

संघीय प्रणालीमा विभिन्न तहका सरकार वीच न्यायिक अधिकारको बाँडफाँड महत्वपूर्ण मानिन्छ । न्यायिक अधिकारको बाँडफाँड मूलतः संघीय प्रणाली भित्र निर्माण हुने न्यायिक निकायको संरचनाको बनोटसंग सम्बन्धित हुन्छ । न्यायिक अधिकार मूलतः न्यायिक निकाय अर्थात् अदालतमा रहने हुन्छ । अदालतको क्षेत्राधिकार र तहगत संरचनाको आधारमा न्यायिक शक्तिको प्रयोग गरिन्छ । न्यायिक अधिकार अन्तर्गत कानून र न्यायसंग सम्बन्धित विषय तथा विवादहरुको निरोपण गरी न्याय प्रदान गर्ने कार्य पर्दछ ।

संघ (केन्द्र) र प्रदेश (संघीय एकाइ) वीच, प्रदेश प्रदेश वीच, प्रदेश र विशेष संरचना अन्तर्गतका क्षेत्रहरु वीच र प्रदेश र स्थानीय तह वीच संविधान र संविधानद्वारा प्रद्धत अधिकारको प्रयोग र पालना गर्ने विषयमा वा संवैधानिक व्याख्याको विषयमा कुनै विवाद उत्पन्न भएमा त्यस्तो विवादको न्यायिक समाधानको लागि छुट्टै संवैधानिक अदालतको स्थापना गरिनु उपयुक्त हुने प्रस्ताव गरिएको सन्दर्भमा त्यस्ता विवाद हेर्ने न्यायिक अधिकार संवैधानिक अदालतमा निहित रहन्छ । यसका साथै संघ, प्रदेश, विशेष संरचना र स्थानीय तह को अधिकारको सूची भित्र पर्ने विषयहरुमा तत्तत् तहलाई कानून निर्माण गर्ने क्षेत्रमा अधिकार रहने हुदाँ कानूनले अधिकार दिएको विषयमा सम्बन्धित तहलाई न्याय सम्बन्धी अधिकार रहने हुन्छ । संघीय सूचीमा सूचीकृत गरिएका विषयमा संघीय तहको न्यायपालिकालाई न्यायिक

अधिकार निहित रहेको मानिन्छ भने प्रादेशिक सूचीमा पर्ने विषयमा प्रदेशलाई न्यायिक अधिकार निहित रहेको मानिन्छ । विशेष संरचना अन्तर्गत स्थापना हुने क्षेत्रहरु र स्थानीय तहलाई संविधानले उल्लेख गरेको सूचीको आधारमा प्रादेशिक कानूनले अधिकार प्रदान गरेको विषयमा न्यायिक अधिकार रहने हुन्छ । न्यायपालिकाको संरचना र क्षेत्राधिकारको विषय संविधानसभाको न्यायप्रणाली सम्बन्धी समितिको कार्यक्षेत्र भित्र पर्ने भएकोले यस सम्बन्धमा सो समितिको प्रतिवेदनमा विस्तृत उल्लेख हुने देखिन्छ ।

## ६.२. विभिन्न तहका संघीय एकाइको अधिकार क्षेत्र सम्बन्धी विषय सूची र साझा विषय सूचीको निर्धारण

संघीय संविधानले सरकारका तहहरु वीच कार्यकारिणी, विधायिकी र न्यायिक अधिकारको स्पष्ट विभाजन गर्दछ । संघीय सरकारलाई कुन कुन अधिकार दिने र संघीय एकाइहरुले कुन कुन अधिकार पाउने भन्ने कुरा नै अधिकारको बाँडफाँड भित्र पर्दछ । अधिकारको बाँडफांड संघीयताको संरचना कस्तो प्रकृतिको अवलम्वन गर्ने भन्ने कुरामा धेरै हदसम्म निर्भर हुन्छ । संघीयता अपनाएका देशहरुको अभ्यासलाई हेर्दा अधिकारको बाँडफाँड सूची प्रणालीको आधारमा गर्ने गरेको देखिन्छ । कतिपय देशहरुमा केन्द्र र प्रदेश दुवैको सूची र दुवैको साझा सूचीको आधारमा वांडफांड गर्ने गरेको पाइन्छ भने कतिपय देशहरुमा केही निश्चित अधिकारहरु सूचीको आधारमा केन्द्र वा प्रदेशमा रहने व्यवस्था गरी सूचीकृत नभएका बाँकी अधिकार केन्द्र वा प्रदेश मध्ये कुनै एकमा रहने व्यवस्था गरेको पाइन्छ ।

संघीय एकाइहरु वीच राज्यशक्तिको बाँडफाँड गर्दा समान आधार कायम गर्न नसकिने अवस्था पनि हुन सक्तछ । किनकी एउटा संघमा संघीय एकाइहरु स्पष्टरूपमा समान हुन नसक्ने, तिनीहरुको सम्पति र आकार फरक फरक हुने, एकाइको विभाजन प्राविधिक रूपमा नभएर राजनैतिक सहमतिको आधारबाट कायम गरिनु पर्ने जस्ता कारणले एकाइहरु वीचको अधिकारको बाँडफाँड असमान हुन जाने अवस्था रहन सक्तछ । तर परराष्ट्र नीति, राष्ट्रिय सुरक्षा, मुद्रा, अन्तर्राष्ट्रिय व्यापार जस्ता केही निश्चित अधिकारहरु सधैजसो केन्द्रीय सरकारमा रहन्छन् । केन्द्रीय सरकारसंग यस्ता अधिकार रहनुको पछाडि अन्तर्राष्ट्रिय स्तरमा अन्य राष्ट्र र अन्तर्राष्ट्रिय संगठनहरुसंग सम्वन्ध राख्नु पर्ने, राष्ट्रिय महत्वका विषयमा सवै एकाइहरुलाई समन्वय गर्नुपर्ने, राष्ट्रिय सुरक्षालाई प्रवल बनाई राष्ट्रिय अखण्डता कायम राख्नु पर्ने जस्ता कारणहरु पर्न आउछन् ।

वास्तवमा केन्द्र र प्रदेश बीच अधिकारको बाँडफाँड गर्ने विषयमा कुनै निश्चित सूत्र अपनाउन सकिदैन । राज्यशक्तिको बाँडफाँड विभिन्न संघीय एकाइमा गठन हुने सरकारको क्षमतामा भर पर्दछ । केन्द्र र प्रदेशले प्रयोग गर्न पाउने गरी अधिकारको सूची तयार गर्ने प्रचलनमा पनि परिवर्तन भई कतिपय अधिकारहरु केन्द्र र एकाइले एकैसाथ (Concurrently) प्रयोग गर्न पाउने गरी साझा सूची वनाउने प्रणालीको पनि विकास भएको पाइन्छ । यस अन्तरगत कृषि, शिक्षा, स्वास्थ्य, निर्माण, उर्जा, यातायात एवं वातावरणका विषयहरु पर्न आउछन । सामान्यतया अधिकारको बाँडफाँड गर्दा केही अधिकार केन्द्र र संघीय एकाइलाई एकलौटी रूपमा प्रयोग गर्न पाउने गरी र केही अधिकार दुवैले साझारूपमा प्रयोग गर्न पाउने गरी निर्धारित गरिन्छ । यस पद्धति अनुसार केन्द्र, प्रदेश र केन्द्र तथा प्रदेशले एकैसाथ प्रयोग गर्न पाउने अधिकार भनि तीनवटा सूचीको निर्माण गर्नु पर्ने हुन्छ ।

सामान्यतः असमष्टीकरणको पद्धतिद्वारा निर्माण भएको संघीय मुलुकमा केन्द्रको अधिकार राज्यलाई प्रत्यायोजन गरिएको जस्तो हुन्छ भने समष्टीकरणको पद्धति अनुसार निर्माण भएको संघीय मुलुकमा राज्यले आफ्नो केही अधिकार संघीय सरकारलाई सुम्पिएको जस्तो हुन्छ । तर नेपाल एकात्मक शासन प्रणालीबाट संघीय प्रणालीमा जान लागेको हुँदा हुँदै पनि यहाँ २४० वर्षदेखि राजतन्त्रात्मक सामन्ती एकात्मक शासन प्रणाली अपनाइएको हुँदा एक भाषा, एक धर्म, एक संस्कृति र एक जातिको थिचोमिचोको स्थिति रहँदै आयो । तर त्यो थिचोमिचो कुनै एक जातिको बलपूर्ण थिचोमिचो नभएर सामन्ती राजतन्त्रको शक्तिलाई बलियो बनाउने उद्देश्यका साथ कायम गरिएको थियो । २०४६ साल भन्दा अगाडी भएका विभिन्न आन्दोलन, २०४६ सालको जनआन्दोलन, माओवादी जनयुद्ध, ०६२/६३ सालको जनआन्दोलन तथा मधेस (तराई) आन्दोलन पश्चात नेपाली जनतामा एक किसिमको जागरण पैदा भयो । त्यही जागरणले नेपाललाई संघीयतामा जानुपर्ने परिस्थिति बनाएको हो । यस यथार्थलाई ख्याल गर्दै नेपाललाई संघीय प्रणालीमा लैजान सर्वप्रथम नेपालको राष्ट्रिय अखण्डतालाई ध्यान दिन जरुरी छ भने त्यसै गरी सबै जाति, भाषाभाषी, संस्कृति र धार्मिक सम्प्रदायहरुको बीचमा सदभावपूर्ण सम्बन्धको विकास गर्न पनि जरुरी छ । यस हिसाबले नेपालको संघीय प्रणाली स्थापना गर्दा संघीय सरकारलाई बलियो बनाउने तथा प्रादेशिक सरकारलाई अधिकार सम्पन्न बनाउने उद्देश्यका साथ राज्य शक्तिको बाँडफाँड गर्न आवश्यक छ ।

### ६.२.१. संघको अधिकारको सूची

संघीय एकाइको निर्माण भएपछि एकात्मक र केन्द्रीकृतरूपमा रहेको राज्य शक्ति विभिन्न प्रदेश तथा संघीय एकाइमा विभाजित हुन पुग्दछ । यसरी शक्ति विभाजन गर्ने क्रममा संघीय प्रणाली अपनाएका मुलुकहरुले अधिकारको सूची बनाई अधिकारको बाँडफाँड गरेको पाइन्छ ।

संघीय व्यवस्थामा सामान्यतः राष्ट्रिय महत्वका विषयहरु केन्द्रलाई दिनुपर्ने मान्यता रहेको पाइन्छ । देशको राष्ट्रिय एकता र अखण्डतालाई सुरक्षित गर्नु पर्ने र अन्तर्राष्ट्रिय जगतमा पूरै राष्ट्रको प्रतिनिधित्व गर्नु पर्ने हुदा त्यस्ता विषयहरु संघीय (केन्द्रीय) अधिकार क्षेत्र भित्र राखिनु पर्ने आवश्यकता पर्दछ । संघीय (केन्द्रीय) सूची अन्तर्गत पर्ने विषयहरुमा संघ (केन्द्र) लाई कानून बनाउने अधिकार रहन्छ र त्यस्ता कानूनहरु सवै संघीय एकाइ (प्रदेश) हरुमा लागु हुने हुनाले त्यस्ता संघीय एकाइहरुले उक्त कानूनको पालना गर्नु पर्ने हुन्छ ।

### ६.२.१.१. संघको अधिकार सूची सम्बन्धमा अन्तर्राष्ट्रिय अभ्यास

संघीय सरकारको अधिकार संम्बन्धमा संघीय देशहरुको प्रचलनको अध्ययन गर्दा **संयुक्त राज्य अमेरिका**को संविधानले १८ विषयमा संघलाई अधिकार प्रदान गरेको पाइन्छ । जस अन्तरगत ऋण लिने, वैदेशिक व्यापार, अन्तरराष्ट्रिय सन्धि सम्झौता, कर लगाउने र उठाउने, मुद्रा, नापतौल, हुलाक, वौद्धिक सम्पत्ति, सर्वोच्च अदालत र अधिनस्थ अदालतको स्थापना, सामुन्द्रिक अपराध र राष्ट्र विरुद्धको अपराध परिभाषित गर्ने, रक्षा, युद्ध जस्ता विषयहरु समावेश गरिएको पाइन्छ ।

**अष्ट्रेलिया**मा ४० वटा विषयहरुमा केन्द्रलाई संविधानले अधिकार प्रदान गरेको देखिन्छ । जस अन्तर्गत अन्य देशहरु र राज्यहरु वीच व्यापार र वाणिज्य, कर प्रशासन, हुलाक, टेलिग्राफ, रक्षा, मुद्रा र बैकिङ्ग, तथ्याङ्क र विमा, नापतौल, वैदेशिक मामिला, प्रतिलिपि अधिकार, पेटेण्ड, डिजाइन तथा ट्रेडमार्कस्, विवाह, वैदेशिक निगम र रेलवे आदि पर्दछन् ।

**क्यानडा**मा ३० वटा विषय केन्द्र अन्तरगत रहने व्यवस्था गरेको देखिन्छ । जसमा विषयवस्तुको प्रकृति अनुसार ऋण लिने, रक्षा, वैदेशिक मामिला, हुलाक सेवा, मुद्रा, कर, व्यापार वाणिज्यको नियमन, जस्ता विषय समावेश गरेको पाइन्छ । यस्ता देशले केन्द्रको सर्वोच्चता कायम रहने सिद्धान्तलाई स्वीकार गरेको र केन्द्रलाई वलियो वनाउने एवं केन्द्र र प्रान्त वीच सहयोगात्मक भावनाले काम गर्ने सिद्धान्तलाई अगालिएको पाइन्छ ।

**दक्षिण अफ्रिका**को संविधानले राष्ट्रिय महत्वका विषयहरु केन्द्रमा रहने व्यवस्था गरेको देखिन्छ । जस अन्तर्गत राष्ट्रिय सुरक्षा, आर्थिक एकता, साझा वजारको संरक्षण जस्ता विषय पर्दछन् ।

**स्वीटजरल्याण्ड**मा केन्द्र (संघ) को क्षेत्र भित्र रक्षा, वैदेशिक सम्वन्ध, सेनाको प्रयोग, राष्ट्रिय राजमार्ग, आणविक उर्जा, हुलाक र दूरसञ्चार, मौद्रिक नीति, सामाजिक सुरक्षा र देवानी तथा फैाज्दारी कानून जस्ता विषय समावेश गरिएको पाइन्छ ।

**जर्मनी**मा संघीय सरकारको पूर्ण अधिकारको विषय अन्तर्गत वैदेशिक मामिला, प्रतिरक्षा, संघीय नागरिकता, राहदानी अध्यागमन र सुपुर्दगी, मुद्रा, नापतौल, भन्सार, मूल्य अभिबृद्धि कर, आयकर, यातायात कर, वाणिज्य, हुलाक तथा दूर सञ्चार, औद्योगिक सम्पत्ति र प्रतिलिपि अधिकार, संघ र राज्यहरु वीच समन्वय, तथ्याङ्क, संघीय जलमार्ग, हवाई यातायात तथा केही करका विषयहरु समेत गरी ११ वटा विषय पर्दछन् ।

**भारत**को संविधानको धारा २४६ (१) ले संघलाई ९७ विषयमा पूर्ण अधिकार प्रदान गरेको देखिन्छ । यस अन्तरगत रक्षा, सेना र तिनीहरुको परिचालन, आणविक उर्जा र खनिज स्रोतको उत्खनन, वैदेशिक सम्वन्ध, राष्ट्रिय राजमार्ग, वैदेशिक ऋण, केन्द्रीय वैंक, अन्तर्राष्ट्रिय व्यापार एवं वाणिज्य, युद्ध, रेलमार्ग, विमा, नापतौल, वौद्धिक सम्पति आदि पर्दछन ।

### ६.२.१.२ संघको अधिकार सूची सम्बन्धमा नेपालका राजनैतिक दलहरुको दृष्टिकोण

**नेकपा माओवादी**ले सीमा सुरक्षा, सैन्य व्यवस्थापन, वैदेशिक सम्बन्ध, अन्तर राज्य व्यापार, मौद्रिक नीति र केन्द्रीय बैंक, भन्सार राजश्व, ठूला जलविद्युत परियोजना, रेल्वे/हवाइ मार्ग, राष्ट्रिय मार्गहरु, केन्द्रीय विश्व विद्यालय र नाप तौलका विषय केन्द्रीय सरकारले प्रयोग गर्न पाउने अधिकारको रूपमा राख्नु पर्ने प्रस्ताव संविधानसभा निर्वाचनको घोषणापत्रमा गरेको देखिन्छ ।

**नेपाली कांग्रेस**ले पेश गरेको दलीय अवधारणापत्रमा परराष्ट्र सम्बन्ध, मुद्रा नीति, राष्ट्रिय सुरक्षा, प्रदेशहरु वीच समन्वय गर्नुपर्ने विषयहरु जस्तै हवाइ यातायात, राजमार्ग, ठूला जलविद्युत

लगायत राष्ट्रिय महत्वका आयोजनाहरु, भन्सार, मूल्य अभिबृद्धि कर (VAT), आयकर, अन्तशुल्क जस्ता करका विषय केन्द्र सरकारको अधिकारको रूपमा रहनु पर्ने प्रस्ताव गरेको देखिन्छ ।

**नेकपा एमालेले** राष्ट्रिय सुरक्षा, बैदेशिक सम्बन्ध, मौद्रिक नीति र केन्द्रीय बैंक, रेल्वे, हवाइ मार्ग, राष्ट्रिय राजमार्गहरु, केन्द्रीय, विश्वविद्यालय, मानव अधिकार र मौलिक हकको रक्षा, सर्वोच्च अदालत, भन्सार राजश्व, ठूला जलविद्युत, वहु प्रान्तिय योजनाको निर्माण, सम्पदाहरुको बाँडफाँड केन्द्रीय सरकारको अधिकारको विषयमा रहनु पर्ने प्रस्ताव गरेको देखिन्छ ।

**मधेशी जनाधिकार फोरमले** नेपालको राष्ट्रिय सुरक्षा, परराष्ट्र, मुद्रा, नीतिमूलक र केन्दीय सरोकारका विषयहरुको जिम्मेवारी केन्द्रमा रहनु पर्ने प्रस्ताव गरेको पाइन्छ ।

**राष्ट्रिय प्रजातन्त्र पार्टीले** पेश गरेको अवधारणापत्रमा देशको अर्थनीति, मौद्रिक नीति, परराष्ट्र नीति, राष्ट्रिय सुरक्षा, सार्वभौमसत्ता, वैदेशिक व्यापार, शिक्षा नीति, सञ्चार, वाणिज्य र राष्ट्रिय महत्वका विकास आयोजनाहरु र अन्तर राज्य सम्बन्धहरु केन्द्रीय सरकारको अधिकारको विषय हुनु पर्ने प्रस्ताव गरेको पाइन्छ ।

**नेकपा मालेले** रक्षा, परराष्ट्र सम्बन्ध, अर्थ, मौद्रिक, नीति, केन्द्रीय बैंक, केन्द्रीय विश्वविद्यालय, ठूला उद्योगधन्दा, ठूला जलविद्युत योजनाहरु, राष्ट्रिय राजमार्गहरु, राष्ट्रिय हवाइसेवा, केन्द्रीय हुलाक, रेडियो, दूरसञ्चार, रेल यातायात, केन्द्रीय विश्वविद्यालय, नागरिकता वितरण र नियमन, विशिष्ट सेवा प्रदायक अस्पतालहरु, केन्द्रीय सशस्त्र प्रहरी सम्वन्धी अधिकार केन्द्रीय सरकारको अधिनमा रहनु पर्ने उल्लेख गरेको पाइन्छ ।

**नेकपा (संयुक्त)ले** पेश गरेको अवधारणापत्रमा वैदेशिक सम्बन्ध तथा अन्तर्राष्ट्रिय सन्धि सम्झौता, सैन्य सेवा तथा राष्ट्रिय सुरक्षा, राष्ट्रिय सार्व भौमिकता, अखण्डता तथा सीमा सुरक्षा, अध्यागमन तथा अङगीकृत नागरीकता, संचार, हुलाक, राष्ट्रिय यातायात र रेल मार्ग, अन्तर्राष्ट्रिय व्यापार, वैदेशिक लगानी तथा सहयोग, संयुक्त लगानीको क्षेत्र, केन्द्रीय बैंक तथा मौद्रिक प्रणाली, केन्द्र सरकारको पूर्ण अधिकारको विषय हुनु पर्ने प्रस्ताव गरेको छ ।

**सद्भावना पार्टीले** पेश गरेको संविधानको अवधारणामा देशको सुरक्षा, मुद्रा, परराष्ट्र सम्बन्धी विषय केन्द्रको अधिकार क्षेत्र भित्र हुने प्रस्ताव गरेको देखिन्छ ।

**नेपाल मजदुर किसान पार्टीले** रक्षा, परराष्ट्र, यातायात, सञ्चार, मुद्रा, अन्तर्राष्ट्रिय व्यापार, विज्ञान र प्रविधि, हुलाक, भन्सार, राष्ट्रिय स्तरको वन र निकुञ्ज, ताल तलैया, नदी र पहाडहरु सम्वन्धी केन्द्रले प्रयोग गर्न पाउने अधिकार भनी प्रस्ताव गरेको देखिन्छ ।

**राष्ट्रिय जनमुक्ति पार्टीको** अवधारणापत्रमा परराष्ट्र, मुद्रा, सेना, मित्र राष्ट्रहरुसँग गरीने सन्धि सम्झौता वा पारवहन र वाणिज्य सम्झौता, हवाई तथा यातायात सेवा, हुलाक सेवा, केन्द्रीय बैंक, राष्ट्रिय सुरक्षा, ठूला उद्योग र आयोजना र सामरिक महत्वका उद्योगहरु केन्द्र सरकारको अधिकार अन्तर्गत रहनु पर्ने प्रस्ताव पेश गरेको छ ।

**ने.क.पा.एकिकृतले** परराष्ट्र सम्बन्ध, राष्ट्रिय सुरक्षा, मौद्रिक प्रणाली, भन्सार, ठूला उद्योग, अन्तर्राष्ट्रिय र अन्तरप्रादेशिक सीमा निर्धारणको अधिकार, अवशिष्ट अधिकार, राष्ट्रिय अन्तर्राष्ट्रिय महत्वका विषय, राष्ट्रिय रेलमार्ग र उड्ययन, विशेष राजश्व सञ्चालन सम्वन्धी केन्द्रले प्रयोग गर्न पाउने अधिकार भनि प्रस्ताव गरेको देखिन्छ ।

**नेपाल सदभावना पार्टी (आनन्ददेवी)ले** पेश गरेको अवधारणापत्रमा रक्षा, विदेश सम्बन्ध, Fiscal, Tax, अन्तर प्रादेशिक सम्बन्ध, प्राकृतिक स्रोत सुरक्षा र व्यवस्थापन, वातावरण, आर्थिक तथा सामाजिक विकास, मानव अधिकार, शिक्षा तथा स्वास्थ्य जस्ता अधिकार केन्द्रीय सरकारको अधिकार भित्र रहनु पर्ने प्रस्ताव गरेको छ ।

**समाजवादी प्रजातान्त्रिक जनता पार्टी नेपालले** पेश गरेको अवधारणापत्रमा वैदेशिक सम्बन्ध, वैदेशिक व्यापार, राष्ट्रिय सुरक्षा, नेपाली सेना, केन्द्रीय प्रहरी, मौद्रिक नीति, मुद्रा व्यवस्था तथा बैकिङ, अध्यागमन, हवाई सेवा, रेल यातायात, राष्ट्रिय राजमार्ग, अन्तर प्रादेशिक सडक, राष्ट्रिय यातायात व्यवस्थापन, दूरसञ्चार, अन्तर प्रदेश, द्वन्द्व, प्रविधि अनुसन्धान तथा विकास, ठूला जलविद्युत, हुलाक, केन्द्रीय तथ्याङ्क, औद्योगिक नीति, संस्थागत आयकर, मूल्य अभिबृद्धिकर, भन्सार, कार्बन कर, राहदानी शुल्क सम्बन्धी विषयहरु संघ अन्तर्गत रहने प्रस्ताव गरेको छ ।

**नेपाल परिवार दल**ले पेश गरेको अवधारणापत्रमा वैदेशिक सम्बन्ध, राष्ट्रिय सुरक्षा नीति, आर्थिक नीति, केन्द्रीय प्रहरी, केन्द्रीय बैंक, केन्द्रीय विश्वविद्यालय, राष्ट्रिय तथा प्रादेशिक रेल्वे हवाई स्थल मार्ग, आयोजनाहरु, केन्द्रीय तहबाट नियमित गरीनुपर्ने विषयवस्तुहरु, केन्द्रीय तथ्याङ्क, भन्सार राजस्व, मूल्य अभिबृद्धिकर, आय एवं अन्तशुल्क कर, भूमिसुधार तथा प्राकृतिक स्रोतका राष्ट्रिय नीति आदि केन्द्रीय व्यवस्थापन, संचालन र नियन्त्रण केन्द्रीय सरकारको अधिकार भित्र रहने प्रस्ताव गरेको छ ।

**नेपाःराष्ट्रिय पार्टी**को अवधारणापत्रमा केन्द्रीय सरकारको अधिकार भित्र परराष्ट्र मामिला, मुद्रा प्रणाली, रक्षा र प्रान्त र प्रदेशहरुवीच समन्वय र सन्तुलित विकास कार्य मात्र हुनु पर्ने प्रस्ताव गरेको छ ।

**चुरेभावर एकता पार्टी नेपाल**ले पेश गरेको अवधारणापत्रमा वैदेशिक सम्बन्ध, वैदेशिक व्यापार, राष्ट्रिय सुरक्षा, नेपाली सेना, केन्द्रीय प्रहरी, मौद्रिक नीति, मुद्रा व्यवस्था तथा बैकिङ, अध्यागमन, हवाई सेवा, रेल यातायात, राष्ट्रिय राजमार्ग, अन्तर प्रादेशिक सडक, राष्ट्रिय यातायात व्यवस्थापन, दूरसञ्चार, अन्तर प्रदेश, द्वन्द्व, प्रविधि अनुसन्धान तथा विकास, ठूला जलविद्युत, हुलाक, केन्द्रीय तथ्याङ्क, औद्योगिक नीति, संस्थागत आयकर, मूल्य अभिवृद्धिकर, भन्सार, कार्बन कर, राहदानी शुल्क सम्बन्धी विषयहरु संघ अन्तर्गत रहने प्रस्ताव गरेको छ ।

## ६.३. प्रदेश (संघीय एकाइ) को अधिकारको सूची

संघीय एकाइको निर्माण भएपछि राज्यशक्ति केन्द्रबाट प्रदेश एवम स्थानीय तहसम्म निक्षेपित हुने गर्दछ । त्यस्ता संघीय एकाइहरुलाई संविधानले नै केही निश्चित अधिकार प्रदान गरेको हुन्छ र संविधानद्वारा प्रदत्त विषयमा प्रदेशले कानून वनाउने सम्मको पूर्ण अधिकार (Exclusive power) प्राप्त गरेको हुन्छ जसमा केन्द्रले कुनै हस्तक्षेप गर्न सक्तैन । प्रदेश वा स्थानीय महत्वका विषयहरु प्राय प्रदेशको अधिकार क्षेत्र भित्र रहन्छ ।

### ६.३.१ प्रदेश (संघीय एकाइ) को अधिकारको सूची सम्बन्धमा अन्तर्राष्ट्रिय अभ्यास

**संयुक्त राज्य अमेरिका**मा केन्द्रलाई संविधानले सुनिश्चित गरेको विषय वाहेक अन्य विषयमा राज्यलाई नै अधिकार रहने व्यवस्था गरेको पाइन्छ । यसर्थ केन्द्रको सूचीमा परेका १८ वटा विषय वाहेक अन्य विषयमा राज्यहरु कानून बनाउन पूर्णरूपमा सक्षम छन् । यस्ता विषयमा मूलत शिक्षा, सार्वजनिक स्वास्थ्य, राजमार्ग, शान्तिव्यवस्था लगायतका विषयहरु पर्दछन् ।

**अष्ट्रेलिया**मा प्रान्तलाई शिक्षा, स्वास्थ्य, सडक र विकासका कार्य गर्ने अधिकार प्रदान गरेको पाइन्छ ।

**क्यानडा**मा १६ वटा विषयमा प्रान्तलाई पूर्ण अधिकार प्रदान गरेको पाइन्छ । जस अन्तर्गत सम्पति र नागरिक अधिकार, शिक्षा र स्वास्थ्य इत्यादि विषयहरु पर्दछन् ।

**दक्षिण अफ्रिका**मा प्रान्तले मात्रै प्रयोग गर्न पाउने विषयमा वातावरण, जनसंख्या व्यवस्थापन र विकास, सम्पति हस्तान्तरण, सार्वजनिक यातायात, योजना र विकास, सडक यातायात, भू-संरक्षण, पर्यटन, शहरी तथा ग्रामीण विकास आदि रहेको देखिन्छ ।

**जर्मनी**मा प्रान्तलाई शिक्षा, प्राकृतिक सम्पदाको संरक्षण र सम्वर्द्धन, भू-संरक्षण, प्रान्तीय विकास योजना, जल व्यवस्थापन, प्रेस र सञ्चार आदि विषयमा अधिकार प्रदान गरेको पाइन्छ ।

**स्वीटजरल्याण्ड** मा संघीय एकाइ (क्यान्टोन) को अधिकार क्षेत्र भित्र शिक्षा, संस्कृति, प्रहरी, स्थानीय सरकार, प्राकृतिक सम्पदाको संरक्षण, सार्वजनिक स्वास्थ्य, प्रान्तिय सडक र प्राकृतिक स्रोत लगायतका विषयहरु रहेका छन ।

**भारतको संविधान**मा राज्यको सूची उल्लेख गरी ती विषयमा राज्यहरुलाई पूर्ण अधिकार दिइएको देखिन्छ । राज्यको पूर्ण अधिकारमा परेका विषयमा केन्द्रले कुनै हस्तक्षेप गर्न सक्तैन । यस अन्तरगत सार्वजनिक व्यवस्था र शान्ति, प्रहरी, उच्च अदालत, राज्यको विषय भित्र पर्ने कानूनको उल्लघंनको अपराध, स्थानीय सरकार, सञ्चार, सडक, पुल, कृषि, शिक्षा, स्वास्थ्य, भुमिसुधार लगायत ६६ वटा विषयहरु समावेश गरेको पाइन्छ ।

### ६.३.२ प्रदेशको सूची सम्बन्धमा नेपालका राजनैतिक पार्टीहरुको दृष्टिकोण

नेपालको सन्दर्भमा प्रदेशले के कस्तो अधिकार प्रयोग गर्न पाउने भन्ने सम्वन्धमा राजनैतिक दलले विभिन्न प्रस्ताव गरेको देखिन्छ ।

**नेकपा माओवादी**को संविधानसभा निर्वाचन घोषणापत्र, २०६४ मा केन्द्रमा उल्लेखित बाहेक बाँकी सवै अधिकार स्वायत्त राज्यमा रहनु पर्ने भनि केन्द्र, प्रदेश र स्थानीय तहसम्मको अधिकारको उल्लेख गरेको देखिन्छ ।

**नेपाली कांग्रेस**ले पेश गरेको संविधानको अवधारणापत्रमा आर्थिक, सामाजिक, सांस्कृतिक तथा भाषिक अधिकारका साथै कृषि, वन, शिक्षा, स्वास्थ्य, रोजगारी, घरजग्गा, सम्पत्ति कर, सवारी साधन, रजिष्ट्रेशन दस्तुर लगायत अन्य स्रोतहरु प्रदेशको सरकारको अधिनमा रहनु पर्ने प्रस्ताव गरेको पाइन्छ ।

**नेकपा एमाले**ले संविधानसभा निर्वाचन घोषणापत्र, २०६४ मा प्रादेशिक अदालत, प्रादेशिक सेवा आयोग, सार्वजनिक सुरक्षा, उद्योग, व्यापार र श्रम व्यवस्था, शिक्षा र स्वास्थ्यको प्रबन्ध, प्रादेशिक सडक सम्पदाको संरक्षण जस्ता विषय प्रादेसिक सरकारमा र स्थानीय सडक, ग्रामिण यातायात, ग्याँस, विद्युत र जल आपूर्ति, सरसफाई, स्थानीय सार्वजनिक शिक्षा र स्वास्थ्यको प्रवन्ध, स्थानीय प्राकृतिक स्रोत र साधनको संरक्षण र विकास संम्पदाको संरक्षण स्थानीय सरकारको अधिकारक्षेत्रको विषय हुनु पर्ने भनि प्रस्ताव गरेको पाइन्छ ।

**मधेशी जन अधिकार फोरम**ले संविधानसभा निर्वाचनको घोषणापत्रमा प्रदेशमा आन्तरिक सुरक्षा तथा प्रशासन, शिक्षा र संस्कृति, स्रोत व्यवस्थापन र व्यापार, कृषि तथा लधु उद्योग, परिवहन, आवास निर्माण र जनस्वास्थ्य सम्वन्धी विषय प्रादेशिक सरकारको अधिकारको विषय हुनु पर्ने भन्ने प्रस्ताव गरेको देखिन्छ ।

**राष्ट्रिय प्रजातन्त्र पार्टी**ले संविधानसभा निर्वाचनको घोषणापत्रमा राष्ट्रिय महत्वका विकास र केन्द्रमा उल्लेखित बाहेक बाँकी सवै विषयमा प्रान्तिय सरकारले स्वायत्त रूपमा प्रयोग गर्न पाउनु पर्ने प्रस्ताव गरेको पाइन्छ ।

**नेकपा माले**ले पेश गरेको अवधारणापत्रमा प्रदेशमा प्रादेशिक तथा स्थानीय प्रशासन, शिक्षा स्वास्थ्य सेवा, विशिष्ट सेवा प्रदायक अस्पतालहरु, स्वायत्त एकाइको सम्बन्धन, प्रादेशिक तथा स्थानीय यातायात र परिवहन, स्थानीय साधन स्रोतहरुको व्यवस्थापन र उपयोग, प्रादेशिक एवं स्थानीय योजना र विकास निर्माण, लोक सेवा आयोग, प्रहरी सेवा, न्याय सेवा, बैंक, उद्योग धन्दाहरु, स्थानीय करहरु, विश्वविद्यालयहरु, विशेष स्वास्थ्य परियोजनाहरु प्रान्तिय सरकारको अधिनमा रहनु पर्ने भनि प्रस्ताव गरेको पाइन्छ ।

**नेकपा संयुक्त**ले पेश गरेको अवधारणापत्रमा केन्द्रीय सरकारको अधिनमा रही आ-आफ्नो क्षेत्रको शिक्षा नीति तय गर्ने, अनुगमन र मूल्याङ्कन गर्ने, केन्द्रीय मूल कानूनमा रही समाज कल्याण तथा जन अधिकार नीति, नागरीक स्वास्थ्य नीति तथा त्यसको संचालन प्रहरी बल तथा त्यसको परिचालन र नियन्त्रण, स्थानीय करहरुको नियन्त्रण तथा असुली, प्रान्तीय तथा अन्तर प्रान्तीय यातायातको व्यवस्थापन तथा नियमन, प्रान्तीय आधारमा प्राकृतिक स्रोत साधनहरुको व्यवस्थापन, अन्तर प्रान्तीय सहयोग र सम्बन्ध विस्तार जस्ता अधिकारहरु प्रान्तिय सरकारको अधिनमा रहनु पर्ने प्रस्ताव गरेको पाइन्छ ।

**सद्भावना पार्टी**ले पेश गरेको अवधारणापत्रमा मुद्रा, प्रतिरक्षा र विदेश मामला बाहेकका सवै अधिकार प्रान्तिय सरकारको अधिनमा रहनु पर्ने भनि प्रस्ताव गरेको पाइन्छ ।

**नेपाल मजदुर किसान पार्टी**ले पेश गरेको अवधारणापत्रमा प्रदेशमा कृषि, वन, उद्योग, शिक्षा, स्वास्थ्य राज्य स्तरको यातायात, घरेलु र कुटीर व्यवसाय, प्रान्तीय कर, भाषा, कला, संस्कृति प्रान्तीय स्तरको वन, ताल तलैया आदि राज्य सरकारको अधिनमा रहनु पर्ने भनि प्रस्ताव गरेको पाइन्छ ।

**राष्ट्रिय जनमुक्ति पार्टी**ले पेश गरेको अवधारणापत्रमा केन्द्रीय सरकारमा रहने भन्ने उल्लेखित अधिकारहरु बाहेक अरु सम्पूर्ण अधिकारहरु संविधान अधिनस्थ रही राज्यहरुमा रहने र त्यस अन्तर्गत आर्थिक, उद्योग, कृषि, भूमि, सिचाई, शिक्षा, भाषा, धर्म, साना जल विद्युत, कर र स्वास्थ्य नीति राज्यको अधिकार भित्र रहनु पर्ने प्रस्ताव गरेको छ ।

**ने.क.पा. एकिकृत**ले पेश गरेको अवधारणापत्रमा केन्द्रले हेर्ने विषय वाहेकका अन्य राजनीतिक, आर्थिक र सामाजिक आदि विषय प्रान्तीय सरकारको अधीनमा रहनु पर्ने भनी प्रस्ताव गरेको पाइन्छ ।

**<u>नेपाल सदभावना पार्टी (आनन्ददेवी)</u>**ले पेश गरेको अवधारणापत्रमा प्रदेशको अधिकार क्षेत्र अन्तर्गत शैक्षिक र सांस्कृतिक विकास, भाषा, प्राकृतिक स्रोत र व्यवस्थापन, सार्वजनिक निर्माण, स्वास्थ्य, वातावरण संरक्षण, प्राविधिक शिक्षा, पर्यटन, उच्च अदालत, कर, कृषि, सिंचाई, मत्स्यपालन, विद्युत, सामाजिक सुरक्षा, प्रहरी, भूमि व्यवस्थापन र स्थानीय विकास रहनु पर्ने प्रस्ताव गरेको छ।

**<u>समाजवादी प्रजातान्त्रिक जनता पार्टी नेपाल</u>**ले पेश गरेको अवधारणापत्रमा शिक्षा, स्वास्थ्य, समाज कल्याण, प्रादेशिक प्रहरी, उद्योग, कृषि, वन, प्रादेशिक यातायात, प्रादेशिक प्राकृतिक स्रोतको दोहन र व्यवस्थापन, सिंचाई, जलाधार क्षेत्र व्यवस्थापन, वस्ती योजना र विकास, वातावरण संरक्षण स्थानीय कर सम्बन्धी विषयहरु प्रदेश अन्तर्गत रहने प्रस्ताव परेको छ।

**<u>नेपाल परिवार दल</u>**ले पेश गरेको अवधारणापत्रमा प्रादेशिक अदालत, प्रादेशिक क्षेत्र भित्रका यातायात, शिक्षा, प्रादेशिक प्रहरी, प्रादेशिक सेवा आयोग, सार्वजनिक सुरक्षा, प्रदेश भित्रका विविध स्रोत, उद्योग, व्यापार, श्रम व्यवस्था, भाषिक संरक्षण र प्रवर्द्धन, प्रादेशिक व्यवस्थापन, संचालन र नियन्त्रण प्रान्तिय सरकारको अधिकारमा पर्ने प्रस्ताव गरेको छ।

**<u>नेपाः राष्ट्रिय पार्टी</u>**ले पेश गरेको अवधारणापत्रमा केन्द्रीय सरकारको अधिकार भित्र पर्ने परराष्ट्र मामिला, मुद्रा प्रणाली, रक्षा र प्रान्त र प्रदेशहरुवीच समन्वय र सन्तुलित विकास कार्य बाहेक अरु सम्पूर्ण अधिकार प्रान्तमा हुनु पर्ने प्रस्ताव गरेको छ।

**<u>चुरेभावर राष्ट्रिय एकता पार्टी</u>**ले पेश गरेको अवधारणापत्रमा शिक्षा, स्वास्थ्य, समाज कल्याण, प्रादेशिक प्रहरी, उद्योग, कृषि, वन, प्रादेशिक यातायात, प्रादेशिक प्राकृतिक स्रोतको दोहन र व्यवस्थापन, सिंचाई, जलाधार क्षेत्र व्यवस्थापन, वस्ती योजना र विकास, वातावरण संरक्षण स्थानीय कर सम्बन्धी विषयहरु प्रदेश अन्तर्गत रहने प्रस्ताव परेको छ।

## ६.४. स्थानीय तहको सूची

प्रायः सवै संघीय देशहरुमा स्थानीय तहको सरकारको पनि व्यवस्था गरिएको हुन्छ। यद्यपि स्थानीय तहको सरकारको संगठन, कार्यक्षेत्र र अधिकारमा भने समानता पाइदैन। जनताको सवैभन्दा छिटो पहुंच पुग्ने सरकार स्थानीय तहको सरकार हो। आमजनताको दैनिक जीवनसंग जोडिएका स्थानीय महत्वका (Local importance) विषयहरुमा स्थानीय तहलाई अधिकार प्रदान गर्दा व्यावहारिक र प्रभावकारी हुने मान्यता रहेको छ।

### ६.४.१. स्थानीय तहको सूची सम्बन्धमा अन्तराष्ट्रिय अभ्यास

स्थानीय सरकारको कार्यक्षेत्र स्वायत्त, विकेन्द्रीत वा विनियोजित प्रकृतिको हुनसक्छ। अष्ट्रेलिया, क्यानडा, जर्मनी, संयुक्त राज्य अमेरिका लगायत देशहरुमा स्थानीय सरकारलाई राज्य वा प्रदेश मातहत राखिएको छ भने भारत, अर्जेन्टीना, अष्ट्रीया, स्वीटजरल्याण्ड आदि देशहरुमा संविधानले नै स्वायत्त शासन संचालन गर्न पाउने संरचना राखेको पाइन्छ। स्थानीय सरकारको संरचना र कार्यक्षेत्र संविधानमा व्यवस्था गरिएमा त्यसबाट संवैधानिक मान्यता प्राप्त गरेको मानिन्छ। तथापि ती स्थानीय सरकारले संघीय संसद वा प्रदेशको विधायिकाले वनाएको कानूनको सीमामा रही कार्य गर्नुपर्दछ।

सामान्यतया संघीय राज्यमा संविधानले संघ र प्रदेशहरुका वीच स्पष्ट अधिकारको बाँडफाँड गरेको हुन्छ र स्थानीय तहलाई संघीय एकाइ अन्तरगत राखिएको हुन्छ। तथापि कतिपय देशहरुमा ठूला र राजधानी शहरहरुलाई विशेष स्वायत्तता प्रदान गरिएको देखिन्छ भने कतिपय देशहरुमा प्रदेश सरकार अन्तर्गतको विधायिकाले बनाएको कानून अनुसार स्थानीय सरकारको व्यवस्था गरेको पाइन्छ। तर पछिल्ला दिनहरुमा संविधानमा नै स्थानीय सरकारको सम्वन्धमा व्यवस्था गर्ने प्रचलन विकसित भएको देखिन्छ। अर्जेन्टीना, भारत, वेल्जियम, स्वीटजरल्याण्ड, दक्षिण अफ्रिका, अष्ट्रिया जस्ता देशले संविधानमा नै स्थानीय स्वशासनको स्पष्ट व्यवस्था गरेको देखिन्छ। ती देशहरुमा स्थानीय सरकारलाई तेस्रो महत्वपूर्ण भू-क्षेत्रीय शासन अधिकार प्रदान गरिएको छ। संघीय संरचनामा स्थानीय तहको सरकारको व्यवस्था गरिएकोमा तिनीहरुको अधिकार क्षेत्रको पनि व्यवस्था गरिनु आवश्यक हुन्छ। स्थानीय सरकारलाई प्रादेशिक सरकारको मातहतमा राखिए पनि संवैधानिक रूपमा कार्यक्षेत्र निर्धारण गर्दा ती निकायहरुले प्रर्याप्त स्वायत्तता प्राप्त गर्न सकिने र केन्द्र वा प्रदेशको अनावश्यक हस्तक्षेपबाट मुक्त रहन सक्दछ।

### ६.४.२. स्थानीय तहको सम्बन्धमा नेपालको विगतको अभ्यास र प्रयोग

स्थानीय तहलाई स्थानीय महत्वका विषयहरुमा अधिकार प्रदान गर्दा त्यो प्रभावकारी र व्यावहारिक हुन सक्ने मान्यता रहेको छ । नेपालको सन्दर्भमा स्थानीय तहलाई शासन संचालनमा सहभागी गराउने उद्देश्यले पनि संघीय संरचनामा जानुपर्ने भएकोले स्थानीय तहलाई संवैधानिक रूपमा मान्यता दिई तिनीहरुको अधिकारको ग्योरन्टी गर्ने आवश्यकता रहेको छ । विगतमा स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले स्थानीय तहलाई कानूनी रूपमा केही अधिकारहरु प्रदान गरेको छ । स्थानीय तहका अधिकारहरु अन्तरगत निम्न विषयहरु पर्न सक्ने देखिन्छ ।

- प्राथमिक स्वास्थ्य
- नगरपालिका प्रहरी
- खानेपानी
- स-साना सिंचाई आयोजना संचालन
- सामुदायिक वन
- स्थानीय स्रोतको परिचालन
- स्थानीय भौतिक पूर्वाधार निर्माण
- स्थानीय सम्पत्ति कर, सवारी साधन कर र भूमि कर

स्थानीय तहलाई के कस्ता अधिकार प्रदान गर्ने सम्वन्धमा विभिन्न राजनीतिक दलको आ-आफ्नो अवधारणा रहेको छ ।

### ६.४.३. स्थानीय निकायको सूची सम्बन्धमा नेपालका राजनैतिक पार्टीको दृष्टिकोण

**नेकपा माओवादी**ले स्थानीय यातायात, स्थानीय कर, शिक्षा, स्वास्थ्य, सरसफाई, स्थानीय साधन स्रोत आदि विषय स्थानीय तहको सरकारको अधिकारमा रहनु पर्ने उल्लेख गरेको पाइन्छ भने अन्य राजनीतिक दलहरुको घोषणा पत्रमा स्थानीय निकायको अधिकार बारेमा उल्लेख भएको पाइदैन ।

**नेपाली कांग्रेस**को अवधारणापत्रमा कृषि, वन, शिक्षा, स्वास्थ्य, रोजगारी, घर जग्गा, सम्पत्ती कर, सवारी साधन, रजिष्ट्रेशन दस्तुर लगायतका राज्यको स्रोतहरु स्थानीय सरकारमा रहने प्रस्ताव गरेको छ ।

**नेकपा एमाले**ले स्थानीय सडक, ग्रामिण यातायात, ग्याँस, विद्युत र जल आपूर्ति, सरसफाई, स्थानीय सार्वजनिक शिक्षा र स्वास्थ्यको प्रवन्ध, स्थानीय प्राकृतिक स्रोत र साधनको संरक्षण र विकास सम्पदाको संरक्षण स्थानीय तहको सरकारको अधिकार हुनु पर्ने उल्लेख गरेको पाइन्छ ।

**राष्ट्रिय जनमोर्चा**को अवधारणापत्रमा स्थानीय निकायमा स्थानीय प्रशासन, स्थानीय विकास, शिक्षा, बाटो, खानेपानी, कूलो, स्थानीय निर्माण, जन्म, मृत्यु दर्ता, स्थानीय प्रकृतिका मुद्दा मामिला, स्थानीय कर आदि स्थानीय निकायमा रहनु पर्ने प्रस्ताव गरेको छ ।

**समाजवादी प्रजातान्त्रिक जनता पार्टी नेपाल**को अवधारणापत्रमा शिक्षा, स्वास्थ्य, सरसफाई, कृषि तथा पशुपालन विस्तार, स्थानीय सडक, सिंचाई, खानेपानी, माइक्रो जलविद्युत, वातावरण संरक्षण, सामाजिक सुरक्षा, स्थानीय सिप र प्रविधि र कलाको संरक्षण आदि स्थानीय निकाय अन्तर्गत रहने प्रस्ताव गरेको छ ।

**नेपाल परिवार दल**को अवधारणापत्रमा स्थानीय प्राकृतिक स्रोत साधनको संरक्षण र विकास, स्थानीय सडक यातायात, प्राथमिक शिक्षा, स्वास्थ्य, सिंचाई, सरसफाई र स्थानीय कर लगायतको व्यवस्थापन, संचालन र नियन्त्रण स्थानीय तहको हुने प्रस्ताव गरेको छ ।

**चुरेभावर राष्ट्रिय एकता पार्टी नेपाल**को अवधारणापत्रमा प्राथमिक शिक्षा, स्वास्थ्य, सरसफाई, कृषि तथा पशुपालन विस्तार, स्थानीय सडक, सिंचाई, खानेपानी, माइक्रो जलविद्युत, वातावरण संरक्षण, सामाजिक सुरक्षा, स्थानीय सिप र प्रविधि र कलाको संरक्षण आदि स्थानीय निकाय अन्तर्गत रहने प्रस्ताव गरेको छ ।

## ६.५. साझा सूची (Concurrent List)

केन्द्र र संघीय एकाइ दुवैले आ आफनो अधिकार क्षेत्र भित्र प्रयोग गर्ने अधिकारहरुलाई साझा अधिकार (Concurrent powers) भनिन्छ । केन्द्र र संघीय एकाइहरु वीच अवसरको समानता सुनिश्चित गर्न तथा सरकारी सेवामा सहज पहुच कायम गर्न पारस्परिक सहयोगको आवश्यकता पर्दछ । कतिपय विषयहरु केन्द्र र प्रदेश दुवैले सञ्चालन गर्नु पर्ने प्रकृतिको हुन्छ । त्यस्ता विषयहरु साझा अधिकारका विषय हुन सक्ने हुदा समानान्तर अधिकार प्रदान गरिनु पर्दछ । संघीय व्यवस्थामा केन्द्र र प्रदेशको अलग अलग अधिकारको सूचीको अलावा समान महत्व र उपयोगका कतिपय विषयहरुको लागि साझा सूची संविधानमा नै उल्लेख गर्ने गरिन्छ । त्यस्ता विषयहरुमा केन्द्र र प्रदेशलाई आ आफना क्षेत्रमा कानून निर्माण गर्ने अधिकार समेत रहन्छ । साझा विषयमा दुवै तहका सरकारले कानून निर्माण गर्दा एक आपसमा बाझिएमा कुन कानून मान्य हुने भन्ने प्रश्न महत्वपूर्ण हुन आउछ । साझा विषयमा प्रदेशको कानून केन्द्रको कानूनसंग बाझिएमा केन्द्र कै कानून मान्य हुने र बाझिएको हदसम्म प्रदेशको कानून अमान्य हुने सिद्धान्तलाई भारतमा स्वीकार गरिएको पाइन्छ ।

साझा अधिकारको सूची राख्नुको मूल तात्पर्य कतिपय विषयहरु पूर्णत राष्ट्रिय महत्वका हुदैनन् भने कतिपय विषयहरु विशुद्ध संघीय एकाइ वा प्रदेश र स्थानीय निकायको सम्वन्धका विषय मात्र पनि हुदैनन् । त्यस्ता विषयहरुमा केन्द्र र प्रदेशको साझा हित र स्वार्थ निहित रहेको हुन्छ । कतिपय अवस्थामा प्रदेश वा संघीय एकाइहरुलाई केन्द्रले नै कानून बनाइ दिनु पर्ने आवश्यकता पनि पर्दछ भने कतिपय परिस्थितिमा पूर्णत केन्द्रले कानून निर्माण गरी दिएर मात्र पनि पुग्दैन । यसका साथै केन्द्र र प्रदेश वीच कतिपय विषयमा एकरूपता कायम गर्नु पर्ने पनि हुन आउछ । तसर्थ केन्द्र र प्रदेश वीच साझा अधिकारको सूची वनाउनु पर्ने आवश्यकता रहन्छ ।

साझा सुचीको प्रयोगको लागि संघ तथा प्रदेश दुवै तहले कानून निर्माण गर्न सक्छन् । यसरी कानून निर्माण गर्दा संघ र प्रदेशको कानून बाँझिन सक्ने भएकोले संघीय व्यवस्थापिकाले साझा सूचीको विषयमा निश्चित आधारभूत सिद्धान्त, मान्यता र ढाचाँको निर्माण गर्ने र सो आधारमा प्रादेशिक व्यवस्थापिकाले आवश्यक कानून निर्माण गर्न सक्ने व्यवस्था अबलम्बन गर्न सकिन्छ ।

### ६.५.१ साझा सूची सम्बन्धमा अन्तराष्ट्रिय अभ्यास

**भारत**को संविधानले केन्द्र र राज्यहरुका साझा अधिकारको सूची संविधानमा नै व्यवस्था गरेको छ जस अन्तर्गत फौज्दारी कानून र कार्यविधि, सम्वन्ध विच्छेद, विवाह, सम्पति हस्तान्तरण, कराररिय सम्वन्ध, न्याय प्रशासन र ट्रेड यूनियन जस्ता ५२ वटा विषय साझा अधिकारका रूपमा राखिएको छ ।

**दक्षिण अफ्रिका**मा शिक्षा, स्वास्थ्य, आवास जस्ता विषयलाई साझा सूचीका रूपमा राखिएको छ ।

**क्यानडा**को संविधानमा कृषि र अध्यागमन जस्ता विषयलाई साझा सूचीमा राखिएको पाइन्छ ।

**जर्मनी**को संविधानमा नागरिक कानून, फौजदारी कानून र सजायको कार्यान्वयन अदालतको संगठन र कार्यविधि, कानून व्यवसाय, नोटरी र कानूनी परामर्श, जन्म मृत्यु र विवाह दर्ता, हातहतियार तथा विष्फोटक पदार्थ सम्बन्धि कानून, सार्वजनिक कल्याण, आर्थिक विषय सम्बन्धि कानून, श्रम कानून, सार्वजनिक सडक, यातायात व्यवस्थापन निर्माण आदि साझा सूचीको रूपमा रहेको पाइन्छ ।

## ६.६. अवशिष्ट अधिकार सम्बन्धी व्यवस्था (Residuary Powers)

सरकारका तहहरुमा अधिकार क्षेत्र भित्र पर्ने भनि स्पष्ट किटान नगरिएका अधिकारहरुलाई अविशिष्ट अधिकार भनिन्छ । संविधान र कानूनमा राज्यको कुनै तहको अधिकार क्षेत्र भित्र पर्ने भनेर किटान नगरिएका र विषयवस्तुको प्रकृतिबाट कुनै तहको कार्य क्षेत्रमा नपर्ने भैपरी प्रकृतिका कार्यहरु अवशिष्ट अधिकार अन्तरगत पर्न आउछन् । मानिसको ज्ञान र सोच सीमित र अपूर्ण हुने हुनाले भविष्यमा आउन सक्ने समस्या र विषयवस्तुको वर्तमानमा नै पहिचान गरी दृष्टि पुऱ्याउन संभव हुदैन । त्यसैगरी वर्तमान विज्ञान र प्रविधिको विकासले गर्दा भविष्यमा आउन सक्ने कतिपय कुरालाई वर्तमानमा नै अन्दाज गर्न पनि सकिदैन । कहिलेकाही नसोचिएको वा विचार नगरिएको अवस्था र परिस्थिति सृजना हुन सक्तछ र त्यसबाट नया विषयवस्तु उत्पन्न हुन गई सरकारको हस्तक्षेपको आवश्यकता पर्न सक्तछ । त्यस्तो अवस्थामा त्यस्तो विषय कुन तहको सरकारको क्षेत्र भित्र पर्ने भन्ने समस्या पर्ने हुदा संघीय

प्रणाली अपनाएका प्राय जुनसुकै मुलुकमा पनि यस प्रकारको अविशिष्ट अधिकार कुन तहको सरकारमा रहने भनि किटानी व्यवस्था गरिने गरिन्छ ।

संविधान तथा कानून वमोजिमको कुनै कार्य राज्यका तीन अंग व्यवस्थापिका, कार्यपालिका तथा न्यायपालिकाको अधिकार अन्तरगत पर्ने भनी किटान नभएमा त्यस्तो विषय अवशिष्ट अधिकारको प्रयोगबाट सम्पादन गर्नु पर्ने विषय भित्र पर्न आउछ । संविधान एवम कानूनमा विषय र निकाय नतोकिएको स्थितिमा त्यस्तो कार्य कार्यपालिकाबाट सम्पादन गर्नु पर्ने हुनाले अवशिष्ट अधिकारको प्रयोग प्रायः संघीय (केन्द्रीय) कार्यपालिकाद्वारा हुने गर्दछ ।

### ६.६.१ अवशिष्ट अधिकार सम्बन्धमा अन्तर्राष्ट्रिय अभ्यास

अवशिष्ट अधिकारको व्यवस्थाको बारेमा प्रदेश अथवा केन्द्रमा कहाँ राख्ने भन्ने बारे अन्तर्राष्ट्रिय अभ्यास अध्ययन गर्दा कुनै एउटा मान्यतामा रहेर निर्णय गरेको भेटिदैन । आ-आफ्नै देशको विशेषता र आवश्यकता अनुसार अविशिष्ट अधिकार कुन तहको सरकारमा रहने भनि किटानी व्यवस्था गरेको पाउदछौं । जस्तो कि अमेरिका, स्वीटजरल्याण्ड, अष्ट्रेलिया, संयुक्त अरब इमिरेटस् जस्ता एक आपसमा आबद्ध संघ राज्यहरुमा मात्र होइन, जर्मन जस्तो राज्य विस्तारको क्रममा एकिकृत भएको देश तथा ब्राजिल, स्पेन, बोस्निया-हर्जगोविना, मेक्सिको, भेनेजुयला, अर्जेन्टिना, रुस, मलेशिया, इथियोपिया, इराक जस्ता एकात्मकवाट संघात्मकमा गएका अर्थात एक साथ रहि रहने संघ राज्यहरुमा पनि अवशिष्ट अधिकार प्रदेशहरुलाई नै दिइएको छ । दक्षिण अफ्रिका, वेलाउ, भारत जस्ता देशहरुमा भने अवशिष्ट अधिकार केन्द्रलाई दिइएको छ । त्यसरी नै भारतमा जम्मु काश्मिरको हकमा अवशिष्ट अधिकार राज्यलाई दिएको छ भने अन्यको हकमा केन्द्रलाई दिइएको छ । क्यानाडामा अवशिष्ट अधिकार पहिला केन्द्रलाई दिइएको भएतापनि क्यूवेक राज्यमा पृथकतावादी आन्दोलन चर्किएपश्चात् हाल त्यहाँको संविधानमा अवशिष्ट अधिकार कानूनमा व्यवस्था गरे बमोजिम हुने भनेर मात्र उल्लेख गरिएको छ । त्यहाँ अवशिष्ट अधिकार एक आपसमा सहमतिको आधारमा प्रयोग गर्ने गरेका छन् । त्यसरी नै धेरै द्वन्दपश्चात् संघीयतामा गएको सुडानले अवशिष्ट अधिकारको सन्दर्भमा संविधानको धारा ११२ ले केन्द्र र राज्य दुवैको साझा दायित्व हुने भनेर उल्लेख गरेको छ ।

### ६.६.२. नेपालको सर्न्दभमा अवशिष्ट अधिकारः

राजनैतिक दलको अवधारणापत्र/घोषणापत्र/प्रतिवद्धतापत्र र अन्तर्राष्ट्रिय प्रचलन र अभ्यास, जनमत संकलन टोलीको प्रतिवेदन, प्रश्नावलीको उत्तर, विभिन्न व्यक्तिगत र संस्थागत रूपमा आएको सुझाव तथा नेपालको विविधतायुक्त भौगोलिक परिवेश समेतका आधारमा अवशिष्ट अधिकार संघ (केन्द्र) मा रहने व्यवस्था बढि उपयोगी र व्यावहारिक हुने भएकोले अवशिष्ट अधिकार संघ (केन्द्र) मा रहने व्यवस्था प्रस्ताव गरिएको छ ।

## ६.७. नेपालको सर्न्दभमा प्रस्तावित अधिकारको सूची

राजनैतिक दलको अवधारणापत्र/घोषणापत्र/प्रतिवद्धतापत्र र अन्तर्राष्ट्रिय प्रचलन र अभ्यास, जनमत संकलन टोलीको प्रतिवेदन, प्रश्नावलीको उत्तर, विभिन्न व्यक्तिगत र संस्थागत रूपमा आएको सुझाव तथा माननीय सदस्यहरुले व्यक्त गर्नु भएको विचार समेतलाई अध्ययन एवं विश्लेषण गर्दा संघीय सरकारलाई बलियो बनाउने तथा प्रादेशिक सरकारलाई अधिकार सम्पन्न बनाउने उद्देश्यका साथ संघ, प्रदेश, स्थानीय तह र विशेष संरचना अन्तर्गतका स्वायत्त क्षेत्रहरुको अधिकारको सूची र साझा सूची गरी अलग अलग सूची प्रस्तावित गरिएको छ । संघको सूची, प्रदेशको सूची, स्थानीय तहको सूची र स्वायत्त क्षेत्रको सूचीमा उल्लेख भएका विषयमा तत्तत् तहलाई कानून बनाउने लगायत कार्यकारी र न्यायिक अधिकार रहने व्यवस्था गर्नु उपयुक्त हुने देखिन्छ ।

| क्र.सं | संघको सूची | प्रदेशको सूची | स्थानीय तहको सूची |
|---|---|---|---|
| ३१. | रक्षा र सेना सम्बन्धी | | |
| ३२. | | प्रादेशिक मूल कानून | |
| ३३. | केन्द्रीय प्रहरी वल | प्रहरी, प्रशासन र शान्ति सुरक्षा | नगर प्रहरी, सामुदायिक प्रहरी |
| ३४. | केन्द्रीय बैंक, वित्तीय नीति, मौद्रिक नीति, विदेशी अनुदान, सहयोग र ऋण | बैंक तथा वित्तिय संस्था, सहकारी संस्था , केन्द्रको सहमतिमा वैदेशिक अनुदान र सहयोग | सहकारी संस्था |

| | | | |
|---|---|---|---|
| ३५. | केन्द्रीय दुर सञ्चार, रेडियो फ्रिक्वेन्सीको बाँडफाँड, टेलिभिजन र हुलाक | रेडियो, एफ. एम, टेलिभिजन | एफ. एम संचालन |
| ३६. | भन्सार, अंतशुल्क, मूल्य अभिबृद्धि कर, संस्थागत आयकर, राहदानी, भिसा, हुलाक, पर्यटन दस्तुर, सेवा शुल्क दस्तुर | व्यक्तिगत आयकर, सम्पत्ति कर, व्यावसायिक कर, मालपोत, पारश्रमिक कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन, कृषि आयमा कर, सेवा शुल्क दस्तुर | स्थानीय कर (सम्पत्ती, घर बहाल, सवारी साधन कर आदि), सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, मालपोत तिरो |
| ३७. | प्राकृतिक श्रोतबाट प्राप्त रोयाल्टी | प्राकृतिक श्रोतबाट प्राप्त रोयाल्टी | प्राकृतिक श्रोतबाट प्राप्त रोयाल्टी |
| ३८. | केन्द्रीय निजामती सेवा व्यवस्थापन | प्रादेशिक निजामती सेवाको व्यवस्थापन | स्थानीय सेवाको व्यवस्थापन |
| ३९. | केन्द्रीय तथ्याङ्क | प्रादेशिक तथ्याङ्क | स्थानीय तथ्याङ्क र अभिलेख संकलन |
| ४०. | केन्द्रीय स्तरका ठुला विद्युत, सिचाई र अन्य आयोजनाहरु तथा परियोजनाहरु | प्रादेशिक स्तरका विद्युत, सिचाई आयोजना एवं अन्य आयोजना तथा परियोजना | स्थानीय स्तरका विकास आयोजना र परियोजनाहरु |
| ४१. | केन्द्रीय विश्वविद्यालय, केन्द्रीय पुस्तकालय | विश्वविद्यालय, उच्च शिक्षा, पुस्तकालय, संग्रहालय | प्राथमिक र माध्यामिक शिक्षा |
| ४२. | केन्द्रीय स्वास्थ्य नीति | स्वास्थ्य सेवा | आधारभूत स्वास्थ्य र सरसफाई |
| ४३. | संघीय व्यवस्थापिका, संघीय कार्यपालिका सम्बन्धी मामिला | प्रादेशिक व्यवस्थापिका, स्थानीय सरकार सम्बन्धी र विशेष संरचना सम्बन्धी | |
| ४४. | अन्तर्राष्ट्रिय व्यापार, विनिमय, बन्दरगाह, क्वारेन्टाइन | अन्तर प्रादेशिक व्यापार | स्थानीय बजार व्यवस्थापन |
| ४५. | अन्तर्राष्ट्रिय तथा अन्तरराज्य हवाई उड्डयन | प्रादेशिक हवाई सेवा | |
| ४६. | विदेश तथा कुट्नैतिक मामला र संयुक्त राष्ट्र संघ सम्बन्धी | | |
| ४७. | अन्तर्राष्ट्रिय सन्धी , सुपुर्दगी र अन्तराष्ट्रिय सीमा व्यवस्थापन | | |
| ४८. | राष्ट्रिय रेल तथा राष्ट्रिय लोकमार्गको व्यवस्थापन | प्रादेशिक रेल्वे र प्रादेशिक लोकमार्ग | स्थानीय सडक/ग्रामीण सडक/कृषि सडक |
| ४९. | राष्ट्रिय गुप्तचर तथा अनुसन्धान | प्रादेशिक अनुसन्धान व्युरो | |
| ५०. | सर्वोच्च अदालत/संवैधानिक अदालत | प्रादेशिक अदालत, पारिवारिक अदालत, बाल अदालत | स्थानीय अदालत, मेलमिलाप र मध्यस्थता |
| ५१. | नागरिकता, राहदानी, भिसा, अध्यागमन सम्बन्धि कानून | नागरिकता र राहदानी व्यवस्थापन | नागरिकता, राहदानी वितरण र अभिलेख व्यवस्थापन |
| ५२. | आणविक उर्जा र अन्तरिक्ष सम्बन्धी | | |
| ५३. | निर्वाचन आयोग, राष्ट्रिय मानव अधिकार आयोग, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, लोक | प्रादेशिक स्तरका आयोगहरु | |

| | | | |
|---|---|---|---|
| | सेवा आयोग, राष्ट्रिय महिला आयोग, समानुपातिक समावेशी आयोग, दलित आयोग, राष्ट्रिय योजना आयोग, मधेशी आयोग, अति अल्पसंख्यक, सीमान्तकृत तथा पिछडिएको क्षेत्र उत्थान आयोग र आदिवासी जनजाति आयोग लगायत केन्द्रीय महत्वका आयोगहरु | | |
| ५४. | युद्ध र प्रतिरक्षा | | |
| ५५. | हातहतियार, खरखजाना कारखाना तथा उत्पादन सम्बन्धि | | |
| ५६. | | भूमि व्यवस्थापन, जग्गाको अभिलेख र मालपोत निर्धारण | घर जग्गा धनी पूर्जा वितरण |
| ५७. | नाप - तौल | | |
| ५८. | खानी उत्खनन् | खानी अन्वेषण र व्यवस्थापन | |
| ५९. | वीमा नीति | वीमा व्यवस्थापन र संचालन | |
| ६०. | फौजदारी कानूनको निर्माण | | |
| ६१. | बौद्धिक सम्पती (पेटेन्ट, डिजाइन, प्रतिलिपी अधिकार) | | |
| ६२. | | भाषा, संस्कृति, लिपी र धर्मको संरक्षण र प्रयोग | |
| ६३. | | प्रदेश भित्रको वन जङ्गल,जल उपयोग | |
| ६४. | | कृषि तथा पशु विकास, कलकारखाना, औद्योगिकरण, व्यापार व्यवसाय, यातायात, अल्कोहलिक पदार्थ उत्पादन, निर्माण खरिद विक्रि | कृषि तथा पशुपालन |
| ६५. | | पुस्तक तथा छापाखाना | |
| ६६. | | गुठी व्यवस्थापन | |
| ६७. | | | बृद्ध, बृद्धा, अपाङ्ग, महिला, एकल महिला र अशक्तहरुको व्यवस्थापन |
| ६८. | | | बेरोजगारको तथ्याङ्क संकलन |
| ६९. | | | कृषि प्रसारको व्यवस्थापन, संचालन र नियन्त्रण |
| ७०. | | | जन्म मृत्यु लगायतका व्यक्तिगत घटना दर्ता |

## संघ र प्रदेशको साझा अधिकार सूची (Concurrent List)

१. फौजदारी र देवानी कार्यविधि र प्रमाण र शपथ (कानूनी मान्यता, सार्वजनिक कार्य र अभिलेख र न्यायिक प्रक्रिया)

२. आवश्यक वस्तुको आपूर्ति, वितरण, मूल्य नियन्त्रण, गुणस्तर र अनुगमन

३. राज्यको सुरक्षासँग सम्बन्धित विषयमा निवारक नजर बन्द, कारागार तथा हिरासत व्यवस्थापन र शान्ति सुरक्षाको व्यवस्था
४. एक प्रदेशबाट अर्को प्रदेशमा अभियुक्त, थुनुवा र कैदीको स्थानान्तरण
५. पारिवारिक मामला (विवाह, सम्पत्ति हस्तान्तरण, सम्बन्ध विच्छेद, अति अल्पसंख्यक, टुहुरा, धर्मपुत्र, उत्तराधिकार, संयुक्त परिवार र पारपाचुके ) सम्बन्धी कानून
६. सम्पत्ति प्राप्ति, अधिग्रहण र अधिकारको सृजना
७. करार, साझेदारी र एजेन्सी सम्बन्धी
८. टाटपल्टेको र दामासाही सम्बन्धी (Bankruptcy and insolvency)
९. औषधि र विषाधि
१०. आर्थिक र सामाजिक योजना, परिवार नियोजन र जनसंख्या नियन्त्रण
११. सामाजिक सुरक्षा र रोजगारी, ट्रेड युनियन, औद्योगिक र मजदुरका हक अधिकार र विवाद सम्बन्धी कार्य
१२. चिकित्सा, कानूनी र अन्य पेशाहरु
१३. घटना तथ्याङ्क जन्म मृत्यु दर्ता
१४. जलमार्ग
१५. संचार माध्यम सम्बन्धी
१६. पूरातत्व, प्राचिन स्मारक र संग्रहालय संरक्षण सम्बन्धी
१७. उद्योग तथा खनिज र भौतिक पूर्वाधार
१८. क्यासिनो, चिठ्ठा, सवारी साधन अनुमति
१९. अग्नि तथा प्राकितिक प्रकोप नियन्त्रण र राहत तथा पूनर्निर्माण
२०. पर्यटन, खानेपानी तथा सरसफाई
२१. चलचित्र, सिनेमा हल सम्बन्धी
२२. वीमा
२३. गरिबी निवारण र औद्योगिकरण
२४. वैज्ञानिक अनुसन्धान, विज्ञान प्रविधि र मानव संसाधन विकास
२५. अन्तरप्रादेशिक रूपमा फैलिएको जङ्गल, जङ्गली जनावर, चरचुरुङ्गी, हिमाल, राष्ट्रिय निकुञ्ज तथा जल उपयोग
२६. राष्ट्रिय तथा अन्तरप्रादेशिक पर्यावरण व्यवस्थापन
२७. भूमि नीति

### ६.८. विशेष संरचना अन्तर्गत निर्माण हुने स्वायत्त क्षेत्रहरुको अधिकार सूची

विशेष संरचना अर्न्तगत स्थापना हुने स्वायत्त क्षेत्रको गठन र सीमांकन प्रादेशिक सरकारले निर्धारण गर्ने भएतापनि त्यस्ता क्षेत्रको अधिकार संविधानमा सुचीकृत गर्नु उपयुक्त हुन्छ । यसबाट स्वायत्त क्षेत्रले स्वायत्तता र स्वशासनको प्रयोग गर्न सक्दछ । स्वायत्त क्षेत्रको अधिकारको सूची देहाय अनुसार हुनेछ ।

## विशेष संरचना अर्न्तगत स्थापना हुने स्वायत्त क्षेत्रको अधिकारको सुची

| क्र.सं. | विषयहरु |
|---|---|
| २१. | प्रहरी |
| २२. | सहकारी संस्था |
| २३. | एफ.एम रेडियो व्यवस्थापन, संचालन र टेलिभिजन |
| २४. | प्राथमिक, माध्यमिक शिक्षा, पुस्तकालय र संग्रहालय |
| २५. | स्वास्थ्य सेवा |
| २६. | स्वायत्त निर्वाचित परिषद |

| | |
|---|---|
| २७. | सम्पत्ति कर, व्यावसायिक कर, घर जग्गा रजिष्ट्रेशन कर, सवारी साधन कर, मनोरञ्जन कर, पर्यटन सेवा शुल्क, मालपोत, पारिश्रमिक र कृषि आयकर |
| २८. | प्राकृतिक श्रोतबात प्राप्त रोयल्टी |
| २९. | सडक |
| ३०. | विद्युत आयोजना, सिंचाई आयोजना र अन्य विकास योजनाहरु |
| ३१. | नागरिकता/ राहदानी व्यवस्थापन |
| ३२. | जग्गा अभिलेख/घर जग्गा धनी पूर्जा |
| ३३. | खानी अन्वेषण र व्यवस्थापन |
| ३४. | भाषा, संस्कृति, लिपी र धर्मको संरक्षण |
| ३५. | प्राकृतिक स्रोत साधन र तिनको उपयोग |
| ३६. | कृषि, पशु विकास, व्यापार व्यवसाय |
| ३७. | सेवा व्यवस्थापन |
| ३८. | तथ्याङ्क र अभिलेख संकलन |
| ३९. | अदालत |
| ४०. | प्रादेशिक सरकारले तोके बमोजिमका अन्य अधिकारहरु |

## परिच्छेद- सात

### ७. संघीय एकाइहरु वीच व्यवस्थापिकीय, कार्यकारिणी र न्यायिक अधिकारको अन्तर सम्वन्ध

व्यवस्थापनको हिसावले एकात्मक शासन प्रणाली भन्दा संघीय शासन प्रणाली जटिल व्यवस्था मानिन्छ । तसर्थ संघीय प्रणालीमा विभिन्न तहका सरकारको सम्बन्ध र समन्वयलाई संविधानमा नै प्रष्ट गर्ने प्रावधान रहनु पर्ने आवश्यक ठानिन्छ । संघ र प्रदेशहरु वीच वा प्रदेशका सरकारहरु वीच साझा कार्यक्रमहरु सञ्चालन र विवादको समाधान गर्ने उद्देश्यले गरिने नीतिगत समन्वय र व्यवस्थापन गर्नु नै अन्तर सम्वन्ध हो । संघ र प्रदेश वीच र प्रदेशहरु वीच साझा स्वार्थका विषयमा समन्वय र सहकार्यको आवश्यकता पर्नुका साथै क्षेत्रीय विवादको विषयलाई समाधान गर्नु पर्ने अवस्था सृजना हुन्छ ।

संघ र प्रदेशहरु वीच दुई किसिमको अन्तर सम्बन्ध रहेको हुन्छ । पहिलो, ठाडो (Vertical) सम्वन्ध जसले संघ र प्रदेश वीचको सम्वन्धलाई निर्धारण गर्दछ र दोश्रो, तेर्सो (Horizontal) सम्बन्ध जसले प्रदेश प्रदेश वीचको सम्बन्धलाई निर्धारण गर्दछ । संघ र प्रदेशहरु वीच जतिसुकै होशियारी पूर्वक अधिकारको विभाजन गरिए पनि अधिकार प्रयोग गर्ने सवालमा एकआपसमा समस्या उत्पन्न हुन सक्तछ । जसका कारण विवाद र द्वन्द्व सृजना हुन सक्तछ । यस्ता विवाद र द्वन्द्वहरुलाई समन्वय गरी व्यवस्थापन गर्नु पर्ने हुन्छ ।

प्रदेशको निर्माण भएपछि त्यस्तो प्रदेशहरुलाई प्राप्त अधिकारको प्रयोग गर्दा अन्तर प्रदेश वीच समन्वयको अति आवश्यक हुन आउछ । कतिपय विषयहरु संघ र प्रदेश वीच सरोकार रहेको हुन्छ भने कतिपय अधिकारहरु प्रदेश प्रदेश वीचको साझा सरोकारको विषय हुन सक्दछन् । त्यस्तै कतिपय अधिकार त्यस्ता प्रदेश र सो अन्तर्गतका स्थानीय तहसंग पनि सम्बन्धित रहेको हुन्छ । यस स्थितिमा राज्य शक्तिको प्रयोग गर्दा त्यस्ता सम्वन्धित निकायहरु वीच समन्वय गर्नु पर्ने हुन्छ । यदि त्यसो हुन सकेन भने त्यस्ता एकाइ वा निकायहरु वीच द्वन्द्वको अवस्था समेत सृजना हुन सक्तछ ।

संघीय प्रणालीमा विभिन्न प्रदेशहरु वीच आपसी सम्वन्ध र सहयोग, सहअस्तित्व, सदभाव र असल सम्वन्धमा आधारित हुनु पर्दछ । एक प्रदेश वा प्रदेशले अर्को प्रदेश वा प्रदेशलाई आर्थिक सहयोग, ऋण वा अन्य प्रकारका सहयोग लिन वा दिन स्वतन्त्र हुनुपर्दछ । प्रदेशहरु एकापसमा मिलेर कुनै विकास निर्माण, सामुहिक परियोजनाको सञ्चालन तथा वातावरण तथा प्राकृतिक स्रोत र साधनको संरक्षण र सम्वर्द्धन आपसीरूपमा गर्नु पर्ने भएकोले त्यस्ता प्रदेशहरु वीच एकासपसमा सहयोग र समन्वयको आवश्यकता पर्दछ । यसको लागि एउटा प्रदेशले अर्को प्रदेशको कानूनी व्यवस्थालाई मान्यता दिने, न्यायिक निकायको निर्णय एवं आदेश अन्तर प्रदेश वीच अन्तरप्रभावी हुने भएमा त्यस्तो निर्णय कार्यान्वयन गरी दिनु पर्ने, संघ र प्रदेश वीच पारस्पारिक कानून सहायता प्रदान गर्नु पर्ने, सवै प्रदेशले सवै प्रदेशका बासिन्दाहरुलाई समान सुविधा र सुरक्षा उपलव्ध गराउनु पर्ने जस्ता कुराहरु अन्तर सम्वन्धका विषय हुन सक्तछन । तर कतिपय अवस्थामा दुई वा सो भन्दा बढी प्रदेशहरु वीचको साझा विषयमा संघलाई अनुरोध गरी त्यस्ता प्रदेशहरु वीचको विवादको समाधानको लागि कानूनी व्यवस्था गरिदिन संघले सो आधारमा कानूनी व्यवस्था गरी विवादको समाधान गरिदिनु पर्ने पनि हुन सक्तछ ।

संघीयता अपनाएका मुलुकमा संघीय राज्य तथा एकाइहरु वीचको सम्वन्ध प्रतिस्पर्धात्मक सिद्धान्तबाट विकसित हुदै गएको पाइन्छ । तर यस्तो सिद्धान्त प्रदेश तथा संघीय एकाइको आर्थिक एवम अन्य विकासका स्थिति समान भएको अवस्थामा मात्र उपयुक्त हुन सक्तछ । संयुक्त राज्य अमेरिकाका संघीय एकाइहरु वीचको अन्तर सम्वन्ध प्रतिस्पर्धात्मक सिद्धान्तमा आधारित भएको पाइन्छ । तर नेपालको भौगोलिक विविधता एवं प्राकृतिक स्रोत र साधनको सघनतालाई दृष्टिगत गर्दा संघीय नेपालको विभिन्न प्रदेशहरुको राजनैतिक, आर्थिक, सामाजिक एवम सांस्कृतिक स्तर एवम हैसियत समान स्थितिमा रहन सक्ने देखिदैन । यस स्थितिमा विभिन्न प्रदेशहरु वीच एक अर्कामा सहयोगात्मक तथा समन्वयात्मक र प्रदेश प्रदेश तथा संघ र प्रदेश वीच कतिपय विषयमा अन्तरनिर्भर हुन पर्ने देखिन्छ ।

प्रदेशको निर्माण भएपछि प्रदेशहरु वीचको अधिकार क्षेत्र र त्यसको प्रयोगलाई लिएर अन्तर प्रदेशहरु वीच विवादहरु पनि आउन सक्तछ भने संघ र प्रदेश वीच पनि विवाद आउन सक्दछ । त्यस्तो अवस्थाको सृजना हुन नदिन संघ र प्रदेशको कार्यकारिणी, व्यवस्थापिकिय तथा न्यायपालिकाको अधिकार क्षेत्र र त्यसको प्रयोगको वारेमा संविधानले नै स्पष्ट हुनु पर्ने हुन्छ । संघ र प्रदेश वीच र प्रदेश प्रदेश वीचको व्यवस्थापिका, कार्यपालिका तथा न्यायपालिकाको अधिकार क्षेत्रको सवालमा सृजना हुन सक्ने विवाद तथा असमझदारीलाई हटाउन संघ र प्रदेश तथा प्रदेश वीच प्रभावकारी संयोजन गर्न सक्ने संयन्त्रको निर्माण गर्नु पर्ने हुन्छ ।

संघ र प्रदेश वीच अधिकार विभाजनका सम्बन्धमा विश्वका कतिपय मुलुकहरुले संघ एवं प्रदेशको अधिकार संविधानमा नै स्पष्ट रूपमा उल्लेख गर्ने गरेको पाइन्छ । संघ र प्रदेश वीचको अधिकार विभाजनको

सम्वन्धमा दुई प्रकारका पद्धति विकास भएको देखिन्छ । एकथरीले दोहोरो स्वरुप (Dualist Model) अपनाएको पाइन्छ जसले संघ र प्रान्तमा समान विधायिकी अधिकार प्रदान गरेको हुन्छ र संघ र प्रान्तका वीच अधिकार बाझिएमा संघीय व्यवस्था नै मान्य हुने सिद्धान्तलाई स्वीकार गरेको पाइन्छ भने केहीले एकिकृत स्वरुप (Integrated Model) लाई अपनाएको पाइन्छ । यस अन्तर्गत संघ र प्रान्तका बीच अधिकार विभाजन भएतापनि कतिपय संरचनाहरु एकीकृत स्वरूपमा नै रहने र संघको निर्देशन तथा प्रभावमा प्रदेशले काम गर्ने गर्दछ ।

प्रदेशका कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका वीचको सम्वन्ध शक्ति पृथकीकरण र नियन्त्रण र सन्तुलनको सिद्धान्तमा आधारित भएको हुनुपर्दछ । प्रदेशको अधिकारको सूचीमा व्यवस्था भएको विषयमा कानून बनाउने कार्य प्रादेशिक व्यवस्थापिकाको, कानून अनुसार राज्य सञ्चालन गर्ने कार्यपालिकाको र कानूनको व्याख्या र पालना गराउने कार्य न्यायपालिकाको क्षेत्राधिकार भित्र पर्दछ । संघ र प्रदेश अथवा संघीय एकाइहरु वीचको सम्बन्धलाई सन्तुलनमा राख्नको लागि संविधानले नै संघीय सरकारका सिद्धान्त र आधारभूत संरचनाहरु तय गरेको हुनु पर्दछ । संविधानले न्यूनतम रूपमा संघीय प्रणाली भित्र जिम्मेवारी र उत्तरदायित्वको बाँडफाँड गरेको हुनुपर्दछ । यस अन्तर्गत संघीय सरकारले प्रादेशिक सरकारले जारी गरेको कानुनलाई निष्क्रिय बनाउन सक्ने, संघ र प्रदेशको कानूनी व्यवस्था एकापसमा बाँझिन गएमा संघको कानूनले प्रादेशिक कानूनलाई निष्क्रिय वनाउने, संघीय सरकारले प्रादेशिक सरकारलाई विभिन्न निर्देशन दिने, नियन्त्रण गर्ने एवं भंग पनि गर्न सक्ने र त्यस्तो प्रदेशमा संघको कानून लागु हुन सक्ने, प्रादेशिक उच्च अदालतको निर्णय उपर संघीय सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने र संघीय सर्वोच्च अदालतद्वारा प्रतिपादित नजीरको पालना गर्नु पर्ने विषयहरु पर्न आउछन् ।

**अन्तर्राष्ट्रिय अभ्यासः**

दक्षिण अफ्रिकाको संविधानमा राष्ट्रिय, प्रान्तिय, स्थानीय सरकार र सरकारका सम्पूर्ण अङ्गहरुको अन्तर सम्बन्धमा एक आपसमा अन्तर सम्बन्धित र अन्तर निभर्रतामा आधारित हुने र त्यस सम्बन्धमा निम्न सिद्धान्तहरुलाई समावेश गरिएको छ ।

१. सहकारी सरकार (Cooperative Government)

२. सबै तहका सरकार र सरकारका अङ्गहरुले शान्ति, राष्ट्रिय एकता र गणराज्यको अभिभाज्यतालाई अक्षुण राख्ने

३. गणराज्यका जनताको हितलाई संरक्षण गर्ने

४. प्रभावकारी, पारदर्शी र उत्तरदायी सरकारको अनुभूति दिने

५. संविधान, गणतन्त्र र जनता प्रति उत्तरदायी हुने

६. सम्पूर्ण तहका सरकारले संवैधानिक मान्यता, संस्था र तिनीहरुको अधिकार र कार्यलाई सम्मान गर्ने

७. कुनै पनि तहको सरकार र निकायले संविधानले निश्चित गरेको भन्दा बढी अधिकार र कार्य रहेको अनुमान नगर्ने

८. प्रत्येक तहको सरकारले अर्को तहको सरकारको भौगोलिक, कार्यात्मक र संस्थागत Integrety मा हस्तक्षेप नहुने गरी आफ्नो अधिकारको प्रयोग र पालना गर्ने ।

९. निम्न लिखित आधारमा एक अर्का वीच समन्वय, आपसी विश्वास र असल सम्बन्धमा जोड दिने ।

क) मैत्रिपूर्ण सम्बन्ध विस्तार गर्ने ।

ख) आपसमा सहयोग गर्ने ।

ग) साझा चासोको विषयमा एक अर्कालाई सूचना आदान प्रदान गर्ने र परामर्श गर्ने ।

घ) आफ्नो कार्य र विधायनका बारेमा एक आपसमा समन्वय गर्ने ।

ङ) एक अर्का वीच कानूनी कारबाईलाई avoid गर्ने ।

**भारतमा संघ र राज्य वीचको अन्तर सम्बन्धमा निम्न व्यवस्था रहेको पाइन्छ ।**

१. अधिकारको सूचीमा आधारित भएर संघ र राज्यले कानून बनाउन सक्ने

२. साझा सूचीमा संघ र प्रदेश दुवैले कानून बनाउन सक्ने र संघ र प्रदेशको कानून बाँझिएमा संघको कानून मान्य हुने ।

३. कुनै राष्ट्रिय महत्वको विषयमा राज्यहरुले कानून बनाउन केन्द्रीय संसदलाई अनुरोध गरेमा राज्यको सूचीमा पर्ने विषयमा पनि केन्द्रीय संसदले कानून बनाउन सक्ने र त्यस्तो कानून सम्बन्धित राज्यहरुमा लागू हुने ।

४. संकटकालको घोषणा भएको अवस्थामा केन्द्रीय संसदले राज्यको सूचीमा पर्ने विषयमा पनि कानून बनाउन सक्ने ।

५. माथि ३ र ४ मा लेखिएको अवस्थामा केन्द्रीय संसदले बनाएको कानून र राज्यको कानून बाँझिएमा केन्द्रीय संसदको कानून मान्य हुने र राज्यको कानून केन्द्रीय संसदले बनाएको कानूनको प्रभाव रहे सम्म निष्कृय रहने ।

**संयुक्त राज्य अमेरिकामा अन्तरसम्बन्धको बारेमा निम्न व्यवस्था रहेको छ ।**

१. एक राज्यले अर्को राज्यको सार्वजनिक कानून, अभिलेख र न्यायीक प्रकियालाई मान्यता दिने छन । सो कुरा काग्रेसले कानुन बनाई लागु हुने व्यवस्था गर्ने छ ।

२. एक राज्यको नागरिकलाई सो राज्यले दिने विशेष अधिकार र उन्मुक्तिमा अर्को राज्यको नागरिकलाई भेदभाव नगर्ने ।

३. एक राज्यमा फौजदारी अभियोग लागेको व्यक्ति अर्को राज्यमा भागि गएमा अपराध हेर्ने क्षेत्राधिकार भएको राज्यमा हस्तान्तरण गर्ने ।

**स्वीट्जरल्याण्डमा संघ र क्यान्टोनको वीचको अन्तरसम्बन्धका बारेमा निम्न व्यवस्था रहेको छ ।**

१) संघ र क्यान्टोनले आ-आफ्नो कार्य सम्पाद गर्न एक अर्कालाई सहयोग र समन्वय गर्ने छन् ।

२) संघ र क्यान्टोनले एक आपसमा आपसी सहयोग र समझदारीमा जोड दिने छन् । साथै एक आपसमा प्राशासकिय र न्यायिक सहयोग उपलब्ध गराउने छन् ।

३) संघ र क्यान्टोन तथा क्यान्टोन र क्यान्टोन बीचका विवाद वार्ता मेलमिलापको माध्यमबाट समाधान गरिने छ ।

४) क्यान्टोनले संविधान र कानून प्रतिकूल नहुने गरी संघीय कानून पालना गर्ने छ ।

५) संघले क्यान्टोनको स्वायत्तताको सम्मान गर्ने छ ।

## ७.१. संघ, प्रदेश, विशेष संरचना र स्थानीय तह वीच आपसी सम्बन्धका आधारहरु

- सहयोगात्मक
- आपसी सहमति
- सहकारिता
- सह अस्तित्व र सह कार्य
- असल सम्बन्ध
- समन्वय

## ७.२. संघ र प्रदेश वीचको सम्बन्ध

संघलाई आफ्नो अधिकार सूची भित्र रहेर सम्पूर्ण देशको लागि कानून निर्माण गर्ने अधिकार रहन्छ भने प्रदेशलाई आफ्नो अधिकार क्षेत्र भित्र रहेर प्रदेशको सम्बन्धमा मात्रै कानून निर्माण गर्ने र सो कानून अन्तर्गत कार्यकारिणी अधिकार प्रयोग गर्ने अधिकार हुन्छ । संघ र प्रदेशलाई साझा अधिकारका विषयमा कानून निर्माण गर्ने र सो कानून अन्तर्गत कार्यकारी अधिकार प्रयोग गर्ने समान अधिकार रहन्छ ।

संघलाई आफ्नो अधिकार सूची भित्र रहेर सम्पूर्ण देशको लागि कानून निर्माण गर्ने अधिकार रहन्छ भने प्रदेशलाई आफ्नो अधिकार क्षेत्र भित्र रहेर प्रदेशको सम्बन्धमा मात्रै कानून निर्माण गर्ने र सो

कानून अन्तर्गत कार्यकारिणी अधिकार प्रयोग गर्ने अधिकार हुन्छ । संघ र प्रदेशलाई साझा अधिकारका विषयमा कानून निर्माण गर्ने र सो कानून अन्तर्गत कार्यकारी अधिकार प्रयोग गर्ने समान अधिकार रहन्छ । त्यस्तो अवस्थामा संघ र प्रदेशको कानून वीच दोहोरो पर्न सक्ने वा एक आपसमा बाझिन सक्ने सम्भावना रहन्छ । त्यस स्थितिमा संघको कानून मान्य हुने व्यवस्था रहनु व्यवहारिक हुन्छ ।

कार्यकारिणी अधिकारको प्रयोगको सम्बन्धमा संघ र प्रदेश वीच सहयोगात्मक र समन्वयात्मक सम्बन्ध रहने व्यवस्था गरिनु पर्दछ । प्रदेशको अधिकारमा हस्तक्षेप हुने गरी संघीय सरकारले कुनै निर्देशन वा कार्यकारिणी आदेश जारी गर्नु हुदैन । तथापि राष्ट्रिय महत्वका विषय र प्रदेशहरु वीच समन्वय गर्नु पर्ने अवस्थामा संघले सबै प्रदेशहरुका लागि संविधान र कानून बमोजिम निर्देशन दिन सक्ने व्यवस्था रहनु पर्दछ र त्यसरी दिएको निर्देशन सबै प्रदेशले पालन गर्नु पर्ने हुन्छ । साथै प्रदेशले राष्ट्रिय सार्वभौमसत्ता, अखण्डता र देशको शान्ति व्यवस्थामा असर पर्ने किसिमको कार्य गरेमा संघीय सरकारले त्यस्तो प्रदेश वा प्रादेशिक व्यवस्थापिकालाई आवश्यकता अनुसार सचेत गराउन, निलम्बन वा विघटन गर्न सक्ने र निलम्बन वा विघटन गरेकोमा संघीय व्यवस्थापिकाबाट समर्थन वा अनुमोदन गराउने व्यवस्था गर्नु पर्छ । त्यसरी निलम्बन वा विघटन गर्दा संघीय सरकारको सिफारिसमा राष्ट्र प्रमुखले गर्ने व्यवस्था रहनु उपयुक्त हुन्छ । यसरी प्रदेशको सरकार वा व्यवस्थापिका निलम्बन वा विघटन गरेकोमा त्यसको नियन्त्रण र सन्तुलनका लागि संघीय व्यवस्थापिकामा सो सम्बन्धी प्रस्ताव संघीय सरकारले प्रस्तुत गरी संघीय व्यवस्थापिकाको दुई तिहाइ बहुमतबाट अनुमोदन गराउने व्यवस्था व्यवहारिक हुने देखिन्छ । यस्तो व्यवस्थाले संघीय सरकारलाई स्वेच्छाचारी हुनबाट नियन्त्रण गर्नुका साथै सम्पूर्ण प्रदेशका प्रतिनिधिहरु रहने संघीय व्यवस्थापिकाले छलफल गरी ठोस निर्णय गर्न सक्दछ । प्रादेशिक व्यवस्थापिका वा सरकार विघटन वा निलम्बन भएको ३५ दिन भित्र संघीय व्यवस्थापिकाबाट अनुमोदन गराउनु पर्ने तर संघीय व्यवस्थापिकाबाट अनुमोदन नभएमा त्यस्तो आदेश स्वतः निष्क्रिय भएको मानिने छ । संघीय व्यवस्थापिकाबाट अनुमोदन भएमा त्यस्तो प्रदेशमा ६ महिना भित्र प्रादेशिक व्यवस्थापिकाको निर्वाचन हुनेछ । संघीय व्यवस्थापिकाले बहुमतबाट अनुमोदन नगरेमा निलम्बन वा विघटन गरिएको प्रादेशिक सरकार र व्यवस्थापिकाले पूर्ववत रुपमा कार्य गर्न सक्दछ । तर संघीय व्यवस्थापिकाबाट अनुमोदन भएमा संघीय सरकारले त्यस्तो प्रदेशमा संघीय शासन लागु गरी शान्ति व्यवस्था कायम गर्नु पर्दछ । त्यस्तो संघीय शासन निर्वाचन नभए सम्मका लागि अर्थात् संघीय व्यवस्थापिका विघटन वा निलम्बन भएको ६ महिना सम्म कायम रहन पर्ने हुन्छ । कतिपय अन्तर्राष्ट्रिय र अन्तर्प्रदेश सम्बन्धी विषयहरु प्रदेश आफैले वा एक्लैले गर्न नसक्ने प्रकृतिका हुन सक्दछन् त्यस्तो अवस्थामा प्रदेशको अनुरोध भएमा वा संघले व्यवस्थापन गर्नु पर्ने भएका संघले सहयोग वा व्यवस्थापन गर्नु पर्ने हुन्छ ।

दुई वा दुई भन्दा बढी प्रदेशले संविधानद्वारा सूचीकृत प्रदेशको अधिकारको विषयमा कानून निर्माण गर्न संघीय व्यवस्थापिका समक्ष अनुरोध गरेमा वा दुई वा दुई भन्दा बढी प्रदेशसंग सम्बन्धित विषयमा संविधानद्वारा सूचीकृत प्रदेशको अधिकार सूचीमा आवश्यक देखेमा संघीय व्यवस्थापिकाले आवश्यक कानून बनाउन सक्नेछ र सम्बन्धित प्रदेशहरुले त्यस्तो कानूनको पालना गर्नु पर्ने हुन्छ ।

### ७.३. प्रदेश प्रदेश वीचको व्यवस्थापिकीय, कार्यकारिणी र न्यायिक अधिकार वीचको अन्तरसम्बन्ध

प्रदेशहरु वीच अधिकारको प्रयोगको सम्बन्धमा वा साझा कार्य संचालनको विषयमा आपसी समन्वयको आवश्यकता रहन्छ । आपसी समन्वयका आधारहरु सहयोगात्मक, सहकारिता, सह अस्तित्व र सह कार्य, असल सम्बन्ध र समन्वयात्मक हुन्छन् । प्रदेशहरुको अधिकार क्षेत्र प्रदेश अन्तर्गत मात्रै सीमित हुन्छ । अर्थात अन्य प्रदेशको क्षेत्र वा व्यक्तिमा लागु हुने गरी प्रदेशले कानून निर्माण गर्ने वा कार्यकारिणी अधिकार प्रयोग गर्ने क्षमता हुदैन तर प्रर्याप्त र वास्तविक सम्बन्ध रहेको अवस्थामा Doctrine of territorial nexus को आधारमा एक प्रदेशको कानून अर्को प्रदेशको क्षेत्र, व्यक्ति वा वस्तुमा लागु हुन सक्छ । प्रदेशहरु वीचको आपसी सम्बन्धलाई व्यवस्थित गर्न देहाय अनुसार सम्बन्ध रहनु पर्दछ ।

- एक प्रदेशको कानूनी व्यवस्थालाई अर्को प्रदेशले मान्यता दिने ।
- एक प्रदेशले अर्को प्रदेशसंग साझा चासो र हितको विषयमा एक अर्कालाई सूचना आदान प्रदान गर्ने, परामर्श गर्ने, आफ्नो कार्य र विधायनका बारेमा एक आपसमा समन्वय गर्न र आपसी सहयोग विस्तार गर्न सक्नेछन् ।
- न्यायिक निकाय वा प्रशासनिक निकायको निर्णय एवं आदेश अन्तर प्रदेश वीच अन्तरप्रभावी हुने भएमा त्यस्तो निर्णय पालना र कार्यान्वयन गरिदिनु पर्ने ।
- प्रदेश वा संघीय एकाइले अर्को प्रदेश वा एकाइलाई आर्थिक सहयोग, ऋण वा अन्य प्रकारका सहयोग लिन वा दिन स्वतन्त्र हुने ।

- प्रदेशहरु एकापसमा मिलेर कुनै विकास निर्माण, सामुहिक परियोजनाको सञ्चालन गर्ने ।
- वातावरण तथा प्राकृतिक स्रोत र साधनको संरक्षण र सम्वर्द्धन आपसीरूपमा गर्नु पर्ने भएमा समन्वय गर्ने ।
- कुनै एक प्रदेशले अर्को प्रदेशको बाँसिन्दालाई आफ्नो प्रदेशको कानून बमोजिम सुरक्षा र सुविधा उपलब्ध गराउनु पर्नेछ ।
- दुई वा सो भन्दा वढी प्रदेशहरु वीचको साझा विषयमा कानून निर्माण गर्न संघलाई अनुरोध गर्ने र संघले त्यस्ता प्रदेशहरु वीचको विवादको समाधानको लागि कानूनी व्यवस्था गरीदिने ।
- सबै प्रदेशमा नागरिकहरुलाई न्यायमा पहुँचको समान अधिकार हुने ।
- प्रदेशहरु वीच पारस्परिक कानूनी सहायताको नीति अबलम्बन गरी सो अनुसार एक प्रदेशबाट अर्को प्रदेशमा फौजदारी अभियोग लागेको व्यक्ति वा सजाय तोकेको व्यक्तिलाई सम्बन्धित प्रदेशमा हस्तान्तरण गर्ने ।
- संघीय सर्वोच्च अदालतको निर्णय वा नजिर सबै प्रदेशहरुले पालना गर्ने ।

### ७.४. प्रदेश र विशेष संरचना वीचको सम्बन्ध

विशेष संरचनाको रुपमा स्थापना हुने स्वायत्त क्षेत्र, विशेष क्षेत्र वा संरक्षित क्षेत्रहरु प्रदेश अन्तर्गत रहन्छन् । यस्ता क्षेत्रहरुको स्थापना गर्नु पर्ने आधार र कारण प्रदेशले नै तय गर्दछ । किनकि यस्ता क्षेत्रहरु स्थापना गर्नु पर्ने उद्देश्य र आवश्यकता एक प्रदेश र अर्को प्रदेश वीच समान हुदैन । तथापि प्रदेश र यस्ता क्षेत्रहरु वीचको सम्बन्ध पारस्परिक सहयोग र समन्वयमा आधारित हुनु पर्दछ । संविधानद्वारा सूचीकृत अधिकारको सूची अन्तर्गत प्रदेशले प्रादेशिक कानूनद्वारा त्यस्ता क्षेत्रहरुको अधिकार निक्षेपण गर्नु पर्ने हुदाँ निक्षेपित अधिकारको प्रयोग र पालना गर्ने कार्यमा प्रदेशले त्यस्ता क्षेत्रहरुलाई हस्तक्षेप गर्नु उपयुक्त हुदैन । प्रदेशले संविधान र कानून बमोजिम दिएको निर्देशन तथा कार्यकारी आदेशको पालना गर्नु पर्ने दायित्व त्यस्तो क्षेत्रको हुनु पर्दछ ।

### ७.५ प्रदेश र स्थानीय तह वीचको सम्बन्ध

स्थानीय तहहरु प्रदेश अन्तर्गत रहने भएपनि प्रदेश र स्थानीय निकाय वीच पारस्परिक सहयोगको आवश्यकता रहन्छ । प्रदेश र स्थानीय निकाय वीचको सम्बन्ध संविधानमा उल्लेखित अधिकार बाँडफाँडको सूची, प्रचलित कानूनका अलावा पारस्परिक सहयोग, समन्वय र असल सम्बन्धमा आधारित हुनु पर्छ । प्रदेशले संविधान र प्रचलित कानुन बमोजिम दिएको निर्देशन पालना र कार्यान्वयन गर्नु स्थानीय निकायको जिम्मेवारी हुन्छ ।

### ७.६ संघ र विशेष संरचना तथा स्थानीय तह वीचको सम्बन्ध

संघ र विशेष संरचना तथा स्थानीय निकाय वीच अप्रत्यक्षरुपमा पारस्परिक सम्बन्ध हुन्छ । सामान्यतया त्यस्तो सम्बन्ध र समन्वय प्रदेश मार्फत कायम रहनु उपयुक्त हुन्छ । संघ र विशेष संरचना तथा स्थानीय निकाय वीचको सम्बन्ध संविधानमा उल्लेखित अधिकारको बाँडफाँडको सूची, प्रचलित कानुनको अलावा पारस्परिक सहयोग, समन्वय र असल सम्बन्धमा आधारित हुनु पर्छ । संघले संविधान र प्रचलित कानुन बमोजिम दिएको निर्देशन पालना र कार्यान्वयन गर्नु विशेष संरचना र स्थानीय निकायको जिम्मेवारी हुन्छ । तर त्यस्तो निर्देशन सम्बन्धित प्रदेश मार्फत् कार्यान्वयन गरिनु पर्दछ ।

## परिच्छेद - आठ

### ८. संघीय एकाइहरु वीच उत्पन्न हुन सक्ने विवादको समाधान सम्बन्धी संयन्त्र

संघीय प्रणालीमा दुई वा सो भन्दा बढी तहको सरकारको संरचना हुने र तिनीहरुको अधिकार क्षेत्र समेत अलग अलग रहने हुने हुदाँ व्यवस्थापनका दृष्टिले जटिल राजनैतिक प्रणाली मानिन्छ । संघीय प्रणालीमा जतिसुकै होशियारी पूर्वक अधिकारको बाँडफाँड गरिए तापनि संघीय एकाइहरु वीच उत्पन्न हुने विवाद वा द्वन्द्वलाई पूर्णत अन्त्य गर्न सकिदैन । तथापि अधिकारको स्पष्ट बाँडफाँड र अधिकारक्षेत्रको व्यवस्थाले विवाद कम हुने स्थिति सृजना गर्न सकिन्छ । संघीय प्रणालीमा सरकारका तहहरु वीच विभिन्न विषयमा विवाद उत्पन्न हुन सक्दछन् । विवादका विषयहरु मूलतः अधिकारको विषयसंग सम्बन्धित हुन्छन् । संघीय एकाइको अधिकारको विषय संघीयता निर्माणको आधिकारीक प्रकृयासंग पनि सम्बन्धित हुन्छ । संघीय एकाइहरु वीच विवाद, मतभिन्नता वा असमझदारीहरु उत्पन्न हुनु स्वभाविक प्रकृया हो । त्यस्ता विवाद, मतभिन्नता वा स्वार्थको द्वन्द्वलाई उचित संयन्त्रको माध्यमबाट व्यवस्थापन गर्नु संघीयताको सफलताको लागि महत्वपूर्ण मानिन्छ । त्यसका लागि औपचारिक र अनौपचारिक संयन्त्रको निर्माण गर्न सकिन्छ । कतिपय विवादहरुको प्रकृतिको आधारमा अनौपचारिक संयन्त्रको माध्यमबाट पनि समाधान गर्न सकिन्छ । यस संयन्त्र अन्तर्गत संघ र प्रदेशका सरकार प्रमुख, मन्त्रीहरु, विधायकहरु, वरिष्ठ अधिकारीहरु वीचको नियमित बैठक, सम्मेलन आदि पर्दछन् । अनौपचारिक संयन्त्रको माध्यमबाट विवादको समाधान हुन नसकेमा वा नसक्ने प्रकृतिका कानूनी एवं संवैधानिक विवादहरु औपचारिक संयन्त्रको माध्यमबाट समाधान गर्ने व्यवस्था अवलम्बन गर्ने अभ्यास संघीय मुलुकहरुमा रहेको पाइन्छ । संघीय एकाइहरु वीच तहगत विवादहरुको वर्गीकरण गर्दा संघीय संरचनाको तहहरुका बारेमा ठोस खाकामा आधारित भइ विवादहरु बारे उल्लेख गरिएको छ ।

#### ८.१. तहगत संरचनाहरु वीच विवादहरुको वर्गीकरण

८.१.१. संघ (केन्द्र) र प्रदेश (संघीय एकाइ) वीच

८.१.२. प्रदेश (संघीय एकाइ) र प्रदेश (संघीय एकाइ) वीच

८.१.३. प्रदेश (संघीय एकाइ) र स्थानीय तहहरु वीच

८.१.४. प्रदेश (संघीय एकाइ) र विशेष संरचना अन्तर्गत स्थापना हुने क्षेत्रहरु वीच

८.१.५. स्थानीय तह र विशेष संरचना अन्तर्गत स्थापना हुने क्षेत्रहरु वीच

८.१.६. स्थानीय तहहरु वीच

८.१.७. दुई भन्दा बढि तहगत संरचना वीच

#### ८.२. विवाद हुनसक्ने संभावित विषयहरु

संघीय एकाइहरु वीच देहायका विषयका अतिरिक्त अन्य कतिपय विषयहरुमा विवाद, मतभिन्नता वा असमझदारीहरु उत्पन्न हुन सक्दछन् ।

८.२.१. प्राकृतिक सम्पदाको प्रयोग र बाँडफाँड

८.२.२. क्षेत्राधिकार र सीमा सम्बन्धि विषय

८.२.३. आर्थिक नीति निर्धारण, राजस्व र राजस्वको बाँडफाँड

८.२.४. कानूनको निर्माण र कार्यान्वयन

८.२.५. सहमति उल्लंघनका विषयहरु

८.२.६. भाषिक, धार्मिक र सांस्कृतिक सम्पदाको प्रयोग

८.२.७. प्रदूषणसँग सम्बन्धित विषयहरु

८.२.८. 'पेटेन्ट राइट' सम्बन्धी विषय

८.२.९. आन्तरिक सुरक्षा सम्बन्धी विषय

८.२.१०. ठूला आयोजना सम्बन्धी विषय

## ८.३. विवाद समाधान संयन्त्र सम्बन्धी अन्तर्राष्ट्रिय अभ्यास

संघीय एकाइहरु वीच उत्पन्न हुने विवाद समाधान गर्ने संयन्त्रहरु विवादको प्रकृतिको आधारमा फरक फरक हुन सक्दछन् । संघीय मूलुकहरु मध्ये केही मूलुकहरुमा विवादहरुको निरूपण गर्ने आधार अदालती निर्णय रहेको छ भने कतिपय संघीय मूलुकहरुले जनमत संग्रह तथा संसदको माथिल्लो सदन जस्ता राजनीतिक प्रक्रियाको पनि अबलम्बन गरेको पाइन्छ ।

संयुक्त राज्य अमेरिकामा राज्यहरु वीच उत्पन्न हुने विवाद र मतभिन्नताहरु मध्ये कानूनी र संवैधानिक विषयका विवादहरु संघीय सर्वोच्च अदालतले न्यायिक निरुपणको माध्यमबाट समाधान गर्दछ भने वातावरण, श्रम सम्बन्धी विषय, प्रदुषण सम्बन्धी विषयहरुको विवाद संघीय निकाय (Federal Agency) ले समाधान गर्दछ । यसका अलावा कतिपय विषयहरु राजनैतिक संयन्त्रबाट पनि समाधान गरिन्छ । दुई वटा राज्यहरुले गरेका सम्झौताहरुको कारणवाट वा अधिकारको प्रयोगबाट तेस्रो राज्यमा परेका असर, क्षति वा प्रभावका विषयमा सिनेटको न्यायिक समितिले विवादको समाधान गर्दछ । यसका लागि सम्बन्धीत पक्षहरुबाट दावि प्रतिदावि पेश गरिन्छ । सिनेटको न्यायिक समितिले विवादका विषयमा सार्वजनिक सुनुवाई गरी मतको आधारमा विवादको टुङ्गो लगाउछ ।

क्यानडाको संविधानमा अन्तरराज्य विवाद समाधान सम्बन्धि संयन्त्रको रुपमा First Ministers Conference, Annual Premiers Conference, Ministerial Council, Supreme Court जस्ता निकायहरु रहने व्यवस्था गरिएको छ ।

अस्ट्रेलियामा सिनेट, Council of Australian Government र अदालतलाई अन्तरराज्य विवाद समाधान गर्ने संयन्त्रको रुपमा रहने व्यवस्था गरिएको छ । मूख्यतः उच्च अदालतलाई राज्यहरु वीच उत्पन्न हुने संवैधानिक व्याख्याको विषयमा विवाद हेर्ने क्षेत्राधिकार रहेको छ । राज्यहरु वीचको अन्तर सम्बन्ध व्यवस्थित गर्न र विवाद समाधान गर्न परिषदको व्यवस्था समेत रहेको छ । जसको अध्यक्षता प्रधानमन्त्रीले गर्ने र सदस्यहरुमा राज्यका मूख्य मन्त्रीहरु तथा स्थानीय सरकारका अध्यक्ष रहने व्यवस्था छ ।

जर्मनीमा मेलमिलाप समितिहरु, सबै राज्यहरु (Landers) का प्रतिनिधिहरु रहने संवैधानिक परिषद, मन्त्रि र राष्ट्रपतिको सम्मेलन, संवैधानिक अदालत जस्ता निकायहरु विवाद समाधान संयन्त्रको रुपमा रहने व्यवस्था गरिएको छ ।

दक्षिण अफ्रिकामा राष्ट्रिय र प्रान्तिय राज्यका अंगहरुको संवैधानिक स्थिति, अधिकार र कार्यहरुको सम्बन्धमा संवैधानिक विवाद भएमा संवैधानिक अदालतबाट न्यायिक समाधान गर्ने व्यवस्था रहेको छ । कुनै पनि विवाद अनौपचारिक संयन्त्र मार्फत् समाधान गर्ने सम्पूर्ण न्यायोचित उपायहरु अबलम्बन गरिसकेपछि समाधान हुन नसकेमा मात्रै संवैधानिक अदालतमा पेश गरिन्छ ।

भारतमा केन्द्रीय सरकार र एक वा सो भन्दा वढी राज्य वीचको विवाद, भारत सरकार र राज्यहरु मध्ये कुनै एक राज्य र अन्य कुनै एक वा सो भन्दा बढी राज्य संलग्न भएको विवाद र दुई वा सो भन्दा बढी राज्यहरु वीचको विवादको शुरु कारबाई गर्ने क्षेत्राधिकार सर्वोच्च अदालतमा रहने संवैधानिक व्यवस्था छ । तर त्यस्तो विवादमा कानूनी प्रश्न र तथ्य (Question of Law or Fact) समावेश भएको हुनु पर्दछ । त्यसकारण राजनीतिक प्रकृतिको प्रश्न जसमा कुनै कानूनी पक्ष समावेश छैन भने त्यो सर्वोच्च अदालतको क्षेत्राधिकार (Purview) भित्र पर्दैन । सर्वोच्च अदालतले हेर्ने विवाद संविधान र संघीय संरचनासँग सम्बन्धित हुनु पर्दछ । सर्वोच्च अदालतलाई कानूनी र संवैधानिक विवाद हेर्ने क्षेत्रधिकार प्रदान गरिएको छ । साथै राज्यहरु वीच उत्पन्न हुने विवादको जाँचबुझ अनुसन्धान गरी समाधानका सुझावहरु दिन अन्तर राज्य परिषद (Inter State Council) गठन हुने व्यवस्था समेत रहेको छ । त्यस्तो परिषदको गठन, काम, कर्तव्य र कार्यविधि राष्ट्रपतिले तय गर्ने व्यवस्था छ । यसैगरी सामाजिक तथा आर्थिक क्षेत्रमा राज्यहरु वीच सहयोग तथा समन्वय प्रर्वद्धन गर्न पाँच वटा Zonal council रहने व्यवस्था छ ।

## ८.४. विवाद समाधानका माध्यमहरु (Means of Dispute resolution)

संघीय देशमा प्रचलित अभ्यासको आधारमा हेर्दा संघीय एकाइ वीच हुने विवाद, असमझदारी र मतभिन्नताहरुलाई समाधान गर्ने संयन्त्रको रुपमा विभिन्न माध्यमहरुलाई अबलम्बन गर्ने गरेको पाइन्छ । त्यस्ता उपायहरु निम्न रहेका छन् ।

### ८.४.१. विवाद समाधान गर्ने औपचारिक संयन्त्र

यस अन्तर्गत कानूनी तथा संवैधानिक विवादहरु हेर्न न्यायिक निकायहरु जस्तै अदालत तथा न्यायाधिकरणहरु पर्दछन् ।

### ८.४.२. राजनैतिक संयन्त्र

कानूनी र संवैधानिक विषय बाहेकका राजनैतिक विषयहरु हेर्न व्यवस्थापिका वा सो अन्तर्गतका संसदीय समितिहरु, सम्मेलनहरु, अन्तरराज्य परिषद, आयोगको स्थापना जस्ता संयन्त्रहरु यस अन्तर्गत पर्दछन् ।

### ८.४.३. जनमत संग्रह

संघीय एकाइहरु वीच उत्पन्न हुने विवादहरु मध्ये जटिल र महत्वपूर्ण विषयहरुमा जनताको मतबाट विवाद समाधान गर्ने प्रकृया यस अन्तर्गत पर्दछ । स्वीजरल्याण्डमा जनमत संग्रहको माध्यबाट विवाद समाधान गर्ने व्यवस्था रहेको छ ।

### ८.४.४. वैकल्पिक माध्यम

यस अन्तर्गत सम्बन्धित विवाद ग्रस्त पक्षहरु वीच छलफल, वार्ता, मेलमिलाप, समन्वय तथा मध्यस्थता जस्ता माध्यमहरु पर्दछन् ।

### ८.४.५. विवाद नआउने अवस्था

यस अन्तर्गत संघीय एकाइहरुले एक अर्का वीच विवाद, मतभिन्नता वा असमझदारी उत्पन्न हुन नदिने वा त्यस्तो अवस्था आउन नदिने तर्फ जोड दिइन्छ । विवाद उत्पन्न हुन सक्ने क्षेत्रहरुका विषयमा सम्मेलन वा अन्य माध्यमबाट छलफल गरी विवाद उत्पन्न नहुने प्रयास गरिन्छ । जर्मनीमा ल्याण्डरहरुको सम्मेलनबाट विवाद आउन सक्ने विषयमा छलफल गरी समाधान गर्ने अभ्यास रहेको छ भने दक्षिण अफ्रिकामा प्रान्तहरुले एक अर्का विरुद्ध कानूनी कारबाइ अगाडि नबढाई आपसी विश्वास र सद्भावमा ध्यान दिनु पर्ने संवैधानिक व्यवस्था रहेको छ ।

## ८.५. नेपालको सन्दर्भमा विवाद समाधान सम्बन्धी संयन्त्र

संघीय एकाइहरु वीच उत्पन्न हुने विवादहरु समाधान गर्न प्रभावकारी संयन्त्रहरुको निर्माण गर्नु आवश्यक हुन्छ । नेपालको सन्दर्भमा संघीय एकाइहरु वीच उत्पन्न विवाद समाधानको लागि निम्न संयन्त्रहरु रहनु उपयुक्त हुने देखिन्छ ।

### ८.५.१. राजनीतिक संयन्त्र

संघीय प्रणालीमा धेरै हद सम्म विवादहरु कानूनी व्याख्यामा भन्दा सरकारका अधिकार वा भूमिका कस्तो हुनु पर्छ भन्ने कुरामा केन्द्रीत हुन्छन् । यस्ता राजनीतिक प्रकृतिका विवादहरु राजनैतिक रुपमा राजनैतिक संयन्त्रको माध्यमबाट नै निरूपण गरिनु पर्दछ । राजनीतिक संयन्त्रको रुपमा निम्न निकायहरु रहन सक्दछन् ।

#### ८.५.१.१. अन्तर प्रादेशिक परिषद

संघीय एकाइहरु वीच विवाद उत्पन्न हुन नदिने उपायहरुको खोजी गरी समाधान गर्न एवं विवाद हुन सक्ने क्षेत्रहरुको पहिचान गरी निराकरण गर्ने समाधान नभएका विषय संघीय व्यवस्थापिकामा समाधानका लागि पठाउने तथा आपसी समन्वयलाई व्यवस्थित गर्न अन्तर प्रादेशिक परिषद महत्वपूर्ण संयन्त्र हुन सक्दछ । यस्तो परिषदले संघ र प्रदेश वीच विवाद उत्पन्न हुन नदिने तथा संघ र प्रदेश र प्रदेश प्रदेश वीचको अन्तर सम्बन्धलाई समेत व्यवस्थित गर्न सक्दछ । अन्तर प्रदेश वीच कानूनी प्रकृतिका विवाद बाहेक अन्य कुनै विवादको सृजना भएमा त्यस्ता विवादको समाधान गर्न अन्तर प्रादेशिक परिषदको स्थापना गर्न सकिन्छ । त्यस्तो परिषदले सामान्यतया विवादको जाँचबुझ गर्ने, विवादको सम्बन्धमा सम्बन्धित प्रदेशहरुसँग छलफल गर्ने, राजनैतिक सम्मेलन गर्ने, विवादको विषयमा अनुसन्धान गर्ने र समाधान गर्ने कार्य गर्न सक्दछ । यस्तो परिषद स्थायी र अस्थायी प्रकृतिको हुन सक्दछ । खासगरी कानूनी बाहेक अन्य विषयमा संघ र प्रदेश वीच र प्रदेशहरु वीच सहयोग र समन्वय बृद्धि गर्न यस्तो संयन्त्रले महत्वपूर्ण भूमिका खेल्न सक्दछ । हाम्रो सन्दर्भमा पनि यस्तो परिषदको गठन गर्न सक्ने व्यवस्था रहनु उपयुक्त हुन्छ । अन्तर प्रादेशिक परिषदमा कार्यकारी प्रमुख – अध्यक्ष, संघीय गृहमन्त्री – सदस्य, संघीय अर्थमन्त्री – सदस्य र प्रदेशका प्रमूखहरु – सदस्य रहने र सो परिषदले आवश्यकता अनुसार सम्बन्धित

विषयको संघीय मन्त्री, सम्बन्धित विषयका प्रादेशिक मन्त्री तथा विशेषज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्ने तथा परिषदको कार्यविधि सम्बन्धी अन्य व्यवस्था कानूनद्वारा निर्धारण भए बमोजिम हुन उपयुक्त हुन्छ ।

### ८.५.१.२. संघीय व्यवस्थापिका

संघीय व्यवस्थापिका जनताबाट निर्वाचित प्रतिनिधिहरुको सर्वोच्च राजनैतिक निकाय हो । यसमा सम्पूर्ण राष्ट्रका जनताको प्रतिनिधित्व रहेको हुन्छ । यसले संघीय एकाइहरु बीचका विवादहरुलाई छलफल तथा विचार विमर्शको माध्यमबाट निष्कर्ष निकाली समाधान गर्न सक्दछ । यस्तो संयन्त्रबाट विवाद समाधान प्रभावकारी समेत हुन सक्दछ किनकी यसमा जनताको नियन्त्रण समेत हुन्छ । तसर्थ संघ (केन्द्र) र प्रदेश (संघीय एकाइ) वीच र प्रदेश-प्रदेश वीचको विवादलाई संघीय व्यवस्थापिकाको बैठकबाट छलफल गरी समाधान गर्ने व्यवस्था गरिनु उपयुक्त हुन्छ । त्यस्ता विवाद अन्तर्गत अन्तर प्रादेशिक परिषदबाट सिफारिश भई आएका वा संघीय व्यवस्थापिकाले आवश्यक ठानेका विषय पर्दछन् ।

### ८.५.१.३. जनमत संग्रह

संघीय एकाइहरु वीच उत्पन्न हुने कतिपय विषयहरु महत्वपूर्ण तथा जटिल हुन सक्दछन् । त्यस्ता विषयहरुमा संघीय व्यवस्थापिकाले छलफल गरी समाधान हुन नसकेमा वा संघीय व्यवस्थापिकाले आवश्यक ठानेमा जनमत संग्रहको माध्यमबाट समाधान गर्ने व्यवस्था रहनु उपयुक्त हुन्छ । जनमत संग्रहको विषयवस्तु गम्भीरता तथा प्रकृतिको आधारमा राष्ट्र भरी वा कुनै प्रदेशका लागि हुन सक्दछ । जनमत संग्रह सम्बन्धी व्यवस्था संघीय व्यवस्थापिकाले कानून बनाई निर्धारण गर्न सक्ने प्रावधान रहनु उपयुक्त हुन्छ ।

### ८.५.१.४. प्रादेशिक व्यवस्थापिका

संघीय संरचना अन्तर्गत निर्माण हुने प्रदेश र सो मातहत रहने स्थानीय तह एवं विशेष संरचना अन्तर्गतका क्षेत्रहरु वीच विवादहरुको सिर्जना हुन सक्दछ । त्यस्ता विवादहरु राजनीतिक तहमा छलफल गरी समाधान गरिनु प्रभावकारी हुन सक्छ । त्यसका लागि प्रादेशिक व्यवस्थापिका उपयुक्त संयन्त्र हुन सक्छ । तसर्थ प्रदेश र स्थानीय तहहरु वीच, प्रदेश र विशेष संरचनाहरु वीच र स्थानीय तह र विशेष संरचनाहरु वीचको विवादलाई सम्बन्धित प्रदेश (संघीय एकाइ) को व्यवस्थापिकाले छलफल गरी टुंगो लगाउने व्यवस्था गरिनु उपयुक्त हुन्छ । यस्ता विवादको छलफल एवं निर्णय गर्ने प्रकृया सम्बन्धी कार्यविधि प्रादेशिक व्यवस्थापिकाले नै निर्धारण गर्ने व्यवस्था रहनु उपयुक्त हुन्छ ।

## ८.५.२. न्यायिक संयन्त्र

संघीय प्रणालीमा सरकारका तहहरु वीच अधिकारको प्रयोग र पालनाको विषयमा संवैधानिक र कानूनी विवादहरु उत्पन्न हुन्छन् । त्यस्ता विवादहरुलाई संवैधानिक र कानूनी आधारमा समाधान गरिनु पर्दछ । त्यसका लागि न्यायिक संयन्त्रको अभ्यास संघीय मूलुकहरुमा रहेको पाइन्छ । न्यायिक संयन्त्र अन्तर्गत सर्वोच्च अदालत, छुट्टै संवैधानिक अदालत, उच्च अदालत, न्यायाधिकरण जस्ता निकायहरु पर्दछन् । नेपालको सन्दर्भमा कानूनी तथा संवैधानिक विवादको न्यायिक समाधान गर्न निम्न संयन्त्र रहनु उपयुक्त देखिन्छ ।

### ८.५.२.१. संवैधानिक अदालत

संघ र प्रदेश वीच, प्रदेश प्रदेश वीच र प्रदेश र स्थानीय तह, प्रदेश र विशेष संरचना र स्थानीय तह र विशेष संरचनाका क्षेत्रहरु वीच संविधान र संविधानद्वारा प्रद्धत अधिकारको प्रयोग र पालना गर्ने विषयमा वा संवैधानिक व्याख्याको विषयमा कुनै विवाद उत्पन्न भएमा त्यस्तो विवादको न्यायिक समाधानको लागि छुट्टै संवैधानिक अदालतको स्थापना गरिनु उपयुक्त हुन्छ । संघ र प्रदेश तथा प्रदेश प्रदेश वीच उत्पन्न हुने कानूनी एवं संवैधानिक विवादहरु अन्य कानूनी विवाद भन्दा फरक प्रकृतिका हुन्छन् । त्यसकारण यस्ता विवादको निरुपणका लागि न्यायिक प्रकृया समेत फरक हुन्छ । सामान्य अदालतलाई यस्ता विवाद हेर्ने क्षेत्राधिकार प्रदान गर्दा विवादको समाधान छिटोछरितो र प्रभावकारी हुन सक्दैन किनकी सामान्य अदालतले व्यक्ति-व्यक्ति र व्यक्ति तथा अन्य निकायहरु वीचका धेरै विवादहरुको निरोपण गर्नु पर्ने हुन्छ । संवैधानिक अदालतलाई संघीय एकाइहरु वीचको कानूनी र संवैधानिक विवाद मात्र हेर्ने क्षेत्राधिकारले विवाद समाधान छिटोछरितो र प्रभावकारी हुन सक्दछ । यसका अलावा संवैधानिक अदालतमा विशेषज्ञ न्यायाधीश,

संवैधानिक कानूनका प्राध्यापक तथा विशेषज्ञहरु रहन सक्ने हुदाँ संवैधानिक विवाद समाधानमा सघाउ पुग्न सक्दछ । तर कुनै कानूनी पक्ष समावेश नभएको राजनैतिक प्रकृतिको विषय यस अदालतको क्षेत्राधिकार भित्र रहनु हुदैन । संवैधानिक अदालतको निर्णय अन्तिम हुने व्यवस्था रहनु पर्ने देखिन्छ । कुनै विवाद संवैधानिक वा कानूनी हो होइन भन्ने प्रश्न उठेमा त्यसको निरोपण संवैधानिक अदालतले नै गर्न सक्ने व्यवस्था रहनु उपयुक्त हुन्छ ।

यस्तो संवैधानिक अदालतमा एक जना अध्यक्ष सहित ५ जना सदस्य रहने र त्यसमा रहने अध्यक्ष तथा सदस्यहरुको नियुक्ति, योग्यता, सेवाका शर्त, विवाद निरुपण गर्ने कार्यविधि र प्रक्रिया संघीय सर्वोच्च अदालतको व्यवस्थासंग मिल्ने गरी राख्न सकिन्छ । संवैधानिक अदालतमा रहने अध्यक्ष तथा सदस्यहरुको नियुक्ति गर्दा समावेशी र समानुपातिक सिद्धान्तको आधारमा गर्नु उपयुक्त हुने देखिन्छ ।

**८.५.२.२. प्रादेशिक उच्च अदालत**

प्रदेश अन्तर्गत निर्माण हुने स्थानीय तह र विशेष संरचनाको अधिकार संविधानमा सूचीकृत भए अनुसार ती निकायले प्रयोग गर्दछन् । प्रदेशले संविधानमा सूचीकृत भएका विषयका अलावा प्रादेशिक सूचीमा परेका विषयमा समेत स्थानीय तह र विशेष संरचनालाई कानूनद्वारा अधिकार प्रत्यायोजन गर्न सक्दछ । त्यस्तो अवस्थामा स्थानीय तहहरु बीच, विशेष संरचनाहरु बीच र स्थानीय तह र विशेष संरचना बीच कानूनी विवादहरु उत्पन्न हुन सक्दछन् । त्यस्ता कानूनी विवाद छिटो छरितो रुपमा समाधान गर्न र भौगोलिक सुगमताको दृष्टिले प्रादेशिक उच्च अदालतबाट शुरु कारबाही र किनारा गर्न उपयुक्त हुने हुदाँ यो व्यवस्था गर्न उपयुक्त हुन्छ ।

तसर्थ स्थानीय तह र विशेष संरचना, स्थानीय तहहरु, विशेष संरचनाहरु बीच उत्पन्न हुने कानूनी विवादको निराकरण सम्बन्धित प्रदेशको उच्च अदालतबाट गरिनु पर्दछ । त्यस्तो अदालतको निर्णय उपर संवैधानिक अदालतमा पुनरावेदन गर्न सकिने व्यवस्था रहनु उपयुक्त हुन्छ ।

**८.५.३. वैकल्पिक उपायहरु**

संघीय एकाइरु बीच उत्पन्न हुने सम्पूर्ण विवादहरुको समाधान अदालती पद्धति (Judicial Method) बाट मात्रै प्रभावकारी हुन सक्दैन कतिपय विवाद वा असमझदारी वैकल्पिक प्रकृया (Non Judicial Method) को माध्यमबाट समाधान गर्नु प्रभावकारी हुन सक्दछ । यस्तो प्रकृयाले संघीय एकाइहरु बीच आपसी समझदारी र सहयोगलाई बृद्धि गरी अन्ततः संघीयतालाई नै सफल बनाउन मद्दत गर्दछ । यस अन्तर्गत द्विपक्षीय एवं बहुपक्षीय वार्ता, मेलमिलाप, समन्वय एवं मध्यस्थता जस्ता प्रकृया अबलम्बन गर्न सकिन्छ । यस्ता प्रकृया अन्तर्गत सम्बन्धित संघीय एकाइहरुले आफैले विवाद समाधान गर्ने प्रयास गर्ने र ती प्रयासबाट समाधान हुन नसकेमा मात्रै न्यायिक समाधानको लागि संवैधानिक अदालत वा प्रादेशिक उच्च अदालतमा जान सक्ने व्यवस्था गरिनु उपयुक्त हुने देखिन्छ । यस्ता प्रकृयाको अबलम्बन खासगरी सिमा सम्बन्धी विषय, प्राकृतिक श्रोतको बाँडफाँड, व्यापार वाणिज्य, राजस्व बाँडफाँड जस्ता विषयहरुमा अबलम्बन गरिनु प्रभावकारी हुन सक्छ । यस्ता प्रकृया अन्तर्गत विवाद समाधान गर्ने कार्यविधि लगायतका विषय संघीय कानूनद्वारा निर्धारण गरिनु उपयुक्त हुन्छ ।

# परिच्छेद – ९

## ९. विशेष

### ९.१. आत्मनिर्णयको अधिकार

#### ९.१.१. ऐतिहासिक पृष्टभूमि

आत्मनिर्णयको अधिकारको अध्ययन गर्दा तत्कालिन साम्राज्यका शासकहरु र एसिया तथा युरोप भित्रका उपनिवेशका वासिन्दाहरुको भाषिक एवं सांस्कृतिक पृष्टभूमि भिन्नाभिन्नै भएको र साम्राज्यवादको अन्त्य तिर सांस्कृतिक र भाषिक एकरुपता भएका समुदायलाई स्वायत्तता प्रदान गरी स्वतन्त्र मुलुकको निर्माण भएको हुनाले त्यस्तो स्वायत्ततालाई राष्ट्रिय आत्मनिर्णय भन्ने गरियो । वास्तवमा आत्मनिर्णयको अधिकार भित्र प्रत्येक राज्यका जनता वाहय हस्तक्षेप विना आफू कसरी शासित हुन चाहन्छ भन्ने कुराको निर्णय गर्न स्वतन्त्र भएको हुन्छ ।

आत्मनिर्णयको अधिकार भन्नाले आफ्ना वारेमा आफैले निर्णय गर्न पाउने अधिकार लाई जनाउदछ । हरेक व्यक्ति, जाति, भाषिक समुदाय र क्षेत्रीय समुदायलाई आत्मनिर्णयको अधिकार हुन्छ भन्ने सिद्धान्त एक प्रकारले सर्वमान्य सिद्धान्त बनिसकेको छ । तर आत्मनिर्णयको अधिकारको सीमा र दायराका बारेमा भने एकमतको स्थिति छैन ।

**आत्मनिर्णयको अधिकारको सम्बन्धमा विभिन्न दृष्टिकोण रहेको पाइन्छ ।**

**क) भ्लादिमिर लेनिनको धारणा**

सन् १९१३ मा राजनैतिक निर्णयको अधिकारको रुपमा उत्पीडक राष्ट्रबाट उत्पीडित राष्ट्रले छुट्टिन पाउने र स्वतन्त्र रुपमा आफ्नो कानून बनाउन पाउने राष्ट्रको अधिकारको रुपमा आत्मनिर्णयको अधिकार हो भन्ने उल्लेख भएको पाइन्छ । सोभियत संघको निर्माण हुदाँ स्वतन्त्र रुपमा रहेका राज्यहरु मिलेर सोभियत संघको निर्माण गरिएको र सो क्रममा भ्लादिमिर लेनिनले त्यस्ता स्वतन्त्र राज्यहरुलाई आवश्यकता अनुसार छुट्टिएर अलग स्वतन्त्र राज्य बनाउन पाउने गरी आत्मनिर्णयको अधिकार हुने उल्लेख गरेका थिए । सो आत्मनिर्णयको अधिकारको सिद्धान्तको दायरा भित्र राष्ट्रहरुलाई छुट्टिएर बेग्लै राज्य गठन गर्ने अधिकार सम्म थियो ।

**ख) संन् १९१८ मा अमेरिकी राष्ट्रपति विड्रो विल्सनले प्रादेशिक अक्षुणता एवं राज्यको अस्तित्व,** स्वतन्त्रता र सार्वभौमसत्ताको अधिकारको रुपमा आत्मनिर्णयको अधिकारलाई व्याख्या गरेका थिए । उनका अनुसार आत्मनिर्णयको अधिकार अन्तर्गत कुनै पनि राष्ट्रले उपनिवेशबाट मुक्त हुन पाउने अधिकार र सार्वभौम राष्ट्र माथिको हस्तक्षेप विरुद्धको अधिकार हो ।

**ग) संयुक्त राष्ट्र संघको स्थापना पूर्व १९३३ को मोन्टेभिडियो संहिताले** स्थायी जनसंख्या, निश्चित भू-भाग, सरकार र अरु राज्यसँग सम्बन्ध राख्न सक्ने क्षमता अर्थात् सार्वभौमसत्ता भएको राज्यले स्वतन्त्र रुपमा आर्थिक राजनैतिक एवं अन्य क्रियाकलाप गर्न पाउनुलाई राज्यको आत्मनिर्णयको अधिकार हुने उल्लेख गरेको थियो ।

**घ) संयुक्त राष्ट्र संघको वडापत्र, प्रतिज्ञापत्र तथा महासन्धिमा भएको धारणा**

१. संयुक्त राष्ट्र संघको वडापत्र (१९४५) मा जनताको आत्मनिर्णयको अधिकारको सम्बन्धमा उल्लेख गरिएको छ । जस अनुसार समान अधिकारको सिद्धान्त र जनताहरुको आत्मनिर्णयको अधिकारको सिद्धान्तको सम्मानमा आधारित मैत्रिपूर्ण सम्बन्ध राष्ट्रहरु बीच विकसित गर्नु संयुक्त राष्ट्र संघको उद्देश्य हुनेछ । वडापत्रको धारा ५५ मा जनताहरुको आत्मनिर्णयको सिद्धान्तको सम्मानमा आधारित भएका राष्ट्रहरु वीचको शान्तिपूर्ण र मैत्रीपूर्ण सम्बन्धका लागि संयुक्त राष्ट्र संघले उच्चत्तर जीवनस्तर, पूर्ण रोजगार अर्थात् आर्थिक सामाजिक प्रगति एंव विकासका स्थितिहरु, भेदभाव विना सबैका लागि मानव अधिकार र स्वतन्त्रताहरुको सम्मान तथा पालना गर्ने कुराहरुलाई प्रोत्साहित गर्ने कुरा उल्लेख छ ।

२. **संयुक्त राष्ट्र संघको नागरिक तथा राजनैतिक अभिसन्धि**, १९६६ को धारा १ (१) अनुसार आत्म निर्णयको अधिकार भन्नाले जनताको राजनैतिक हैसियत कायम गर्न, आर्थिक सामाजिक र सास्कृतिक विकासको लागि स्वतन्त्रतापूर्वक प्रयोग गर्न सक्ने अधिकारलाई जनाउछ । (All people have the right of self-determination. By virtue of that right they freely determine their political status and freely pursue their economic, social, cultural development)

सोही अभिसन्धिको धारा २७ मा जातीय, धार्मिक र भाषिक अल्पसंख्यकहरु रहेका राज्यहरुमा त्यस्ता अल्पसंख्यकहरुलाई तीनिहरुको समूहका अन्य सदस्यहरु संगै आफनो संस्कृति तथा धर्म मान्ने र भाषा वोल्ने अधिकारबाट वञ्चित गरीने छैन भन्ने उल्लेख भएको पाइन्छ । अभिसन्धीको उक्त प्रावधानर्ले अल्पसंख्यक समुदायको जीवन पद्धतिको संरक्षण र प्रवर्द्धन गर्न चाहेको भन्न सकिन्छ । यसबाट जातिगत, भाषिक, सांस्कृतिक र धार्मिकरूपमा अल्पसंख्यकरूपमा रहेका समुदायको भाषिक एवं सांस्कृतिक अधिकार उपयोग गर्न पाउने अधिकारलाई प्रत्याभूति प्रदान गरेको मान्न सकिन्छ । तर यस प्रावधानले राष्ट्रको सार्वभौमसत्ता र क्षेत्रीय अखण्डतालाईलाई प्रतिकुल प्रभाव पारेको भन्न मिल्दैन । किनभने यो अधिकार कुनै एक पक्ष जो राज्य भित्रको कुनै भू-भागमा रहेको र आफनो जातिगत, भाषिक, धार्मिक र सांस्कृतिक रहन सहनका आधारले छुट्टै पहिचान बनाएका समुदायको जीवन पद्धतिलाइ राज्यले संरक्षण र सम्वर्द्धन र विकास गर्नु पर्ने कुरामा सीमित भएको छ ।

३. **संयुक्त राष्ट्र संघको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धि अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र** (International Covenant on Economic, Social and Cultural Rights), १९६६ को धारा १ मा सम्पूर्ण जनताहरुलाई आत्मनिर्णयको अधिकार छ । त्यस अधिकारको कारणबाट नै उनीहरु स्वतन्त्रतापूर्वक आफ्नो राजनैतिक हैसियत निर्धारण गरी स्वतन्त्रतापूर्वक आफ्नो राजनीतिक, सामाजिक, सांस्कृतिक विकासमा लाग्दछन् भन्ने उल्लेख छ । (All peoples have the right of self-determination. By virtue of that right they freely determine their political status and freely pursue their economic, social, cultural development) सोही प्रतिज्ञापत्रको धारा १ (३) मा गैर स्वशासित तथा न्यास इलाकाहरुको प्रशासन गर्ने उत्तरदायित्व भएका पक्षका राष्ट्रहरु प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरुले आत्मनिर्णयको अधिकारको प्राप्ति प्रवर्द्धन गर्ने र संयुक्त राष्ट्र संघका वडापत्रका व्यवस्थाहरु अनुरुप सो अधिकारको सम्मान गर्ने उल्लेख छ ।

४. **आदिवासी जनजातिका सम्बन्धमा संयुक्त राष्ट्र संघको महासभाको घोषणा (२००७)** मा पनि आत्मनिर्णयको अधिकारको वारेमा उल्लेख गरेको पाइन्छ । यस अन्तरगत आदिवासी जनजातिहरुले उनिहरुको सांस्कृतिक पृथकता तथा कानूनी प्रणाली अवलम्वन गर्न, आफ्नै भाषामा शिक्षा प्रदान गर्न र आफ्नै प्रतिनिधिमूलक संस्थाहरु स्थापना गर्न पाउनु पर्ने र तिनीहरुलाई असर पर्ने निर्णयमा उनिहरुको परामर्श लिनु पर्ने, आफ्नो समुदायको शिक्षा, स्वास्थ्य जस्ता सेवा प्रदान गर्ने कार्यमा तिनीहरु संलग्न हुन पाउने जस्ता अधिकारहरु पर्न आउछ । उक्त घोषणापत्रमा निम्न अधिकारहरु उल्लेख भएको पाइन्छः-

धारा ३ - आदिवासी जनजाती जनतालाई आत्मनिर्णयको अधिकार हुनेछ । त्यस अधिकारका आधारमा उनिहरुले स्वतन्त्रतापूर्वक आफनो राजनैतिक पद्धति निर्धारण गर्न सक्तछन र उनीहरु आर्थिक, सामाजिक तथा सांस्कृतिक विकास तर्फ उन्मुख हुनेछन ।

धारा ४ - आत्मनिर्णयको अधिकारको अभ्यास गर्दा आदिवासी जनजाती जनताले उनिहरुको आन्तरिक तथा स्थानीय मामिलाहरुमा स्वायत्तता वा स्वसरकारको अधिकार हुनेछ । साथै, स्वायत्तताको सञ्चालनको लागि स्रोत तथा लगानिका उपायहरु सम्वन्धी अधिकार पनि उनिहरुमा हुनेछन् ।

धारा ४६.१ - यो घोषणाको कुनैपनि कुराको व्याख्या संयुक्त राष्ट्र संघको वडापत्रको प्रतिकूल हुने गरी कुनै पनि राज्य, जनता, समुह वा व्यक्ति कुनै कार्यमा संलग्न हुने वा कार्य गर्ने गरी गरीने छैन अथवा सार्वभौम तथा स्वतन्त्र राज्यहरुको क्षेत्रीय अखण्डता वा राजनीतिक एकतालाई पूर्ण वा आंशिकरूपमा अलग हुने वा विखण्डन गर्ने खालको कुनै कार्यलाई आधिकारिता दिने वा प्रोत्साहित गर्ने गरी कुनै कुराको व्याख्या गरिने छैन ।

५. **आदिवासी जनजातीको अधिकारको सम्वन्धमा अन्तरराष्ट्रिय श्रम संगठनको महासन्धी १६९** ले पनि आदिवासी जनताहरुले समुदायमा एकिकृत हुने गति तथा उनीहरुका संस्कृतिका भविष्य वारे उनिहरु आफैले निर्णय गर्न सक्षम हुनु पर्ने कुरा पर्दछ । आदिवासी जनजातिको सांस्कृतिक पहिचानको लागि यस महासन्धिले त्यस्ता समुदायको आर्थिक, सामाजिक, सांस्कृतिक परम्परा एवं रहन सहन, वातावरणीय संरक्षण, स्रोत र साधन माथिको अधिकार, सामाजिक सुरक्षा र भाषाको संरक्षण र प्रवर्द्धन गर्नु पर्ने व्यवस्था भएको पाइन्छ ।

संयुक्त राष्ट्र संघ मार्फत् विकास भएको आत्मनिर्णयको अधिकारले स्वतन्त्रतापूर्वक, विना बाह्य हस्तक्षेप राष्ट्र तथा जनताले आफ्नो राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक विकास गर्ने अधिकार र आफ्नो क्षेत्र भित्र नियन्त्रण गर्ने अधिकार समावेश गर्दछ । तर छुट्टिन पाउने (Secession) अधिकार समेट्दैन । त्यसले एउटै देशभित्र स्वशासन स्वायत्तता लगायतका राजनैतिक, आर्थिक, सांस्कृतिक अधिकार प्राप्त गर्ने सीमा सम्म सीमित राख्दछ ।

आत्म-निर्णयको अधिकार प्रयोग गर्दा आन्तरिक र स्थानीय रुपमा संस्कृति, धर्म, शिक्षा, सूचना, संचार, स्वास्थ्य, बसोबास, रोजगार, सामाजिक कल्याण, आर्थिक क्रियाकलाप, वाणिज्य, भूमि तथा स्रोतसाधनको परिचालन, वातावरण सम्बन्धी अधिकार र यी कार्यहरुका लागि आर्थिक स्रोत जुटाउन स्वायत्तता र स्वशासनको अधिकार हुन्छ ।

(Indigenous peoples, as a specific form of enriching their right to self determination, have the right to autonomy or self government in matters relating to their internal and local affairs, including culture, religion, education, information, media, health, housing, employment, social welfare, economic activities, local and resources management, as well as ways and means for financing these autonomous functions.)

### ९.१.२. नेपालको सन्दर्भमा आत्मनिर्णयको अधिकार

आदिवासी, आदिवासी जनजाती, मधेशीलाई आन्तरिक र स्थानीय रुपमा राजनीति, संस्कृति, धर्म, भाषा, शिक्षा, सूचना, संचार, स्वास्थ्य, बसोबास, रोजगार, सामाजिक सुरक्षा, आर्थिक क्रियाकलाप, वाणिज्य, भूमि, स्रोतसाधनको परिचालन तथा वातावरण सम्बन्धी अधिकारका रुपमा आत्मनिर्णयको अधिकार रहने छ । यी विषयहरुमा कानून बनाई निश्चित गरिने छ । आत्मनिर्णयको अधिकारको प्रयोग गर्दा देशको सार्वभौमसत्ता, स्वतन्त्रता, एकता र नेपालको क्षेत्रीय अखण्डतामा खलल नपर्ने गरी गरिने छ ।

## ९.२. राजनैतिक अग्राधिकार

संघीय शासन प्रणालीमा जानुपर्ने एउटा प्रमुख कारण राज्यसत्तामा उत्पीडित जाति/समुदाय, लैङ्गिक विभेद, उत्पिडीत भाषि र उत्पीडित क्षेत्रका जनताको पहुँचहीनता हो । त्यसैले राज्यसत्तामा पिछडिएका उत्पिडीत जाति/समुदायहरुको पहुँच र नेतृत्वलाई स्थापित गर्ने विशेष व्यवस्था विना त्यो संभव हुन्न । त्यस्तो विशेष व्यवस्था भनेको राजनैतिक अग्राधिकारको व्यवस्था नै हो ।

यस्तो राजनैतिक अग्राधिकारको व्यवस्था विशेष संरचना सम्बन्धि व्यवस्था अन्तर्गत निर्माण हुने स्वायत्त क्षेत्रका लागि दिनु आवश्यक हुन्छ । यस्तो अवस्थामा सामान्य संरचना अन्तर्गत जातीय/समुदायका आधारमा निर्माण हुने प्रदेशहरुको हकमा राजनैतिक दलहरुले निर्वाचनको समयमा र सरकार निर्माणको क्रममा सम्बन्धित प्रदेशमा बाहूल्य रहेको जाति/समुदायको सदस्यलाई मुख्य नेतृत्व तहमा प्राथमिकता दिनु पर्ने आवश्यकता रहन्छ । यस्तो राजनैतिक अग्राधिकारको प्रावधान दुई कार्यकालका निम्ति मात्र हुनेछ । त्यसपछि उक्त व्यवस्था स्वतः निष्क्रिय हुनेछ ।

## ९.३. विशेष अधिकार

समान अधिकारको आधारमा मात्रै सबै क्षेत्रका खासगरी पिछडिएका, उत्पीडनमा परेका व्यक्ति समुदाय, वर्ग, जातजातिका जनताको उत्थान र विकास हुन सक्दैन । त्यस्ता व्यक्ति समुदायका लागि विशेष अधिकारका रुपमा विशेष व्यवस्था गर्नु पर्ने आवश्यकता रहन्छ । राज्यले युगौं देखि राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक आदि क्षेत्रमा पछाडि पार्दै आएका व्यक्ति तथा समुदायहरुका निम्ति विशेष अधिकारहरुको व्यवस्था भएमा मात्र त्यस्ता समुदायहरु अन्य समुदाय सरहको स्थितिमा पुग्न सक्छन् । त्यस्तो व्यवस्था समग्र क्षेत्रमा उत्पीडित समुदाय अन्य समुदाय सरहमा नपुगुन्जेल सम्मका लागि गरिनु पर्दछ । त्यस्तो वर्ग वा समुदायमा मूलतः महिला तथा दलित समुदायका व्यक्तिहरु पर्दछन् ।

### ९.३.१. महिला

नेपाली समाजमा महिलाको राजनैतिक, आर्थिक, सामाजिक अवस्थाको अध्ययनले ज्यादै पछाडि परेको तथा अवसरबाट वञ्चित समुहको रुपमा लिने गरेको छ । महिलाहरु पुरुष सरहको स्थितिको तुलनामा ज्यादै असमान स्थितिमा रहेका छन् । महिलाहरुमा पनि मधेशी महिला र दलित महिलाको अवस्था दयनीय रहेको छ । त्यसरी नै महिलाहरु वीच पनि शहरी क्षेत्रमा बस्ने महिलाको तुलनामा ग्रामीण क्षेत्रमा बस्ने महिलाहरु वढी पछाडि परेको वा पारिएको र दयनीय

अवस्था पाइन्छ । महिलाहरु अहिले सम्म नीति निर्माण तहमा प्रायः पुग्न नसकेकोले त्यस्ता निकायमा उनीहरुको प्रतिनिधित्वको समानुपातिक समावेशी विस्तार गरिनु पर्दछ भन्ने मान्यतालाई आत्मसात गर्न खोजिएको छ । राजनीतिक तथा नीति निर्माण गर्ने तहमा महिलालाई नेतृत्व गर्ने अवसर प्राप्त हुन सकेको छैन ।

राज्यको पुनर्संरचना गर्दा वर्गीय, जातीय, लैङ्गिक विभेदको अन्त्य गर्दै महिलाहरुको समस्यालाई सम्बोधन गरी राज्य संरचनाका सबै अंगहरुमा महिलाको समानुपातिक समावेशीको आधारमा सहभागी गराउने तथा महिलाहरुको समस्यालाई सम्बोधन गर्दै विद्यमान भेदभावको अन्त्य गरी संघीय शासन प्रणाली सहितको अग्रगामी पुनर्संरचना गर्ने सन्दर्भमा संघीय संरचनामा महिलाको हक अधिकारको सम्बन्धमा विशेष व्यवस्था हुनु पर्ने देखिन्छ । जसबाट महिला समुदायको उत्थान भई विगत देखि विद्यमान विभेदहरुको अन्त्य हुनुका साथै पुरुष सरहको समान स्तरमा पुऱ्याउन मद्दत गर्दछ । त्यसका लागि देहाय अनुसार विशेष अधिकारहरु संविधानमा व्यवस्था गर्नु पर्ने हुन्छ ।

**९.३.१.१. समान अधिकारको व्यवस्था**

नेपालको विद्यमान संविधान र कानूनमा महिला र पुरुषलाई समान अधिकारको व्यवस्था भए पनि त्यसको प्रभावकारी कार्यान्वयन अझै राम्रोसँग हुन सकेको छैन भने कतिपय कानूनमा अझै पनि महिला र पुरुष बीच असमानता समेत रहेको छ । तसर्थ महिला र पुरुषलाई निम्न विषयमा समान अधिकार हुने व्यवस्था रहनु पर्दछ । यी अधिकारलाई मौलिक अधिकार अन्तर्गत राख्न संविधानसभाको मौलिक हक सम्बन्धी समितिसंग समन्वय गरी व्यवस्थित गर्न उपयुक्त हुन्छ ।

९.३.१.१.१. पैतृक सम्पत्ति, नागरिकता, वंश तथा पारिवारिक मामिलामा समान अधिकार

९.३.१.१.२. कानूनको दृष्टिमा समान संरक्षण र लाभ प्राप्त गर्ने अधिकार

९.३.१.१.३. समान कामका लागि समान पारिश्रमिक पाउने अधिकार

९.३.१.१.४. सम्बन्ध विच्छेदको अधिकार

**९.३.१.२. महिलामा सुरक्षित अधिकार**

महिलालाई सुरक्षित सम्मानित जीवनयापन गर्नका लागि प्रजनन तथा स्वास्थ्य सम्बन्धी अधिकार र सुरक्षित मातृत्वको अधिकार दिइनु पर्दछ । यस्ता अधिकारको लागि नेपाल सरकारले कानून बनाई आवश्यक पर्ने स्रोत साधनको व्यवस्था गर्ने छ ।

**९.३.१.३. विशेष अधिकार**

देहायका क्षेत्रमा विशेष अधिकार र अवसरमा प्राथमिकता दिइनु पर्दछ ।

९.३.१.३.१. राज्यका सम्पूर्ण तह र संरचनामा जनसंख्याको आधारमा समावेशी सहितको समानुपातिक प्रतिनिधित्वको अधिकार हुनेछ ।

९.३.१.३.२. शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षाको क्षेत्रमा विशेष अधिकार हुनेछ ।

९.३.१.३.३. नीति निर्माणको तहमा रहने नेतृत्वदायी पदमा महिलाको समानुपातिक प्रतिनिधित्व र सहभागिताको विशेष व्यवस्था गरिने छ ।

९.३.१.३.४. महिलाको हक, हित संरक्षण र सम्बर्द्धन गरी महिलाको संमग्र विकास र लैङ्गिक समानता कायम गर्न एक संघीय महिला आयोग रहने व्यवस्था गर्ने र त्यस्तो आयोग प्रादेशिक स्तरमा समेत गठन गरिनेछ ।

९.३.१.३.५. महिलाले प्राप्त गर्ने सम्पूर्ण अधिकारमा मधेशी महिला, आदिवासी जनजाति महिला, अल्पसंख्यक र दलित महिलाको समानुपातिक प्रतिनिधित्व गराइने छ ।

**९.३.२. दलित**

नेपाली समाजमा दलित समुदाय युगौ देखि विभिन्न उत्पीडनमा रहदै आएको छ । पछिल्लो जनगणनाको तथ्याङ्क अनुसार दलितहरुको जनसंख्या लगभग १३% रहेको छ । यस्तो समुदाय ठूलो संख्यामा देशको विभिन्न भाग अर्थात् हिमाल, पहाड र तराई-मधेश क्षेत्रमा छरिएर रहेको स्थिति छ । दलितहरुको राजनीतिक, आर्थिक, सामाजिक र शैक्षिक अवस्था अत्यन्तै पछाडि

पारिएको छ । त्यसमा पनि मधेशी दलितको अवस्था झन् दयनीय देखिन्छ । भूमि र प्राकृतिक स्रोत साधनहरुमा दलित समुदायको पहुँच न्यून रहेका कारण आर्थिक अवस्था पनि दयनीय रहेको छ भने जातीय विभेद र छुवाछुत जस्तो कुरीतिका कारण दलित समुदाय अपहेलित जीवन बाँच्न विवश छ । यो समुदायको उत्पीडनलाई अन्त्य गरी राज्यको समावेशी र अग्रगामी पुनर्संरचना गर्ने तथा मुलुकको संघीय, प्रादेशिक तथा स्थानीय तहका संरचनाका सबै अंगहरुमा दलित समुदायलाई विशेष अधिकारको व्यवस्था गरिनु पर्ने आवश्यकता रहेको छ ।

**९.३.२.१. दलित समुदायका निम्ति निम्नानुसार विशेषाधिकारको व्यवस्था गरिनु पर्दछ ।**

**९.३.२.१.१. आर्थिक, सांस्कृतिक, सामाजिक एवं शैक्षिक क्षेत्रमा**

(क) जात, समुदाय, वंश वा पेशाका आधारमा कुनै पनि व्यक्तिलाई कुनै पनि स्थानमा कुनै किसिमको छुवाछुत र भेदभाव गरिने छैन । यस्तो व्यवहार मानवता विरुद्धको गम्भिर दण्डनिय सामाजिक अपराध मानिने छ । पीडित व्यक्तिले कानूनद्वारा निर्धारण भए बमोजिम क्षतिपूर्ति पाउने छ ।

(ख) सरकारी, अर्ध-सरकारी उद्योग र औघोगिक प्रतिष्ठानहरुमा समानुपातिक ढंगले रोजगारीको प्रत्याभूति गरिने छ ।

(ग) दलितका परम्परागत पेशासंग सम्बन्धित आधुनिक व्यवसायमा दलितलाई प्राथमिकता दिइ तदनुसार सीप र स्रोत उपलब्ध गराउने छ ।

(घ) राज्यले भूमिहीन दलितलाई एक पटक जमिन उपलब्ध गराउने छ । र बसोबासको समेत व्यवस्था गर्नेछ ।

(ङ) दलित विद्यार्थीलाई प्राथमिक देखि उच्च शिक्षा सम्म छात्रवृत्ति सहित निशुल्क शिक्षाको व्यवस्था गरिने छ । प्राविधिक उच्च शिक्षामा दलितको लागि कानूनद्वारा विशेष व्यवस्था गरिने छ ।

(छ) नेपालमा संघीय दलित अधिकार आयोग रहनेछ । त्यस्तो आयोग प्रदेशमा पनि गठन गरिनेछ ।

(च) दलितहरुको सामाजिक प्रगतिको लागि शिक्षा, स्वास्थ्य र रोजगारीमा विशेष व्यवस्था गरिने छ । साथै आीर्थक उर्पाजन गर्ने सीप र स्रोत उपलब्ध गराउने व्यवस्था गरिने छ ।

**९.३.२.१.२. राजनैतिक क्षेत्रमा**

क) संघीय, प्रादेशिक र स्थानीय तहका राजनैतिक संरचनाहरुमा दलितको प्रतिनिधित्वलाई सुनिश्चित गर्न जनसंख्याको आधारमा समानुपातिक प्रतिनिधित्वको व्यवस्था गर्नु पर्दछ । दलित समुदायको राज्यसत्तामा पहुँचहीनताको ऐतिहासिक श्रृङ्खलालाई तोडेर अन्य समुदाय सरह पुऱ्याउन केही वर्षका निम्ति समानुपातिक प्रतिनिधित्वमा थप क्षतिपूर्ति समेत उपलब्ध गराउनु पर्ने अवस्था रहेकोले संघीय र प्रादेशिक संरचनामा क्रमशः ३% र ५% थप प्रतिनिधित्वको व्यवस्था गरिनु पर्दछ । राजनैतिक क्षेत्रमा दलित समुदायको प्रतिनिधित्व प्रभावकारी हुन सकेमा नै उनीहरु नीति निर्माणमा सहभागी हुन सक्ने अवस्था रहन्छ । यस्तो व्यवस्था संविधानमा प्रत्याभूत गरी कानूनद्वारा व्यवस्थित गरिनु पर्दछ ।

**९.३.२.१.३. निजामती सेवा, प्रहरी र सेना लगायतका अन्य रोजगारीका क्षेत्रमा**

निजामती सेवा, प्रहरी र सेना लगायतका अन्य रोजगारीका क्षेत्रमा दलित समुदायको सशक्तिकरण, प्रतिनिधित्व र सहभागितालाई सुनिश्चित गर्न सकारात्मक विभेदको सिद्धान्तको मान्यतामा आधारित रही कानूनद्वारा विशेष व्यवस्था सुनिश्चित गरिनु उपयुक्त हुन्छ ।

**९.३.२.१.४.** दलित समुदायले प्राप्त गर्ने सम्पूर्ण अधिकारमा पहाडी दलित, मधेशी दलित र दलित महिलाको समानुपातिक प्रतिनिधित्व गराइने छ ।

**९.३.३. लोपोन्मुख जाति/समुदायको अधिकार**

राज्यबाट उत्पीडित, उपेक्षित, राज्यसत्ताको पहुँचबाट टाढा परेका र बहिष्करणमा पारिएका लोपोन्मुख जाति/समुदायको प्रतिनिधित्व, सहभागिता र विकासलाई विशेष संरक्षण गर्नु पर्ने आवश्यकता रहन्छ । त्यसका लागि राज्यले संघीय संरचनाका सबै तहहरुमा प्रतिनिधित्व र

सहभागिता तथा त्यस्ता समुदायको विकासलाई कानून बनाई विशेष संरक्षण गर्ने नीति अबलम्बन गर्नु पर्दछ ।

### ९.३.४. मधेशी समुदायको अधिकार

राज्यको पुनर्संरचना गर्दा मधेशी समुदायलाई संघीय संरचना अन्तर्गत नीति निर्माण शासन-प्रशासन लगायत जंगी, प्रहरी, संस्थान, सरकारी प्रतिष्ठान, विकास समितिहरु लगायत सम्पूर्ण तह र संरचनामा जनसंख्याको आधारमा समावेशी सहितको समानुपातिक प्रतिनिधित्व र नेतृत्व सुनिश्चित गर्नुपर्ने हुन्छ । त्यसका लागि संघीय स्तरमा एक संवैधानिक आयोग र आवश्यकता अनुसार प्रदेशमा पनि गठन गर्ने व्यवस्था गर्नु पर्दछ । यसरी गठन हुने आयोगले राज्य संयन्त्रमा मधेशी समुदायको प्रतिनिधित्व र सहभागिताको व्यवस्थापन, कार्यान्वयन भए नभएको अनुगमन गरी सो अनुरुप कार्यान्वयन गर्न गराउन र राज्यका निकायलाई सक्रिय बनाउन सहयोग गर्नेछ ।

### ९.३.५. विशेष अधिकारको समीक्षा तथा पुनरावलोकन

महिला तथा दलित समुदायलाई प्रदान गरिने विशेष अधिकारको व्यवस्थाको कार्यान्वयन र त्यसको प्रभाव सम्बन्धमा मानव विकास सूचङ्काकको आधारमा आवधिक रुपमा समीक्षा तथा पुनरावलोकन गरिनु उपयुक्त हुन्छ । त्यसका लागि प्रत्येक १० वर्षमा गरिने राष्ट्रिय जनगणनासंगै नेपाल सरकारले समीक्षा तथा पुनरावलोकन गर्ने व्यवस्था समेत संविधानमा राखिनु उपयुक्त हुन्छ ।

## अनुसूची - १

### समितिमा रहनु भएका मा० सदस्यहरुको नामावली

| क.सं. | सदस्यहरुको नामावली | कैफियत | क.सं. | सदस्यहरुको नामावली | कैफियत |
|---|---|---|---|---|---|
| १ | मा.श्री अनिलकुमार झा | | २३ | मा.श्री भरत प्रसाद शाह | |
| २ | मा.श्री अमरवहादुर गुरुङ्ग तमु | | २४ | मा.श्री महेन्द्रप्रसाद यादव | |
| ३ | मा.श्री आरजु राणा देउवा | | २५ | मा.श्री महेश चौधरी | |
| ४ | मा.श्री इन्द्रजीत थारु | | २६ | मा.श्री मो.अफताब आलम | |
| ५ | मा.श्री उमाकान्त चौधरी | | २७ | मा.श्री मंगलसिद्धि मानन्धर | |
| ६ | मा.श्री ओनसरी घर्ति मगर | | २८ | मा.श्री रामकुमार शर्मा | |
| ७ | मा.श्री गोपाल किरांती | | २९ | मा.श्री रामचन्द्र झा | |
| ८ | मा.श्री गोपाल मान श्रेष्ठ | | ३० | मा.श्री रामजनम चौधरी | |
| ९ | मा.श्री चन्द्रदेव जोशी | | ३१ | मा.श्री लक्की शेर्पा | |
| १० | मा.श्री चन्दा देवी | * | ३२ | मा. श्री लोकेन्द्र विष्ट मगर (सभापति) | * |
| ११ | मा.श्री छिमी लामा | | ३३ | मा.श्री विश्वभक्त दुलाल | |
| १२ | मा.श्री जयप्रकाशप्रसाद गुप्ता | | ३४ | मा.श्री शरदसिंह भण्डारी (अछाम) | |
| १३ | मा.श्री दामाकुमारी शर्मा | | ३५ | मा.श्री शान्तिदेवी चमार | |
| १४ | मा.श्री ध्रुव आङदम्बे | | ३६ | मा.श्री शंकर पोखरेल | |
| १५ | मा.श्री नरहरि आचार्य | | ३७ | मा.श्री सन्तवहादुर नेपाली | |
| १६ | मा.श्री नविन्द्रराज जोशी | * | ३८ | मा.श्री सन्तोषी वि.क. | |
| १७ | मा.श्री नारायणमान विजुक्छें | | ३९ | मा.श्री सर्वदेवप्रसाद ओझा | |
| १८ | मा.श्री निलम के.सी. (खड्का) | | ४० | मा.श्री सावित्रा गुरुङ्ग दुरा | * |
| १९ | मा.श्री पूर्णप्रसाद राजवंशी | | ४१ | मा.श्री सिताकुमारी पौडेल | |
| २० | मा.श्री प्रतिभा राणा | | ४२ | मा.श्री सूर्यमान गुरुङ्ग | |
| २१ | मा.श्री प्रेमवहादुर तामाङ | | ४३ | मा.श्री हितमान शाक्य | |
| २२ | मा.श्री बुद्धरत्न मानन्धर | | | | |

* समितिको गठन हुदा समितिको सदस्यमा मनोनित हुनु भएका माननीय सदस्यहरु श्री चिनक कुर्मी, श्री रामचन्द्र पौडेल, श्री सुदर्सन वराल र श्री ज्ञानेन्द्र कुमाल मिति २०६५।९।२६ गते समितिको सदस्यहरुको हेरफेर हुदा अन्य समितिमा मनोनित भई जानु भएकाले उहाँहरुको स्थानमा माननीय श्री सावित्रा गुरुङ्ग दुरा, श्री नारायण खडका, श्री लोकेन्द्र विष्ट मगर र श्री चन्दा देवी मनोनित हुनु भएको थियो । त्यसपछि मिति २०६५।१०।६ मा समितिको सदस्यहरुको पुन हेरफेर भई माननीय श्री नारायण खडकाको स्थानमा माननीय श्री नविन्द्रराज जोशी मनोनित हुनु भएको छ ।

## अनुसूची - २

**संविधानसभा नियमावलीको नियम १४९ अन्तर्गत रही समितिले नियम ७३ को उपनियम (१) खण्ड (क) अनुसार निर्माण गरिएको कार्यतालिका**

| क्र. सं | समितिको गतिविधि | के गर्ने | कसरी गर्ने | कहिले गर्ने | कोबाट गर्ने | समानान्तर गतिविधि | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | सन्दर्भ सामाग्रीको संकलन गर्नेः<br>**मूल सामाग्रीः (सैद्धान्तिक अवधारणा वुझ्न)**<br><br>**व्यावहारीक ज्ञान आर्जन गर्नः नेपालको सन्र्दभमा वुझ्न**<br>- संघीयता सम्बन्धी पुस्तक<br>- राज्यको पुनर्संरचना सम्बन्धी पुस्तक<br>- राज्य शक्तिको वांडफांड सम्बन्धी पुस्तक<br><br>**जनआकांक्षा र जनभावना वुझ्न**<br>- राजनैतिक दलका घोषणापत्र,<br>- राज्यपुनर्संरचना सम्वन्धमा सार्वजनिक रूपमा प्रकाशित लेख रचना तथा प्रस्तावहरु<br>- नेपाल सरकार र विभिन्न दल, संघ/संस्था तथा समुहसंग विगतमा भएका सम्झौताहरु ।<br>- अन्तरराष्ट्रिय श्रम संगठनको महासन्धि १६९।<br>- आदिवासी जनजातीको अधिकार सम्वन्धी घोषणापत्र, २००७<br>**तुलनात्मक अध्ययन विश्लेषण गर्न**<br>- संघीय राज्य प्रणाली अपनाएका देशहरुको संविधान<br>(संयुक्त राज्य अमेरिका, दक्षिण अफ्रिका, स्वीटजरल्याण्ड, जर्मनी  भारत, अष्टेलिया, रुस, ब्राजिल आदि) | - सन्र्दभ सामाग्री खोजविन गरी वितरण गर्ने | - विभिन्न संस्थाले प्रकाशित गरेका पुस्तकहरुको सूची मागेर,<br>- सम्वन्धित व्यक्ति तथा निकायबाट प्राप्त गरेर,<br>- वजारबाट खरिद गरेर,<br>- इन्टरनेट प्रयोग गरेर,<br>- फोटोकपी गरेर,<br>- पुस्तकालयको सहयोग<br>- लिएर । | मुल सामाग्रीको हकमा ७ दिन दिन भित्र | समितिको सचिवालय सदस्य, सचिवालयको पुस्तकालय | क्षमता विकास समितिसंग समन्वय गरी गर्ने । | |
| | **ऐच्छिक सामाग्रीः**<br>- विश्वका संविधानहरु,<br>- संघीयता र राज्यपुनर्संरचना वारेमा प्रकाशित लेख, रचना, पुस्तकहरु, प्रतिवेदनहरु | | | ऐच्छिक सामाग्रीको हकमा पहिलो वैठक देखि नै उपलव्ध भएका सामाग्रीहरु वितरण गर्दै जाने | | | |
| २ | **सन्दर्भ सामाग्रीको अध्ययन गर्ने** | - सदस्यहरुले व्यक्तिगत रूपमा अध्ययन गर्ने । | - व्यक्तिगत रूपमा अध्ययन गर्न समय | सन्र्दभ सामाग्री प्राप्त भए पछि | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | - सदस्यहरुले सामुहिक रूपमा छलफल गर्ने ।<br>- समितिका सदस्यहरु वीच जानकारी आदान प्रदान गर्ने । | उपलब्ध गराएर,<br>- सामुहिक रूपमा छलफल गर्ने कार्यक्रम संचालन गरेर<br>- सदस्यहरु वीच अर्न्तक्रिया कार्यक्रम गरेर<br>- कार्यक्रम प्रस्तोता, टिप्पणीकर्ता र छलफलमा सहभागी भएर । | मस्यौदा तयार नभए सम्म | | | |
| ३ | **विज्ञहरु राखेर छलफल गर्ने** | - विज्ञसंग बसि कार्यसूची पहिचान गर्न छलफल गर्ने<br>- विज्ञ विज्ञको वीच छलफलमा<br>- सदस्यहरु सहभागी<br>- भएर छलफल गर्ने । | - विज्ञहरुलाई समितिको वैठकमा आमन्त्रण गर्ने, विज्ञहरुबाट एजेण्डा पहिचान गर्ने समितिका सदस्यहरुलाई विभिन्न उपसमितिमा विभाजन गरी सामुहिक रूपमा छलफल गर्ने । | सर्न्दभ सामाग्रीको अध्ययन पश्चात २०६५ माघको पहिलो हप्ता | विज्ञहरु समितिका सदस्यहरु | | |
| ४ | **प्रचार प्रसार गरी राय सुझाव लिने** | - प्रचार गर्न सामाग्रीको पहिचान गर्ने,<br>- राय सुझाव लिने विधि प्रक्रिया तय गर्ने | - आमसंचारका माध्यमको प्रयोग गरेर, इमेल तथा वेभसाइड खोलेर, हटलाईन टेलिफोन व्यवस्था गरेर ।<br>- विभिन्न संघ संस्थालाई प्रयोग गरेर<br>- विज्ञ र सल्लाहकार संग सल्लाह मागेर | | | जनमत संकलन तथा समन्वय समितिसंग समन्वय गर्ने | |
| ५. | **स्थलगत अध्ययन अवलोकन भ्रमण गर्ने** | - संम्भाव्य प्रश्नावली तयार गर्ने<br>- देशको विभिन्न भौगोलिक क्षेत्रको स्थलगत अध्ययन भ्रमण गर्ने स्थलको चयन गर्ने<br>- संघीय राज्य पद्धति अपनाइएका देशहरुको भ्रमणमा जाने देशको छनोट गर्ने | उपसमिति गठन गरेर | समितिले निर्णय गरेपछि २०६५ माघ मसान्तसम्म | अध्यक्षको स्वीकृति लिई सदस्यहरु र कर्मचारीहरुबाट | | |
| ६ | **विषयगत छलफलमा प्रवेश**<br>क) राज्यको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक स्वरूपमा हुने संरचना | - सदस्यहरु वीच समितिको कार्यक्षेत्र भित्रको विषयमा छलफल गर्ने,<br>- लोकतान्त्रिक राज्य व्यवस्थाका | - अभिमुखि कार्यक्रम र कार्यशाला गोष्ठी संचालन गरेर | समितिले निर्णय गरेपछि २०६५।११।१ | | सवैधानिक समिति, राज्यको शासकीय स्वरुप निर्धारण | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | आधारभूत मान्यताहरु सम्वन्धी विषय<br>- कार्यकारिणी अधिकार सहितको अध्यक्षतात्मक प्रणाली (Presidential system)<br>- कार्यकारिणी अधिकार सहितको प्रधानमन्त्रीय शासन प्रणाली (Parliamentary system)<br>- संसारमा प्रचलनमा रहेका अन्य शासन प्रणालीका सिद्धान्त, व्यवहार, गुण र दोषको विश्लेषण<br>- नेपालको सन्दर्भमा उपयुक्त र व्यावहारिक हुने संघीय शासन पद्धतिवारे छलफल गर्ने । | - अन्तरक्रिया गरेर<br>- विज्ञहरुको सहयोग लिएर | देखि ऐ. १५ गतेसम्म | | समितिसंग समन्वय गर्ने । | |
| | ख) संघीय इकाइहरुको क्षेत्र निर्धारण गर्ने सिद्धान्त र आधारहरु, | - संघीय इकाइको क्षेत्र निर्धारण सम्वन्धी सिद्धान्त र आधारहरु | - सैद्धान्तिक सामाग्रीहरु अध्ययन गरी एवं स्थलगत भ्रमणबाट आधारहरु तयार गरेर<br>- भौगोलिक अध्ययन, सरकार र विभिन्न संघ/संस्था, समूह तथा दलहरुसंग भएका सहमति र संझौताको अध्ययन,<br>- जनसंख्याको वनोट र वितरणको अध्ययन । | - प्रदेशहरु छुटाउने आधार तय गरेर<br>- स्थलगत भ्रमण गरेर<br>- कार्यदल गठन गरेर । | | प्राकृतिक स्रोत र साधन, राज्यको शासकीय स्वरुप निर्धारण समिति, न्यायप्रणाली सम्वन्धी समिति, व्यवस्थापिकीय अंगको स्वरुप निर्धारण समितिसंग समन्वय गर्ने । | |
| | ग) प्रत्येक एकाइहरुको क्षेत्र निर्धारण र तीनको नामकरण | - प्रादेशिक क्षेत्रको निर्धारण गर्ने मुलभूत सिद्धान्तहरु<br>- अमेरिका, अष्ट्रेलिया, चीन, भारत, क्यानडा, दक्षिण अफ्रिका, स्वीटजरल्याण्ड, जर्मनी, पपुवान्यूगिनि लगायतका देशको संघीय ढांचा अवलम्वन गर्दा अपनाइएका सिद्धान्त र आधारहरुको अनुभव<br>- नेपालका सन्दर्भमा क्षेत्र निर्धारण गरी नामकरण गर्न उपयुक्त हुने आधारहरु पहिचान गर्ने । | - जनताको चाहना र भावना वुझ्रेर<br>- नक्सामा सीमांकन गर्ने,<br>- स्थलगत अध्ययन | समितिले निर्णय गरेपछि | अध्यक्षको स्वीकृति लिई समितिका सदस्यहरु र कर्मचारीहरुबाट | | |
| | घ) विभिन्न तहका संघीय एकाइका सरकार वीच विधायिकी, कार्यकारिणी र न्यायिक अधिकारको वांडफांड | - केन्द्र, प्रदेश र स्थानीय सरकारको स्वरुप तिनीहरु वीच अन्तर सम्वन्ध<br>- प्रदेश सरकारका वीच विधायिकी, | - कार्यशाला गोष्ठी गरी सदस्यलाई सहभागी गराएर | | (राजनिति शास्त्रका प्राध्यापक, | व्यवस्थापिकीय अंगको स्वरुप निर्धारण र न्याय | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | कार्यकारिणी र न्यायिक अधिकारको क्षेत्र वांडफांडको अवस्था र तिनीहरुको अन्तर सम्वन्ध ।<br>- शक्ति पृथकीकरण, शक्ति सन्तुलन र नियन्त्रण सम्वन्धी व्यवस्थाका वारेमा परिचित हुने। | - संघीय राज्य पद्धति अपनाएका देशहरुको वैदेशिक अध्ययन अवलोकन भ्रमण गरेर ।<br>- सहमति गरेर निस्कर्षमा पुग्ने । | | वुद्धिजिविहरु, भूगोलविद्, जनसंख्याविद्, तथ्यांकशास्त्री, समाजशास्त्री, संस्कृतिविद्, भाषाविद्, प्रशासक, प्राकृतिक स्रोतविज्ञहरुबाट राय सल्लाह एवं सुझाव लिएर) | प्रणाली सम्वन्धी समितिसंग समन्वय गर्ने । | |
| | ङ) विभिन्न तहका संघीय एकाइको अधिकार क्षेत्र सम्वन्धी विषयसूची र साझा विषयसूचीको निर्धारण | - केन्द्रिय, प्रदेश र स्थानीय सरकारले प्रयोग गर्ने अधिकारहरुको सूची<br>- केन्द्रिय सरकारले मात्र गर्न पाउने अधिकार र जिम्मेवारी<br>- प्रदेश सरकारले मात्र गर्न पाउने अधिकार र जिम्मेवारीको अध्ययन<br>- स्थानीय सरकारले मात्र गर्न पाउने अधिकार र जिम्मेवारी<br>- केन्द्र र प्रदेश दुवैले गर्ने कार्यहरुको साझा सूची<br>- प्रदेश र स्थानीय सरकारले गर्ने साझा कार्यसूची<br>- केन्द्र र प्रदेश सरकारको न्याय प्रणाली सम्वन्धी | राजनितिक शास्त्रका प्राध्यापक, वुद्धिजिवि, भूगोलविद्, जनसंख्याविद्, तथ्यांकशास्त्री, समाजशास्त्री, संस्कृतिविद्, भाषविद्, प्रशासक, प्राकृतिक स्रोतविज्ञहरुबाट राय सल्लाह एवं सुझाव लिएर | | | | |
| | च) संघीय इकाइहरु वीच उत्पन्न हुन सक्ने विवादको समाधान सम्वन्धी संयन्त्र | - विवाद हुने सूची तय गर्ने र<br>- विवाद समाधान गर्ने संयन्त्र स्थापना सम्वन्धमा अवधारणा वनाउने ।<br>- केन्द्र र प्रदेश तथा प्रदेश प्रदेश वीच विवाद हुन सक्ने विषयको पहिचान गर्ने । | - विज्ञहरुको राय सल्लाह एवं सुझाव लिएर | | | | |
| ७ | अवधारणापत्र तयार गर्ने | अवधारणापत्रको मस्यौदा तयार गर्न छलफल गर्ने | - गोष्ठी, छलफल तथा अन्तरक्रिया गर्ने,<br>- कानूनविद्, संविधानविद, मस्यौदाकार र भाषा शास्त्रीको सहयोग लिने । | २०६५ फाल्गुन मसान्तसम्म (१५ दिन) | अवधारणापत्र तयार गर्न उपसमिति गठन गरेर । | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८ | मस्यौदा उपसमितिले अवधारणा पत्रको मस्यौदा समितिमा पेश गर्ने | - उपसमितिले पेश गरेको अवधारणाको मस्यौदा उपर समितिमा छलफल गर्ने ।<br>- अवधारणा पत्रको मस्यौदालाई अन्तिम रुप दिने। | छलफलबाट उठेका विषयमा निस्कर्षमा पुग्ने । | २०६५ चैत्र पहिलो हप्ता | | | |
| ९ | अवधारणा पत्रको आधारमा संविधानको प्रारम्भिक मस्यौदा तयार गर्ने । | समितिले प्रारम्भिक मस्यौदा तयार गर्न उपसमिति गठन गर्ने | सल्लाहकार, विज्ञ, राजनीतिज्ञसंग परामर्श राय सुझाव लिएर गर्ने । | २०६५ चैत्र मसान्तसम्म | -सम्पादन गर्दा कानून, भाषाशास्त्री, विज्ञ र सल्लाहकारको सुझावहरुलाई ध्यान दिई प्रारम्भिक मस्यौदा तयार गर्ने | | |
| १० | उपसमितिले तयार गरेको मस्यौदा समितिमा पेश गर्ने । | समितिले छलफल गरी मस्यौदा परिमार्जन गर्ने । | | २०६६ वैशाख पहिलो हप्ता | -,,- | | |
| ११ | प्रारम्भिक मस्यौदालाई अन्तिम रुप दिने । | संविधानसभामा पेश गर्ने । | समितिमा छलफल गरी पारित गरेर । | २०६६ वैशाख १० गते | समितिले गर्ने | | |

## अनुसूची - ३

**बैठकको कार्यसूची र बैठकमा उपस्थित माननीय सदस्यहरुको नामावली**

**समितिको बैठकको कार्यसूची र निर्णय तालिका**

| सि. नं. | बैठक मिति | बैठकको कार्यसूची | निर्णय | समय प्रारम्भ | स्थगन | जम्मा समय |
|---|---|---|---|---|---|---|
| १. | २०६५।९।१ | १. समितिका सदस्यहरु वीच परिचय आदान प्रदान गर्ने ।<br>२. समितिको कार्य क्षेत्र भित्र पर्ने विषयमा गर्नुपर्ने कामको विवरण (कार्यसूची) र कार्यतालिका निर्माण गर्ने विषयमा छलफल । | १. समितिको कार्य क्षेत्र भित्र पर्ने विषयमा गर्नुपर्ने कामको विवरण (कार्यसूची) र कार्यतालिका निर्माण गर्ने विषयमा छलफल भयो । यस सम्बन्धमा प्रारम्भिक खाका तयार गरी आउँदो बैठकमा पेश गर्न समितिको सचिवालयलाई निर्देशन दिने । | दिनको ३ बजे | दिनको ५ बजे | २ घण्टा |
| २. | २०६५।९।७ | १. समितिको बैठकमा छलफल गर्दा ध्यान दिनुपर्ने विषयहरुमा छलफल गर्ने ।<br>२. सचिवालयले पेश गरेको समितिको कार्यतालिकाको प्रारम्भिक मस्यौदा उपर छलफल हुने । | १. समितिको बैठकमा छलफल गर्दा ध्यान दिनुपर्ने विषयहरु स्वीकृत गर्‍यो ।<br>२. सचिवालयले पेश गरेको कार्यतालिकाको प्रारम्भिक मस्यौदा उपर छलफल भयो । बृहत छलफलका लागि माननीय सदस्यहरुले अध्ययन गरी अर्को बैठकमा छलफल गर्ने । | दिनको ३ बजे | दिनको ५ बजे | २ घण्टा |
| ३. | २०६५।९।९ | १. समितिको कार्यक्षेत्र भित्र पर्ने विषयमा कार्यविवरण र कार्यतालिका निर्माण गर्न कार्यदल गठन गर्ने बारे छलफल ।<br>२. क्षमता अभिबृद्धि तथा स्रोत व्यवस्थापन समितिबाट प्राप्त पत्र उपर छलफल गर्ने ।<br>३. विशेषज्ञको TOR बनाउने र सन्दर्भ सामाग्री छनौट गर्ने बारे छलफल । | १. समितिको कार्यक्षेत्र भित्र पर्ने विषयमा कार्यविवरण र कार्यतालिका निर्माण गरी पेश गर्न, माननीय सदस्यहरुको क्षमता अभिबृद्धिका सम्बन्धमा आवश्यक पर्ने कार्यक्रमहरुको सूची तयार गर्न, विशेषज्ञको TOR बनाउन तथा सन्दर्भ समाग्री छनौट गर्ने कार्य सम्पन्न गर्न कार्यदल गठन गर्ने निर्णय भयो । | बिहान ११ बजे | दिनको १.३० बजे | २.३० घण्टा |
| ४. | २०६५।९।१३ | १. मिति २०६५।९।९ गते गठित कार्यदलको प्रतिवेदन पेश हुने र सो माथि छलफल हुने । | १. कार्यदलले पेश गरेको समितिको कार्यक्षेत्र भित्र पर्ने विषयको कार्यविवरण र कार्यतालिका लाई परिमार्जन सहित पारित गरी संविधानसभा अध्यक्षज्यू समक्ष पेश गर्ने निर्णय भयो ।<br>२. क्षमता अभिबृद्धिका सम्बन्धमा संचालन गर्नु पर्ने कार्यक्रमको सूची संविधानसभा, क्षमता अभिबृद्धि तथा स्रोत व्यवस्थापन समिति समक्ष पठाउने ।<br>३. सन्दर्भ सामाग्रीको सम्बन्धमा संलग्न सूचीमा उल्लेख भएका सामाग्री यथासिघ्र उपलब्ध गराउन संविधानसभा, क्षमता अभिबृद्धि तथा स्रोत व्यवस्थापन | बिहान ११ बजे | दिनको २ बजे | ३ घण्टा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | समिति तथा व्यवस्थापिका संसद सचिवालयको पुस्तकालयलाई लेखि पठाउने । | | |
| ५. | २०६५।९।२४ | १. जनताको सुझाव संकलन गर्न सञ्चार माध्यम मार्फत् सार्वजनिक सूचना जारी गर्ने विषयमा छलफल गर्ने । | १. समितिको कार्यक्षेत्र भित्र पर्ने विषयहरुमा विभिन्न राजनीतिक दल, नागरीक समाज, पेशागत संघ संगठन, बुद्धिजीवि, राजनीतिज्ञ, कानूनविद, कुटनीतिज्ञ, अर्थविद, प्रशासनविद, संस्कृतिविद, भाषाविद, जनसंख्याविद, समाजशास्त्रि लगायत सम्पूर्ण सरकारी तथा गैर सरकारी निकाय, स्वदेश तथा विदेशमा बसोबास गर्ने सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाईहरुमा राय, सल्लाह तथा सुझावका लागि आह्वान गर्ने ।<br>२. कुनै व्यक्ति, संघ संस्था वा निकायहरुले समितिको कार्यक्षेत्रमा उल्लेखित विषयमा अध्ययन, अनुसन्धान तथा विश्लेषण गर्नु भएको भए त्यसको प्रतिवेदन वा प्रकाशन समेत समितिमा पठाइ सहयोग हुन सबैमा अनुरोध गर्ने । | दिनको १२ बजे | दिनको २ बजे | २ घण्टा |
| ६. | २०६५।९।२९ | १. समितिको सभापति पदको निर्वाचन गर्ने । | १. समितिको सभापतिको निर्वाचन कार्यक्रम अनुसार माननीय श्री लोकेन्द्र विष्ट मगरलाई सभापति पदमा निर्वाचित गरियोस् भन्ने एक मात्र प्रस्तावको सूचना प्राप्त भएकोले संविधानसभा नियमावली २०६५ को नियम ७० को उप नियम (४) बमोजिम मा० श्री लोकेन्द्र विष्ट मगरलाई संविधानसभा, राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समितिको सभापति पदमा निर्विरोध निर्वाचित गर्ने घोषणा गऱ्यो । | बिहान ८ बजे | बिहान ११ बजे | ३ घण्टा |
| ७. | २०६५।१०।६ | १. समितिको कार्यतालिका र अन्य समितिको कार्यतालिकामा दोहोरो परेको भन्ने विषयमा छलफल । | १. समितिको कार्यतालिका र अन्य समितिको कार्यतालिकामा कार्यक्षेत्र दोहोरो परेको, अन्तर सम्बन्धित रहेको र अन्य समितिको कार्यक्षेत्र भित्र परेको भन्ने सम्बन्धमा मा० सदस्यहरुले छलफलको क्रममा राख्नु भएको विचार र धारणाको आधारमा समितिका सभापतिज्यूले संविधान सभाका सम्माननीय अध्यक्षज्यूको अध्यक्षतामा हुने मा० सभापतिज्यूहरुको बैठकमा स्पष्ट गर्ने । | बिहान १० बजे | दिनको १ बजे | ३ घण्टा |
| ८. | २०६५।१०।१३ | १. संघीय एकाइको क्षेत्र निर्धारण गर्ने आधारका | १. देहायका मा. सदस्यहरुले आफ्नो पार्टीको घोषणापत्रमा | दिनको १ | दिनको | १.३० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | सम्बन्धमा दलको घोषणापत्रमा उल्लेख भएका अवधारणाहरुको सम्बन्धमा सम्बन्धित दलका माननीय सदस्यज्यूहरुले अवधारणा प्रस्तुत गर्ने । | उल्लेख भएका संघीय एकाइहरुको क्षेत्र निर्धारण गर्ने आधारका सम्बन्धमा आ-आफ्नो दलको घोषणा पत्रमा उल्लेख भएका अवधारणा प्रस्तुत गर्नु भयो ।<br>मा. हितमान शाक्य एकीकृत नेकपा माओवादी<br>मा. नरहरि आचार्य नेपाली काग्रेस<br>मा. शंकर पोखरेल नेकपा एमाले<br>मा. सर्ब देव ओझा मधेश जनअधिकार फोरम<br>मा. रामकुमार शर्मा तराई मधेश लोकतान्त्रिक पार्टी<br>२. बैठक अर्को सूचना नभए सम्म स्थगित गरियो । | बजे | २.३० बजे | घण्टा |
| ९. | २०६५।१०।१७ | १. संघीय एकाइहरुको क्षेत्र निर्धारण गर्ने सिद्धान्त र आधार, प्रत्येक संघीय एकाइको क्षेत्र निर्धारण र तिनको नामकरणका बारेमा राजनैनिक पार्टीको घोषणा पत्रमा उल्लेख भएका विषयहरुमा छलफल हुने । | १. संघीय एकाइहरुको क्षेत्र निर्धारण गर्ने सिद्धान्त र आधार, प्रत्येक संघीय एकाइको क्षेत्र निर्धारण र तिनको नामकरण, सरकारको तह, संख्या र स्वरुप सम्बन्धमा विभिन्न पार्टीको घोषणापत्रमा उल्लेख भए अनुसार मा. सदस्यहरुले आ-आफ्नो धारणा राख्नु भयो ।<br>➢ मा. प्रतिभा राणा राष्ट्रिय प्रजातन्त्र पार्टी<br>➢ मा. निलम के.सी (खड्का) ने.क.पा. माले<br>➢ मा. वुद्धरत्न मानन्धर नेपाः राष्ट्रिय पार्टी<br>➢ मा. अनिल कुमार झा सद्भावना पार्टी<br>➢ मा.राधादेवी तिमल्सेना नेकपा एकिकृत<br>अघिल्लो बैठकमा प्रदेश विभाजनका आधारमात्र प्रस्तुत गर्ने राजनैतिक पार्टीको तर्फबाट आजको कार्यसूची अनुसार थप गरीएका विषयहरुमा देहायका मा. सदस्यहरुले धारणा राख्नु भयो ।<br>➢ मा. विश्वभक्त दुलाल, एकिकृत नेकपा माओवादी<br>➢ मा. शंकर पोखरेल, नेकपा एमाले<br>➢ मा. गोपालमान श्रेष्ठ, नेपाली काग्रेस<br>➢ मा. महेन्द्र प्रसाद यादव, त.म.लो.पा<br>➢ मा. रामजनम चौधरी, मधेशी जनअधिकार फोरम<br>➢ अन्यको हकमा सचिवालयले तयार गरेको विवरण समितिमा पेश गरिएको थियो ।<br>➢ माथि उल्लेख गरिएको विषयमा विभिन्न मा. सदस्यहरुले छलफलमा भाग लिई आ-आफ्नो धारणा | बिहान ११ बजे | दिनको १ बजे | २ घण्टा |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | राख्नु भएको थियो ।<br>२. समितिको अर्को बैठक मिति २०६५/१०/१९ गते दिनको २:०० वजे बस्ने गरी स्थगित भयो । | | | |
| १०. | २०६५।१०।१९ | १. सरकारले विभिन्न संघ-संस्था र निकाय वा समुहसँग गरेका सम्झौता, आदिवासी जनजाती सम्बन्धी महासन्धी १६९ र संघीय संरचना सम्बन्धमा लेखकहरुद्वारा प्रस्तावित धारणा माथि छलफल हुने । | १. नेपाल सरकारबाट विभिन्न संघ संस्था, समूह, निकाय, दलसँग गरिएको सम्झौताहरु, आदिवासी जनजाती सम्बन्धी आई.एल.ओ. महासन्धी १६९ र विभिन्न लेखकहरुद्वारा प्रस्तावित संघीय एकाइहरुको क्षेत्र निर्धारण र तिनको नामकरण गर्ने आधारका सम्बन्धमा प्रारम्भिक रूपमा विषय प्रवेश गऱ्यो ।<br>२. समितिको कार्य क्षेत्र भित्र पर्ने विषयहरुमा विशेषज्ञहरुसँग छलफल, परामर्श एवं अन्तरक्रिया गर्ने सिलसिलामा विशेषज्ञको रूपमा मिति २०६५।१०।२२ गतेको समितिको बैठकमा डा. पिताम्बर शर्मा र समितिको आगामी बैठकमा डा. युवराज संग्रौला र डा. ओम प्रसाद गुरुङ्गलाई आमन्त्रण गर्ने निणर्य गऱ्यो । | दिउसो २ बजे | दिउसो ४ बजे | २ घण्टा |
| ११. | २०६५।१०।२२ | १. संघीय एकाइहरुको क्षेत्र निर्धारण गर्ने सिद्धान्त र आधारहरु तथा संघीय एकाइको सीमाङ्कनको आधार, विधि/प्रक्रिया र नामकरण सम्बन्धमा विशेषज्ञको रूपमा डा. पिताम्बर शर्माले आफ्नो धारणा राख्नु हुने र सो सम्बन्धमा छलफल, परामर्श र अन्तरक्रिया हुने । | १. आमन्त्रित गरीएका विशेषज्ञ प्रा.डा. पिताम्बर शर्माले संघीय एकाइहरुको क्षेत्र निर्धारण गर्ने सिद्धान्त र आधारहरु तथा संघीय एकाइको सीमाङ्कनको आधार, विधि/प्रक्रिया र नामकरण सम्बन्धमा आफ्नो धारणा र दृष्टिकोण प्रस्तुत गर्नु भयो र उहाँले प्रस्तुत गर्नु भएको धारणा र दृष्टिकोणका सम्बन्धमा मा.सदस्यहरुले आफ्ना जिज्ञासा सहित छलफल र अन्तरक्रिया गर्नु भयो । | बिहान ११ बजे | दिउसो २ बजे | ३ घण्टा |
| १२. | २०६५।१०।२६ | १. संघीय एकाइहरुको क्षेत्र निर्धारण गर्ने सिद्धान्त र आधारहरु तथा संघीय एकाइको सीमाङ्कनको आधार, विधि/प्रक्रिया र नामकरण सम्बन्धमा विशेषज्ञको रूपमा प्रा.डा. ओम प्रसाद गुरुङ्गले आफ्नो धारणा र दृष्टिकोण राख्नु हुने र सो सम्बन्धमा छलफल र अन्तरक्रिया हुने । | १. आमन्त्रित गरीएका विशेषज्ञ प्रा.डा. ओम प्रसाद गुरङ्गले संघीय एकाइहरुको क्षेत्र निर्धारण गर्ने सिद्धान्त र आधारहरु तथा संघीय एकाइको सीमाङ्कनको आधार, विधि/प्रक्रिया र नामकरण सम्बन्धमा आफ्नो धारणा र दृष्टिकोण प्रस्तुत गर्नु भयो र उहाँले प्रस्तुत गर्नु भएको धारणा र दृष्टिकोणका सम्बन्धमा मा.सदस्यहरुले आफ्ना जिज्ञासा सहित छलफल र अन्तरक्रिया गर्नु भयो । | बिहान ११ बजे | दिउसो २ बजे | ३ घण्टा |
| १३. | २०६५।१०।२७ | १. समितिको कार्यक्षेत्रका विषयमा आमजनतासँग जनमत संकलनका लागि जाँदा जनताको राय सुझाव तथा | १. समितिको कार्यक्षेत्रको विषयमा आमजनतासँग राय सुझाव संकलन गर्नका लागि प्रश्नावली तयार गर्न | बिहान ११ बजे | दिउसो १ बजे | २ घण्टा |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | सल्लाह संकलन गर्नको लागि तयार गरिएको प्रस्तावित प्रश्नावलीको सम्बन्धमा छलफल हुने । | मा. डा. मंगलसिद्धि मानन्धरको संयोजकत्वमा सात सदस्यीय उप-समिति गठन गर्ने निर्णय गरियो ।<br>उप-समितिमा रहने मा. सदस्यहरुको नामः–<br>मा. मंगलसिद्धि मानन्धर - संयोजक<br>मा. विश्वभक्त दुलाल - सदस्य<br>मा. नरहरि आचार्य - सदस्य<br>मा. सर्वदेव प्रसाद ओझा - सदस्य<br>मा. रामकुमार शर्मा - सदस्य<br>मा. प्रतिभा राणा - सदस्य<br>मा. लक्की शेर्पा - सदस्य<br>२. उक्त उप-समितिलाई आफ्नो प्रतिवेदन मिति २०६५।१०।२९ गतेको बैठकमा पेश गर्ने गरी कार्यावधि तोक्ने निर्णय गरियो ।<br>३. विशेषज्ञहरुलाई आमन्त्रण गरी देहायका विषयहरुमा छलफल गर्ने निर्णय गरियो ।<br>➢ विभिन्न तहका संघीय एकाइका सरकारका बिच विधायिकी, कार्यकारिणी र न्यायिक अधिकारको बाँडफाँड सम्बन्धमा नेपाल कानून आयोगका सचिव मोहन बन्जाडेलाई आमन्त्रण गर्ने ।<br>➢ संघीय एकाइबीच व्यवस्थापिका, कार्यकारिणी र न्यायिक अधिकारको अन्तर सम्बन्ध निर्धारण सम्बन्धमा प्रशासकीय अदालतका अध्यक्ष एवं कानूनविद काशीराज दाहाललाई आमन्त्रण गर्ने ।<br>➢ संघीयताको चुनौती सम्बन्धमा अधिवक्ता भिमार्जुन आचार्यलाई आमन्त्रण गर्ने । | | | |
| १४. | २०६५।१०।२९ | १. विभिन्न तहका संघीय एकाइका सरकार बीच विधायिकी कार्यकारिणी र न्यायिक अधिकारको बाँडफाँड सम्बन्धमा नेपाल कानून आयोगका सचिव मोहन बन्जाडले आफ्नो धारणा र दृष्टिकोण राख्नु हुने र सो सम्बन्धमा छलफल र अन्तरक्रिया हुने । | १. आमन्त्रित गरीएका नेपाल कानून आयोगका सचिव श्री मोहन बन्जाडेले विभिन्न तहका संघीय एकाइका सरकार बीच विधायिकी कार्यकारिणी र न्यायिक अधिकारको बाँडफाँड सम्बन्धमा आफ्नो धारणा र दृष्टिकोण प्रस्तुत गर्नु भयो र उहाँले प्रस्तुत गर्नु भएको धारणा र दृष्टिकोणका सम्बन्धमा मा.सदस्यहरुले आफ्ना जिज्ञासा सहित छलफल र अन्तरक्रिया गर्नु भयो ।<br>२. जनताको राय सुझाव संकलन गर्नका लागि | बिहान ११ बजे | दिउसो १.३० बजे | २.३० घण्टा |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रश्नावली तयार गरी समितिमा पेश गर्न गठित उप-समितिका संयोजक मा. श्री मंगलसिद्धि मानन्धरले उप-समितिको प्रतिवेदन पेश गर्नु भयो । उक्त प्रतिवेदन माथि छलफल प्रारम्भ भयो । | | | |
| १५. | २०६५।११।२ | १. संघीय एकाइबीच व्यवस्थापिका, कार्यकारिणी र न्यायिक अधिकारको अन्तर सम्बन्ध निर्धारण सम्बन्धमा प्रशासकिय अदालतका अध्यक्ष श्री काशिराज दाहालले आफ्नो धारणा र दृष्टिकोण राख्नु हुने र सो सम्बन्धमा छलफल र अन्तरक्रिया हुने ।<br>२. संघीयताको चुनौती सम्बन्धमा अधिवक्ता श्री भिमार्जुन आचार्यले आफ्नो धारणा र दृष्टिकोण राख्नु हुने र सो सम्बन्धमा छलफल र अन्तरक्रिया हुने ।<br>३. जनताको राय सुझाव संकलन गर्नका लागि प्रश्नावली तयार गरी समितिमा पेश गर्न गठित उप-समितिका संयोजक मा. श्री मंगलसिद्धि मानन्धरले मिति २०६५।१०।२९ मा पेश गर्नु भएको उप-समितिको प्रतिवेदन माथि छलफल जारी रहने । | १. विषेशज्ञको रूपमा आमन्त्रित गरीएका प्रशासकिय अदालका अध्यक्ष श्री काशीराज दाहालले संघीय एकाइबीच व्यवस्थापिका, कार्यकारिणी र न्यायिक अधिकारको अन्तर सम्बन्ध निर्धारण सम्बन्धमा र अधिवक्ता श्री भिमार्जुन आचार्यले संघीयताको चुनौती सम्बन्धमा आ-आफ्नो धारणा र दृष्टिकोण प्रस्तुत गर्नु भयो र उहाँहरुले प्रस्तुत गर्नु भएको धारणा र दृष्टिकोणका सम्बन्धमा मा.सदस्यहरुले आफ्ना जिज्ञासा सहित छलफल र अन्तरक्रिया गर्नु भयो ।<br>२. जनताको राय सुझाव संकलन गर्नका लागि प्रश्नावली तयार गर्न गठित उप-समितिले पेश गरेको प्रश्नावलीका सन्दर्भमा मा. सदस्यहरुले राख्नु भएको धारणालाई समेत समावेश गरी उक्त प्रश्नावलीलाई पारिमार्जित रूपमा पारित गर्‍यो । प्रश्नावली अर्कै पृष्ठमा राखिएको छ । | बिहान ११ बजे | दिउसो ३ बजे | ४ घण्टा |
| १६. | २०६५।११।१५ | १. समितिको कार्यक्षेत्र भित्रको विविध विषयमा छलफल हुने । | १. समितिको कार्यक्षेत्र भित्रका विभिन्न विषयमा मा० सदस्यहरुले आ-आफ्नो धारणा राख्नु भयो र बैठक अर्को सूचना नभए सम्मका लागि स्थगित भयो । | बिहान ११ बजे | दिउसो १ बजे | २ घण्टा |
| १७. | २०६५।१२।२० | १. जनमत संकलनको सम्बन्धमा मा० सदस्यहरुले आ-आफ्नो अनुभव र धारणा राख्नु हुने । | १. संविधान निर्माण प्रक्रियामा जनमत संकलन टोलीमा खटिनु भएका मा० सदस्यहरुले आ-आफ्नो अनुभव समिति समक्ष राख्नु भयो र अर्को सूचना नभए सम्मका लागि बैठक स्थगित भयो । | दिनको ३ बजे | दिनको ५ बजे | २ घण्टा |
| १८. | २०६५।१२।२५ | १. समितिको अवधारणा पत्र तयार गर्ने सम्बन्धमा छलफल हुने । | १. समितिको कार्यक्षेत्र अनुरुप अवधारणापत्र तयार गर्ने सम्बन्धमा मा० सदस्यहरुले आ-आफ्नो धारणा राख्नु भयो ।<br>२. समतिको कार्यक्षेत्रको विषयमा अवधारणापत्र तयार गर्ने कार्यको लागि संविधानसभामा प्रतिनिधित्व गर्ने सबै राजनैतिक दलहरुबाट दलीय अवधारणापत्र लिखित रूपमा माग गर्ने । | बिहान ११ बजे | दिनको १.३० बजे | २ घण्टा |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १९. | २०६५।१२।२८ | १. समितिमा प्राप्त प्रतिवेदन र प्रश्नावलीको अध्ययन एवं विश्लेषण गर्ने प्रक्रियाका बारेमा छलफल हुने । | १. समितिमा प्राप्त प्रतिवेदन र प्रश्नावली अध्ययन एवं विश्लेषण गर्ने प्रक्रिया र संविधान निर्माको कार्यमा समितिको कार्यक्षेत्र अनुरुप अवधारणापत्र तयार गर्ने सम्बन्धमा आ-आफ्नो धारणा राख्नु भयो । | बिहान ११ बजे | दिउसो १ बजे | २ घण्टा |
| २०. | २०६५।१२।२९ | १. समितिमा प्राप्त प्रतिवेदन र प्रश्नावलीको अध्ययन एवं विश्लेषण गर्ने प्रक्रिया र संविधान निर्माणको कार्यमा समितिको कार्यक्षेत्र अनुरुप अवधारणापत्र तयार गर्ने सम्बन्धमा छलफल जारी रहने । | १. समितिको कार्यक्षेत्र अनुसार अवधारणापत्र तयार गरी त्यस अनुरुप संविधानको प्रारम्भिक मस्यौदा समेत तयार गर्नका लागि १६ सदस्यीय अवधारणापत्र मस्यौदा उपसमिति गठन गऱ्यो ।<br>**<u>मा० सदस्हरुको नामावली</u>**<br>१. मा.श्री विश्वभक्त दुलाल आहुति (माओवादी)<br>२. मा.श्री हितमान शाक्य (माओवादी)<br>३. मा.श्री ओनसरी घर्तिमगर (माओवादी)<br>४. मा.श्री नरहरि आचार्य (नेपाली कांग्रेस)<br>५. मा.श्री आरजु राणा देउवा (नेपाली कांग्रेस)<br>६. मा. श्री शंकर पोखेल (एमाले)<br>७. मा.श्री मंगलसिद्धि मानन्धर (एमाले)<br>८. मा.श्री सर्वदेवप्रसाद ओझा (म.ज.अ.फो.)<br>९. मा.श्री रामकुमार शर्मा (त.म.लो.पा.)<br>१०. मा.श्री अनिलकुमार झा (सद्भावना)<br>११. मा.श्री निलम के.सी. खड्का (माले)<br>१२. मा.श्री प्रतिभा राणा (रा.प्र.पा.)<br>१३. मा.श्री नारायणमान विजुक्छें (ने.म.कि.पा.)<br>१४. मा.श्री सन्तवहादुर नेपाली (रा.जनमोर्चा)<br>१५. मा.श्री चन्द्रदेव जोशी (ने.क.पा.संयुक्त)<br>१६. मा.श्री बुद्धरत्न मानन्धर (नेपाः राष्ट्रिय पार्टी)<br>२. समितिमा प्राप्त प्रश्नावलीका सम्बन्धमा डाटा प्रविष्टि, संहिता, सम्पादन, तालिकीकरण र विश्लेषण गर्ने कार्यका सम्बन्धमा केन्द्रिय तथ्याङ्क विभागका पदाधिकारीबाट जानकारी लिने । | दिनको १ बजे | दिउसो ३.३० बजे | २.३० घण्टा |
| २१. | २०६५।१२।३० | १. समितिमा प्राप्त प्रश्नावलीको अध्ययन विश्लेषणको प्रक्रियाका सम्बन्धमा छलफल गरीने । | १. विभिन्न टोलीबाट प्राप्त भएका प्रश्नावलीहरुको अध्ययन एवं विश्लेषणको प्रक्रियाका बारेमा केन्द्रीय | दिउसो १२ बजे | दिउसो २ बजे | २ घण्टा |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | तथ्याङ्क विभागले दिइएको प्रतिवेदन नआउन्जेल सम्मका लागि अन्य वैकल्पिक उपायहरुका बारेमा आगामी बैठकमा छलफल गर्ने निर्णय गऱ्यो । | | | |
| २२. | २०६५।१२।३१ | १. संकलित प्रश्नावलीहरुको अध्ययन एवं विश्लेषणको प्रक्रियाका बारेमा केन्द्रीय तथ्याङ्क विभागले दिइएको प्रतिवेदन र अन्य वैकल्पिक उपायका बारेमा छलफल हुने । | १. संकलित प्रश्नावलीहरुको अध्ययन एवं विश्लेषणको प्रक्रियाका बारेमा केन्द्रीय तथ्याङ्क विभागका पदाधिकारीहरुबाट कम्प्युटरमा तथ्याङ्क प्रविष्टी, सांङ्केतिकरण, सम्पादन र विश्लेषण कार्यको लागि लाग्ने समय, जनशक्ति, रकमका बारेमा समेत जानकारी लियो । | बिहान १० बजे | दिउसो १२.३० बजे | २.३० बजे |
| २३. | २०६६।१।६ | १. उप समितिको संयोजकज्यूले अवधारणापत्रको प्रारम्भिक मस्यौदाको हाल सम्म भएको कार्य प्रगतिका बारेमा जानकारी दिनु हुने ।<br>२. केन्द्रीय तथ्याङ्क विभाग र कलेज अफ मेनेजमेन्टबाट प्राप्त विवरणको जानकारी दिइने ।<br>३. संविधान सभाका सभापतिहरुको संयुक्त बैठकमा सम्माननीय अध्यक्षज्यूको निर्देशनका बारेमा जानाकारी दिइने । | १. उप समितिको संयोजकज्यूले अवधारणापत्रको प्रारम्भिक मस्यौदाको हाल सम्म भएको कार्य प्रगतिका बारेमा जानकारी दिइयो ।<br>२. केन्द्रीय तथ्याङ्क विभाग र कलेज अफ मेनेजमेन्टबाट प्राप्त विवरणको जानकारी गराइयो ।<br>३. संविधान सभाका सभापतिहरुको संयुक्त बैठकमा सम्माननीय अध्यक्षज्यूको निर्देशनका बारेमा समितिमा जानकारी गराइयो । समितिका सदस्यहरुलाई जनताबाट प्राप्त प्रश्नावली अध्ययन, विश्लेषण गरी त्यसको प्रकृति र प्रक्रियाका सम्बन्धमा अवधारणपत्रमा समावेश गराउनु पर्ने विषयहरुको राय सुझाव समितिका बैठकमा पेश गर्ने जिम्मा दिइयो । प्रत्येक मा० सदस्यहरुलाई समितिमा प्राप्त प्रश्नावलीहरु समेत वितरण गरियो । | बिहान ११ बजे | दिउसो १ बजे | २ घण्टा |
| २४. | २०६६।१।९ | १. कार्यदलले तयार गरेको प्रारम्भिक अवधारणा पत्र माथि छलफल हुने । | १. कार्यदलले उप समितिमा अवधारणापत्रको बुँदाहरु पेश भई समितिमा प्रस्तुत हुँदा विविध रूपमा प्राप्त भएकाले एकीकृत रूपमा कार्यदललाई बैठकमा पेश गर्ने जिम्मेवारी दियो ।<br>आज पेश भएका बुँदाहरु माथि अध्ययन गरी छलफल गर्नका लागि मा० सदस्यहरुले समयावधि माग गर्नु भएकोले समितिको अर्को बैठकमा छलफल गर्ने निर्णय समेत गऱ्यो । | बिहान ८ बजे | बिहान ११ बजे | ३ घण्टा |
| २५. | २०६६।१।१० | १. उप समितिले पेश गरेको अवधारणापत्रको बुँदाहरु माथि बुदाँगत रूपमा छलफल हुने । | १. उप समितिले पेश गरेको अवधारणापत्र प्रतिवेदनमा उल्लेख भएका बुँदाहरुका बारेमा कार्यदलका संयोजकहरुबाट विस्तृत रूपमा बैठकमा प्रस्तुत गर्नु | बिहान ८ बजे | बिहान ११ बजे | ३ घण्टा |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | भयो । कार्यदलले प्रस्तुत गरेका वुदाँहरु माथि आगामी बैठकमा छलफल हुने जानकारी गराइयो । | | | |
| २६. | २०६६।१।११ | १. समितिको बैठकमा पेश भएको अवधारणापत्रको प्रारम्भिक मस्यौदा (वुदाँहरु) माथि छलफल हुने । | १. कार्यदलले प्रस्तुत गरेको अवधारणापत्र माथि मा० सदस्यहरुले आ-आफ्नो विचार तथा धारणा प्रस्तुत गर्नुभयो । मा० सदस्यहरुले व्यक्त गर्नु भएको विचार तथा धारणालाई समावेश गरी परिमार्जन सहित कार्यदलले आगामी बैठकमा अवधारणापत्र पेश गर्ने । | बिहान ८ बजे | बिहान ११ बजे | ३ घण्टा |
| २७. | २०६६।१।१३ | १. मा० सदस्यहरुले राख्नु भएको सुझावलाई समावेश गरी परिमार्जन सहित कार्यदलले अवधारणापत्र पेश गर्ने र सो माथि छलफल हुने । | १. कार्यदलले प्रस्तुत गरेको अवधारणापत्रको (बुँदाहरु) परिच्छेद १ र २ माथि मा० सदस्यहरुले आ-आफ्नो विचार तथा धारणा प्रस्तुत गर्नुभयो । मा० सदस्यहरुले व्यक्त गर्नु भएको विचार तथा धारणालाई समावेश गरी परिमार्जन सहित कार्यदलले आगामी बैठकमा अवधारणापत्रको बुँदाहरुलाई विस्तृतीकरणका साथ अवधारणापत्र तयार गरी समितिमा पेश गर्ने निर्णय गर्‍यो । | बिहान ८ बजे | बिहान १२.१५ बजे | ४.१५ घण्टा |
| २८. | २०६६।१।१४ | १. कार्यदलले प्रस्तुत गरेको अवधारणापत्रको बाँकी रहेका परिच्छेदमा छलफल हुने । | १. कार्यदलले प्रस्तुत गरेको अवधारणापत्रको (बुँदाहरु) परिच्छेद ३ माथि मा० सदस्यहरुले आ-आफ्नो विचार तथा धारणा प्रस्तुत गर्नुभयो । मा० सदस्यहरुले व्यक्त गर्नु भएको विचार तथा धारणालाई समावेश गरी परिमार्जन सहित कार्यदलले आगामी बैठकमा अवधारणापत्रको बुँदाहरुलाई विस्तृतीकरणका साथ अवधारणापत्र तयार गरी समितिमा पेश गर्ने निर्णय गर्‍यो । | बिहान ८ बजे | बिहान ११.३० बजे | ३.३० घण्टा |
| २९. | २०६६।१।१५ | १. परिच्छेद ३ को स्थानीय तहको संरचनामा संविधानद्वारा निर्धारित अधिकारको व्यवस्था भित्र प्रादेशिक कानुनद्वारा उपयुक्त संरचनाको निर्माण, अतिरिक्त संरचना वा विशेष व्यवस्था र पुरक दृष्टिकोणका बारेमा विभिन्न दृष्टिकोण समिति समक्ष प्रस्तुत भएकाले सहमतिका लागि प्रस्तुत गरीने ।<br>२. कार्यदलले प्रस्तुत गरेको परिच्छेद ४ र ५ को अवधारणापत्रको वुदाँहरु माथि छलफल हुने । | १. कार्यदलले प्रस्तुत गरेको अवधारणापत्रको (बुँदाहरु) परिच्छेद ४ माथि मा० सदस्यहरुले आ-आफ्नो विचार तथा धारणा प्रस्तुत गर्नुभयो । मा० सदस्यहरुले व्यक्त गर्नु भएको विचार तथा धारणालाई समावेश गरी परिमार्जन सहित कार्यदलले आगामी बैठकमा अवधारणापत्रको बुँदाहरुलाई विस्तृतीकरणका साथ अवधारणापत्र तयार गरी समितिमा पेश गर्ने निर्णय गर्‍यो । | बिहान ८ बजे | बिहान ११.३० बजे | ३.३० घण्टा |
| ३०. | २०६६।१।१६ | १. कार्यदलले प्रस्तुत गरेको अवधारणापत्रको परिच्छेद ५, ६ र ७ को वुदाँहरु माथि छलफल हुने । | १. कार्यदलले प्रस्तुत गरेको अवधारणापत्रको (बुँदाहरु) परिच्छेद ५, ६ र ७ मा मा० सदस्यहरुले आ-आफ्नो विचार तथा धारणा प्रस्तुत गर्नुभयो । मा० | बिहान ८ बजे | बिहान ११ बजे | ३ घण्टा |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | सदस्यहरुले व्यक्त गर्नु भएको विचार तथा धारणालाई समावेश गरी परिमार्जन सहित कार्यदलले आगामी बैठकमा अवधारणापत्रको बुँदाहरुलाई विस्तृतीकरणका साथ तयार गरी समितिमा पेश गर्ने निर्णय गऱ्यो । | | | |
| ३१. | २०६६।१।१७ | १. कार्यदलले प्रस्तुत गरेको अवधारणापत्रको परिच्छेद ८ र ९ को बुदाँहरु माथि छलफल हुने । | १. कार्यदलले प्रस्तुत गरेको अवधारणापत्रको (बुँदाहरु) परिच्छेद ८ र ९ मा मा० सदस्यहरुले आ-आफ्नो विचार तथा धारणा प्रस्तुत गर्नुभयो । मा० सदस्यहरुले व्यक्त गर्नु भएको विचार तथा धारणालाई समावेश गरी परिमार्जन सहित कार्यदलले आगामी बैठकमा अवधारणापत्रको बुँदाहरुलाई विस्तृतीकरणका साथ तयार गरी समितिमा पेश गर्ने निर्णय गऱ्यो । | बिहान ८ बजे | बिहान ११ बजे | ३ घण्टा |
| ३२. | २०६६।१।१८ | १. मा० सदस्यहरुले प्रश्नावलीको अध्ययन एवं विश्लेषणको प्रतिवेदन समितिमा पेश गर्नु हुने र सो माथि छलफल हुने ।<br>२. समितिमा प्राप्त सुझावहरु माथि छलफल हुने । | १. मिति २०६६।१।१८ गते गठित कार्यदलबाट विभिन्न परिच्छेदको अवधारणापत्रमा राख्नु पर्ने बुँदाहरु पेश भई अवधारणापत्रको बुँदाहरु माथि मा० सदस्यहरुले आ-आफ्नो धारणा राख्नुका साथै कार्यदलका संयोजकबाट मा० सदस्यहरुले उठाउनु भएका विषयमा स्पष्ट पार्नु भयो ।<br>सबै कार्यदलका संयोजकहरुलाई मा० सदस्यहरुले समितिमा अभिव्यक्त गर्नु भएका धारणाहरुलाई समावेश गरी विस्तृतीकरणका साथ अवधारणापत्रको मस्यौदा समितिमा पेश गर्ने जिम्मा दिइएको थियो ।<br>अवधारणापत्रको मस्यौदा समितिमा पेश गर्नु पूर्व उक्त मस्यौदाको अध्ययन विश्लेषण समावेश गर्नुपर्ने विषयहरुको छनौट, वर्गिकरण, थपघट, काँटछाँट परिमार्जन, सम्पादन, फरक दृष्टिकोण, वैकल्पिक प्रस्ताव समेतको अध्ययन गरी परिमार्जित अवधारणापत्रको मस्यौदा समितिमा प्रस्तुत गर्नका लागि ७ सदस्यीय एक कार्यदल गठन गऱ्यो ।<br>१. मा० श्री अनिलकुमार झा<br>२. मा० श्री नरहरि आचार्य<br>३. मा० श्री प्रतिभा राणा<br>४. मा० डा. मंगलसिद्धि मानन्धर<br>५. मा० श्री विश्वभक्त दुलाल<br>६. मा० श्री शंकर पोखेल | बिहान ११ बजे | दिउसो २.३० बजे | ३.३० घण्टा |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | ७. मा० श्री हितमान शाक्य<br>उक्त कार्यदलले संविधानसभाले पारित गरेको कार्यतालिकालाई आधार लिई त्यसले निर्धारित गरेको समयसीमा भित्र रही आफ्नो जिम्मेवारी पुरा गर्ने कार्याविधि समेत तोक्यो । | | | |
| ३३. | २०६६।१।२२ | १. अवधारणापत्रको मस्यौदा पेश भई छलफल हुने । | १. अवधारणापत्रको मस्यौदा वितरण भएपछि मा. सदस्सयहरुबाट अध्ययनका लागि समय माग भएकाले आगामी बैठकमा विस्तृत छलफल गर्ने गरी बैठक स्थगित भयो । | बिहान ८ बजे | बिहान ११ बजे | ३ घण्टा |
| ३४. | २०६६।१।२५ | १. अवधारणापत्रको मस्यौदामा छलफल हुने । | १. अवधारणापत्रको परिच्छेद १ र २ को मस्यौदा माथि मा० सदस्यहरुले अभिव्यक्त गर्नु भएको धारणाहरुलाई समेत समावेश गरी परिमार्जन सहित सहमति जनायो । | बिहान ११ बजे | दिउसो १.३० बजे | २.३० घण्टा |
| ३५. | २०६६।१।३० | १. अवधारणापत्रको मस्यौदाको परिच्छेद ३ र ४ मा छलफल हुने ।<br>२. प्राविधिक समिति गठन बारे छलफल हुने । | १. अवधारणापत्रको परिच्छेद ३ को मस्यौदा माथि मा० सदस्यहरुले अभिव्यक्त गर्नु भएको धारणाहरुलाई समेत समावेश गरी परिमार्जन गर्ने गरी सहमति जनायो । | बिहान ८ बजे | बिहान १०.४५ | २.१५ घण्टा |
| ३६. | २०६६।१।३१ | १. अवधारणापत्रको मस्यौदाको परिच्छेद ४ र ५ मा छलफल हुने । | १. अवधारणापत्रको परिच्छेद ४ को मस्यौदा माथि मा० सदस्यहरुले अभिव्यक्त गर्नु भएको धारणाहरुलाई समेत समावेश गरी परिमार्जन गर्ने गरी सहमति जनायो । | बिहान ११ बजे | दिउसो २ बजे | ३ घण्टा |
| ३७. | २०६६।२।१ | १. अवधारणापत्रको मस्यौदाको परिच्छेद ५, ६ र ७ मा छलफल हुने । | १. अवधारणापत्रको परिच्छेद ५ र ६ को मस्यौदा माथि मा० सदस्यहरुले अभिव्यक्त गर्नु भएको धारणाहरुलाई समेत समावेश गरी परिमार्जन गर्ने गरी सहमति जनायो । | बिहान ११ बजे | दिउसो २ बजे | २ घण्टा |
| ३८. | २०६६।२।२ | १. अवधारणापत्रको मस्यौदाको परिच्छेद ७, ८ र ९ मा छलफल हुने । | १. अवधारणापत्रको परिच्छेद ५ र ६ को मस्यौदा माथि मा० सदस्यहरुले अभिव्यक्त गर्नु भएको धारणाहरुलाई समेत समावेश गरी परिमार्जन गर्ने गरी सहमति जनायो । | बिहान ११ बजे | दिउसो २.३० बजे | २.३० घण्टा |
| ३९. | २०६६।२।५ | १. अवधारणापत्रको मस्यौदाको परिच्छेद ७ ,८ र ९ मा छलफल हुने । | १. अवधारणापत्रको मस्यौदामा मा० सदस्यहरुले अध्ययन गरी लिखित सुझावका लागि एक दिनको समयावधि दिने निर्णय भयो । | बिहान ११ बजे | दिउसो १ बजे | २ घण्टा |
| ४०. | २०६६।२।७ | १. अवधारणापत्रको मस्यौदामा सुझाव सहित छलफल हुने । | १. परिमार्जित अवधारणापत्रको मस्यौदाको परिच्छेद १ र २ मा मा० सदस्यहरुले राख्नु भएको लिखित | बिहान ११ | दिउसो | २.१५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | सुझावहरु माथि छलफल प्रारम्भ भयो । मा० सदस्यहरुले राख्नु भएका केही सुझावहरुलाई मस्यौदामा समावेश गर्ने सहमति जनायो । | बजे | २।१५ बजे | घण्टा |
| ४१. | २०६६।२।८ | १. परिमार्जित अवधारणापत्रको मस्यौदामा सुझाव सहित छलफल हुने । | १. परिमार्जित अवधारणापत्रको मस्यौदा माथि मा. सदस्यहरुले विस्तृतरुपमा अध्ययन गरि लिखितरुपमा सुझाव पेश गर्नका लागि समय आवश्यक रहेको विचार व्यक्त गर्नु भए अनुसार मिति २०६६।२।१५ गते भित्र सचिवालयमा लिखित सुझाव पेश गर्ने समयावधि दिइयो । | बिहान ११ बजे | दिउसो २ बजे | ३ घण्टा |
| ४२. | २०६६।२।१९ | १. परिमार्जित अवधारणापत्रको मस्यौदामा मा सदस्यहरुले पेश गर्नु भएका लिखित सुझावहरु सहित छलफल हुने । | १. अवधारणापत्रको मस्यौदाको परिच्छेद १ मा मा० सिता कुमारी पौडेलले दिनु भएको सुझाव आगामी बैठकमा छलफल गर्ने र मा० श्री नविन्द्रराज जोशी र मा० सुर्यमान गुरुङ्गले बुँदा नं. २ मा दिनुभएको सुझावका विषयमा उहाँहरुले प्रष्ट गरेर ल्याए पछि छलफल हुने गरि पहिलो परिच्छेदमा केही सुझावहरु समावेश गरि अवधारणापत्रलाई अन्तिम रुप दिने र परिच्छेद २ मा मा० सदस्यहरुले पेश गर्नु भएका सुझावहरु माथि छलफल प्रारम्भ भयो । | बिहान ८ बजे | बिहान ११ बजे | ३ घण्टा |
| ४३. | २०६६।२।२० | १. परिमार्जित अवधारणापत्रको परिच्छेद २ र ३ र सो माथि मा० सदस्यहरुले पेश गर्नु भएको लिखित सुझाव सहित छलफल हुने । | १. अवधारणापत्रको मस्यौदाको परिच्छेद २ मा मा० सदस्यहरुले राख्नु भएका सुझावहरु माथि छलफल जारी रह्यो । | बिहान ८ बजे | दिनको १२ बजे | ४ घण्टा |
| ४४. | २०६६।२।२१ | १. परिमार्जित अवधारणापत्रको परिच्छेद २ र ३ र सो माथि मा० सदस्यहरुले पेश गर्नु भएको लिखित सुझाव सहित छलफल हुने । | १. अवधारणापत्रको मस्यौदाको परिच्छेद २ मा मा० सदस्यहरुले राख्नु भएका सुझावहरु माथि छलफल जारी रह्यो । | बिहान ७.३० बजे | दिनको १२.१५ बजे | ५ घण्टा |
| ४५. | २०६६।२।२२ | १. परिमार्जित अवधारणापत्रको परिच्छेद २ र ३ र सो माथि मा० सदस्यहरुले पेश गर्नु भएको लिखित सुझाव सहित छलफल हुने । | १. अवधारणापत्रको मस्यौदाको परिच्छेद २ मा मा० सदस्यहरुले राख्नु भएका सुझावहरु माथि छलफल जारी रह्यो । | बिहान ७.३० बजे | बिहान ९.३० बजे | २ घण्टा |
| ४६. | २०६६।२।२३ | १. परिमार्जित अवधारणापत्रको परिच्छेद २ र ३ मा मा० सदस्यहरुले पेश गर्नु भएको लिखित सुझाव सहित छलफल हुने । | १. अवधारणापत्रको मस्यौदाको परिच्छेद २ मा मा० सदस्यहरुले राख्नु भएका सुझावहरु माथि छलफल भै परिमार्जन सहित केही सुझावहरु समावेश गर्ने निर्णय भयो र परिच्छेद ३ मा मा० सदस्यहरुले राख्नु भएका सुझावहरु माथि छलफल जारी रह्यो । | बिहान ८ बजे | बिहान ११ बजे | ३ घण्टा |
| ४७. | २०६६।२।२४ | १. परिमार्जित अवधारणापत्रको परिच्छेद ३ र ४ मा मा० | १. अवधारणापत्रको मस्यौदाको परिच्छेद ३ मा मा० | बिहान ८ | बिहान | ३.३० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | सदस्यहरुले पेश गर्नु भएको लिखित सुझाव सहित छलफल हुने । | सदस्यहरुले राख्नु भएका सुझावहरु माथि छलफल जारी रह्यो । | बजे | ११.३० बजे | घण्टा |
| ४८. | २०६६।२।२५ | १. परिमार्जित अवधारणापत्रको परिच्छेद ३ र ४ मा मा० सदस्यहरुले पेश गर्नु भएको लिखित सुझाव सहित छलफल हुने । | १. अवधारणापत्रको मस्यौदाको परिच्छेद ३ मा मा० सदस्यहरुले राख्नु भएका सुझावहरु माथि छलफल जारी रह्यो । | बिहान ८ बजे | बिहान ११.३० बजे | ३.३० घण्टा |
| ४९. | २०६६।२।२६ | १. परिमार्जित अवधारणापत्रको परिच्छेद ३ र ४ मा मा० सदस्यहरुले पेश गर्नु भएको लिखित सुझाव सहित छलफल हुने । | १. अवधारणापत्रको मस्यौदाको परिच्छेद ३ मा मा० सदस्यहरुले राख्नु भएका सुझावहरु माथि छलफल भै परिमार्जन सहित केही सुझावहरु समावेश गर्ने निर्णय भयो । | बिहान ८ बजे | बिहान ११.३० बजे | ३.३० घण्टा |
| ५०. | २०६६।२।२७ | १. परिमार्जित अवधारणापत्रको परिच्छेद ४ मा मा० सदस्यहरुले पेश गर्नु भएको लिखित सुझाव सहित छलफल हुने । | १. अवधारणापत्रको मस्यौदाको परिच्छेद ४ मा मा० सदस्यहरुले राख्नु भएका सुझावहरु माथि छलफल जारी रह्यो । | बिहान ८ बजे | दिनको १२.१५ बजे | ४.१५ घण्टा |
| ५१. | २०६६।२।२८ | १. परिमार्जित अवधारणापत्रको परिच्छेद ४ मा मा० सदस्यहरुले पेश गर्नु भएको लिखित सुझाव सहित छलफल हुने । | १. अवधारणापत्रको मस्यौदाको परिच्छेद ४ मा मा० सदस्यहरुले राख्नु भएका सुझावहरु माथि छलफल जारी रह्यो । | बिहान ८ बजे | बिहान ११.४५ बजे | ३.४५ घण्टा |
| ५२. | २०६६।२।२९ | १. परिमार्जित अवधारणापत्रको परिच्छेद ४ मा मा० सदस्यहरुले पेश गर्नु भएको लिखित सुझाव सहित छलफल हुने । | १. नेपालको प्रजातान्त्रिक आन्दोलनकी एक योद्धा, पुर्व उपप्रधानमन्त्री, तत्कालिन प्रनिनिधिसभा सदस्य तथा नेपाली कांग्रेसकी नेतृ सुश्री शैलजा आर्चायको मिति २०६६/२/२९ गते असामयिक निधन भएकाले उहाँको निधन प्रति समवेदना व्यक्त गर्दै एक मिनेट मौन धारणा गऱ्यो र आजको समितिको बैठकको सम्पूर्ण काम कारबाई स्थगित गर्ने निर्णय समेत गऱ्यो । | बिहान ८ बजे | बिहान ९ बजे | १ घण्टा |
| ५३. | २०६६।२।३१ | १. परिमार्जित अवधारणापत्रको परिच्छेद ४ मा मा० सदस्यहरुले पेश गर्नु भएको लिखित सुझाव सहित छलफल हुने । | १. अवधारणापत्रको मस्यौदामा मा० सदस्यहरुले पेश गर्नु भएका लिखित सुझावहरु मध्ये अवधारणापत्रमा पेश गरेकै रुपमा समावेश गर्न सकिने, परिमार्जित रुपमा समावेश गर्न सकिने र समावेश गर्न नमिल्ने सुझावहरुको सूची तयार गरी समिति समक्ष पेश गर्नका लागि देहायका मा० सदस्यहरु रहने उप समिति गठन गर्ने निर्णय गऱ्यो ।<br>डा. मंगलसिद्धि मानन्धर<br>मा० प्रतिभा राणा<br>मा० नरहरि आचार्य | बिहान ८ बजे | बिहान ११.४५ बजे | ३.४५ घण्टा |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | मा० हितमान शाक्य<br>मा० सर्वदेव ओझा<br>२. अवधारणापत्रको मस्यौदाको परिच्छेद ४ मा मा० सदस्यहरुले राख्नु भएका सुझावहरु माथि छलफल जारी रह्यो । | | | |
| ५४. | २०६६।३।३ | १. परिमार्जित अवधारणापत्रको परिच्छेद ४ मा मा० सदस्यहरुले पेश गर्नु भएको लिखित सुझाव सहित छलफल हुने । | १. अवधारणापत्रको मस्यौदाको परिच्छेद ४ मा मा० सदस्यहरुले राख्नु भएका सुझावहरु माथि छलफल भै परिमार्जन सहित केही सुझावहरु समावेश गर्ने निर्णय भयो । | बिहान ८ बजे | बिहान ११ बजे | ३ घण्टा |
| ५५. | २०६६।३।४ | १. परिमार्जित अवधारणापत्रको परिच्छेद ५ र ७ मा मा० सदस्यहरुले पेश गर्नु भएको लिखित सुझाव सहित छलफल हुने । | १. अवधारणापत्रको मस्यौदाको परिच्छेद ५ र ७ मा मा० सदस्यहरुले राख्नु भएका सुझावहरु माथि छलफल भै परिमार्जन सहित केही सुझावहरु समावेश गर्ने निर्णय भयो । | बिहान ८ बजे | बिहान ११ बजे | ३ घण्टा |
| ५६. | २०६६।३।५ | १. परिमार्जित अवधारणापत्रको परिच्छेद ८ र ९ मा मा० सदस्यहरुले पेश गर्नु भएको लिखित सुझाव सहित छलफल हुने । | १. अवधारणापत्रको मस्यौदाको परिच्छेद ८ मा मा० सदस्यहरुले राख्नु भएका सुझावहरु माथि छलफल भै परिमार्जन सहित केही सुझावहरु समावेश गर्ने निर्णय भयो । | बिहान ८ बजे | बिहान ११ बजे | ३ घण्टा |
| ५७. | २०६६।३।८ | १. परिमार्जित अवधारणापत्रको परिच्छेद ९ र ६ मा मा० सदस्यहरुले पेश गर्नु भएको लिखित सुझाव सहित छलफल हुने । | १. क्षमता अभिवृद्रि समितिबाट प्राप्त पत्रको विषयमा मा० सदस्यहरुलाई जानकारी गराईयो । | बिहान ८ बजे | बिहान ९ बजे | १ घण्टा |
| ५८. | २०६६।३।९ | १. परिमार्जित अवधारणापत्रको परिच्छेद ९ मा मा० सदस्यहरुले पेश गर्नु भएको लिखित सुझाव सहित छलफल हुने । | १. अवधारणापत्रको मस्यौदाको परिच्छेद ९ मा मा० सदस्यहरुले राख्नु भएका सुझावहरु माथि छलफल जारी रह्यो । | बिहान ८ बजे | बिहान ११ बजे | ३ घण्टा |
| ५९. | २०६६।३।१० | १. परिमार्जित अवधारणापत्रको परिच्छेद ९ मा मा० सदस्यहरुले पेश गर्नु भएको लिखित सुझाव सहित छलफल हुने । | १. अवधारणापत्रको मस्यौदाको परिच्छेद ९ मा मा० सदस्यहरुले राख्नु भएका सुझावहरु माथि छलफल जारी रह्यो । | बिहान ८ बजे | बिहान ११ बजे | ३ घण्टा |
| ६०. | २०६६।३।११ | १. परिमार्जित अवधारणापत्रको परिच्छेद ९ मा मा० सदस्यहरुले पेश गर्नु भएको लिखित सुझाव सहित छलफल हुने । | १. अवधारणापत्रको मस्यौदाको परिच्छेद ९ मा मा० सदस्यहरुले राख्नु भएका सुझावहरुको सम्बन्धमा छलफल भयो । उक्त परिच्छेदका व्यवस्थाहरु अवधारणापत्रको परिच्छेद ४ को संघीय एकाइ (प्रदेश) को संख्या र सिमानासँग सम्वन्धित भएकोले सोको छलफल पश्चात परिच्छेद ९ मा पूनः छलफल गर्ने निर्णय भयो । | बिहान ८ बजे | बिहान ११.४५ बजे | ३.४५ घण्टा |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६१. | २०६६।३।१४ | १. परिमार्जित अवधारणापत्रको परिच्छेद ४ को संघीय एकाइ (प्रदेश) को संख्या र सिमाना सम्बन्धमा छलफल हुने । | १. अवधारणापत्रको मस्यौदाको परिच्छेद ४ को प्रदेशको संख्या र सिमाना निर्धारण गर्ने सम्बन्धमा मा० सदस्यहरुले आ-आफ्नो विचार प्रस्तुत गर्नु भयो । प्रदेशको संख्या र सिमा निर्धारण गर्ने सम्बन्धमा अवधारणापत्रमा स्वीकार गरिएका सिद्धान्तहरुको आधारमा नेपाल भित्र रहेका जातजाति, भाषा भाषि एवं सांस्कृतिक सघनताको क्षेत्र एवं भौगोलिक ऐतिहासिक निरन्तरता समेत देखिने गरी नक्सा सहित व्याख्या विश्लेषण गरी प्रस्तुत गर्नका लागि समिति २०६६।०३।१६ गतेको बैठकमा केन्द्रिय तथ्याङ्क विभागका महानिर्देशक समेतको प्राविधिकहरुसँग सहयोग लिने र छलफल गर्ने निर्णय भयो । | बिहान ८ बजे | बिहान ११.३० बजे | ३.३० घण्टा |
| ६२. | २०६६।३।१६ | १. प्रदेशको संख्या र सिमा निर्धारण गर्ने सम्बन्धमा अवधारणापत्रमा स्वीकार गरिएका सिद्धान्तहरुको आधारमा नेपाल भित्र रहेका जातजाति, भाषाभाषि एवं सांस्कृतिक सघनताको क्षेत्र एवं भौगोलिक ऐतिहासिक निरन्तरता समेत देखिने गरी नक्सा सहित केन्द्रिय तथ्याङ्क विभागका महानिर्देशक ज्यू समेतको प्राविधिकहरुले प्रस्तुत गर्ने र सो सम्बन्धमा आवश्यक छलफल हुने । | १. केन्द्रीय तथ्याङ्क विभागका महानिर्देशक समेतको प्राविधिक टोलीले नेपालको जनगणना २०५८ को आधारमा तयार गरिएका नक्साहरू समितिमा प्रस्तुत गऱ्यो । सो सम्बन्धमा मा० सदस्यहरुले आ-आफ्नो धारणा प्रस्तुत गर्नु भयो । | बिहान ८ बजे | बिहान ११ बजे | ३ घण्टा |
| ६३. | २०६६।३।१७ | १. अवधारणापत्रको परिच्छेद ४ को प्रदेशको संख्या र सिमा निर्धारण सम्बन्धमा छलफल हुने । | १. अवधारणापत्रको परिच्छेद ४ को प्रदेशको संख्या र सिमा निर्धारण सम्बन्धमा छलफल जारी रह्यो । | बिहान ८ बजे | बिहान ११.३० बजे | ३.३० घण्टा |
| ६४. | २०६६।३।१८ | १. मा० डा. मंगलसिद्धि मानन्धर ज्यूले अवधारणापत्रको परिच्छेद ४ को प्रदेशको संख्या र सिमा निर्धारण सम्बन्धमा नक्सा प्रस्तुत गर्नु हुने र सोही विषयमा छलफल हुने । | १. अवधारणापत्रको परिच्छेद ४ मा मा० डा. मंगलसिद्धि मानन्धर ज्यूले प्रदेशको संख्या र सिमा निर्धारण सम्बन्धमा आफ्नो नक्सा र सो नक्सासँग सम्बन्धित अवधारणा प्रस्तुत गर्नु भयो । प्रस्तुत गरिएको नक्सा र सो नक्सासँग सम्बन्धित अवधारणाका बारेमा मा० सदस्यहरुले आ-आफ्ना धारणाहरु राख्नु भयो । | बिहान ८ बजे | बिहान ११.३० बजे | ३.३० घण्टा |
| ६५. | २०६६।३।१९ | १. मा० सदस्यहरुले अवधारणापत्रको परिच्छेद ४ को प्रदेशको संख्या, सिमाना निर्धारण सम्बन्धमा आ-आफ्ना नक्सा र सो नक्सासँग सम्बन्धित अवधारणाहरु प्रस्तुत गर्नु हुने र प्रस्तुत विषयमा छलफल हुने । | १. अवधारणापत्रको परिच्छेद ४ मा मा० डा. मंगलसिद्धि मानन्धरले प्रस्तुत गर्नु भएको नक्सा र सो नक्सासँग सम्बन्धित अवधारणाका बारेमा मा० सदस्यहरुले छलफलमा उठाउनु भएका विषयहरुलाई प्रस्तुतकर्ता मा० डा. मंगलसिद्धि मानन्धरले स्पष्ट पार्नु भयो । | बिहान ८ बजे | बिहान ११.३० बजे | ३.३० घण्टा |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | साथै मा० शंकर पोखरेलले प्रदेशको संख्या र सिमाना सम्बन्धमा आफ्नो नक्सा र सो नक्सासँग सम्बन्धित अवधारणा समितिमा प्रस्तुत गर्नु भयो । | | | |
| ६६. | २०६६।३।२१ | १. मा० श्री बुद्धरत्न मानन्धर, मा० श्री छिमी लामा, मा० श्री गोपाल किराँती र मा० श्री नरहरि आचार्य बाट अवधारणापत्रको परिच्छेद ४ को प्रदेशको संख्या र सिमाना निर्धारण सम्बन्धमा आ-आफ्ना नक्सा र सो नक्सासँग सम्बन्धित अवधारणा प्रस्तुत गर्नु हुने र प्रस्तुत नक्सा र अवधारणा माथि छलफल हुने । | १. अवधारणापत्रको परिच्छेद ४ मा मा० श्री बुद्धरत्न मानन्धर र मा० श्री नरहरि आचार्यले प्रदेशको संख्या र सिमाना निर्धारण सम्बन्धमा आ-आफ्ना नक्सा र सो नक्सासँग सम्बन्धित अवधारणा प्रस्तुत गर्नु भयो । मा० श्री बुद्धरत्न मानन्धरले प्रस्तुत गरिएको नक्सा र सो नक्सासँग सम्बन्धित अवधारणाका बारेमा मा० सदस्यहरुले आ-आफ्ना धारणाहरु राख्नु भयो । | बिहान ८ बजे | बिहान ११.३० बजे | ३.३० घण्टा |
| ६७. | २०६६।३।२२ | १. मा० श्री बुद्धरत्न मानन्धर र मा० श्री नरहरि आचार्य बाट अवधारणापत्रको परिच्छेद ४ को प्रदेशको संख्या र सिमाना निर्धारण सम्बन्धमा प्रस्तुत गर्नु भएको नक्सा र सोसँग सम्बन्धित अवधारणा माथि छलफल हुने । साथै मा० श्री अनिल कुमार झा, मा० श्री चन्द्रदेव जोशी, मा० श्री सन्त बहादुर नेपाली, मा० श्री नारायणमान बिजुक्छे, मा० श्री गोपालमान श्रेष्ठ र मा० श्री सर्वदेव ओझा बाट प्रदेशको संख्या र सिमाना निर्धारण सम्बन्धमा आ-आफ्नो नक्सा र सो नक्सासँग सम्बन्धित अवधारणा प्रस्तुत गर्नु हुने । | १. मा० श्री बुद्धरत्न मानन्धर र मा० श्री नरहरि आचार्यले प्रस्तुत गरिएको नक्सा र सो नक्सासँग सम्बन्धित अवधारणाका बारेमा मा० सदस्यहरुले आ-आफ्ना धारणाहरु राख्नु भयो । मा० श्री बुद्धरत्न मानन्धर र मा० श्री नरहरि आचार्यले मा० सदस्यहरुले राख्नु भएको विषयहरुलाई स्पष्ट पार्नुभयो । | बिहान ८ बजे | बिहान ११.३० बजे | ३.३० घण्टा |
| ६८. | २०६६।३।२५ | १. मा० श्री अनिल कुमार झा, मा० श्री चन्द्रदेव जोशी, मा० श्री सन्त बहादुर नेपाली, मा० श्री नारायणमान बिजुक्छे, मा० श्री गोपालमान श्रेष्ठ, मा० श्री सर्वदेव ओझा र मा० श्री रामकुमार शर्मा बाट प्रदेशको संख्या र सिमाना निर्धारण सम्बन्धमा आ-आफ्नो नक्सा र सो नक्सासँग सम्बन्धित अवधारणा प्रस्तुत गर्नु हुने र सो नक्सा र अवधारणा माथि छलफल हुने । | १. मा० श्री गोपालमान श्रेष्ठ र मा० श्री अनिल कुमार झा बाट प्रदेशको संख्या र सिमाना निर्धारण सम्बन्धमा आ-आफ्नो नक्सा र सो नक्सासँग सम्बन्धित अवधारणा प्रस्तुत गर्नु भयो । | बिहान ८ बजे | बिहान ११.३० बजे | ३.३० घण्टा |
| ६९. | २०६६।४।१९ | १. समितिमा मा० शंकर पोखरेल, मा० श्री गोपालमान श्रेष्ठ र मा० श्री अनिल कुमार झा द्वारा प्रस्तुत गरिएका अवधारणा र सोसँग सम्बन्धित नक्साहरु माथि छलफल हुने । | १. समितिमा प्रतिनिधित्व गर्ने सबै राजनीतिक दलका मा० सदस्यहरुलाई प्रदेशको संख्या, सिमानाका सम्बन्धमा पार्टिगत एवं व्यक्तिगत अवधारणा र सो अवधारणासँग सम्बन्धी नक्सा समितिमा यथाशीघ्र पेश गर्न अनुरोध गऱ्यो । | बिहान ८ बजे | बिहान ११.३० बजे | ३.३० घण्टा |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७०. | २०६६।४।२० | १. अवधारणापत्रको परिच्छेद ६ मा मा० सदस्यहरुले पेश गर्नु भएको सुझावहरु माथि छलफल हुने । | १. संविधानसभामा प्रतिनिधित्व गर्ने सबै राजनीतिक दलहरुलाई संघीय एकाइहरुको क्षेत्र निर्धारण गर्ने सम्बन्धमा प्रदेशको संख्या, सिमाना सहितको नक्शा र अवधारणापत्र मिति २०६६।४।२५ गते सम्म समितिमा पेश गर्न अनुरोध गर्ने निर्णयका साथै मिति २०६६।०४।२५ पछि प्राप्त हुने नक्शा र अवधारणामाथि समितिमा छलफल नगरिने निर्णय गरियो ।<br>२. आगामी बैठक देखि तोकिएको समय भन्दा ३० मिनेटसम्म पनि कोरम नपुगेमा बैठक स्थगित गर्ने निर्णय समेत गऱ्यो । | बिहान ८ बजे | बिहान ९.३० बजे | १.३० घण्टा |
| ७१. | २०६६।४।२३ | १. अवधारणापत्रको परिच्छेद ६ विभिन्न तहका संघीय एकाइको अधिकारको सूचीमा मा० सदस्यहरुले पेश गर्नु भएको सुझावहरु माथि छलफल हुने । | १. अवधारणापत्रको मस्यौदाको परिच्छेद ६ मा संघीय एकाइको अधिकारको सूचीमा मा० सदस्यहरुले राख्नु भएका सुझावहरु माथि छलफल जारी रह्यो । | बिहान ८ बजे | बिहान ११ बजे | ३ घण्टा |
| ७२. | २०६६।४।२५ | १. अवधारणापत्रको परिच्छेद ६ मा मा० सदस्यहरुले पेश गर्नु भएको सुझावहरु माथि छलफल हुने । | १. अवधारणापत्रको मस्यौदाको परिच्छेद ६ मा मा० सदस्यहरुले राख्नु भएका सुझावहरु माथि छलफल जारी रह्यो । | बिहान ८ बजे | बिहान ११ बजे | ३ घण्टा |
| ७३. | २०६६।४।२६ | १. अवधारणापत्रको परिच्छेद ६ मा संघीय एकाइको अधिकारको सूचीमा मा० सदस्यहरुले पेश गर्नु भएको सुझावहरु माथि छलफल हुने । | १. अवधारणापत्रको मस्यौदाको परिच्छेद ६ मा संघीय एकाइको अधिकारको सूचीमा मा० सदस्यहरुले राख्नु भएका सुझावहरु माथि छलफल जारी रह्यो । | बिहान ८ बजे | बिहान ९.३० बजे | १.३० घण्टा |
| ७४. | २०६६।४।२७ | १. अवधारणापत्रको परिच्छेद ६ मा मा० सदस्यहरुले पेश गर्नु भएको सुझावहरु माथि छलफल हुने । | १. अवधारणापत्रको मस्यौदाको परिच्छेद ६ मा संघीय एकाइको अधिकारको सूचीमा मा० सदस्यहरुले राख्नु भएका सुझावहरु माथि छलफल जारी रह्यो । | बिहान ८बजे | बिहान १०.४५ बजे | २.४५ घण्टा |
| ७५. | २०६६।४।२८ | १. अवधारणापत्रको परिच्छेद ६ मा मा० सदस्यहरुले पेश गर्नु भएको सुझावहरु माथि छलफल हुने । | १. अवधारणापत्रको मस्यौदाको परिच्छेद ६ मा संघीय एकाइका अधिकार बाँडफाँडको सूचीमा मा० सदस्यहरुले राख्नु भएका सुझावहरुका आधारमा मस्यौदा परिमार्जन गरी पेश गर्ने निर्णय भयो । | बिहान ८बजे | बिहान १०.४५ बजे | २.४५ घण्टा |
| ७६. | २०६६।४।३० | १. अवधारणापत्रको मस्यौदाको परिच्छेद ६ मा संघीय एकाइका अधिकार बाँडफाँडको सूचीमा परिमार्जित सूचीको मस्यौदा माथि छलफल हुने ।<br>२. अवधारणापत्रको आधारमा मस्यौदा उप समिति गठन हुने । | १. अवधारणापत्रको मस्यौदाको परिच्छेद ६ मा मा० सदस्यहरुले राख्नु भएका सुझावहरु माथि छलफल भै परिमार्जन सहित केही सुझावहरु समावेश गर्ने निर्णय गऱ्यो । | बिहान ८ बजे | बिहान ११ बजे | ३ घण्टा |
| ७७. | २०६६।४।३२ | १. अवधारणापत्रको परिच्छेद ६ को अधिकारको सूचीमा | १. संविधानसभा नियमावली, २०६५ को नियम ७६(२) | बिहान ८ | बिहान | ३० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | आयकर महिला अदालत, विशेष संरचना सम्बन्धी एकाइको अधिकार, गुठी सम्बन्धी, अवशिष्ट अधिकार र परिच्छेद ९ को विशेष अधिकार सम्बन्धी मस्यौदामा मा० सदस्यहरुले पेश गर्नु भएको लिखित सुझाव सहित अवधारणापत्रमा छलफल हुने । | बमोजिम यस समितिको मिति २०६६/४/३२ गतेको आइतबारको बैठकमा गणपुरक संख्या नपुगेकाले मिति २०६६/५/१ गते बिहान ८.०० बजे सम्म बैठक स्थगित भयो । | बजे | ८.३० बजे | मिनेट |
| ७८. | २०६६।५।१ | १. अवधारणापत्रको परिच्छेद ६ को अधिकारको सूचीमा आयकर, महिला अदालत, घरेलु उद्योग, विशेष संरचना सम्बन्धी एकाइको अधिकार, गुठी सम्बन्धी, अवशिष्ट अधिकार र परिच्छेद ९ को विशेष अधिकार सम्बन्धी मस्यौदामा मा० सदस्यहरुले पेश गर्नु भएको लिखित सुझाव सहित अवधारणापत्रमा छलफल हुने । | १. अवधारणापत्रको मस्यौदाको परिच्छेद ९ को विशेष अधिकार सम्बन्धि मस्यौदामा मा. सदस्यहरुले राख्नु भएका सुझावहरु परिमार्जन सहित समावेश गर्ने निर्णय भयो । | बिहान ८ बजे | बिहान ११.१५ बजे | ३.१५ घण्टा |
| ७९. | २०६६।५।२ | १. अवधारणापत्रको परिच्छेद ९ को आत्मनिर्णयको अधिकार र राजनैतिक अग्राधिकार सम्बन्धी विषयमा मा० सदस्यहरुले पेश गर्नु भएको लिखित सुझावहरु र परिच्छेद ६ को अधिकारको सूचीमा आयकर, महिला अदालत, घरेलु उद्योग, गुठी सम्बन्धी, अवशिष्ट अधिकार, विशेष संरचना सम्बन्धी एकाइको अधिकार सम्बन्धमा छलफल हुने । | १. घरेलु उद्योग र गुठी सम्बन्धी अधिकार साझा सुचीमा राख्ने सहमति गरयो । | बिहान ८ बजे | बिहान १०.३० बजे | २.३० घण्टा |
| ८०. | २०६६।५।३ | १. अवधारणापत्रको परिच्छेद ९ को आत्मनिर्णयको अधिकार र राजनैतिक अग्राधिकार र परिच्छेद ६ को अवशिष्ट अधिकारको विषयमा मा० सदस्यहरुले पेश गर्नु भएको लिखित सुझावहरुमा छलफल हुने ।<br>२. अवधारणापत्रको आधारमा संविधानको मस्यौदा लेखन कार्यका लागि उप-समिति गठन गर्ने । | १. मा० सभापतिज्यूबाट शासकिय स्वरुप निर्धारण समितिमा भएको छलफलको बारेमा समितिका मा० सदस्यहरुलाई जानकारी गराउनु भयो । | बिहान ९.३० बजे | बिहान ११.३० बजे | २ घण्टा |
| ८१. | २०६६।५।९ | १. अवधारणापत्रको परिच्छेद ९ को आत्मनिर्णयको अधिकार र राजनैतिक अग्राधिकार र परिच्छेद ६ को अवशिष्ट अधिकारको विषयमा मा० सदस्यहरुले पेश गर्नु भएको लिखित | १. समितिमा भएका सहमति अनुसार अवधारणापत्रको आधारमा मस्यौदा लेखन कार्यका लागि देहायका मा० सदस्यहरु रहने गरी मस्यौदा लेखन उप-समिति गठन गऱ्यो । | बिहान ८ बजे | बिहान १०.३० बजे | २.३० घण्टा |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | सुझावहरुमा छलफल हुने ।<br>२. अवधारणापत्रको आधारमा संविधानको मस्यौदा लेखन कार्यका लागि उप-समिति गठन गर्ने । | मा० जयप्रकाश प्रसाद गुप्ता<br>मा० नरहरि आचार्य<br>मा० प्रतिभा राणा<br>मा० डा. मंगलसिद्धि मानन्धर<br>मा० हितमान शाक्य<br><br>समितिले बाँकी रहेका विषयहरु निर्णय लिएपछि उक्त उपसमितिलाई अवधारणापत्रको आधारमा मस्यौदा लेखन गर्ने समयावधि समेत तोक्यो । | | | |
| ८२. | २०६६।५।१० | १. प्राकृतिक स्रोत, आर्थिक अधिकार तथा राजस्व बाँडफाँड समितिका मा० सभापतिज्यूबाट जानकारी लिइ छलफल हुने ।<br><br>२. अवधारणापत्रको परिच्छेद ६ को अवशिष्ट अधिकार र परिच्छेद ९ को आत्मनिर्णयको अधिकार र राजनैतिक अग्राधिकारको विषयमा मा० सदस्यहरुले पेश गर्नु भएको लिखित सुझावहरुमा छलफल हुने । | १. प्राकृतिक स्रोत, आर्थिक अधिकार तथा राजस्व बाँडफाँड समितिका मा० सभापतिज्यू, मा० सदस्यहरु र विशेषज्ञबाट सो समितिमा यस समितिको अन्तर सम्बन्धित विषयहरुमा हालसम्म भए गरेका र समितिले निष्कर्ष लिएका र विचाराधिन विषयमा जानकारी एकआपसमा लिई छलफल समेत गऱ्यो । | बिहान ८ बजे | बिहान ११.१५ बजे | ३.१५ घण्टा |
| ८३. | २०६६।५।११ | १. अवधारणापत्रको परिच्छेद ६ को अवशिष्ट अधिकार र परिच्छेद ९ को आत्मनिर्णयको अधिकार र राजनैतिक अग्राधिकारको विषयमा मा० सदस्यहरुले पेश गर्नु भएको लिखित सुझावहरुमा छलफल हुने । | १. अवधारणापत्रको परिच्छेद ९ को आत्मनिर्णयको अधिकार र राजनैतिक अग्राधिकारको विषयमा मा० सदस्यहरुले पेश गर्नु भएका लिखित सुझावहरु माथिको छलफलमा मा. सदस्यहरुले अभिव्यक्त गर्नु भएका विचारहरुलाई आधार मानेर परिमार्जन सहित समितिको आगामी बैठकमा पेश गर्ने निर्णय गऱ्यो ।<br>२. संविधानसभामा प्रतिनिधित्व गर्ने सबै राजनैतिक पार्टीका संसदीय दलहरुलाई संघीय संरचनाको नक्शा सहितको अवधारणापत्र २०६६/५/१८ गते सम्म समितिमा उपलब्ध गराईदिने व्यस्थाका लागि पुनः अनुरोध गर्ने निर्णय गऱ्यो । | बिहान ८ बजे | बिहान ११ बजे | ३ घण्टा |
| ८४. | २०६६।५।१८ | १. अवधारणापत्रको परिच्छेद ६ को अवशिष्ट अधिकारको विषयमा मा० सदस्यहरुले पेश गर्नु भएको लिखित सुझावहरुमा छलफल हुने । | १. मा० श्री देव प्रसाद गुरुङ्गज्यूले एकिकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) को तर्फबाट प्रदेशको संख्या, सिमाना र नामाकरण सम्बन्धमा नक्शा सहितको अवधारणा प्रस्तुत गर्नु भयो । | बिहान १२ बजे | दिउसो २.३० बजे | २.३० घण्टा |
| ८५. | २०६६।५।१९ | १. अवधारणापत्रको परिच्छेद ६ को अवशिष्ट अधिकार र | १. मा० श्री नारायणमान विजुक्छेले नेपाल मजदुर किसान पार्टीको तर्फबाट प्रदेशको संख्या, सिमाना र | बिहान ८ बजे | बिहान ११.३० | २.३० घण्टा |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | आयकर सम्बन्धमा छलफल हुने । | नामाकरण सम्बन्धमा नक्शा सहितको अवधारणा प्रस्तुत गर्नु भयो ।<br>२. अवशिष्ट अधिकार संघ (केन्द्र) मा राख्ने विषयमा सहमति गऱ्यो । | | बजे | |
